# महानगरका ३ वर्ष

वर्ष १७ । अंक २ । पूर्णाङ्क ३१



| | | |
|---|---|---|
| प्रमुख संरक्षक | : | धनराज आचार्य<br>नगर प्रमुख |
| संरक्षक | : | मञ्जुदेवी गुरुङ<br>नगर उपप्रमुख |
| सल्लाहकार | : | मुक्तिराम अर्याल, प्रमुख प्रशासकीय अधिकृत |
| प्रकाशन संयोजक | : | मोतीलाल तिम्सिना, प्रवक्ता |
| कार्यकारी सम्पादक | : | भीम थापा (प्रेस संयोजक) |
| विशेष सहयोग | : | पूर्ण लामा (सचिवालय प्रमुख) |
| | : | फडिन्द्र अधिकारी |
| लेआउट | : | प्रदिप कुमाल |
| मुद्रण | : | क्रियटिभ प्रेस प्रा.लि., हाँडीगाउँ, काठमाडौं |
| प्रकाशक | : | पोखरा महानगरपालिका |
| सर्वाधिकार | : | पोखरा महानगरपालिका |
| प्रकाशन मिति | : | पौष २०८२ |


# प्रकाशकीय

पोखरा महानगरपालिका भूगोलका हिसाबले मुलुककै ठूलो महानगरपालिका हो । ३३ वटा वडामा विभक्त महानगर आफ्नै प्रकारको प्राकृतिक, भौगोलिक, भाषिक तथा सांस्कृतिक विशेषताले सुसज्जित छ । प्राकृतिक, सांस्कृतिक तथा साहसिक क्षेत्रको अद्वितीय संगम भएको सुन्दर नगरी पोखरा नेपालको पर्यटकीय राजधानी हो । पोखरामा दिगो पर्यटनका पूर्वाधारहरू निर्माण प्रक्रिया प्रारम्भ गरिएको छ । पर्यटकीय राजधानी घोषणासँगै पर्यटनमैत्री सोच, भावना र व्यवहारका साथै पूर्वधारहरूको विकास गर्नु आजको आवश्यकता हो । पोखराको समग्र विकास र समृद्धिका लागि नगर प्रमुख लगायत जनप्रतिनिधि तथा कर्मचारीहरू निरन्तर क्रियाशील रहँदै आएका छौँ ।

पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन, संस्कृति, कृषि, पर्यावरण लगायत समग्र पक्षको सन्तुलित तथा समुचित विकासले मात्र महानगरको समृद्धि सम्भव छ भन्नेमा महानगरपालिका स्पष्ट छ । पोखराको आर्थिक विकासलाई विविधिकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने उद्देश्यसहित उत्पादन, उत्पादकत्व, रोजगारी र आयमा क्रमिक सुधारको प्रयत्न गरिएको छ । सहरी सेवा तथा सुविधामा नगरवासीको सहज पहुँच स्थापित गर्ने उद्देश्य प्राप्तिको दिशामा महानगरपालिका अगाडि बढेको छ ।

**'समुन्नत पर्यटकीय पोखरा'** को दीर्घकालीन सोच र लक्ष्यका साथ प्रभावकारी ढंगले कार्यान्वयन गरिएका योजना तथा परियोजनाले निकट भविष्यमा गुणात्मक परिणाम प्राप्त हुनेछ । सरोकारवाला तथा नगरवासीको सहभागितामा पर्याप्त अन्तर्क्रिया गरी महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना आर्थिक वर्ष (०८१/८२-२०८५/८६) तयार गरिएको छ । यसले आगामी पाँच वर्षका लागि महानगरपालिकालाई विकासको स्पष्ट खाका र मार्गदर्शन प्रदान गरेको छ ।

पोखरा महानगरपालिकाले आफ्नो स्थापनाकाल देखि नै उपलब्ध स्रोत, साधन अधिकतम उपयोगबाट नगरवासीको आवश्यकता, अपेक्षा र मागलाई सम्बोधन गर्न योजनावद्ध विकास प्रक्रिया अवलम्बन गर्दै आएको छ । यसर्थ महानगरपालिकामा स्थानीय तहको दोस्रो निर्वाचनमार्फत् निर्वाचित भएर आएपछि पछिल्लो तीन वर्षमा हालको नेतृत्वले सम्पादन गरेका प्रमुख कार्यहरूको विवरणका रूपमा महानगरपालिकाले **'महानगरका तीन वर्ष'** प्रकाशन गरिएको छ । यसले आम महानगरवासीमा संकल्प सहितको आशा र विकासप्रति दृढ प्रतिवद्धताको सञ्चार गर्ने विश्वास लिइएको छ ।




स्रोत : स्थलरुप नक्सा (स्केल १:२५००० / १:५०००००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोज

Projection System: MUTM, Spheroid - Everest 183
LLRC, 201

# महानगरको संक्षिप्त परिचय

वि.स.२०१६ सालमा स्थापना भएको पोखरा नगरपालिका समयक्रमसँगै २०१७ सालमा नगर पञ्चायत, २०४७ सालमा पुन नगरपालिका, २०५२ सालमा उप-महानगरपालिका, २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका हुँदै २०७५ साउन २३ गते पोखरा महानगरपालिका नामाकरण हुनपुग्यो । २०१६ सालमा नगरपालिका घोषणा हुँदा पोखरामा १३ वडा थिए । २०३३ सालमा १४ र १५ गरी दुई वडा थपेर वडाको संख्या १५ पुन्याइयो । त्यसपछि नगरपालिका हुँदा नै २०३७ सालमा क्रमश: १६, १७ र १८ नं.वडा थपिए। २०५२ साल माघ १८ गते पोखरालाई नगरपालिकाबाट उप-महानगरपालिका घोषणा गरियो । वडाको संख्या भने १८ नै कायम राखियो । तत्कालीन पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तमागीका (३, ९) वडाहरू, कास्कीकोट, माझठानाका (१, ४, ९) वडा कालिकाका (१, ५) वडा र पुरन्चौर गाउँ विकास समिति मिलाएर पोखरा लेखनाथ महानगरपालिकाको निर्माण गरिएको हो । यसको नामका सन्दर्भमा नगरसभाले नाममा जोडिएको लेखनाथ हटाई पोखरामात्र राख्ने माग गरे बमोजिम नेपाल सरकारको २०७५ साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकले पोखरा महानगरपालिका नामकरण गरेको हो । हाल महानगरपालिकामा ३३ वडा छन् ।

पोखरा महानगरपालिको पूर्वमा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा, उत्तरमा माछापुच्छ्रे गाउँपालिका, दक्षिणमा मादी गाउँपालिका, तनहुँ र स्याङ्जा जिल्ला अवस्थित छ । कुल ४६४.२४ वर्ग किमीमा फैलिएको पोखरा महानगरपालिका क्षेत्रफलका हिसाबले मुलुककै सबैभन्दा ठुलो महानगरपालिका हो ।

पोखरा विविधताले सुसज्जित सुन्दर नगरी हो । यहाँ शताब्दीयौंदेखि ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, थकाली, ठकुरी, तामाङ, विश्वकर्मा, परियार लगायतका ४० भन्दा बढी जातजातिहरूको बसोबास रहँदै आएको छ । भिन्न भिन्न जातीको आआफ्नै मौलिक भाषा, कला, संस्कार, संस्कृति तथा परम्परा पछ्याउने समुदायको बसोबास रहेको पोखराको जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार ५ लाख १३ हजार बढी रहेको छ । तर, पछिल्लो समय बसाइसराइ र बढ्दो सहरीकरणका कारण पर्यटन राजधानी पोखरामा करिब २० लाख बढी मानिसहरू स्थायी/अस्थायी रूपमा बसोबास गरिरहेको अनुमान गर्न सकिन्छ । बालन, सोरठी, तायमचा, घाँटु, सालैजो, भजन चुट्का लगायत मौलिक लोकसंस्कृतिमा गाइने र नाचिने पोखरा कला संस्कृतिका हिसाबले पनि समृद्ध छ ।

पोखरा नेपालको पर्यटन राजधानी हो । प्राकृतिक, सांस्कृतिक एवं साहसिक पर्यटनका लागि चर्चित पोखरा हजारौं वर्ष अगाडिबाट अस्तित्वमा आएको फेवाताल, बेगनासताल, रुपाताल, दिपाङ्ताल, खास्टेताल, मैदीताल, न्युरेनी ताल, गुदेताल, कमल पोखरी, कश्यप ताल गरी ९ ताल छ । कास्कीमा रहेको कश्यप तालबाहेक सबै ताल तथा तलैया विश्व रामसार सूचीमा सूचीकृत छन् । मनोरम पहाडी डाँडाहरू, प्राकृतिक खोच तथा गल्छीहरू, महेन्द्र, चमेरे तथा गुप्तेश्वर जस्ता ऐतिहासिक गुफाहरूले पोखरालाई थप मनमोहक बनाएका छन् । पोखरामा विन्ध्यवासिनी मन्दिर, धर्मशिला बुद्ध विहार, मैत्री चैत्य तथा राधाकृष्ण मन्दिर, भद्रकाली मन्दिर, भूमेश्वर महादेव, पुम्दिकोट, शोभा भगवती मन्दिर, सिद्धेश्वर महादेव, पुष्करेश्वर शिवमन्दिर, राम मन्दिर, केदारेश्वर मन्दिर, शिवहरि मन्दिर तथा नमो बौद्ध गुम्बा आदि ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरु छन् ।

अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि, मनास्लु, जस्ता दर्जन हिमालहरू नजिकबाट नियाल्न सकिने गण्डकी प्रदेशको राजधानी पोखरा मुलुककै चर्चित पर्यटकीय स्थलहरू मुक्तिनाथ, अन्नपूर्ण पदयात्रा, मर्दी हिमाल पदयात्रा, कोरी, कफुचे पदयात्रा, घलेगाँउ, सिरुबारी, घान्द्रुक, धम्पुस, सिक्लेस, ताङतिङ, गोरखा दरबार, ढोरपाटन शिकार आरक्ष लगायतका गन्तव्यमा जाने अधिकांश पर्यटकको प्रस्थान बिन्दु हो । पोखरा कवि शिरोमणि लेखनाथ पौड्याल, जनकवि केशरी धर्मराज थापा, लोककवि अलिमियाँ, झलकमान गन्धर्वहरूको जन्मस्थल हो । यसर्थ पोखरा सधैँ सबैका लागि विशेष बन्दै आइरहेको छ ।

नेपाल एकीकरण हुनुपूर्व पोखरा कास्की राज्यअन्तर्गत थियो । शाह बंशका पहिलो राजा कुलमण्डन शाहले राज्य गरेको ऐतिहासिक कास्कीकोट पोखरा उपत्यकाको उत्तरी छेउमा अवस्थित छ । पृथ्वीनारायण शाहका माहिला छोरा नायब बहादुर शाहको समयमा पोखरा उपत्यका वर्तमान नेपालमा मिलाइएको इतिहास पाइन्छ । वि.सं २०४६ सालपछि पोखरामा तीव्र सहरीकरणको भएको पाइन्छ । पोखरा उपत्यका पश्चिम नेपालको प्रमुख शिक्षा तथा स्वास्थ्यको केन्द्र पनि हो ।

पोखरा उपत्यकालाई पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र मध्य पहाडी लोकमार्गको सडक सञ्जालले जोडेको छ । पोखरामा ३५ भन्दा बढी एफएम रेडियो, दर्जन बढी पत्रपत्रिका, १ सयभन्दा बढी अनलाइन र ६ वटा टेलिभिजन सञ्चालनमा छन् । यीबाहेक केही सञ्चारमाध्यमले पोखरामा शाखा सञ्चालन गरेका छन् ।

# समुन्नत: पोखराको आधार,
# सबल अर्थतन्त्र र पूर्वाधार



**धनराज आचार्य**
प्रमुख
पोखरा महानगरपालिका

वि.स.२०१६ सालमा स्थापना भएको पोखरा नगरपालिका समयक्रमसँगै २०१७ सालमा नगर पञ्चायत, २०४७ सालमा पुन नगरपालिका, २०५२ सालमा उप-महानगरपालिका, २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका हुँदै २०७५ साउन २३ गते पोखरा महानगरपालिका नामाकरण हुनपुग्यो। आज म यस महानगरपालिकाको

१६ औँ नगर प्रमुखको रुपमा काम गरिरहेको छु ।

भूगोलका हिसाबले पोखरा महानगरपालिको पूर्वमा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा, उत्तरमा माछापुच्छ्रे गाउँपालिका, दक्षिणमा मादी गाउँपालिका, तनहुँ र स्याङ्जा जिल्ला अवस्थित छ । कुल ४६४.२४ वर्ग किमीमा फैलिएको पोखरा महानगरपालिका क्षेत्रफलका हिसाबले मुलुककै सबैभन्दा ठुलो महानगरपालिका हो । पोखराको जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार ५ लाख १३ हजार ५०४ रहेको छ । तर, आजको दिनमा पोखरामा करिब २० लाख बढी मानिसहरु स्थायी वा अस्थायी रुपमा बसोबास गरिरहेको हाम्रो अनुमान छ ।

## पर्यटन राजधानी र पर्यटन वर्ष घोषणा

पोखरा महानगरपालिका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी दिगो पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने उद्देश्य हासिल गर्ने दिशातर्फ उन्मुख छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ब्रान्डिङ गर्दै पर्यटनमार्फत समृद्धि हासिल गर्ने लक्ष्यका साथ २०८० चैत्र ४ गते प्राकृतिक, सांस्कृतिक र साहसिक क्षेत्रको अनुपम संगम पोखरालाई हामीले पर्यटकीय राजधानी घोषणा गर्‍यौं । यस कै सन्दर्भमा मिति २०८१ फाल्गुन ३ गते सन् २०२५ लाई पोखरा भ्रमण वर्ष घोषणा गरी विभिन्न प्रर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिएका छन् । मित्रराष्ट्र चीन सरकारले समेत सन् २०२५ लाई नेपाल भ्रमण वर्ष घोषणा गरेको छ । पोखरा भ्रमण वर्ष घोषणा भएकै सन्दर्भमा ठुलो जनसंख्या भएको चीनले नेपाल भ्रमण वर्ष घोषणा गर्नु हाम्रा लागिसुखद क्षण बनेको छ ।

पोखरेलीको गौरवको रूपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडानका लागि स्थानीय सरकारको तर्फबाट नियमित प्रयास भइरहेको छ । विमानस्थलले वार्षिक रूपमा १० लाख बढी यात्रुहरूलाई सेवा दिइरहेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिचुवान र हिमालयन एयरलाइन्सले व्यावसायिक चार्टर उडान थालेका छन् । यसले पोखरा अन्तराष्ट्रिय बजारसँग सिधा जोडेको छ । विमानस्थल सञ्चालनमा आएसँगै विभिन्न अन्तर्राष्ट्रिय साझेदारहरुसँगको सहकार्यमा अन्तर्राष्ट्रिय ड्रगनबोट रेस, इन्ड्युरो साइकल रेस, क्रसकन्ट्री रेस, ट्रयोथलन लगायतका अन्तर्राष्ट्रिय प्रतियोगिताहरु सञ्चालन गरिएका छन् ।

## विकासमा अन्तर्राष्ट्रिय साझेदारी

समुन्नत पर्यटकीय पोखराको दीर्घकालीन लक्ष्य हासिल गर्न हातेमालो गर्दै World Bank, ADB, JICA, KOICA, UNDP जस्ता विकास साझेदारसँगको सम्बन्ध सुदृढ बनेको छ । यहाँ विकास साझेदारहरुसँगको सहकार्यमा करिब ३३ अर्ब बढीका परियोजनाहरु मध्ये केही सम्झौताको प्रक्रियामा र केही कार्यान्वयनको चरणमा छन् । कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) र युनडिपीको सहयोगमा हरित रोजगारी सृजना गर्ने गरी पोखरा प्रदर्शनी केन्द्रमा ग्रीनभेन्चर जोन (जिभिजेड) निर्माण भइरहेको छ । कोइका कै सहयोगमा हरित यातायात प्रणालीको विकास परियोजनाको अवधारणा अनुसार पोखराका ८४ वटा बस रुटहरूमा १ हजार २८६ स्थानमा बस स्टप निर्माण र ३ स्थानमा बस टर्मिनल निर्माण गर्ने गरी प्रक्रिया अघि बढेको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा पोखराको खानेपानी शुद्धीकरण परियोजना सम्पन्न भई सञ्चालनमा आइसकेको छ । जाइकासँग कै सहकार्यमा पोखरा महानगर क्षेत्रको फोहोरपानी ढलभल प्रशोधनका लागि विशेष परियोजना सञ्चालनका लागि समझदारी भई डिपिआर निर्माण कार्य अन्तिम चरणमा छ ।

विश्व बैंकको सहयोगमा तालचोक-वेगनास, शिशुवा-

सिसाघाट सडक र दोविल्ला-पुँडीटार-लामेआहाल सडक निर्माण सम्पन्न हुने चरणमा छ । एशियाली विकास बैंकको सहयोगमा इ-मोविलिटी र दिगो पर्यटन विकासका १५ वटा परियोजनाहरु सञ्चालित छन् । वैदेशिक सहायता परिचालनका दृष्टिले यो उपलब्धि दीर्घकालीन महत्वको छ ।

**सडक पूर्वाधार**

पोखरा महानगरपालिकामा संघ तथा प्रदेश सरकारबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरु, निजी क्षेत्र र विकास साझेदारहरुको तर्फबाट भएको लगानी आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा कुल खर्च रु.३३ अर्ब पुगेको छ । आ.व २०८१/०८२ को अन्तिमसम्म महानगर क्षेत्रभित्र कुल पक्की सडक ९५० कि.मि.मा विस्तार भएको छ । हाम्रो नेतृत्वमा हालसम्म महानगर क्षेत्रमा ९३ किलोमिटर सडक निर्माण भएको छ । जसमा ७० किलोमिटर पीच, २३ किलोमिटर स्तरोन्नती र केही स्थानमा नयाँ ट्र्याक खोलिएको छ ।

४८ किमी सडक रिसिलिङ, १५ किमी सडक स्तरोन्नति गरी कुल ६३ किमी सडकको मर्मत तथा सुधार गरिएको छ । सडकको सुरक्षा र आकासे पानीको व्यवस्थापनका लागि ७० किमी पक्की र १९ किमी नालाको मर्मत गरिएको छ ।

**पर्याप्त कानुन निर्माण**

प्रथम योजना अवधिमा कानुनी दस्ताबेजको रूपमा ११४ वटा नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्वयन गरिएको छ । महानगरमा निर्वाचित भएर आएपछि यस अवधिमा हामीले ५५ वटा कानुनहरु निर्माण गरेका छौं । आ.व. २०७४/०७५ देखि हालसम्म पोखरा महानगरपालिकाले १३८ वटा कानुनहरु निर्माण गरिएको छ ।

**दोस्रो पञ्चवर्षीय योजना**

संविधान अनुरूप समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान गर्दै **"समुन्नत पर्यटकीय पोखरा"** निर्माण गर्ने लक्ष्यका साथ महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना (आ.व २०८१/८२-२०८५/८६) निर्माण गरिएको छ । "समुन्नत पोखराको आधार: सबल अर्थतन्त्र र पूर्वाधार" भन्ने मूल ध्येय र हरित उत्थानशील समावेशी र समन्यायिक विकास मार्फत पोखरालाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने मूल लक्ष्य सहित दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा आएको छ ।

योजनाले वार्षिक औसत ८.४ प्रतिशत आर्थिक वृद्धि हासिल गर्न कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, मर्यादित रोजगारी, उद्यमशील संस्कृतियुक्त प्रतिस्पर्धी र स्वस्थ्य मानव पुँजी निर्माण, नागरिक सेवा सुविधामा गुणात्मक सुधार र प्रविधिमैत्री सेवा प्रवाह तथा सदाचार प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

**नगर उर्जा योजना**

पछिल्लो तथ्यांक अनुसार पोखरामा खाना पकाउनका लागि प्राथमिक रूपमा प्रयोग भएका इन्धनमा एलपीजीको हिस्सा ८४.२५ प्रतिशत, बायोग्यास ५.२५ प्रतिशत, काठ दाउरा १०.२७ प्रतिशत र विद्युतको मात्र ०.२३ प्रतिशत छ । घरायसीस्तरमा एलपीजीको निर्भरता ९८.४५ प्रतिशत र व्यावसायिक क्षेत्रमा यो आँकडा ८४.२५ प्रतिशत देखिन्छ । वडागत विश्लेषणमा दाउराको प्रयोग गर्नेमा वडा नम्बर २८ मा सबैभन्दा बढी ६९.४२ प्रतिशत र वडा नम्बर ९ मा सबैभन्दा कम ०.६२ प्रतिशत छ ।

यसैसन्दर्भमा विसं २१०० (सन् २०४३) सम्म पोखरालाई कार्बन तटस्थ सहर बनाउने लक्ष्यका साथ महानगरपालिकाको नगर ऊर्जा योजना (२०८१-०८६) तयार गरिएको छ । यस योजनाले दक्ष र दिगो

ऊर्जा मार्फत समुन्नत पोखरा' भन्ने सोच र ऊर्जा स्वच्छता र दक्षता मार्फत् कार्बन तटस्थ पोखराको निर्माण गर्ने ध्येय राखेको छ ।

योजनाको सबैभन्दा महत्वपूर्ण लक्ष्य सन् २०२९ सम्ममा पोखरा महानगरका २५ प्रतिशत घरमा विद्युतीय चुलोको पहुँच सुनिश्चित गर्नेछ । महानगरपालिकालाई कार्बन तटस्थ सहरका रूपमा विकास गर्ने उद्देश्यले कार्बन उत्सर्जनको अवस्था मापन गरिएको छ । कार्बन तटस्थता सम्बन्धी रणनीतिक कार्य योजना अद्यावधिक गरेका छौं ।

**फेवाताल सिमांकन**

फेवाताल संरक्षण सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि सहजीकरण समिति गठन गरी फेवातालको सिमाङ्कन सम्पन्न गरिएको छ । यस क्रममा ताल घरमा १०५५ वटा सीमा स्तम्भहरु गाडिएका छन् । Differential Global Positioning System (DGPS) र ड्रोन सर्वे मार्फत डिटेल सर्वेक्षण गरी फेवातालको क्षेत्रफल यकिन गरिएको छ । सिँचाइ डिभिजन कार्यालय कास्कीको विगत १० वर्षको रेकर्ड तथा विभिन्न समयमा बनेका फेवातालका नक्साहरूको अध्ययन गरी फेवातालको High Flood Level ७९४.९५ मिटर कायम गरिएको छ । उक्त विन्दुलाई आधार मान्दा तालको कुल क्षेत्रफल ६.३४३ वर्ग किलोमिटर अर्थात् १२ हजार ४६८ रोपनी ३ पैसा ३ दाम कायम भएको छ । यो फेवाताल संरक्षणका लागि ऐतिहासिक कदम हो ।

**सेवा प्रवाह**

स्थानीय तहको दोस्रो निर्वाचन मार्फत निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको ३ वर्ष पूरा भएको छ । यस अवधिमा हामीले विगतको भन्दा तीन गुणा बढी बजेट वडास्तरका योजनामा परिचालन गरेका छौं । यसबाट स-साना विकास योजना सञ्चालन र सम्पन्न गरी सरकार प्रतिको नागरिक विश्वास अभिवृद्धि हुँदै गएको र वडा तह विकासको केन्द्रका रूपमा स्थापित छन् ।

पछिल्लो समय ४३ वटा खर्च केन्द्रहरु मार्फत भुक्तानी प्रक्रियालाई सहज र सरल बनाइएको छ । एकद्धार प्रणाली मार्फत सेवा प्रवाहको व्यवस्था गरिएको छ । नागरिकहरुको गुनासो सुन्नका लागि हटलाइन र हेल्लो मेयर कक्ष सञ्चालन गरिएको छ । सुव्यवस्थित पोखरा निर्माणका लागि नेपाल प्रहरीको मापदण्ड अनुसारका प्रशिक्षित नगर प्रहरीको जनशक्ति थप गरिएको छ । महानगरपालिकालाई आवश्यक जनशक्तिको प्रक्षेपण सहित संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) तयार गरिएको छ । ऊर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गर्दै अनलाइन घर नक्सा प्रणाली सञ्चालन गरिएको छ । महानगरपालिकामा भएका पुराना नक्साहरु सबै डिजिटाइज भइसकेका छन् ।

उज्यालो पोखरा अभियान अन्तरगत २३ स्थानमा हाइमास्ट र ५ हजार बढी स्मार्ट सडक बत्तिहरु जडान गरिएको छ । पोखराको चिनारीका रुपमा सार्वजनिक पुस्तकालय, आर्ट ग्यालरी, एकीकृत सूचना केन्द्र, पोखरा प्रज्ञा प्रतिष्ठान र घण्टाघर रहने गरी पोखरा घर निर्माण अन्तिम चरणमा छ । महेन्द्रपुलमा अन्तर्राष्ट्रिय झण्डापार्क, सार्वजनिक शौचालय निर्माण गरिएको छ । लामोसमयदेखि समस्याको रुपमा रहेको भूमिहीन सुकुम्बासी समस्या समाधान गर्ने उद्देश्यले ३ हजार ४२१ भूमिहीन सुकुम्बासी, ४ हजार २९ भूमिहीन दलित र ११ हजार ७२६ अव्यवस्थित बसोबासी गरी कुल १९ हजार १७६ लगत संकलन गरिएको छ ।

गण्डकी बहुप्राविधिक शिक्षालय मार्फत प्राविधिक शिक्षालाई जोड दिँदै अटोमोवाईल इन्जिनियरिङ,

सिभिल इन्जिनियरिङ, जियोमेटिक्स इन्जिनियरिङ, फरेस्ट्री (वन विज्ञान), फार्मेसी, सामान्य चिकित्सा (HA), बाल विकास सहजकर्ता (ECDF) लगायत कार्यक्रमहरु सञ्चालन गरिएको छ। महानगर मातहत रहेका विद्यालयहरुको शैक्षिक सुधारका लागि ५४ बुँदे निर्देशन कडाइका साथ लागु गरिएको छ। नगर युवा परिषद् मार्फत युवाहरुलाई स्थानीय सरकारका गतिविधिहरुसँग प्रत्यक्ष रुपमा जोडिएको छ।

कृषि क्षेत्रमा कृषकहरुको आकर्षण तथा उत्पादन वृद्धिका लागि यान्त्रीकरणमा जोड दिएका छौँ। मल, बीउ र प्रविधिमा कृषकहरुलाई अनुदान तथा कृषि उपजहरुको सुरक्षित ढुवानीका लागि कृषि एम्बुलेन्स सेवा र बजारक्षेत्रमा बिक्री केन्द्रहरु सञ्चालन गरिएको छ। व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना गरी स्टार्टअप, व्यवसाय प्रवर्द्धन, वित्तिय सहायता र विभिन्न प्रकारका सीपमूलक तालिमहरु सञ्चालन गरिएको छ।

महानगर क्षेत्रको सहरी वन व्यवस्थापन तथा संरक्षण र विकासका लागि थप २ लाख २६ हजार बिरुवा लगाउने मेगा वृक्षारोपण अभियान शुभारम्भ गरिएको छ। महानगर क्षेत्रको ७ सय कि.मी. सडक तथा राजमार्ग, झन्डै ६९ कि.मी. नदी तथा खोला किनार, २९ सार्वजनिक स्थलको १२५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका बिरुवाहरू लगाउने योजना छ।

स्थानीय तहको विविधिकृत तथ्यांकको अभावमा योजना कार्यान्वयनको परिमाणात्मक लक्ष्य र उपलब्धि मापन गर्ने परिसूचकहरू परिभाषित गर्न नसकिएको कठिनाइलाई मध्यनजर गरी महानगरपालिकाको विद्युतीय पार्श्व चित्र तयार गरिएको छ। राजश्व परिचालनका लागि विभिन्न प्रयासका बाबजुद राजश्व संकलनमा उल्लेख्य सुधारको प्रयत्न गरिएको छ। सार्वजनिक निजी साझेदारीमा दीर्घकालीन महत्वका योजनाहरु सञ्चालनको क्रममा छन्। अत्याधुनिक फोहोरमैला प्रशोधन केन्द्र निर्माणको प्रक्रिया अघि बढेको छ।

पोखराको आर्थिक विकासलाई विविधिकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने उद्देश्यले उत्पादन, उत्पादकत्व, रोजगारी र आयमा क्रमिक सुधार भइरहेको छ। महानगरबाट समावेशी, सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि तथा रोजगारीका लागि निरन्तर प्रयत्न र पहल भइरहेको छ। महानगरले स्थापनाकाल देखि नै उपलब्ध श्रोत साधनबाट नगरवासीको आवश्यकता, अपेक्षा र मागलाई अधिकतम सम्बोधन गर्न योजनाबद्ध विकास प्रक्रिया अवलम्बन गरिएको छ।

संविधानप्रदत्त अधिकारको प्रयोग गर्दै विकास गतिविधिलाई व्यवस्थित रूपमा सञ्चालन गर्न, निर्वाचनको समयमा गरेका प्रतिवद्धतालाई नतिजामा परिणत गर्दै, नागरिकको विश्वास आर्जन गरी समुन्नत पर्यटकीय पोखरा निर्माणको दीर्घकालीन लक्ष्य हासिल गर्न हामी निरन्तर क्रियाशील छौँ।

# न्याय सम्पदानमा देशभरका
# पालिकाहरूको पाठशाला



**मञ्जुदेवी गुरुङ**

उप-प्रमुख

मुलुकमा नयाँ संविधान २०७२ जारी भएपछिको स्थानीय तहको दोस्रो निर्वाचन, २०७९ मा पोखरा महानगरपालिकाको उपप्रमुखमा दोस्रो पटक निर्वाचित भएको तीन वर्ष पूरा भएको छ। नागरिकको विकासको चाहना पूरा गर्ने गरी समस्यालाई नजिकबाट बुझ्ने र समाधान गर्ने निरन्तर प्रयासमा हामी लागि परेका छौं। नागरिकलाई सहज, सरल र प्रभावकारी सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको हो। तर नागरिकका अपेक्षा कति पूरा गर्न सक्यौं वा सकेनौं त्यसको मुल्याङकन नगरवासीका रूपमा यहाँहरूले गरिरहनु भएकै छ। हामी निर्वाचित भए पश्चात् पोखरा महानगरको विकास, समृद्धि र नागरिकका समस्या समाधानमा जुटिरहेकै छौं। भौगोलिक रूपमा विविधतायुक्त पोखरा देशकै ठुलो महानगरपालिका हो। त्यसैले समान विकास र सेवा प्रवाहमा केही जटिलता विद्यमान छन्।

दोस्रो पटक महानगरपालिकाको उपमेयरका रूपमा मैले पद बहाली गर्दा दुई वटा महत्वपूर्ण निर्णय गरेको थिए। समाजमा व्याप्त रहेको लैङ्गिक हिंसा न्यूनीकरण र अन्त्यका लागि प्रयास गर्ने उद्देश्यले महिला हिंसाविरुद्ध पुरुषको ऐक्यबद्धता समसचेतना कार्यक्रम र अपाङ्गता भएका बालबालिकाको लागि शिक्षामा पहुँच स्थापित गर्ने विषय मेरो प्राथमिकतामा थियो। नेपाली समाजमा लैङ्गिक हिंसाका विभिन्न रूपहरू छन्। यसबाट धेरै महिलाहरू प्रत्यक्ष र परोक्ष रूपमा हिंसाको सिकार बन्ने गरेका छन्। समाजमा विद्यमान लैङ्गिक हिंसा अन्त्यको प्रयासलाई अभियानको रूपमा सञ्चालन गरिएको छ। नेपालमा वर्षमा एकदिन लैगिक हिंसा विरुद्धको १६ दिने

अभियान दिवसका रूपमा मनाउने परम्परालाई तोड्दै हिंसा रोक्न वर्षभरि नै कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्ने मान्यताले महिला हिंसाविरुद्ध पुरुषको ऐक्यबद्धता समसचेतना कार्यक्रम सञ्चालन गरिएको हो । महिला हिंसा अन्त्यका लागि पुरुषहरूलाई सचेत र जानकारी गराउन समान सहभागिता हुनुपर्छ भन्ने, मान्यतालाई आत्मसात् गरिएको छ । पोखरा महानगरका ३३ वटै वडामा यो कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । कार्यक्रममा पुरुषहरूको सहभागितालाई अझ बढी जोड दिइएको छ । हिंसाका प्रकार, कारण र सजायका बारेमा जानकारी दिँदै न्यूनीकरण र हिंसामुक्त महानगरको परिकल्पना गरिएको छ ।

मेरो प्राथमिकता अपाङ्गता भएका बालबालिकाको लागि शिक्षामा पहुँच पुऱ्याउनु पनि हो । विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वको कुल जनसख्याको १६ प्रतिशत मानिस अर्थात् १.३ अर्ब मानिसहरू कुनै न कुनै प्रकारको अपाङ्गताको वर्ग भित्र पर्दछन्, भने २ देखि ४ प्रतिशत मानिसहरूमा गम्भीर प्रकारको अपाङ्गता छ । नेपालमा पनि कुनै न कुनै प्रकारको अपाङ्गता भएका व्यक्तिहरूको संख्या उल्लेखनीय नै रहेको विभिन्न तथ्याङ्कहरूले देखाएका छन् । अपाङ्गता असक्षम, कमजोरी, दुर्बलता र बिमारी होइन, यो त विविधता हो । अपाङ्गता भएका व्यक्तिलाई समर्थन, अवसर, अधिकार र सम्मान गर्न सके उनीहरूले समाजलाई उन्नति, प्रगति, विकास र समृद्धिमा महत्वपूर्ण योगदान गर्न सक्छन् । अपाङ्गता भएका व्यक्तिहरूको लागी सहानुभूति होइन, व्यवहारिक समर्थन, पहुँचयोग्य वातावरण, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र सम्मानजनक अवसरको आवश्यकता छ । उनीहरूलाई करुणाको पात्र होइन, अधिकार, अवसर र सम्मानको खाँचो छ । फरक क्षमता भएका व्यक्तिहरूलाई हेर्ने सामाजिक दृष्टिकोण र व्यवहारमा परिवर्तन गर्दै सरकारको तर्फबाट अधिकारसँगै अवसर प्रदान गरी अगाडि बढ्ने वातावरण सृजना गर्न सक्नुपर्दछ ।

देश संघीय शासन व्यवस्थामा प्रवेश गरेपछि अपाङ्गता परिचयपत्र वितरणको जिम्मेवारी पनि स्थानीय सरकारको जिम्मेवारीमा आएको छ । अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र प्रदानका लागि उपप्रमुखको संयोजकत्वमा समिति गठन गर्ने व्यवस्था छ । पोखरा महानगरपालिकामा हालसम्म २ हजार २६३ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । नेपाल सरकारको वर्गीकरण अनुसार ४ प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई मात्र परिचय पत्र वितरण गर्ने व्यवस्था छ । १० प्रकारका अपाङ्गता मध्ये (क) पूर्ण अशक्त अपाङ्गता, (ख) अतिअशक्त अपाङ्गता, (ग) मध्यम अपाङ्गता र (घ) सामान्य अपाङ्गता भएका व्यक्तिहरूलाई मात्र परिचयपत्रको व्यवस्था छ । पूर्ण अशक्त (पूर्ण आश्रित)लाई रातो, अति अशक्त अपाङ्गता (अरूको सहयोगमा काम गर्नुपर्ने अवस्था) लाई निलो, मध्यम अपाङ्गता (कृत्रिम अङ्गहरू मार्फत काम गर्न सक्ने) लाई पहेँलो र सामान्य अपाङ्गतालाई सेतो रङ्गको परिचयपत्र प्रदान गर्ने गरिएको छ । पोखरा महानगरपालिकाले प्रत्येक महिनाको पहिलो शुक्रबार परिचयपत्र वितरण गर्दै आइरहेको छ । उनीहरूको आवश्यकता र मागका आधारमा आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

'बालबालिकाहरूको शिक्षामा पहुँच' भन्ने विषयलाई सार्थकता दिँदै उनीहरूको आवश्यकता र मागलाई आत्मसात् गरी श्रवण दृष्टिविहीन, अटिजम र मस्तिष्क पक्षघात भएका बालबालिकाको लागि स्रोत कक्षाको व्यवस्था गरिएको छ । वि.स.२०८१ सालबाट अम्मरसिंह मा.वि.मा श्रवण दृष्टिविहीनको स्रोत कक्षा सञ्चालन गरिएको छ भने, २०८२ सालबाट जानकी मा.वि. पोखरा १७ मा अटिजम स्रोत कक्षा सञ्चालनमा ल्याइएको छ । इन्द्रराज्य लक्ष्मी मा.वि.मा सेरेवलपल्सी (CP) मस्तिष्क पक्षघात भएका बालबालिकाको लागि स्रोत कक्षा सञ्चालनको तयारी भइरहेको छ । विद्यालयको पहुँच भन्दा बाहिर रहेका शारीरिक रूपमा अपाङ्गता बालबालिकाको लागि शिक्षामा पहुँच स्थापित मात्रै होइन, यो विषय अभिभावकहरूका लागि पनि कठिन भएका कारण स्रोत कक्षा सञ्चालनको अवधारणा कार्यान्वयन गरिएको हो ।

**न्याय सम्पादनमा अब्बल पोखरा**

संविधानको धारा २१७ मा न्यायिक समितिको संवैधानिक व्यवस्था छ । संघीय शासन व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरू नागरिकको सेवामा क्रियाशील छन् । सरकार हुनका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका प्रमुख अङ्ग मानिन्छन् । स्थानीय सरकारको न्यायपालिकाको रूपमा न्यायिक समिति रहेको छ । स्थानीय तहमा आफ्नो अधिकार भित्रका विवाद निरूपण गर्न उपप्रमुखको संयोजकत्वमा

तीन सदस्यीय न्यायिक समिति गठन हुने संवैधानिक व्यवस्था छ । तसर्थ उपप्रमुखको हैषिसतमा मेरो पहिलो र महत्वपूर्ण जिम्मेवारी नगरवासीलाई न्यायको प्रत्याभुति दिलाउनु हो । संविधानले दिएको जिम्मेवारी र दायित्वलाई सफलतापूर्वक ग्रहण गर्दै प्राप्त जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने आवश्यकतालाई पुष्टि गर्ने दायित्व उपप्रमुख कै काँधमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको गठन, क्षेत्राधिकार र कार्य सञ्चालन सम्बन्धी व्यवस्था छ । सोही व्यवस्था अनुसार पोखरा महानगरपालिकामा न्यायिक समिति गठन भई कार्य सम्पादन गरिरहेको छ ।

स्थानीय तहमा न्यायिक समितिको आवधारण ल्याउनुको मुख्य उद्देश्य नागरिकले सहज रूपमा आफूले चिनेका आफैले निर्वाचित गरेका जनप्रतिनिधिसँग विना झन्झट र विना हिचकिचाहट आफ्नो वकिल आफै बनेर आफ्ना समस्याहरू राख्न र स्थानीय स्तरमा सृजित समस्याको समाधान स्थानियस्तरबाटै गराउनु हो । कानुनको अज्ञानता क्षम्य हुँदैन्, कानुनले मैले जानिन थाहा पाइन भनेर माफी वा उन्मुक्ति नदिने भएकाले पनि हरेक नागरिकले कानुनको बारे सचेत हुनै पर्दछ । तसर्थ कानुनी सचेतना अभिवृद्धिका लागि महानगरले नागरिकलाई कुन कुन विवादहरू आयो भने न्यायिक समितिमा जानु पर्छ र त्यहाँ कसरी विवादको निरूपण हुन्छ भन्ने जानकारी गराउनको लागि नागरिक, विद्यार्थी ज्येष्ठ नागरिक, श्रमिक र सञ्चारकर्मीहरूसँग न्यायिक समिति कार्यक्रम सञ्चालन गर्दै आएको छ । न्यायिक समितिको कानुनी, संवैधानिक व्यवस्था र अधिकार क्षेत्रको बारेमा नागरिकलाई जानकारी गराउने कार्यलाई निरन्तरता दिइएको छ ।

संवैधानिक व्यवस्था अनुसार न्यायिक समितिको संयोजक महानगर उपप्रमुख रहने व्यवस्था छ । सदस्यमा पोखरा २९ का निर्वाचित नगरसभा सदस्य कालिदास पोखरेल र वडा नम्बर १३ बाट निर्वाचित नगरसभा सदस्य रजनी परियार रहनु भएको छ । अघिल्लो कार्यकाल पोखरा महानगरको न्यायिक समिति देशभरमै उत्कृष्ट बनेको थियो भने, दोस्रो कार्यकालमा पनि त्यो कायम राख्न हामी प्रतिबद्ध छौं । हाम्रो न्यायिक समिति देशभरका पालिकाहरूका लागि पाठशालाको रूपमा विकास भएको छ । स्थानीय सरकारबिच पोखराको न्यायिक समितिले गरेको कार्यसम्पादन शैलीबारे अध्ययन गर्न देशभरका स्थानीय सरकारका प्रतिनिधिहरू यहाँ आउने गरेका छन् ।

न्यायिक समितिले गरेका निर्णयहरू अपवाद बाहेक विवाद रहित छन् । त्यसैले अघिल्लो पाँच वर्ष र दोस्रो कार्यकालको यस अवधिसम्म देशभरका ७५३ स्थानीय सरकारले अभ्यास गर्न पाउने न्यायिक सम्पादनको संवैधानिक अधिकार राम्ररी उपभोग गर्नेमा पोखरा न्यायिक समिति देशकै अब्बल इजलासमा गनिन्छ । देनभरका न्यायिक समितिले गरिरहेको असल अभ्यासका बारेमा अनुभव आदान प्रदान, चुनौती र समस्याबारे छलफल गर्ने उद्देश्यले आयोजित न्यायिक समितिको प्रथम राष्ट्रिय सम्मेलन पोखरा महानगरपालिका कै नेतृत्वमा अघिल्लो कार्यकालमा सम्पन्न भएको थियो । सम्मेलनले १४ बुँदे पोखरा घोषणापत्र सार्वजनिक गर्दै मुलुकको जुनसुकै भाग वा क्षेत्रमा बसोबास गरेपनि जो जहाँ बसेको छ, त्यहीँबाट न्यायिक समितिको सेवा लिन सक्ने गरी ऐन परिमार्जन गर्न सरकारलाई अनुरोध गरेको थियो ।

पोखरा महानगरपालिकाको न्यायिक समितिमा विवादको फैसला संख्या बढेको छ । नागरिकको सेवाका लागि हप्तामा एक दिन बस्ने इजलास हप्ताको दुई दिन बस्ने व्यवस्था मिलाइएको छ । प्रत्येक हप्ताको सोमबार र बुधबार इजलास बसी न्याय सम्पादन गर्ने गरिएको छ । पोखरा महानगर न्यायिक समितिलाई संरक्षणात्मक आदेश दिने अधिकार समेत छ । उक्त आदेश कार्यान्वयन गर्दै आर्थिक सहायताको लागि बजेट विनियोजन गरेर सहयोग उपलब्ध गराइएको छ । न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदनमा जाने व्यवस्था समेत छ । आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म विवाद दर्ता संख्या ६९२ रहेको छ । ६९२ विवाद मध्ये २६८ निरूपण भएका छन्, भने मेलमिलापबाट ७५ वटा विवाद समाधान भएका छन् । त्यस्तै ५९ वटा विवाद तामेलीमा र मुलतबीमा ६ वटा रहेका छन् । हालसम्म निर्णय भएका विवाद मध्ये ४४२ वटा कार्यान्वयन भएका छन् । ६७ वटा विवादहरू जिल्ला अदालत कास्कीमा पुनरावेदनका लागि गएका थिए, भने सबै न्यायिक समितिको निर्णय अनुसार सुरु सदर भएका छन् । महानगरमा परेका विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न आर्थिक वर्ष

२०८१/८२ मा ११४ जना मेलमिलापकर्ता सूचीकृत गरिएको छ । मेलमिलापका लागि महानगरमा सूचीकृत हुनुपर्ने व्यवस्था छ । सूचीकृत नभएका व्यक्तिबाट गरिएका मेलमिलापले कानुनी मान्यता नपाउने भएकाले महानगरमा सूचीकृत मेलमिलापकर्ताबाट मेलमिलापको व्यवस्था गरिएको छ ।

**कानुनी परामर्श सेवा नि:शुल्क**

महिलालाई नि:शुल्क कानुनी परामर्श दिने गरी कानुनी सहायता डेस्क स्थापना गरिएको छ । नागरिकसँग निर्वाचनताका गरेको प्रतिबद्धता अनुसार हिंसामा परेका महिलालाई नि:शुल्क कानुनी परामर्श र हेल्प डेस्कको स्थापना गरिएको हो ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

महिलाहरूलाई सीपमूलक र स्वरोजगार बनाउने उद्देश्यले 'उपप्रमुखसँग महिला' कार्यक्रम कार्यान्वयन गरिएको छ । महिला माथि हुने हिंसा र विभेद आर्थिक रूपमा परनिर्भरताको परिणाम हो । महिलाहरूको क्षमता अभिवृद्धि गराउँदै आर्थिक रूपमा सबल र सक्षम बनाई उद्यमशीलताको विकास गराउने उद्देश्यले यो कार्यक्रम लागु गरिएको छ । लैङ्गिक हिंसालाई न्यूनीकरण गर्दै पीडित तथा प्रभावितहरूका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने यस कार्यक्रमको उद्देश्य हो । कार्यक्रमले महिलाहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ । पोखरालाई महिलामैत्री महानगरपालिकाको रूपमा स्थापित गराउन महिला हिंसालाई न्यूनीकरण गर्दै त्यसका लागि महिलाहरू आर्थिक रूपमा सबल र सक्षम हुनुपर्दछ भन्ने मान्यताका आधारमा उनीहरूको आर्थिक सशक्तीकरणलाई बढवा दिन यो कार्यक्रम कार्यान्वयन गरिएको हो । महिलाहरूको क्षमता अभिवृद्धि गरी उद्यमशीलताको विकास सहित सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मुलन लगायत कार्यहरू गराउन कानुनी व्यवस्थाका लागि 'उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालन कार्यविधि' समेत निर्माण गरिएको छ ।

यस कार्यक्रम अन्तर्गत कृषि, व्यवसायीक र घरेलु उद्यमशीलता, स्वरोजगारमूलक सीपविकास, क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइएको छ । स्थानीय महिला समूहहरूको सक्रियतामा कृषिजन्य उत्पादनको बजारीकरण तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गरिएको छ । कार्यविधि अनुसार कार्यपालिकाका पाँच जना सदस्य, उद्यमशीलता र सीप विकासका क्षेत्रमा काम गरेका दुई जना महिला सदस्य, पोखरा महानगर महिला विकास अधिकृत सदस्यसचिव रहने गरी उपप्रमुखको संयोजकत्वमा नौ सदस्यीय सञ्चालक समिति गठन गरिएको छ । कार्यक्रमले विपन्न, अति विपन्न, एकल, हिंसा पीडित, अपाङ्गता भएका, दलित आदिवासी जनजाति र सीमान्तकृत महिलालाई प्राथमिकता दिइएको छ । समाजमा विभिन्न कारणले शिक्षा आर्जन गर्न नपाएका महिलाहरूलाई लक्षित गरी शैक्षिक सहजता कार्यक्रम सञ्चालन गरिएको छ ।

हिंसामा परेका बालबालिकाको उद्धार, सडकमा बेवारिसे भएका बालबालिका तथा नवशिशु, श्रमिक बालबालिका, स्पा, डान्स, दोहोरीमा काममा लगाइएका बालबालिकाहरू, विभिन्न कारणबाट आमा बाबुले बेवास्ता गरेका बालबालिका तथा जबरजस्ती करणीमा परेका बालिकाको उद्धार तथा पुनर्स्थापना गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा सडक बालबालिका १३ जना, नवशिशु १ जना, श्रमिक बालबालिका ४ जना, आमा बाबुले स्वास्थ्य गरेका १८ जना, जबरजस्ती करणीमा परेका बालिका २ जना रहेका छन् । २०८१/८२ सडक बालबालिका ३० जना, बेवारिसे नवशिशु ४ जना, श्रमिक बालबालिका १२, स्पा, डान्स, दोहोरीबाट ८ जना, विभिन्न कारणबाट बेवास्ता गरिएका बालबालिका १३ जना, जबरजस्ती करणीमा परेका बालिका ४ जनलाई उद्धार गरिएको छ भने ४१ जनालाई अभिभाभवक तथा परिवारमा पुनर्स्थापना गरिएको छ । पोखरा महानगरपालिकाले बालबालिकाको क्षेत्रमा उल्लेखनीय काम गरेको छ । तीन आर्थिक वर्षमा १०३ जनाको उद्धार गरिएको छ ।

यसरी पोखरा महानगरपालिकाको उपप्रमुखका रूपमा दोस्रो कार्यकालको यस अवधिसम्म सामाजिक विकासका थुप्रै क्षेत्रहरूमा महत्वपूर्ण कार्यहरू भएका छन् । विशेष गरी महिला, बालबालिका, अपाङ्गता र सामुदायिक रूपमा पिछडिएका उपेक्षित समुदायहरूको उत्थान र सबलीकरणमा महानगरपालिकाले काम गर्दै आइरहेको छ । सामाजिक रूपमा समुन्नत र समृद्ध पोखरा निर्माणका लागि नागरिकहरूको पनि महत्वपूर्ण योगदान रहने भएकाले हातेमालो गर्न म सबैमा हार्दिक आग्रह समेत गर्दछु । तपाइँ हामी सबै मिलेर समृद्ध पोखरा निर्माणमा अघि बढौं ।




# सेवामा प्रविधि पछ्याउँदै महानगर

मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

वि.स. २०७२ सालको संविधान पश्चात् नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रूपान्तरण भएको छ । यसै अनुरूप समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित संघीय शासन प्रणालीको अवलम्बन भइरहेको छ । हाल ७५३ वटा स्थानीय तहहरू-४६० वटा गाउँपालिका २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ वटा महानगरपालिका कार्यान्वयनमा छन् । पोखरा महानगरपालिका क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठुलो महानगरपालिका हो । कुल ४६४.२४ वर्ग किमीमा फैलिएको पोखरा महानगरपालिका ३३ वडामा विभाजित छ ।

संघीयताको प्रमुख लक्ष्य नै विविधता व्यवस्थापन र सुशासन हो । आजको विश्व व्यवस्थाले Digital Governance–Online but not In line को वकालत गर्दछ । पोखरा महानगरपालिकाले सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन SUTRA, LMBIS जस्ता डिजिटल प्रणालीहरू सुरुवात गरेको छ । महानगरपालिकाको भुक्तानी प्रक्रियालाई सरल र सहज बनाउन ४३ वटा खर्च केन्द्रहरूको व्यवस्था गरिएको छ ।

पछिल्लो पटक दोस्रो कार्यकालका जनप्रतिनिधिहरूको बहाली पश्चात् यस पालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, वातावरण र सुशासनलाई प्राथमिकतामा राखेर काम भइरहेको छ । एकद्वार प्रणालीबाट सेवा प्रवाहलाई व्यवस्थित गरिएको छ ।

पोखराको विकास गतिलाई प्रभावकारी बनाउन योजना बैंक, मध्यमकालिम खर्च संरचना, आवधिक योजनामा जोड दिइएको छ । सहभागितामा आधारित विकासको सामाजिक मागलाई प्राथमिकतामा राखी निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, विदेश स्थित भगिनी सम्बन्ध भएका नगरहरू, प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य र समन्वयमा जोड दिइएको छ । नेपालको गण्डक क्षेत्रमा अवस्थित आध्यात्मिक र पर्यटकीय क्षेत्र पोखरा नेपालको पर्यटन राजधानी घोषणा भइसकेको सन्दर्भमा महानगरपालिकाले आगामी दिनमा पूर्वाधार, आर्थिक, सामाजिक र सुशासनको क्षेत्रमा लगानी बढाउँदै विकासको बिगुल फुक्न ढिला गर्नु हुँदैन ।

# विषयसूची


खण्ड १ महाशाखा/शाखाहरूको गतिविधि १

खण्ड २ वडाका गतिविधिहरू ४२

खण्ड ३ कुटनीतिक सम्बन्ध १३५

खण्ड ४ विकास साझेदारसँगको सहकार्यमा सञ्चालित परियोजनाहरू १४७

खण्ड ५ समाचार १६७

# महाशाखा/शाखाहरुको गतिविधि




# सुशासन तथा सेवा प्रवाह

महानगरपालिकाको दैनिक सेवालाई एकीकृत गर्न एकद्वार प्रणाली सञ्चालन गरिएको छ। सेवा प्रवाहलाई सहज, सरल, छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन विभिन्न सेवाका ११ वटा काउन्टर सञ्चालन गरिएका छन् । जसमा राजस्व, पञ्जिकरण, घरनक्सा, बैंक लगायतबाट प्राप्त हुने सेवा एकद्वार प्रणालीमार्फत् प्राप्त गर्न सकिन्छ ।

नगरवासीको नगर प्रमुखसँग दैनिक भेटघाटका लागि हेल्लो मेयर कक्ष सञ्चालन गरिएको छ । महानगरपालिकाको सेवासँग सम्बन्धित नगरवासीको गुनासो सुन्नका लागि महानगरमा ११८१ नं. को टोल फ्रीको व्यवस्था गरिएको छ । यसमार्फत् नागरिकले आफ्नो टोल, छिमेकमा भए/गरेका काम, समस्या वा गुनासाहरू टिपाउन र समाधानका लागि आग्रह वा अपिल गर्न सक्छन् ।

हेल्लो सरकारमार्फत् प्राप्त गुनासाहरू तत्काल सुनुवाइको व्यवस्था गरिएको छ । कार्यालयमा गुनासो सुन्ने र आवश्यक कारवाहीका लागि सम्बन्धित निकायसम्म वा फाँटसम्म तत्काल पुऱ्याउने गरी गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

महानगरका सबै वडा कार्यालयमा प्रशासनिक र आर्थिक अधिकार प्रत्यायोजन भएको छ । महाशाखाहरूसमेत गरी ४३ वटा खर्च केन्द्रहरू सञ्चालनमा छन् । महानगरपालिकाको मुख्य प्रशासनिक भवन, महाशाखा, शाखा र वडा कार्यालयहरूबाट प्रदान गरिने सेवालाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको छ ।

महानगरपालिका, महाशाखा, शाखासहित सबैजसो वडा कार्यालयमा डिजिटल नागरिक बडापत्र राखिएको छ । सेवाग्राहीलाई वडापत्रमा भएको व्यवस्था बमोजिम सेवा प्राप्त गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ । नागरिकले दैनिक प्राप्त गर्ने सेवा, लाग्ने समय र दस्तुर समेतको जानकारी सहितका नागरिक वडापत्रहरूलाई समयानुकूल परिमार्जन गर्दै प्रभावकारी बनाउने गरिएको छ । महानगर मातहतका सबै कार्यालयमा सूचना अधिकारीहरूको व्यवस्था गरिएको छ । कार्यालयका सबै कार्यमा पारदर्शिता र सुशासन कायम गरिएको छ ।

महानगरले ओगटेको भूगोल, जनसंख्या वृद्धिको चाप, बसाइसराई समेतका कारण नागरिकलाई पुऱ्याउनुपर्ने सेवा र विकास निर्माण कार्यमा संलग्न हुनुपर्ने जनशक्तिबीच तालमेल हुन नसकिरहेको अवस्थामा आवश्यक जनशक्तिको प्रक्षेपणसहित सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगरसभाबाट स्वीकृत भई पद दर्ताको क्रममा रहेको छ । यसबाट महानगरलाई आवश्यक पर्ने जनशक्ति आपूर्ति गरी नागरिकमैत्री सेवाप्रवाह गर्न सहज हुनेछ ।





# महानगरीय प्रहरी बल



नगरभित्र सुव्यवस्था कायम गर्न नेपाल प्रहरीको मापदण्ड अनुसार प्रशिक्षण प्राप्त नगर प्रहरीको जनशक्ति थप गरी परिचालन गरिएको छ। पैदलयात्री तथा सवारी साधन आवागमनलाई सहज तुल्याउँदै दुर्घटना न्यूनीकरण गर्न फुटपाथमा हुने व्यापार, व्यवसायलाई निरुत्साहन गरिएको छ।

बजार क्षेत्रमा छोडिएका सबैजसो छाडा पशुचौपाया नियन्त्रण गरी महानगरपालिकाको सहयोगमा सञ्चालित पुष्करिणी परोपकार गोकुलधाम (गौशाला)मा व्यवस्थापन गरिएको छ। पोखरा महानगरपालिका वडा नं.१४ बाच्छीबुडुवामा नमुना गौशाला सञ्चालनमा छ।



सहरी सुन्दरतामा आँच आउने गरी नियमविपरीत राखिएका करिब १० हजार ५ सय होर्डिङ बोर्ड, ब्यानर, पोस्टर लगायत हटाइएको छ। नगर क्षेत्रमा विना इजाजत र मापदण्ड विपरीत निर्माण गरिएका संरचनाहरू हटाउने कार्यलाई अभियानको रुपमा जारी राखिएको छ।

अवैधानिक तवरले प्राकृतिक स्रोत, साधन उत्खनन्, ओसारपसार र बेचबिखन गर्ने कार्यमा संलग्नलाई कारबाहीको दायरामा ल्याइएको छ। इजाजत विना मेसिन प्रयोग गरी जग्गा सम्म्याउने, जग्गा पुर्ने, डिपिसी लगाई खण्डीकरण गर्ने कार्य नियन्त्रण गर्दै तथा संलग्नलाई कारबाही गरिएको छ।



# कानुन/न्यायिक समिति

यस अवधिमा पोखरा महानगरपालिकाले ५५ वटा कानुन निर्माण गरेको छ। आव २०७९/८० मा ५ वटा ऐन, १४ वटा कार्यविधि र १२ वटा निर्देशिका गरी ३१ वटा कानुन निर्माण भएका थिए। त्यस्तै, आव २०८०/८१ मा ३ वटा ऐन, ३ वटा नियम, ६ वटा कार्यविधि, १ निर्देशिका र २ वटा मापदण्ड गरी १२ वटा कानुन निर्माण भएका छन्। आव २०८१/०८२ मा २ वटा ऐन, ५ वटा, २ वटा निर्देशिका गरी ९ वटा कानुन बनेका छन्। यस अवधिमा १० वटा ऐन, ३ वटा नियम, २५ वटा कार्यविधि, १५ वटा निर्देशिका, २ वटा मापदण्ड गरी ५५ वटा कानुन निर्माण गरिएको छन्। स्थानीय तहको निर्वाचनपछि आव २०७४/०७५ देखि हालसम्म पोखरा महानगरपालिकाले १३८ वटा कानुन निर्माण गरेको छ।

पोखरा महानगरपालिकामा दर्ता हुने विवादहरूको समाधानका लागि उपप्रमुख र प्रमुखज्यूको नेतृत्वमा इजलास बस्ने गरेको छ। आव २०७९/८० मा १७० विवाद दर्ता भएकामा ११६ वटा विवाद समाधान भएका छन्। आव २०८०/८१ मा १२१ विवाद दर्ता भएकामा ८८ वटा समाधान भइसकेको छ। यस्तै, आव २०८१/८२ मा ७५ विवाद दर्ता भएकोमा सबै विवाद समाधान भएका छन्। यस्तै, प्रमुखज्यूको इजलासमा दर्ता भएका ३२ वटा विवादमध्ये १५ वटा मिलापत्र भइसकेको छ भने १७ वटा विवाद अहिले विचाराधीन अवस्थामा रहेका छन्। यस अवधिमा १४४ मेलमिलापकर्ताहरू सूचीकृत भएका छन्। पोखरा महानगरपालिकासँग सम्बन्धित सर्वोच्च अदालतमा २८, उच्च अदालतमा १२ र कास्की जिल्ला अदालतमा ५ वटा मुद्दाहरू विचाराधीन छन्। मेलमिलापकर्ताहरूलाई मेलमिलापसम्बन्धी पुनर्ताजगी तालिम लगायत आवश्यक प्रशिक्षण प्रदान गरिएको छ।






# भूमि तथा गरिबी निवारण

पोखरा महानगरपालिका क्षेत्रमा बसोबास गर्ने भूमीहीन सुकुम्बासी, भूमीहीन दलित र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापनका लागि विशेष पहल गरिएको छ । नगर क्षेत्रका विभिन्न स्थानमा बसोबास गरिरहेका भूमीहीन सुकुम्बासी, भूमीहीन दलित र अव्यवस्थित बसोबासीको लगत संकलन गरी भूमी समस्या समाधान आयोगको सूचना प्रणाली (NALCIS) मा लगत प्रविष्टकरण (Data Entry) पछि निस्सा वितरण गरिसकिएको छ । ३ हजार ४ सय २१ भूमीहीन सुकुम्बासी, ४ हजार २९ भूमीहीन दलित र ११ हजार ७ सय २६ अव्यवस्थित बसोबासी गरी नगर क्षेत्रमा कुल १९ हजार १७६ लाई व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने देखिएको छ । यसका लागि ३३ वटा वडामध्ये ६, १२, १४, २५ र ३२ मा वडा सहजीकरण समिति गठन गर्ने निर्णय गरिएको छ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममार्फत एक सयभन्दा बढीलाई विभिन्न सीपमूलक तालिम प्रदान गरिएको छ । पोखरा महानगरपालिका वडा नं.२२, २८ र ३३ मा तरकारी खेती, पशुपालन, सिलाइकटाइ र चुरापोते बुनाई तालिम प्रदान गरिएको छ ।







# विपद् व्यवस्थापन

पश्चिम नेपालको जाजरकोट र रुकुम पूर्वका भूकम्प पीडितहरूलाई राहत तथा उद्धार कार्यमा नगद तथा जिन्सी सहयोग उपलब्ध गराइएको छ । महानगरपालिकाको तर्फबाट निर्माण भएका भौतिक पूर्वाधार र अन्य निर्माण कार्यलाई विपद् संवेदनशील बनाइएको छ । दिगो र भूकम्प प्रतिरोधी निर्माणमा जोड दिइएको छ ।

विपद् व्यवस्थापन कोषको रकममा सय प्रतिशत थप गरी २ करोड पुऱ्याइएको छ। बाढी, पहिरो तथा आगलागीका घटनाबाट पीडितलाई तत्कालह राहत सेवा उपलब्ध गराइएको छ । विपद्का क्षेत्रमा क्रियाशील सामाजिक संस्थाहरूसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्रियाकलापमा साझेदारी गरिएको छ ।

आपतकालीन सेवाहरू दमकल, एम्बुलेन्स तथा नगर प्रहरी समेतको संलग्नतामा आपतकालीन एकीकृत कार्य सञ्चालन केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइएको छ। समुदाय स्तरमा जोखिमबारे सचेतना र आपतकालीन तयारी तथा जोखिम न्यूनीकरण कार्यलाई निरन्तरता दिइएको छ । विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरू खरिद गरी भण्डारण गरिएको छ। सबै वडा कार्यालयमा fire extinguisher जडान गरिएको छ ।

आव २०८१/०८२ मा वडा नं ५ स्थित सिमाना मार्ग बाटो संरक्षण, वडा नं १५ स्थित विन्देश्वरी खानेपानी बोरिङ नजिक बस्ती संरक्षण, छहरेपानी बस्ती संरक्षण,





खोरपाखा बस्ती संरक्षण र गड्वा खोलामा वर्षातको समयमा आउने बाढीबाट डाँडाकोनाक स्थित प्रहरी कार्यालय संरक्षणमा करिब ३२ लाख रुपैयाँ खर्च गरिएको छ ।



# सहरी योजना आयोग

सहरी योजना आयोग (गठन तथा सञ्चालन) नियमावली २०७४, बमोजिम आयोगको काम कर्तव्य र अधिकार अनुरूप पोखराको योजनाबद्ध विकासका लागि आयोगले ३३ बुँदे कार्ययोजना बनाई नियमित कार्यसम्पादन गर्दै आएको छ ।

आयोग र सरोकारवालाबीच आपसी सहयोग, समन्वय र सहकार्यलाई सुदृढ बनाउन कार्यपालिका सदस्यहरू, सल्लाहकार परिषद्का सदस्यलगायत सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरी आयोगको कार्य सम्पादनलाई प्रभावकारी बनाइएको छ । आयोगको तर्फबाट मध्यमकालीन खर्च संरचना (MTEF) (आर्थिक वर्ष २०८०/८१ (२०८२/०८३), पोखरा महानगरपालिकाको नियमित वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ । महानगरपालिकाको सँगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८०, पोखरा ट्राफिक तथा यातायात सुधार योजना २०८०, पोखरा लेकसाइड पैदलिकरण अध्ययन प्रतिवेदन २०८०, तत्काल सुधार योजना २०८०, भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्य योजना २०८१ तयार गरिएको छ ।

Pre-Feasibliity Qmudy Report of Begnas Lake Tourism Development, Pr-Feasibliity Qmudy Report of Suikhet River Front Development, Pr-Feasibliity QmudyReport of Khaste Neureni Lakeside Development र नगर ऊर्जा योजना (MEP) तयार भएको छ ।




सहरी योजना आयोग सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयक, २०८०, परियोजना विकाससम्बन्धी मापदण्ड २०८०, भूमि बैंक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०, स्थानीय पथप्रदर्शकसम्बन्धी कार्यविधि, २०८०, उपचार, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०८०, बहुवर्षीय आयोजनासम्बन्धी मापदण्ड, २०८०, पोखरा सम्पदा बस्ती संरक्षण तथा व्यवस्थापनसम्बन्धी विधेयक, २०८१ तयार गरिएको छ ।

पोखरामा एकीकृत पर्यटकीय गुरुयोजना तर्जुमा तथा सम्भाव्य पर्यटकीय परियोजना पहिचान कार्यशाला सम्पन्न गरिएको छ । कार्यशालाबाट प्राप्त सुझावहरू कार्यान्वयनका लागि महानगरको सहरी योजना आयोग, नगर विकास कोष र नेपाल पूर्वाधार विकास बैंकका प्रतिनिधि सम्मिलित समन्वय समिति गठन गरिएको छ ।

पोखराका विद्यमान सार्वजनिक सरोकारका महत्वपूर्ण समसामयिक मुद्दाबारे निजी क्षेत्रलगायत सरोकारवालाहरूबीच छलफल गरी सहकार्य र समन्वय गर्न सहरी योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा सार्वजनिक निजी संवाद मञ्च गठन गरिएको छ ।



# सहरी विकास, पर्यटन वन तथा वातावरण

महानगरपालिका अनलाइन घर नक्सा प्रणाली सञ्चालन गरिएको छ। पोखरा महानगरपालिकाको घर, नक्सापाससम्बन्धी मापदण्ड कार्यान्वयन गरिएको छ। बिन (BEEN) कार्यक्रम अन्तर्गत ऊर्जा प्रभावकारी भवनसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको छ।

नागरिकहरूको स्वास्थ्य सेवा सहज बनाउन र शारीरिक तन्दुरुस्तीमा जोड दिनका लागि नियमित व्यायाम तथा शारीरिक अभ्यास गर्न सहज होस् भन्ने उद्देश्यले प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक धार्मिक महत्व बोकेका ५० भन्दा बढी स्थानमा खुला व्यायामशाला निर्माण गरिएको छ। थप केही स्थानमा पनि खुला व्यायामशाला निर्माण प्रक्रिया अघि बढाइएको छ।

महानगरको ऐतिहासिक पक्ष उजागर गर्ने ६० भन्दा बढी नयाँ तथा पुराना चौतारी निर्माण तथा मर्मत गरिएको छ। यस्तै, एतिहासिक महत्व राख्ने पुराना पोखरीहरू उत्खनन्, संरक्षण र रिचार्ज गर्ने प्रणालीको विकास गरिएको छ। महानगर क्षेत्रको सहरी वन व्यवस्थापन तथा संरक्षण र विकासका लागि थप २ लाख २६ हजार बिरुवा लगाउने मेगावृक्षारोपण अभियान शुभारम्भ गरिएको छ।

वन विज्ञान अध्ययन संस्थानसँगको सहकार्यमा पोखरा महानगरपालिका क्षेत्रको हावापानी अनुकूल हुने विरुवाहरूको अध्ययन गरी उक्त अभियान चलाइएको हो। महानगर क्षेत्रको ७ सय किमी सडक तथा राजमार्ग, झन्डै ६९ किमी नदी तथा खोला किनार, २९ सार्वजनिक स्थलको १ सय २५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका बिरुवाहरू लगाइनेछ। कोमागाने पार्क आसपास एक सय थान जापानी साकुराका बिरुवा लगाइएको छ। अभियान अन्तर्गत महानगर क्षेत्रमा २५ हजारभन्दा बढी विरुवा रोपिएको छ।

अन्तर्राष्ट्रिय बजारमा पोखराको पर्यटन प्रवर्द्धनका लागि वार्षिक रुपमा अन्तर्राष्ट्रिय ड्रागन बोट रेस, पोखरा इन्ड्युरो साइकल रेस, लिटरेचर फेस्टिभल, गाला डिनर, क्रस कन्ट्री साइकल रेस, कर्पोरेट हाउसहरूको

सहभागितामा गल्फ, ट्रायथोलन, कायकिङ, क्यानोनिङ लगायत प्रतियोगिता आयोजनामा साझेदारी गरिएको छ । पृथ्वीचोक स्थित सिटी बसपार्कको स्तरोन्नति थालिएको छ। प्रवेशद्वार ढलान, नाला निर्माण र दायाँबायाँ रेलिङ निर्माण गरिएको छ । बसपार्क क्षेत्रमा रहेका काउन्टरहरू हटाइएको छ । बसपार्क क्षेत्रमा ग्राभेलिङ गरिएको छ। बसपार्कमा हुँदै आएको अस्तव्यस्त पार्किङ व्यवस्थापन गरिएको छ।



जलवायु परिवर्तनसम्बन्धी निरीक्षण तथा विश्वव्यापी सन्देश प्रवाह गर्न आउनु भएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटरेसको भ्रमणमा आवश्यक सहजीकरण गरिएको छ । पोखराका प्रमुख पर्यटकीय स्थलहरूको भ्रमणका क्रममा आवश्यक सहजीकरण गरिएको छ।

पोखराको मुख्य सहरी क्षेत्रको ट्राफिक व्यवस्थापनका लागि मुख्य चोकहरूमा साझेदारीमा ट्राफिक लाइट जडान गरिएको छ । ट्राफिक प्रहरीसँगको सहकार्यमा ट्राफिक सचेतामूलक अभियानहरू सञ्चालन गरिएको छ। ट्राफिक प्रहरीलाई आवश्यक स्रोत, साधन उपलब्ध गराइएको छ।

महानगर क्षेत्रभित्र ५६ स्थानका मठ, मन्दिर, गुम्बा, मस्जिद र पौवाहरूको निर्माण, मर्मत सम्भार तथा प्रबलीकरण गरिएको छ । सहरका विभिन्न स्थानका सडकमा रोड मार्किङ र रोड फर्निचर राखिएका छन्।

फेवाताल संरक्षण सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन प्रक्रियाअघि बढाइएको छ। प्राविधिक समिति निर्माण गरी फेवातालको उच्च विन्दु (High flood level) पत्ता लगाइएको छ ।








फेवातालको तालघर छुट्याएर १ हजार ५५ सीमा स्तम्भ गाडिएका छन्। हाल सर्वोच्चको आदेशानुसार ६५ मिटर छुट्याउनका लागि थप अध्ययन थालिएको छ।

पोखराको पर्यटन प्रवर्द्धनका लागि पर्यटन सम्वद्ध संघ, संस्थाहरूको साझेदारीमा आन्तरिक तथा बाह्य बजारमा बोर्डर सिटी प्रमोसन अभियान, जाऊँ है पोखरा प्रवर्द्धनात्मक कार्यक्रम लगायत विभिन्न स्तरका कार्यक्रम सञ्चालन गरिएका छन्।

यस क्षेत्रको समग्र पर्यटन विकासका लागि विज्ञ समूहको सहयोगमा एकीकृत पर्यटन कार्ययोजना निर्माण गरिएको छ। पोखरालाई 'पर्यटनको राजधानी सहर, पोखरा महानगर'को मान्यतालाई स्थापित गर्ने समावेशी आर्थिक विकासको आधार हरित अर्थतन्त्र तथा उत्थानशील सहरको अवधारणाको पूर्ण कार्यान्वयनका लागि एकीकृत पर्यटन कार्ययोजना निर्माण गरिएको छ।

पोखरा महानगरपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थलहरूको विकास, संरक्षण र प्रवर्द्धनका लागि विभिन्न योजना सञ्चालन गरिएका छन्। मौजुदा पर्यटकीय स्थलहरूको विकाससँगै नयाँ गन्तव्य पहिचान, विकास र निर्माणमा समेत जोड दिइएको छ। कालीखोला-काहुडाँडा पर्यटन पदमार्ग र सेदी-सराङकोट पर्यटन मार्ग निर्माण गरिएको छ।

उज्यालो पोखरा अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा रात्रिकालीन सुरक्षा तथा सहरी सौन्दर्यकरणका लागि सहरका २३ वटा मुख्य स्थानमा हाइमास्ट बत्ती र २५ सयभन्दा बढी स्मार्ट सडक बत्ती जडान गरी सेवा दिइएको छ। मुख्य सहरी क्षेत्रका सडकमा रहेका पुराना सौर्य सोलार बत्तीहरू विस्थापन गरी तिनीहरूको व्यवस्थापन तथा कतिपय स्थानमा मर्मत गरी सञ्चालन गरिएको छ।

न्युरोडमा डिभाइडर सहितको बगैंचा निर्माण गरिएको छ। डिभाइडरमा एक्सोरा प्रजातिका २६ सय बिरुवा लगाइएको छ। डिभाइडरमा स्मार्ट सडक बत्ती जडान गरिएको छ। सडकको दायाँबायाँ खाली रहेका निजी तथा सार्वजनिक जग्गाहरूलाई आवश्यक प्रक्रिया अवलम्बन गरी पार्किङ प्रयोजनमा उपयोग गरिएको छ। महेन्द्रपुल, न्युरोड, सभागृहचोक, सृजनाचोक हुँदै जिरो किलोमिटरसम्मको सडक छेउमा डेडिकेटेड साइकल लेन बनाइएको छ। सृजनाचोकमा रहेको आकासे पुलमा रङरोगन र सौन्दर्यकरण गरिएको छ।

पोखरा महानगरपालिका वडा नं.१८ जामुने स्थित राष्ट्रिय विभूति तथा सहिद पार्क प्रभावकारी रुपमा व्यवस्थापन गरिएको छ। 'बाह्य शान्तिको जग आन्तरिक शान्ति नै हो' भन्ने विचारक श्री चिन्मयको प्रतिमा प्रतिस्थापन गरिएको छ। श्री चिन्मोय वननेस-होम पिस रन एक विश्वव्यापी रिले रेसको सुरुवात गरी अन्तर्राष्ट्रिय मित्रता र समझदारीलाई बढवा दिइएको छ। २०७९ माघ १ गते काठमाण्डौंबाट पोखरा आउने क्रममा सेती खोँचमा दुर्घटना भएको यति एयर लाइन्सको विमान दुर्घटनामा ज्यान गुमाएका स्वदेशी तथा विदेशी यात्रुको सम्झनामा स्मृति पार्क निर्माण गरिएको छ।



# शिक्षा

पोखरा महानगरपालिकाको सहयोगमा १८ वटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सुविधाका लागि विद्यालय बसको व्यवस्था गरिएको छ। पूर्ण र अतिअशक्त अपांगता भएका व्यक्तिहरूको साझा सुविधा र समग्र अपांगता क्षेत्रको सबलीकरणका लागि एक अपाङगमैत्री गाडी उपलब्ध गराइएको छ।

महानगरका १२५ वटा विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिएको छ। १ हजारभन्दा बढी शिक्षकका लागि क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण तालिम प्रदान गरिएको छ । शिक्षकहरूको विवरण डिजिटल प्रणालीमा अद्यावधिक गरिएको छ।

२० वटा विद्यालयका १०० कक्षाकोठामा शिक्षण सिकाइका लागि आधुनिक शैक्षिक उपकरणसहितको प्रविधि जडान गरिएको छ । कक्षा १-८ का लागि स्थानीय पाठ्यक्रम विकास गरिएको छ। परीक्षा केन्द्रहरू तोकी कक्षा ८ को परीक्षालाई व्यवस्थित गरिएको छ। विद्यालयहरूमा बालविकास कक्षा अनिवार्य गरिएको छ। महानगरका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरिएको छ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरिब, जेहेन्दार तथा पारिवारिक आर्थिक अवस्था कमजोर भएका विद्यार्थीका लागि उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन स्वरुप संस्थागत विद्यालयहरूमा छात्रवृत्तिको व्यवस्था गरिएको छ। यसबाट बर्सेनी हजारौं विद्यार्थीले प्रत्यक्ष लाभ लिइरहेका छन्।

विद्यालय तहको शिक्षा सुधारका लागि ५४ बुँदे निर्देशन कडाइका साथ लागू गरिएको छ। महानगरपालिकाभित्र सञ्चालित २ सय ३ वटा सामुदायिक विद्यालयका प्रध्यानाध्यापकसँगको कार्यसम्पादन सम्झौता तोकिएको





सूचकाङ्कका आधारमा अनुगमन, निरीक्षण गरिएको छ । यसको प्रभावकारिताका आधारमा उत्कृष्टता हाँसिल गर्ने विद्यालय र प्रधानाध्यापकहरूलाई पुरस्कृत गरिएको छ ।

## प्राविधिक शिक्षामा महानगर

प्राविधिक शिक्षाको आवश्यकतालाई हृदयगंम गर्दै पोखरा महानगरपालिकाद्वारा सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयको व्यवस्थित सञ्चालन गरिएको छ । शिक्षालयमा डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ, डिप्लोमा इन सिभिल इन्जिनियरिङ, डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ, डिप्लोमा इन फरेस्ट्री (वन विज्ञान), डिप्लोमा इन फार्मेसीका कक्षा सञ्चालन गरिएको छ ।

प्रमाणपत्र तह सामान्य चिकित्सा (HA), प्रि-डिप्लोमा औद्योगिक प्रशिक्षार्थी कार्यक्रम, बाल विकास सहजकर्ता (ECDF), पूर्व सिकाइको मान्यता (RPL) को सीप परीक्षण, टायल तथा मार्बल फिक्सरका सीप परीक्षण, बिल्डिङ पेन्टर सीप परीक्षण र विद्यालय तहमा आधारभूत प्राविधिक शिक्षा र परम्परागत सीप सिकाइ एव हस्तान्तरणका लागि छोटो अवधिको पाठ्यक्रम तयारी एव कार्यान्वयन लगायतका कार्यक्रम शिक्षालयमार्फत सञ्चालन गरिएको छ ।

शिक्षालयमा हाल १०३ जना छात्र र १३० जना छात्रा गरी ३२१ विद्यार्थीले प्राविधिक शिक्षा अध्ययन गरिरहेका छन् । शिक्षालयको शैक्षिक प्रगति देशभर सञ्चालित प्राविधिक शिक्षालयमध्ये उत्कृष्ट रहेको छ । राष्ट्रिय सीप परीक्षण केन्द्रद्वारा लिइएको सीप परीक्षण परीक्षामा कुल सहभागिताको ९० प्रतिशतभन्दा बढी प्रशिक्षार्थी उत्तीर्ण भएका छन् ।

डिप्लोमा इन अटोमोबाइलतर्फका विद्यार्थी उजेन उदासले ८९.९२ प्रतिशत र सिभिलतर्फका सन्तोष पौडेलले ८५.६२ प्रतिशत ल्याई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सेमेस्टर परीक्षामा देशभरबाट उत्कृष्ट नतिजा हाँसिल गरेका छन् । छोटो अवधिको तालिमपश्चात् ५० प्रतिशतभन्दा बढी विद्यार्थी रोजगार तथा व्यावसायिक क्षेत्रमा आबद्ध भएका छन् ।

प्राविधिक शिक्षाको बढ्दो मागका बीच सामुदाय स्तरमा ज्ञान तथा सीप विकास, रोजगारीका अवसर सृजना, आर्थिक सशक्तीकरण, उद्यमशीलता र नवप्रवर्तन, दिगो पूर्वाधार विकास र प्रतिस्पर्धात्मकता जनशक्ति उत्पादनमा सकारात्मक प्रभाव परेको छ । पोखराको सन्दर्भमा शिक्षालयमार्फत् विश्व बजारमा प्रतिस्पर्धी जनशक्ति उत्पादनको प्रयत्न गरिएको छ ।







# नगर युवा परिषद्

पोखरामा ४० वर्षमुनिका ६ जना युवालाई पुरस्कृत गरिएको छ । पोखरा महानगरपालिका नगर युवा परिषद्ले ६ जनालाई उत्कृष्ट युवा अवार्ड प्रदान गरेको हो । सामाजिक तथा सरसफाइ क्षेत्रका क्रियाशील सन्तोष पौडेल, विज्ञान तथा प्रविधि तर्फ ब्ल्याक टेक प्रा.लिका प्रमुख कार्यकारी निर्देशक स्वदेश नेपाली, कला, साहित्य तथा नाट्य क्षेत्रमा पोखरा थिएटरका संस्थापक मोतीबहादुर कार्की (परिवर्तन), कृषि तथा उद्यमी तर्फ हरिलो ब्रान्डका उत्पादक रोशनी आचार्य, खेलकुद क्षेत्र तर्फ लन टेनिस खेलाडी प्रदीप खड्का र पत्रकारिता तर्फ पत्रकार अमृत सुवेदी नगद सहित पुरस्कृत भएका छन् । उनीहरूलाई नगर प्रमुख आचार्यले जनही नगद ३० हजार रुपैयाँ, दोसल्ला र सम्मान पत्र प्रदान गर्नुभयो ।

सामाजिक रूपमा थप जिम्मेवार र आफ्नो क्षेत्रमा अझ बढी योगदानको भोक जगाउन यो सम्मानले उत्साह प्रदान गर्ने नगरप्रमुख आचार्यको विश्वास छ। पोखरामा रहेर निरन्तर आफ्नो कर्म मार्फत सकारात्मक र अनुकरणीय योगदान गर्ने जो कोहीको उचित मूल्याङ्कन हुने र यसको सामाजिक परीक्षण भइरहने उहाँले उल्लेख गर्नुभयो। पोखरा महानगरपालिका युवा उद्यमशीलताको प्रवर्द्धन, नेतृत्व तथा व्यक्तित्व विकास र सामाजिक रूपमा युवाहरूको सहभागिता सुनिश्चित गर्ने कार्यमा प्रतिबद्ध छ ।

पोखरा महानगरपालिका नगर युवा परिषद्ले पञ्चवर्षीय रणनीतिक कार्य योजना तयार गरेको छ। युवा लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि पाँच वर्षका लागि रणनीतिक कार्य योजना तयार परिषद्ले पञ्चवर्षीय रणनीतिक कार्य योजना तयार गरेको हो ।





नगर प्रमुख धनराज आचार्यले देशभरिका स्थानीय सरकारहरूले यसको अभ्यास गरिनसकेको अवस्थामा पोखरा महानगरपालिकाले पहिलो पटक युवाहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले नगर युवा परिषद्को संरचना निर्माण गरेको उल्लेख गर्नुभयो । रणनीतिका कार्य योजना निर्माणमा एकाउन्टीविलिटी ल्याबले सहकार्य गरेको छ ।

नगर युवा परिषद्ले सामाजिक सञ्जाल प्रयोगकर्ताहरूका लागि एक दिवसीय सचेतनामूलक कार्यक्रम गरेको छ । सामाजिक सञ्जाल सञ्चालन, चुनौती र सम्भावनाबारे १५० युवालाई अभिमुखीकरण गरिएको परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष न्यौपानेले बताउनुभयो । सूचना प्रवाहमा सामाजिक सञ्जालको ठुलो योगदान भएपनि पछिल्लो समय भ्रामक खबरले बढी स्थान पाइरहेको अवस्थामा सामाजिक सञ्जालका फाइदा र बेफाइदाबारे युवाहरूसँगै चर्चा परिचर्चा गरिएको उपाध्यक्ष न्यौपानेले बताउनुभयो ।




सामाजिक सञ्जालको बढ्दो प्रभावका बिच यसको सदुपयोग र जीवनशैलीसँग जोड्ने कुरा महत्वपूर्ण हुने नगर प्रमुख धनराज आचार्यले बताउनुभयो । 'सामाजिक सञ्जालको प्रभाव दिनानुदिन बढ्दो छ, आचार्यले भन्नुभयो, यो मानव जीवनको अपरिहार्य अवयव जस्तो बनिसकेको छ, तर यसको सदुपयोगीता र सकारात्मक प्रभावका विषयमा भने चर्चा गर्न आवश्यक छ ।' सामाजिक सञ्जालको दुरुपयोग हुँदा सिङ्गो समाजमा नकारात्मक प्रभाव र भ्रमहरू सृजना हुने भएकाले सचेत रहन आवश्यक रहेको उहाँले बताउनुभयो ।

नयाँ युवा उद्यमीका लागि GYB/SYB तालिम, वित्तीय साक्षरता तालिम, सामाजिक सञ्जाल व्यवस्थापन तथा युवालाई कानुनी सचेतना लगायतका कार्यक्रम सञ्चालन गरिएको छ । युवाको नेतृत्व तथा क्षमता विकासका लागि नमुना नगरसभा, युवा परिषद, विभिन्न दातृ निकायहरूसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

# खेलकुद

महानगरसँगको साझेदारीमा फुटबल, भलिबल, म्याराथन, ड्रागन बोट रेस, साइक्लिङ, ब्याडमिन्टन, ट्रयोथलन लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू पोखरामा सञ्चालन भइरहेका छन् । विद्यालयस्तरीय भलिबल, फुटबल, ह्यान्डबल, कबड्डी, बुद्धिचाल, एथ्लेटिक्स लगायत खेलका प्रतियोगिता सम्पन्न गरिएका छन् ।

पोखरा कप, मेयर कप, अन्तर क्लब स्तरीय क्रिकेट प्रतियोगिता भएका छन् । अपांगता क्षेत्रको प्रतिनिधित्व हुने गरी एथ्लेटिक्स, बोसिया, बुद्धिचाल, क्रिकेट, ह्विलचियर, बास्केटबल, फुटबल लगायत प्रतियोगिता सम्पन्न गरिएको छ ।

पोखरा खेलकुद महोत्सव अन्तर्गत कराँते, तेक्वान्दो, जिम्न्यास्टिक, हक्की, एथ्लेटिक्स, ब्याडमिन्टन, बक्सिङ, साइक्लिङ, मुआथाई, रग्बी लगायत विभिन्न १६ प्रकारका प्रतियोगिता सम्पन्न भएका छन् । महानगरपालिका भित्र खेलकुदको विकासका लागि विभिन्न २४ वटा खेल संघ गठन तथा अभिमुखीकरण गरिएको छ ।

नियमित रुपमा विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, साउदी अरेबिया, थाइल्यान्ड, चीन लगायतका अन्तर्राष्ट्रिय प्रतियोगिता र हेटौँडा, भक्तपुर, मादी लगायत घरेलु प्रतियोगितामा महानगरपालिकाको तर्फबाट सहभागिता जनाइएको छ ।









# स्वास्थ्य

पोखरा महानगरपालिका क्षेत्रको स्वास्थ्यलाई व्यवस्थित गर्नका लागि विभिन्न नीतिगत व्यवस्थाहरु गरिएको छ। स्वास्थ्य क्षेत्र समेतको त्रिवर्षीय योजना निर्माण, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण, महानगरीय स्वास्थ्य व्यवस्थापन कार्यविधि निर्माण, विद्यालय नर्स कार्यक्रम सञ्चालन कार्यविधि निर्माण, स्वास्थ्य अनुसन्धान कार्यविधि निर्माण, महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि निर्माण, मानसिक स्वास्थ्य तथा रणनीति तथा कार्ययोजना निर्माण, शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि २०८१ निर्माण, आर्थिक खर्च सञ्चालन निर्देशिका २०८२ मा स्वास्थ्यसम्बन्धी मापदण्ड प्रस्ताव, स्वास्थ्य महाशाखा र अन्तर्गत स्थापना भएका स्वास्थ्य संस्थाहरूको O&M प्रतिवेदन निर्माण र शिशुवा अस्पतालको O&M प्रतिवेदन निर्माण लगायतका नीतिगत व्यवस्था गरिएको छ।

कास्कीकोट स्वास्थ्यचौकी भवन निर्माण, चापाकोट स्वास्थ्यचौकी भवन निर्माण, सहरी स्वास्थ्य केन्द्र बिरौटाको स्तरोन्नति, हेमजा स्वास्थ्य चौकीको स्तरोन्नति, बास्कोट स्वास्थ्यचौकी भवन निर्माण, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र नयाँबजारको कम्पाउन्ड वाल र घेराबार निर्माण लगायतका पूर्वाधार निर्माण गरिएको छ।

पूर्ण खोप, गाउँघर क्लिनिक, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, ओपिडी, स्वास्थ्य बिमा लगायत नियमित स्वास्थ्य कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिएको छ। बाल स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत नियमित खोप कार्यक्रम र यसको दिगोपना सुनिश्चितता घोषणा कार्यक्रम सञ्चालन गरिएको छ। १३१ खोप केन्द्रमा हात धुने स्थानको



व्यवस्था, दादुरा-रुबेला विरुद्धको खोप अभियान सञ्चालन, बालबालिकालाई उपचारात्मक सेवा एवं वृद्धि अनुगमन, जुकाको औषधी र भिटामिन-ए को कार्यक्रम अभियानका रुपमा सञ्चालन, किशोरीलाई आइरन चक्की वितरण गरिएको छ ।

आमा सुरक्षा तथा परिवार नियोजनतर्फ शिशुवा अस्पतालमा प्रसूति रोग विशेषज्ञद्वारा CEONC; MPDSR कार्यक्रम सञ्चालन, RUP कार्यक्रम सञ्चालन, पूर्व प्रसूति सेवा प्रदान, स्वास्थ्य संस्थाबाट प्रसूति सेवा, घरभेट कार्यक्रम, गर्भवती महिलालाई क्याल्सियम प्रदान, गर्भ जाँच तथा उत्प्रेरणा खर्च प्रदान, २४ वटा स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा, VIA जाँच शिविर, पाठेघर र स्तन क्यान्सर स्क्रिनिङ लगायतका सेवा उपलब्ध गराइएको छ ।



समुदायमा माइक्रोस्कोपिक क्याम्प तथा सक्रिय क्षयरोग खोज पड्ताल कार्यक्रम, AI प्रविधियुक्त X-RAY मेसिनबाट सक्रिय क्षयरोग खोज पड्ताल, १ हजार ७ सय ७४ जना क्षयरोगका बिरामीको उपचार, लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियान, समुदायमा सचेतना कार्यक्रम, पोखरा आरोग्य आश्रममा रहेका कुष्ठरोग प्रभावितहरूको औषधी उपचार तथा बसोबासका लागि नगर ६ लाख प्रदान, कोभिड विरुद्धको खोप अभियान, रेबिज र ब्रुसोलोसिस रोग देखिएका स्थानमा जनावरको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरूको परीक्षण, जाँच तथा खोप सेवा, पानी शुद्धीकरणसम्बन्धी अभिमुखीकरण र क्युआरसहितको खोप कार्ड प्रमाणिकरण लगायतका सेवा उपलब्ध गराइएको छ ।

४१ लाख २४ हजार ७ सय ९२ जना सेवाग्राही र ४ लाख ४६ हजार ६०६ जना ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई उपचारात्मक सेवा प्रदान गरिएको छ । १



हजार ८०७ जनालाई नगद ५ हजारका दरले मासिक उपचार खर्च उपलब्ध गराइएको छ । १ हजार ४८८ जनालाई १ लाखका दरले विपन्न नागरिक सहयोग सिफारिस गरिएको छ । वडा अनुसार फ्याक्ट सिट तयार, स्वास्थ्य संस्थाहरूमा इलेक्ट्रोनिक रेकर्डिङ प्रणाली लागू र स्वास्थ्यकर्मीहरूलाई EHMIS तालिम प्रदान गरिएको छ ।

महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकालाई पुनःताजगी तालिम, अवलोकन भ्रमण, झोला र प्राथमिक उपचार किट वितरण, मानसिक रोगसम्बन्धी मोडुल ४ तालिम, मानसिक रोगसम्बन्धी गेट किपर तालिम, अवकास प्राप्त महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई प्रोत्साहन भत्ता स्वरुप ५० हजारका दरले (प्रति व्यक्ति) प्रदान गरिएको छ ।

स्वास्थ्यकर्मीलाई PEN प्याकेज तालिम, आत्महत्या रोकथाम सम्बन्धी गेटकिपर तालिम, नसर्ने रोग सम्बन्धी सचेतना कार्यक्रम, मुख स्वास्थ्यसम्बन्धी अभिमुखीकरण तालिम, मानसिक स्वास्थ्य कार्यक्रम, नसर्ने रोगसम्बन्धी स्क्रिनिङ कार्यक्रम, मानसिक स्वास्थ्यसम्बन्धी मनोविमर्श तालिम, सूर्तीजन्य पदार्थ, धूमपान तथा मध्यपानसम्बन्धी अभिमुखीकरण कार्यक्रम, स्वास्थ्य शिविर कार्यक्रम, विद्यालयमा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम भएका छन् ।

ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमहरूमा रोग



प्रतिरोधात्मक औषधी वितरण तथा स्वास्थ्य परीक्षण, स्तनपान गर्ने आमाहरूलाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक औषधी वितरण, वृहद योग शिविर, महानगर स्तरीय योगकक्ष स्थापना, विद्यालयहरूमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, शिक्षक विद्यार्थीलाई समेत योग शिक्षा तालिम प्रदान गरिएको छ ।

HIV संक्रमित व्यक्तिहरूलाई पौष्टिक आहार वितरण, बालबालिकालाई शैक्षिक सामग्रीहरू वितरण, विभिन्न समयमा ३ हजाभन्दा बढीलाई एम्बुलेन्स सेवा प्रदान गरिएको छ । स्वास्थ्य संस्थाहरूमा MSS कार्यक्रम सञ्चालन गरिएको छ। स्वास्थ्य संस्थाहरूमा इलोक्ट्रोनिक आपूर्ति व्यवस्थापन प्रणाली (E-LIM) सञ्चालन तथा विस्तार गरिएको छ ।





# आर्थिक विकास (कृषि)

उत्पादक, उपभोक्ता दुवैको सेवाका लागि डिजिटल कृषि बजार व्यवस्थापन प्रणाली सञ्चालन गरिएको छ । यस प्रणालीमा महानगरद्वारा सञ्चालित कृषि एम्बुलेन्समार्फत् संकलित उत्पादन ओसारपसार, किसान बजार, कृषिजन्य उत्पादन, खरिदकर्ता, न्यूनतम समर्थन मूल्य, मूल्यसूची र कृषि सामग्रीका सेवा विवरण उपलब्ध छन् ।

कृषिमा यान्त्रीकरणको प्रयोगलाई प्रोत्साहन गर्न कृषकलाई महानगरले ५० प्रतिशत लागत साझेदारीमा हाते ट्याक्टर ४ सय १० थान, ग्रास कटर ८४, कम्बाइन मिल ६७, पावर स्प्रे, डयाङ बनाउने मेसिन ९, थ्रेसर ४ र तेल पेल्ने मेसिन २ थान वितरण गरिएको छ ।

महानगरद्वारा ६० हजार ४ सय ४१ केजी च्याउ, २५ हजार ४ सय १७ केजी गोलभैँडा, ९ हजार ५ सय २० केजी सिमी र २ सय ९१ केजी कोदो गरी ९५ हजार ६ सय ६९ केजी कृषि उपजको समर्थन मूल्य निर्धारण गरी २६ लाख ७९ हजार रुपैयाँ ७ सय ६१ कृषकलाई प्रदान गरिएको छ । msp.pokharakrishi.com मार्फत कृषकले न्यूनतम समर्थन मूल्यका बारेमा विस्तृत विवरण प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।

५० प्रतिशत अनुदानमा एमएस ४२.३ जातको ३४ हहार ९ सय ७० केजी आलुको बिउ विभिन्न कृषि सञ्जाल, समूह, सहकारी र फर्मलाई वितरण गरिएको छ । विपत् राहत कार्यक्रम अन्तर्गत ११ जना कृषकलाई १ लाख ४० हजार विपत् राहत रकम प्रदान गरिएको छ ।

हिउँदे खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत १ सय रोपनी क्षेत्रको क्लस्टरमा गहुँ तथा तोरी खेतीका लागि प्रति रोपनी ४ सय सहित जग्गा तयारी, थ्रेसिङ र बिउमा ५० प्रतिशत लागत अनुदान उपलब्ध गराइएको छ । महानगरका २० वटा वडामा एक वडा, एक पकेट कृषि उत्पादन पहिचान गरी उत्पादकत्व बढाउन कृषकलाई प्रोत्साहन गरिएको छ । महानगर क्षेत्रका ६५ स्थानमा रासायनिक मल बिक्री केन्द्र सञ्चालनमा ल्याइएको छ ।

ग्रामीण क्षेत्रका कृषकले उत्पादन गरेको ३ हजार मेट्रिक टन तरकारी कृषि एम्बुलेन्समार्फत् संकलन गरी बिक्री केन्द्रसम्म लगिएको छ । कृषिजन्य उत्पादनको बिक्रीका

लागि २३ स्थानमा कृषि उपज संकलन तथा बिक्री केन्द्रहरू स्थापना तथा सञ्चालन गरिएको छ ।

कृषि बिमाका लागि कृषकको सहजताका लागि सफ्टवेयरमार्फत् सहजीकरण गरिएको छ । यसका लागि insurance.krishliink.com मार्फत कृषकको आकर्षण बढाउने प्रयत्न गरिएको छ । भू-उपयोग ऐन अनुसार बैंक स्थापना गरी बाँझो जग्गा उत्पादन क्षेत्रमा उपयोग गर्ने उद्देश्यअनुसार विज्ञहरूको समूहबाट तयार गरिएको भूमी बैंक सञ्चालनसम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन प्रक्रियामा रहेको छ ।

महानगरपालिकाभित्र खेतीयोग्य जमिनको ५० प्रतिशत क्षेत्रमा सिँचाइको व्यवस्था गरिएको छ । २८ जना फरक क्षमताका युवालाई बबल चिया तयारीसम्बन्धी तालिम प्रदान गरिएको छ । आइटी क्यारियर कनेक्ट मेला र आइडिया पर्चिङ कार्यक्रममार्फत् छनोट भएका १२ नयाँ विचार आइडिया बैंकमा समावेश गरिएको छ ।

कृषि व्यवसायमा संलग्न १ हजार ५ सय ३ (कृषक, कृषक समूह तथा फर्म)लाई कृषक परिचयपत्र वितरण गरिएको छ । सहरी क्षेत्रका वडामा कौशी खेती प्रवर्द्धन गर्न ३० हजार परिवारलाई कम्पोस्ट बिन, कम्पोस्ट मल, बिउ तथा बिरुवामा ५० प्रतिशत अनुदान सहायता र प्राविधिक परामर्श सेवा प्रदान गरिएको छ ।

कृषिजन्य उत्पादनको प्रवर्द्धन तथा बजारीकरण र रैथाने उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न साझेदारसँगको सहकार्यमा थुप्रै मेला, महोत्सव गरिएका छन् । ७६ उत्कृष्ट कृषक, कृषक समूह, फर्म तथा सञ्जाललाई





सम्मान गरिएको छ। कफी र सुन्तला खेती प्रवर्द्धनका लागि बिरुवा वितरण, कफी प्रशोधन उद्योगका लागि सहायता, सुन्तला बगैँचा व्यवस्थापन, २२ हजार ५ सय फल दिने बिरुवाको प्रतिबिरुवा १ सय ५० का दरले अनुदान र १२ हजार ५ सय कागतीका बिरुवामा ५० प्रतिशत लागत साझेदारी गरिएको छ।















# पशु सेवा

पशु सेवा शाखा अन्तर्गत ९ वटा सेवा केन्द्रमार्फत सेवा प्रवाह गरिएको छ । यस वर्ष जै घाँस १ हजार ६ सय २२, कोमल मलाई १ हजार ८ सय ६०, बर्सिम ३ सय ५०, टियो सेन्टी १ हजार ३ सय ७५, सुडानबजरा ४ हजार र बहुवर्षीय कोषे घाँस ५० गरी ९ हजार २ सय ५७ रोपनीमा घाँस खेती प्रवर्द्धन गरिएको छ ।

महानगर क्षेत्रमा पशुचौपाया, चराचुरुङ्गी र माछासमेत गरी १ हजार १ सय ९४ वटा फर्ममा २५ लाखभन्दा बढी व्यावसायीक रूपमा पालिएको छ । २९ हजार ५ सय ७० मेट्रिक टन दूध, ६ हजार ६ सय ४३ मेट्रिक टन मासु, ७६ हजार ३१ मेट्रिक टन अण्डा, उन ४.९ मेट्रिक टन र छालाजन्य उत्पादन २० हजार गोटा भएको छ ।

कुकुर दर्ता कार्यक्रम अन्तर्गत १ हजार ५ सय ६२ कुकुर दर्ता गरिएका छन् । ५ हजार ४ सय ९६ वटा सामुदायिक कुकुरलाई रेबिज विरुद्धको खोप लगाइएको छ । ४ सय ८२ वटा कुकुरमा बन्ध्याकरण गरिएको छ । घाइते ४ सय ९५ कुकुर र ५ सय ३० गाईगोरुको उपचार गरिएको छ ।

पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत १ लाख ४८ हजार ९ वटा पशुचौपायाको उपचार गरिएको छ । पशुहरूलाई १ लाख ४२ हजार ७ सय ७५ डोज खोप लगाइएको छ । पशु नस्ल सुधारका लागि ३७ हजार ६ सय ७४ पशुमा कृत्रिम गर्भाधान गरिएको छ । कृषकलाई ९२ प्रकारका औषधी निःशुल्क वितरण गरिएको छ ।

यस वर्ष २ सय ५० मेट्रिक टन दूध र ५ सय मेट्रिक टन मासु निर्यात भएको छ । ८ सय ६४ जना पशुपालक व्यावसायिक कृषक सूचीकृत भएका छन् । मापदण्ड पूरा गरेका मासु पसललाई स्टिकर प्रदान गरिएको छ ।

मेयरमैत्री बाखा कार्यक्रम अन्नर्गत कम्तीमा २० वटा माउ बाखा पाल्नेलाई ४० हजार र ११ वटा माउ बाखा पाल्नेलाई २० हजारका दरले प्रोत्साहन अनुदान प्रदान






गरिएको छ । अति गरिबलाई कुखुराका चल्ला र दाना वितरण गरिएको छ ।

दूध, मासु र अण्डामा महानगरपालिका आत्मनिर्भर भई निर्यात गर्ने अवस्थामा पुगेको छ । महानगर क्षेत्रमा १ लाख मेट्रिक टन पराल, ७२ हजार मेट्रिक टन चोकर, १ हजार ५० मेट्रिक टन ढुटो र २५ हजार मेट्रिक टन छ्वाली तथा नल उत्पादन भएको छ ।

महानगरमा ११ वटा मासुजन्य उद्योग, १८ डेरी र ७ दाना गरी ३६ वटा पशुजन्य उद्योग सञ्चालनमा रहेका छन् । कृषकलाई प्रोत्साहन गर्न वर्ष कृषक घोषणा गरी १२ जनालाई ज्येष्ठ प्रवर्द्धक कृषक सम्मान गरिएको छ । महानगरमा ६० प्रतिशत गाई, ४० प्रतिशत भैँसी, १५ प्रतिशत बाखा, १० प्रतिशत बंगुर र ५ प्रतिशत कुखुराको बिमा गरिएको छ । हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रतिहल १० हजारका दरले ५५ हल गोरुपालक कृषकलाई ५ लाख ५० हजार रुपैयाँ आर्थिक प्रोत्साहन गरिएको छ ।

उद्यमशीलता विकास गर्न पकेट क्षेत्र घोषणा गरी कृषकलाई संगठित गरिएको छ । सघन घाँस विकास कार्यक्रम सञ्चालन गरी व्यावसायिक घाँस खेती गरिएको छ । सेवा केन्द्रबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क गरिएको छ ।










# सहकारी

पोखरा महानगरपालिकामा दर्ता भएका ३६४ वटा सहकारी संस्थाको नियमित निरीक्षण तथा अनुगमन गरिएको छ । निरीक्षण, अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा समस्याग्रस्त सहकारीहरूमा देखिएको बचत अपचलन र अनियमितता रोक्नका लागि थप अध्ययन तथा अनुसन्धान गरिएको छ ।

सहकारीलाई उत्पादनमुखी क्रियाकलापमा जोड्दै रोजगारी सृजनाका लागि सहुलियत ऋण तथा अनुदान प्रदान गरिएको छ। एक सयभन्दा बढी सहकारी संस्थाका सञ्चालक र लेखा सुपरिवेक्षक समितिलाई आधारभूत लेखा तथा क्षमता विकास र कर्मचारीलाई कोपोमिस (COPOMIS) तालिम प्रदान गरिएको छ ।

'एक सहकारी, एक उत्पादन' कार्यक्रममार्फत सहकारी संस्थालाई उत्पादनमुखी क्रियाकलामा जोड्दै रोजगारी सृजना गर्ने उद्देश्यले ३५ लाख बराबरको कार्यक्रम सञ्चालनका लागि १५ वटा सहकारीसँग सम्झौता गरिएको छ ।

सहकारीको कुल चुक्ता पुँजी ७ अर्ब ४२ करोड ७१ लाख ७३ हजार ५२७, कुल बचत १६ अर्ब १९ करोड ६९ लाख १ हजार २ सय १२, ऋण लगानी १९ अर्ब २२ करोड ६१ लाख ४६ हजार ४ सय ८६, जगेडा कोष १ अर्ब ९२ करोड २ लाख ८९ हजार ४ सय ७५ रहेको छ भने सहकारीमा १ लाख ८८ हजार ८ सय २७ जना सेयर सदस्य छन् । ती सहकारी २ हजार ८ सय ७५ जनाले रोजगारी पाएका छन् ।

सहकारी संस्थामा देखा पर्ने समस्या समाधानका लागि बचतकर्ता/सेयर सदस्यबीच छलफल, रकम अपचलन सहकारीको अध्ययन, छानबिन समितिको प्रतिवेदनका आधारमा सम्पति रोक्का, साधारण सभा र लेखा परीक्षण नगरेका सहकारीलाई समयमा सम्पन्न गर्न निर्देशन दिइएको छ ।



# व्यवसाय प्रवर्द्धन केन्द्र

५२० जनालाई विभिन्न प्रकारको सीपमूलक तालिम प्रदान गरिएको छ । स्थानीय उत्पादन प्रवर्द्धन तथा प्रोत्साहन अन्तर्गत विभिन्न फर्मलाई ९ लाख ४० हजार प्रोत्साहन रकम प्रदान गरिएको छ। दोस्रो वृत्ति परामर्श तथा रोजगार मेला २०८१, हरित स्वयंसेवक परिचालन र पोखरा आइडिया मार्ट २०८१ लगायत व्यावसायीक विकास कार्यक्रमहरू गरिएको छ । नवउद्यमसम्बन्धी ७३ वटा नयाँ आइडिया पोखरा आइडिया बैङ्कमा अद्यावधिक गरिएको छ।

नयाँ उद्यमीका लागि SIYB तालिम, सफल उद्यमीको कथा, GYB/SYB तालिम, उद्यमी क्लिनिक, BOOT\ CAMP, उद्यमशीलता विकास कार्यक्रम, लेखा तथा कर प्रणाली सुधार तालिम, वित्तीय साक्षरता तालिम लगायत सिकाइ कार्यशालाहरू गरिएको छ ।

२५० जनालाई विना धितो सहुलियत दरको कर्जा प्रदान गरिएको छ। २४ जना उद्यमीलाई ५० हजारका दरले स्टार्ट अप अनुदान प्रदान गरिएको छ । व्यावसायिक विकासका लागि साझेदारसँग साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको छ।




पोखरा महानगरपालिका र स्विस कन्ट्रयाक्ट बिच दिगो पर्यटन विकासका नीति तथा योजनाहरू निर्माणमा सहकार्य गर्ने सम्बन्धमा समझदारी भएको छ। पर्यटन राजधानी पोखराको पर्यटन विकासलाई गति दिँदै पर्यटन पूर्वाधार तथा पर्यटन प्रवर्द्धनात्मक गतिविधिहरूलाई थप व्यवस्थित बनाउन आवश्यक नीति तथा योजनाहरू निर्माण गर्ने समझदारी भएको हो ।

DIGO परियोजनाले सकारात्मक वातावरणीय प्रभावहरू सिर्जना गर्दै पर्यटन क्षेत्रमा थप रोजगारी र आय सिर्जना गर्ने प्राथमिक लक्ष्य राखेको छ। महानगरपालिका क्षेत्रमा रहेका पर्यटन गन्तव्यहरूमा उद्यमशीलताको प्रवर्द्धनमा दिगो अभ्यास र दिगो पर्यटनका लागि गन्तव्यहरूको विकासमा समेत जोड दिनेछ ।

पोखरा महानगरपालिका पोखराको पर्यटन विकास र प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्षेत्र भएका र पर्यटन प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गरिरहेका संघसंस्थाहरूसँग सहकार्य गरेर अगाडि बढ्न सदैव तत्पर रहेको नगर प्रमुख धनराज आचार्यको भनाइ छ। पोखराको ब्राण्डीङ र प्रचारप्रसार सहित दिगो पर्यटन विकासका योजनाहरू निर्माणमा महानगरपालिका प्रतिबद्ध छ ।



नवउद्यम प्रवर्द्धन, स्टार्टअप र इन्क्युबेशनका नयाँ अवसरहरूहरूमा सहकार्य गर्ने सम्बन्धमा पोखरा महानगरपालिका अन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्र र स्वर्णिम स्टार्टअप एन्ड इनोभेसन युनिभर्सिटी बिच समझदारी भएको छ ।

संयुक्त रूपमा इन्क्युबेशन कार्यक्रमहरू सञ्चालन गर्ने, स्टार्टअप इकोसिस्टमहरूलाई बढवा दिने, उद्यमशीलताको विकासका लागि ज्ञान तथा स्रोतको सहकार्य गर्ने, यससम्बन्धी कार्यशाला र गतिविधिहरू सञ्चालन गरिनेछ ।

पोखरा महानगरपालिकाले विगतदेखि नै व्यवसाय प्रवर्द्धन केन्द्र मार्फत नवउद्यम तथा व्यवसाय प्रवर्द्धन, सीप विकास लगायतका विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरू गरिरहेको छ ।

पोखरा महानगरपालिका र युवा स्वरोजगार कोषको संयुक्त लगानीमा साझेदारी कार्यक्रम सञ्चालन गर्न ग्रिन डेभलपमेन्ट बैंक बिच सहकार्यमा आधारित कर्जा लगानी सम्झौता भएको छ । महानगरपालिका भित्रका लक्षित समुदायका १८ देखि ६० वर्षसम्मका व्यक्तिहरूलाई कृषि, पशुजन्य, साना तथा सेवामूलक व्यवसाय सञ्चालन गरी आयआर्जन वृद्धिसहित जीविकोपार्जन सहज बनाउन सुलभ रूपमा प्रतिव्यक्ति न्यूनतम रु.३० हजार देखि रु.२ लाखसम्म परियोजनाको आवश्यकता हेरी स्वरोजगार कर्जा उपलब्ध गराइने छ ।

४२ महिना भित्र चुक्ता गर्ने गरी प्रतिमहिना ८ प्रतिशत ब्याजदरमा सो कर्जा उपलब्ध गराउन लागिएको हो । यसअघि कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट सहुलियत कर्जा लिई नियमित भुक्तान नगरी कालो सूचिमा परेका आवेदकहरूलाई यस कार्यक्रममा समावेश गरिने छैन । कर्जाका लागि वडा कार्यालयको सिफारिस सहित महानगरपालिकाको छनौटमा परेको हुनुपर्नेछ ।

नगर प्रमुख आचार्यले स्वरोजगार प्रवर्द्धनमा महत्वपूर्ण सम्झौता भएको बताउनुभयो । उहाँले महानगर क्षेत्रमा रहेका लक्षित समुदायका व्यक्तिहरूलाई कृषि, पशुजन्य, साना तथा सेवामूलक व्यवसाय सञ्चालन गरी आयआर्जन वृद्धिसहित जीविकोपार्जन सहज बनाउन उल्लेखनीय योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । युवा स्वरोजगार कोष र ग्रिन डेभलपमेन्ट बैंकसँग गरिएको सहकार्यमा आधारित कर्जा लगानी सम्झौता स्वरोजगार सृजनामा महत्वपूर्ण हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।









# सामाजिक विकास

उप-प्रमुखसँग महिला कार्यक्रम अन्तर्गत २५५ जना विपन्न, एकल र कमआय भएका महिलाको आर्थिक सशक्तीकरणका लागि हालसम्म ७,५३,००,०००/- (अक्षरुपी सात करोड ५३ लाख रुपैयाँ मात्र) सहुलियत दरमा ऋण लगानी गरिएको छ । यसमा ११ वटा सहकारीसमेत रहेका छन् । यस कार्यक्रमले महिलाको उद्यमशीलता, व्यावसायिकता र आर्थिक सशक्तीकरणमा टेवा पुगेको छ ।

महानगरपालिकाका ३३ वटै वडामा महिलाहरूका लागि क्षमता विकासका तालिम, अभिमुखीकरण र प्रशिक्षणहरू प्रदान गरिएको छ । ६४ समूहमा ३ हजार ८ सय महिलालाई कानुनी सचेतना उपलब्ध गराइएको छ । विद्यालय शिक्षाबाट बञ्चित ५० वर्ष माथिका ४२० निरक्षर महिलालाई ३ महिने अनौपचारिक शिक्षा (शैक्षिक सहजता), ३ हजारभन्दा बढीलाई लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि गरिएको छ ।

आपत्कालीन अवस्थाका ९ जना महिला र १५५ जना किशोरीको उद्धार, राहत तथा पुनर्स्थापना गरिएको छ । सडक बालबालिकाको उद्धार तथा नवजात शिशु र अभिभावक विहीनहरूलाई संरक्षकत्व प्रदान गरिएको छ । घाट क्षेत्रमा बसोबास गर्ने सुत्केरी आमाहरूका लागि पोषण प्याकेज वितरण गरिएको छ ।

यस अवधिमा सडक बालबालिका, श्रमिक बालबालिका, अनाथ बालबालिका र अन्य बेवारिसे बालबालिका गरी ३ सय जनाको उद्धार, राहत र पुनर्स्थापना गरिएको छ । महानगर क्षेत्रका एचआइभी संक्रमित बालबालिकालाई

पठनपाठनमा सहजीकरण गर्दै आवश्यक शैक्षिक सामग्रीहरू वितरण गरिएको छ । श्रमिक बालबालिका र जबरजस्ती करणीमा तथा आपत्कालीन अवस्थाका बालबालिकालाई तत्काल उद्धार गरी सेल्टर वा ड्रप इन सेन्टरमा व्यवस्थापन र आवश्यकता अनुसार दीर्घकालीन व्यवस्थापन गरिएको छ ।

दोहोरी साँझ, डान्सबार, डिस्को लगायत रात्रिकालीन व्यवसायहरूको अनुगमन गरी २ दर्जनभन्दा बढी बालबालिकाको उद्धार गरी पारिवारिक पुनर्मिलन गराइएको छ । सराङकोट स्थित बाल सुधार गृहको स्तरोन्नति तथा भान्छा र फर्निसिङमा आवश्यक सहयोग गरिएको छ ।

पोखरा महानगरपालिकाको बालअधिकारसम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना तयार गरिएको छ । वडा तथा महानगर स्तरमा बालमञ्च, नियमित बाल भेला, उनीहरूका बीचमा अन्तर्क्रिया, नगर प्रमुख र उपप्रमुखसँग नियमित भेटघाट तथा अन्तर्क्रिया, बालबालिकाको लागि नेतृत्व क्षमता तथा सीप विकाससम्बन्धी तालिम, प्रशिक्षण र अभिमुखीकरण प्रदान गरिएको छ ।

पोखरा महानगरपालिकाको बालबालिकासम्बन्धी ऐन जारी गरिएको छ । बालमैत्री महानगरपालिका निर्माणका लागि आवश्यक प्रक्रियाअघि बढाइएको छ । वडा तथा नगर स्तरमा बालअधिकार समिति गठन र महानगर क्षेत्रमा सञ्चालनमा रहेका बालगृहरूको नियमित अनुगमन र समन्वयका गतिविधि भइरहेका छन् ।

शारीरिक अपांगता भएका व्यक्तिलाई सीप विकाससम्बन्धी तालिम, बौद्धिक अपांगता भएका व्यक्तिहरूको अभिभावकलाई मौरीपालन र घार वितरण, नि:शुल्क स्वास्थ्य बिमा, अटिजम भएका बालबालिकाका अभिभावकलाई लामो अवधिको हेरचाह तालिम र सिकाई कक्षाका लागि कम्प्युटर र थेरापीका सामग्री वितरण गरिएको छ ।

दृष्टिविहीनलाई प्रविधिमा पहुँचयुक्त बनाउन मोबाइल एप सहितको तालिम, श्रवण दृष्टिविहीनका लागि अमरसिंह माध्यमिक विद्यालयको स्रोत कक्षा सञ्चालन गर्न सेनसरी रुम निर्माण र सिकाइका लागि आवश्यक कम्प्युटर प्रदान गरिएको छ । लैङ्गिक अल्पसंख्यकहरूको



क्षमता विकासका कार्यक्रमहरू गरिएको छ ।

श्रवण अपांगता (बहिरा) भएका व्यक्तिहरूलाई साङ्केतिक भाषा तालिम तथा सीप विकास कार्यक्रम, मस्तिष्क पक्षघात, डाउन सिनड्रोम लगायतलाई सिकाई कक्षा, सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । ५८९ जनलाई पूर्ण अशक्त अपांगता, ९१५ जना अति अशक्त अपांगता, ३८२ जनालाई मध्यम अशक्त अपांगता ९८४ जनालाई सामान्य अशक्त अपांगता परिचयपत्र प्रदान गरिएको छ ।

अपांगता भएका व्यक्तिहरूको चेकजाँच, स्क्रिनिङ क्याम्प, निशुल्क शल्यक्रिया, सेवाका घुम्ती शिविरहरू, बहिरा अपांगता भएका बालबालिका र शिक्षकका लागि साङ्केतिक भाषाका तालिमहरू, बौद्धिक अपांगता भएका परिवारलाई जीविकोपार्जनमा सहयोग गरिएको छ ।

महानगरपालिका क्षेत्रमा बासोबास गर्ने सबैभन्दा बढी उमेरका नागरिक पहिचान गरी एक जना पुरुष र महिलालाई प्रत्येक वर्ष महानगर मातापिताको सम्मान प्रदान गरिएको छ । २० भन्दा बढी ज्येष्ठ नागरिक मिलन केन्द्रमार्फत ज्येष्ठ नागरिकलाई भजनकीर्तन, तनाव व्यवस्थापन र धार्मिक क्षेत्रमा भ्रमण लगायत कार्यक्रम गरिएको छ । ज्येष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परिक्षण लगायतका कार्यक्रम गरिएका छन् । वडा कार्यालयहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिक र अपांगता भएका नागरिकहरूको घर घरमै स्वास्थ्य परीक्षण सेवा प्रदान गरिएको छ । महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका वृद्धाश्रमहरू निर्माण, मर्मत र व्यवस्थापकीय कार्यमा आवश्यक सहयोग गरिएको छ ।

दलित समुदायका विपन्न महिला र पुरुषलाई ड्राइभिङसम्बन्धी सीप विकास तालिम प्रदान गरिएको छ । गन्धर्व संस्कृति जगेर्नाका लागि सारङ्गी बनाउने र बजाउने तालिम तथा परम्परागत नौमती बाजा बजाउने प्रशिक्षण र बाजाहरू वितरण गरिएको छ ।

महानगर क्षेत्रमा कला, साहित्य र संस्कृतिको संरक्षण, विकास र प्रवर्द्धनका लागिका लागि जनकविकेशरी धर्मराज थापा, लोककवि अलिमियाँ, झलकमान गन्धर्व, कविशिरोमणि लेखनाथ पौड्याल लगायतको स्मरणमा विभिन्न कार्यक्रम गरिएका छन् । गुरुङ, नेवार, मगर, घले लगायत आदिवासी जनजातिका विशेष परम्पराको संरक्षण तथा सम्वर्द्धनका लागि कार्यक्रमहरूमा साझेदारी गरिएको छ ।

लागुऔषध दुर्व्यसनी न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम तथा समुदायमा सचेतीकरण, निःशुल्क सीपमूलक तालिम, वैदेशिक रोजगारीको सिलसिलामा अन्यायमा परेका व्यक्तिहरूलाई निःशुल्क न्यायमा पहुँचका लागि सहजीकरण, मनोसामाजिक परामर्श र विदेशबाट प्राप्त विप्रेषणलाई सही व्यवस्थापनका लागि वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।

गरिब तथा विपन्न तथा भूकम्प प्रभावित परिवारका लागि आवास निर्माण तथा मर्मत गरिएको छ । मानव सेवा आश्रमसँगको सहकार्यमा सडक मानवको व्यवस्थापन, घाइते तथा सहिद परिवारलाई आयआर्जन र जीविकोपार्जनका लागि सहयोग प्रदान गरिएको छ ।

तनाव व्यवस्थापनका लागि विभिन्न संघ, संस्थासँगको साझेदारीमा योग तथा शारीरिक व्यायामका कार्यक्रम सञ्चालन गरिएको छ । विभिन्न जातजातिका सांस्कृतिक पहिचानलाई उजागर गर्न सामुदायिक क्षमता विकास तथा साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार मेला सञ्चालन, बेरोजगारको लगत संकलन, वैदेशिक रोजगारी कार्यक्रममा आर्थिक सहायता सहजीकरण, परामर्श, छलफल, अभिमुखीकरण लगायतका कार्यक्रम सञ्चालन गरिएको छ ।

सञ्चारकर्मीहरूका लागि खोज पत्रकारिता, गलत र भ्रामक सूचना, विषयवस्तु लेखन (Content Writing) सम्बन्धी तालिम, इन्फरमेसन डाइलग जस्ता क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ ।



# पूर्वाधार विकास

पोखरा महानगरपालिका नेपालका ६ वटा महानगरपालिकामध्ये क्षेत्रफल र वडा संख्याका हिसाबले सबैभन्दा ठूलो छ । हाल महानगरपालिकामा ३३ वडा छन् । २०७२ सालमा लेखनाथ नगरपालिका र केही गाविस गाभिएपछि यसको क्षेत्रफल ४६४.२४ वर्ग किमी पुगेको छ । महानगरपालिकाले आफ्नो भूगोलको समग्र समानुपातिक विकासमा जोड दिँदै आएको छ । नागरिकका आधारभूत आवश्यकतालाई परिपूर्ति गर्ने गरी विकासका कार्य अघि बढाइएको छ । विकास र पहुँचको पहिलो शर्तका रुपमा सडक निर्माण र सडक सञ्जालको विकासमा विशेष जोड दिइएको छ ।

यस अवधिमा महानगरपालिका क्षेत्रमा ९३ किलोमिटर सडक निर्माण गरिएको छ । जसअन्तर्गत ७० किलोमिटर कालोपत्र गरिएको छ भने २३ किलोमिटर सडक स्तरोन्नति र नयाँ ट्र्याक खोलिएको छ । सहरी क्षेत्रका मुख्य सडकलाई प्राथमिकतामा राखी स्तरोन्नति र कालोपत्र गरिएको छ । ४८ किमी सडक रिसिलिङ गरिएको छ भने १५ किमी सडक स्तरोन्नति गरी कुल ६३ किमी सडकको मर्मत तथा सुधार गरिएको छ । सडकको सुरक्षा र आकासे पानीको व्यवस्थापनका लागि ७० किमी पक्की नाला निर्माण तथा १९ किमीमा नाला मर्मत गरिएको छ ।

आव ७९ ।०८० मा बैदाम पामे घाँटीछिना सडक ६ किमी, कात्रे बाम्दी घाँटीछिना सडक ५ किमी, सराङ्कोट कास्कीकोट सडक ३ किमी, काँहुखोला पहिरोपानी सडक ३ किमी, जनचेतन चिलाउने खर्क सडक २ किमी, प्राथमिक स्वास्थ्य चौकीदेखि थुर्की गाउँसम्म १ किमी, कालिकाचोक थुमाकोडाँडा सडक २ किमी, पोखरा ९ र ७ को सिमानामा पर्ने राधाकृष्ण मन्दिरदेखि तीनकुने मार्ग २ किमी र विभिन्न वडामा ५ किमी गरी २७ किमी सडक कालोपत्रे गरिएको छ । सो अवधिमा मणिपाल रयालेचौर मौजा सडक ३ किमी, सौर्य रैकर वेगनास सडक ५ किमी र विभिन्न वडामा ५ किमी गरी १३ किमी सडक स्तरोन्नति गरिएको छ ।

आव ८०/८१ मा ठूल्ढुंगा-सुर्ताने-चैनपुर-सुरौदी ९ किमी, घाँटीछिना-दमदमे-सिदाने-पञ्चासे सडक ३ किमी, कास्कीकोट-वनपाले-गुन्टेचौर-पँदेली कृषि सडक ३ किमी, लामाचौर-पुरन्चौर माछापुच्छ्रे सडक २ किमी, डेभिजफल्स-पावरहाउस-महतगौडा सडक २ किमी, राधाकृष्ण मन्दिर-तीनकुने सडक २ किमी, कदममार्ग सडक १ किमी, अन्तर्राष्ट्रिय संग्रहालय-महतगौंडा सडक १ किमी र विभिन्न वडामा ८ किमी गरी ३० किमी सडक कालोपत्रे तथा स्तरोन्नति गरिएको छ।

पुल, खुदीखोला दोस्रो पुल, फिर्केखोला पोखरा ५-८, पोखरा २७ को वगादीखोला पुल, प्रतिभामार्ग पोखरा ८ कल्भर्ट र जोगीमणि कल्भर्ट गरी १० वटा पुल तथा कल्भर्ट निर्माण भएका छन्। कालीखोला-सेतिदोभान वडा नं.२० मा झोलुंगे पुल निर्माण गरिएको छ।

आव २०७९/८० मा गैरागाउँ लिफ्टिङ खानेपानी, देउतीमुल खोलाको डिल अर्घौंबेशी खानेपानी योजना, त्रिभुवन शान्ति माविमा पानी ट्यांकी र पिसिसि निर्माण, आरुपाटा दुरारुख खानेपानी योजना, धारापानी चौतारी



यस वर्ष विभिन्न वडामा करिब ५ किमी सडक ग्राभेल गरिएको छ।

आव ८१/८२ मा ढल्केपुल-सिलिङ्गे सकड २ किमी, काफलघारी-सुर्के मैदान सडक ३ किमी, लामाचौर पुरन्चौर माछापुच्छ्रे सडक २ किमी, मनिलडाँडा-वरपौवा सडक १ किमी, बुढीबजार-खराने-सुर्केमैदान सडक २ किमी र विभिन्न वडामा ५ किमी गरी १३ किमी सडक कालोपत्रे तथा ढलान गरिएको छ।

यस अवधिमा पोखरा महानगरपालिका वडा नं.२३ को हाँडीखोला पुल, पोखरा १९ को खुइतेखोला पुल, पोखरा ३२ को खुदीखोला (पहिलो) पुल, पोखरा १५ ठुलीमजुवा

सत्तल तथा खानेपानी धारा निर्माण, खहरे खोलादेखि सृजनशील टोल विकास संस्थासम्म खानेपानी, खाल्टे लिफ्टिङ खानेपानी योजना, बास्तोला भुर्तेल गाउँ खानेपानी, काली पँधेरी खानेपानी योजना, गुन्टेचौर खानेपानी, फेदी काफलघारी खानेपानी योजना, शान्ति मैदान लिफ्टिङ खानेपानी, कालाठुटा खानेपानी पानी ट्यांकी संरक्षण, रातोपैह्रा खानेपानी पाइप विस्तार, उत्पीडित समाज जनचेतना खानेपानी योजना, गौतमटारी खानेपानी आयोजना सम्पन्न भएका छन्।

यस्तै, अच्मारा धारापानी आंगेटारी लिफ्टिङ खानेपानी योजना, पीपलडाली खानेपानी ट्यांकी मर्मत, स्याङ्खुदी ढुंगेपाटन खानेपानी, तल्लाथर निशानथर घिमिरेथर




खानेपानी योजना, ग्यारजाती लिफ्टिङ खानेपानी, ओशो तपोवनमा बोरिङ निर्माण, वडा भित्रका विभिन्न टोलमा पाएप लाइन विस्तार, छहरे पश्चिम लाइन खानेपानी योजना, कैलास ढुंगा शिव शक्तिपीठ खानेपानी योजना, कालिका जामुने पिप्ले सोलार लिफ्टिङ खानेपानी योजना, भण्डारखोला तुरतुरे पानी ट्यांकी खानेपानी तथा सरसफाइ आयोजना, गहुँ काट्ने गोतानबारी जौबारी लिफ्टिङ खानेपानी आयोजना, सृजनशील खानेपानी उपभोक्ता समिति ट्यांकी निर्माण, आरनडाँडा लिफ्टिङ खानेपानी योजना, काहुँ बृहत खानेपानी आयोजना सम्पन्न भएका छन् ।

पोखरा महानगरपालिका अन्तर्गत फोहोरपानी व्यवस्थापनका लागि जाइकाको सहयोग तथा खानेपानी मन्त्रालयको समन्वयमा गुरुयोजना तयार भई त्यसमा प्रस्तावित ४ वटा व्यवस्थापन गरिने क्षेत्रमध्ये पश्चिम क्षेत्रको फोहोरपानी प्रशोधन केन्द्र र केन्द्रीय क्षेत्रमा दिशा तथा मलमूत्रजन्य लेदो प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भइसकेको छ ।

पोखरा महानगरपालिका वडा नं. २१ र ३३ अन्तर्गतको भरतपोखरी कृस्ति निर्मलपोखरी सहलगानी खानेपानी आयोजनाको जनसहभागितातर्फ बाँकी रहेको करिब १४०० हाउस कनेक्सन, धारा निर्माण, करिब ३० किमी वितरण तथा प्रसारण लाइन, २२०० निजी धारा निर्माण, ३ वटा आरभिटी भल्ब च्याम्बर, आरभिटी प्रोटेक्सन वर्क, वाल, पाइप स्टोर ट्रस हाउस, फेन्सिङ र गेट निर्माणको क्रममा रहेका छन् ।

पोखरा ३२ अन्तर्गतको चैनपर सातमुहाने सहलगानी खानेपानी आयोजना जनसहभागितातर्फको करिब १० किमी वितरण लाइन, १४२७ वटा निजी धारा कनेक्सन, १० वटा भल्भ च्याम्बर, १० वटा फायर हाइड्रेन्ट लगायत निर्माण गरिएको छ ।

नेपाल सरकार, खानेपानी मन्त्रालय केन्द्रीय तथा जलवायु अनुकुलित आयोजना अन्तर्गत पोखरा महानगर क्षेत्रमा सञ्चालन हुने वृहत भरतपोखरी कृस्ति निर्मलपोखरी खानेपानी आयोजना पोखरा २१ र ३३, काहुँ धरहरा खानेपानी आयोजना पोखरा ११ र मट्टिखान खानेपानी आयोजना पोखरा २१ र फेदीखोला गाउँपालिका वडा नम्बर १,२ स्याङ्जा कार्यक्रमको जनसहभागिता वापत व्यहोनुपर्ने १० (दश) प्रतिशत रकमबारे उपभोक्ता समिति र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय, पोखरासँग समझदारी गरिएको छ ।

पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको प्रक्रियामा छ । हालसम्म पोखरा महानगरपालिकाका ३१ वटा वडा कार्यालय आफ्नै सुविधा सम्पन्न भवनबाट सञ्चालनमा छन् । यस अवधिमा वडा नं. १, २, ५, ८, १७, १८, २६, २७, ३१, ३३ का भवन निर्माण गरिएको छ । यस्तै, कास्कीकोट स्वास्थ्य चौकी, चापाकोट स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र पोखरा १७, बासकोट स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र पोखरा १२, सहरी स्वास्थ्य केन्द्र पोखरा ११ को भवन निर्माण गरिएको छ ।

बहुउद्देश्यीय भवन वडा नं. ४, मानव सेवा आश्रम पोखरा २५, विन्ध्यावासिनी प्राकृतिक चिकित्सालय पोखरा १, गण्डकी बहुप्रविधिक शिक्षालय पोखरा २९, तमु धीं नेपाल सभाहल, पोखरा महानगरपालिकाको दमकल र नगर प्रहरीका लागि बहुद्देश्यीय भवन, सशस्त्र प्रहरी बल (कालिका गण) मा डिआरआर भवन निर्माण र पोखराको पृथ्वीचोकमा कोसेली घर निर्माण गरिएको छ । पोखरा महानगरपालिकाको सहयोगमा कास्कीकोटमा उत्पीडित दलित कला एवं सास्कृतिक संग्रहालय, पोखरा १२/१३ मा किरियाकर्म स्थल, ढाडको चौर वडा नं. ३३ मा बहुउद्देश्यीय भवन निर्माण गरिएको छ ।



# योजना अनुगमन

उपभोक्ता समितिका अध्यक्ष र सचिवहरूलाई योजना सञ्चालन गर्ने सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको छ । स्थानीय तह परियोजना बैंक व्यवस्थापन सूचना प्रणाली विकास गरिएको छ । छिमेकी पालिकाहरूसँग लागत साझेदारीमा योजनाहरू सञ्चालन गरिएको छ । विभिन्न स्थानहरुमा ५० प्रतिशत लागत सहभागितामा योजनाहरू सञ्चालन गरिएको छ ।

भरतपोखरी कृष्ति निर्मल पोखरी सह लगानी खानेपानी आयोजना, चैनपुर सातमुहाने सह लगानी खानेपानी तथा सरसफाइ आयोजना, ओख्ले खानेपानी आयोजना (डुडखोला लिफ्टिङ), सराङकोट खानेपानी योजना लगायत खाने पानी आयोजनाहरु हाल निर्माणको क्रममा रहेका छन् ।

५ वटा खानेपानीका नयाँ मुहानहरू दर्ता गरिएको छ । १५ वटा खानेपानी मुहानको नवीकरण गरिएको छ । खानेपानी तथा नदीनालाको पानीको गुणस्तर जाँचका लागि जल अनुगमन शाखाको स्थापना गरिएको छ। पोखरा महानगरपालिका क्षेत्रमा नियमित खानेपानी आपुर्तिको उचित प्रबन्ध मिलाइएको छ । जापानी सहयोग नियोग जाइकाको सहयोगमा पोखरामा सञ्चालित खानेपानी सुदृढीकरण परियोजना सञ्चालनमा सहजिकरण गरिएको छ ।





# वित्त व्यवस्थापन/राजस्व महाशाखा

पोखरा महानगरपालिकाले यस अवधिमा ३ अर्ब ४४ करोड १३ लाख १४ हजार ६ सय ६० रुपैयाँ ८५ पैसा राजस्व संकलन गरेको छ। आर्थिक वर्ष २०७९/०८० मा १ अर्ब ५ करोड २२ लाख २७ हजार ८८० रुपैयाँ, आर्थिक वर्ष २०८०/०८१ मा १ अर्ब १४ करोड ६३ लाख ६६ हजार १५२ रुपैयाँ र आर्थिक वर्ष २०८१/०८२ मा १ अर्ब २४ करोड २७ लाख २० हजार ६ सय ६१ रुपैयाँ ८५ पैसा गरी तीन आर्थिक वर्षमा ३ अर्ब ४४ करोड १३ लाख १४ हजार ६ सय ६० रुपैयाँ ८५ पैसा राजस्व संकलन गरिएको हो।

महानगर क्षेत्रभित्र रहेका विश्वविद्यालय, आंगिक क्याम्पस, सामुदायिक क्याम्पसहरूमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नसिप अनुरुप राजस्व स्वयंमसेवक परिचालन गरी करदातामा कर सचेतना तथा कर सहभागिता अभिवृद्धि गरिएको छ।

राजस्व संकलनलाई समय सापेक्ष, प्रविधिमैत्री, सरल, छरितो तथा गुणस्तरीय बनाउन डिजिटल भुक्तानी गेटवे (Digital Payment Gateway) प्रणालीलाई महानगरको राजस्व प्रणालीमा आवद्ध गरिएको छ। महानगरपालिका क्षेत्रभित्र जिल्ला मालपोत कार्यालय र लेखनाथ मालपोत कार्यालयको समन्वयमा जग्गाको न्यूनतम मूल्यांकन थैली अंकमा एकरुपता कायम गर्ने गरी उक्त मूल्यांकनलाई नै नगरपालिकाको मालपोत सम्पत्ति कर मूल्यांकनको आधार कायम गरिएको छ।

करको दर नभई दायरा विस्तार गर्ने नीति अनुरुप आन्तरिक आय विस्तारका लागि आफ्नो क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरूमा पर्यटकीय शुल्क संकलनका लागि पूर्वाधार निर्माण गरिएको छ। यस्ता पूर्वाधारमा पर्यटन शुल्क संकलन गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

आय ठेक्का व्यवस्थापन प्रणालीमा ई-बिड (E-Bidding) प्रणालीलाई पूर्ण रुपमा आत्मसात गरिएको छ। राजस्व प्रणालीमा सुत्र (Sutra Revenue Module) कार्यान्वयन गरिएको छ। राजस्व संकलनका लागि कर्मचारीको क्षमता अभिवृद्धि कार्य सञ्चालन गरिएको छ। छरितो राजस्व प्रशासन सञ्चालनका लागि महाशाखा प्रमुखलाई अख्तियारी दिइएको छ।

छोरेपाटन स्थित पाताले छाँगोमा महानगरपालिकाद्वारा पर्यटन शुल्क संकलन सुरुवात गरिएको छ। व्यवसाय दर्ता तथा नवीकरणलाई वृद्धि गर्न दुई वर्षसम्मको व्यवसाय कर भुक्तानी गरी नियमित गर्ने व्यवस्था गरिएको छ। धेरै लामो समयदेखि आय ठेक्कामा नरहेको यात्रु बस प्रती क्षालयलाई आयठेक्का प्रक्रियामा लगि सम्झौताको प्रक्रियामा रहेको छ। पछिल्लो वर्षको राजस्व संकलनको अवस्था निरन्तर वृद्धि भएको छ।

# नगर ऊर्जा योजना

पोखरालाई दिगो पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न महानगरपालिकाले आफ्नो नगर उर्जा योजना (२०८१-०८६) निर्माण गरेको छ । महानगरले विसं २१०० (सन् २०४३) सम्म पोखरालाई कार्बन तटस्थ सहर बनाउने लक्ष्य भेट्न नगर ऊर्जा योजना ल्याएको हो । योजनाले 'दक्ष र दिगो ऊर्जामार्फत समुन्नत पोखरा' भन्ने सोच राखेको छ भने यसको ध्येय 'ऊर्जा स्वच्छता र दक्षतामार्फत कार्बन तटस्थ पोखराको निर्माण' रहेको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालयको २०७९ को तथ्यांकअनुसार पोखराको वर्तमान ऊर्जा उपभोग प्रतिमानले चुनौतिपूर्ण तस्बिर प्रस्तुत गरेको छ । खाना पकाउनका लागि प्राथमिक रूपमा प्रयोग भएका इन्धनमा एलपिजीको हिस्सा ८४.२५ प्रतिशत छ भने बायोग्यास ५.२५ प्रतिशत, काठ दाउरा १०.२७ प्रतिशत र विद्युतको मात्र ०.२३ प्रतिशत छ । घरायसी स्तरमा एलपिजीको निर्भरता ९८.४५ प्रतिशत पुगेको छ भने व्यावसायिक क्षेत्रमा यो आँकडा ८४.२५ प्रतिशत छ । वडागत विश्लेषणमा दाउराको प्रयोग गर्नेमा वडा नम्बर २८ मा सबैभन्दा बढी ६९.४२ प्रतिशत र वडा नम्बर ९ मा सबैभन्दा कम ०.६२ प्रतिशत छ ।

योजनाको सबैभन्दा महत्वपूर्ण लक्ष्य सन् २०२९ सम्ममा पोखरा महानगरका २५ प्रतिशत घरमा विद्युतीय चुलोको पहुँच सुनिश्चित गराउने छ । यसका लागि हाल ५ एम्पियर मिटर जडान भएका ३९ हजार ४ सय ४० घरधुरीलाई १५ एम्पियर क्षमतामा बढाउने महानगरको योजना छ । सन् २०२६ सम्ममा पोखरा महानगरपालिकाका ९९ प्रतिशत घर, परिवारमा कम्तीमा १५ एम्पियर मिटर जडान गर्ने महानगरको योजना रहेको छ । हाल खाना पकाउन दाउरामा भर परेका लगभग ११ हजार ८ सय ९३ घरधुरीमा सुधारिएको चुलोद्वारा प्रतिस्थापन गर्ने लक्ष्य राखिएको छ ।

यसले पर्यटकीय नगरी पोखराको केवल ऊर्जा दक्षतामात्रै बढाउने छैन, घरेलु वायु प्रदूषण पनि घटाउने प्रक्षेपण





गरिएको छ। योजनाले पोखरा महानगरका २० प्रतिशत घरमा सौर्य गृह प्रणाली स्थापना गर्ने लक्ष्य राखेको छ। बायोग्यास प्लान्ट प्रयोग गर्ने घर, परिवारको संख्या १ हजार ३ सयले बढाउने, व्यावसायिक क्षेत्रमा ऊर्जा दक्षता सुधारका लागि २० प्रतिशत व्यावसायमा नेट-मिटरिङ रूफटप सोलार जडान गर्ने, २ सय व्यवसायमा सौर्य पानी तताउने प्रविधि स्थापना गर्ने र पोखरा महानगरका सबै ३३ वडा कार्यालयमा रूफटप सोलार जडान गर्ने योजना छ।

पाँच वर्षभित्र व्यावसायिक क्षेत्रमा ५० प्रतिशतले कार्बन उत्सर्जन घटाउने र व्यावसायिक क्षेत्रमा प्रयोग हुने सवारी साधनमा विद्युतीय सवारी साधनको प्रयोग वार्षिक १० प्रतिशतले वृद्धि गर्ने, बस र्‍यापिड ट्रान्सपोर्टको सम्भाव्यता अध्ययन गर्ने र आगामी पाँच वर्षमा महानगरको सहर क्षेत्रमा कम्तीमा ५० वटा विद्युतीय चार्जिङ स्टेसन निर्माण गरिनेछ।

नवीकरणीय ऊर्जा प्रविधिमा आधारित एउटा कृषि प्रशोधन उद्योग स्थापना गर्ने, महानगरका शत प्रतिशत विद्यालयमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासम्बन्धी कार्यक्रम हुने छन्। नगर ऊर्जा योजनाको कार्यान्वयनका लागि महानगरपालिकाको २५.५८ प्रतिशत, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान ७.६० प्रतिशत, नेपाल विद्युत प्राधिकरणको ०.५९ प्रतिशत, लाभग्राही स्वयंमको ६२.७१ प्रतिशत र विभिन्न गैरसरकारी संस्थाबाट ३.५२ प्रतिशत रकम जुटाउने रणनीति तयार गरिएको छ। दिगो खपतलाई बढावा दिन ऊर्जा दक्षता प्रविधिहरू लागू गर्दै ऊर्जा वितरण पूर्वाधारको स्तरवृद्धि गर्ने, सौर्य ऊर्जा र विद्युतीय चुलोको पहुँचसहित नवीकरणीय ऊर्जाको अवलम्बनका लागि अनुदान कार्यक्रममा केन्द्रित हुने, खनिज इन्धन खपत कम गर्ने र ऊर्जा दक्षता प्रवर्द्धन गर्ने नवीन पहल विकास गर्ने, स्वच्छ ऊर्जा एकीकरण र उद्योग-केन्द्रित ऊर्जा दक्षता कार्यक्रमको लागि सामुदायिक पहलको विकास गर्ने र सामुदायिक ऊर्जा पहललाई समर्थन गर्न समावेशी ऊर्जा नीति र नियम विकास गर्ने योजनाको रणनीति छ।

# पोखरा नगरका प्रमुख तथा उपप्रमुखहरू

पोखरालाई २०१६ सालमा नगर पञ्चायत घोषणा गरिएको थियो । २०५२ सालमा पोखरा उपमहानगर पालिका बन्यो र नेपालको संविधान २०७२ अनुसार मुलुक संघीय शासन प्रणालीमा गएपछि २०७३ सालमा महानगरपालिका बन्यो । २०१६ देखि अहिलेसम्म पोखरा महानगरपालिकामा जिम्मेवारी सम्हालेका प्रधानपञ्च, उपप्रधानपञ्च, प्रमुख, उपप्रमुखको नामावली :

- **२०१६-२०१८**
  प्रमुख : शिवबहादुर थापा
  उपप्रमुख : भक्तबहादुर भट्टराई

- **२०१९-२०२४**
  प्रधानपञ्च : नगेन्द्रबहादुर रायमाझी
  उपप्रधान पञ्च : अम्बरबहादुर कार्की

- **२०२४-२०२८**
  प्रधानपञ्च : अम्बरबहादुर कार्की
  उपप्रधानपञ्च : विश्वमोहन गौचन

- **२०२८-२०३१**
  प्रधानपञ्च : रूद्रबहादुर कार्की
  उपप्रधानपञ्च : दिलीपकुमार पालिखे

- **२०३१-२०३३**
  प्रधानपञ्च :दिलीप कुमार पालिखे (२०३१-३२)
  उपप्रधान पञ्च : डम्बरबहादुर कार्की (२०३१-२०३३)
  प्रधानपञ्च : रमेश बहादुर भट्टराई (७ महिना मात्र)

- **२०३२-२०३८**
  प्रधानपञ्च : गणेश शेरचन (२०३२-२०३८)
  उपप्रधान पञ्च : डम्बरबहादुर कार्की २०३१-२०३८)

- **२०३८-२०३९**
  प्रधानपञ्च : श्रीप्रसाद गुरूङ
  उपप्रधानपञ्च : लक्ष्मण कार्की

- **२०३९-२०४१**
  प्रधानपञ्च : उत्तम पुन
  उपप्रधानपञ्च : डम्बरबहादुर कार्की

- **२०४१-२०४४**
  प्रधानपञ्च : सूर्यबहादुर केसी
  उपप्रधानपञ्च : काजीमान गुरूङ

- **२०४४-२०४६**
  प्रधानपञ्च : सूर्यबहादुर केसी
  उपप्रधानपञ्च : तीर्थ श्रेष्ठ

- **२०४९-२०५४ (नेपाली कांग्रेसबाट निर्वाचित)**
  प्रमुख : भोला थापा
  उपप्रमुख : नरेशशंकर पालिखे

- **२०५४-२०५९ (नेकपा एमालेबाट निर्वाचित)**
  प्रमुख : कृष्णबहादुर थापा
  उपप्रमुख : मानबहादुर गुरूङ

- **२०६० (राजाबाट मनोनीत)**
  प्रमुख : हर्कबहादुर गुरूङ
  उपप्रमुख : गणेशबहादुर भट्टराई

- **२०६२**
  प्रमुख : भीमसेन थापा
  उपप्रमुख : जयलाल पुन

- **२०७४-२०७८ (एमालेबाट निर्वाचित)**
  प्रमुख : मानबहादुर जिसी
  उपप्रमुख : मञ्जुदेवी गुरूङ

- **२०७९ हालसम्म**
  प्रमुख : धनराज आचार्य
  उपप्रमुख : मञ्जुदेवी गुरूङ

लेखनाथ नगरपालिकामा निर्वाचित प्रमुख र उप्रमुख (०५४ मा एकपटक मात्र निर्वाचत भएको)
प्रमुख : शलिकराम पौडेल । उपप्रमुख : गोपाल गुरूङ

# ३३ वटै वडाका गतिविधिहरू

# वडा नम्बर १

पोखरा महानगरपालिका वडा नं. १ मा विकास, निर्माणका धेरै योजना सम्पन्न भएका छन् । सडक, नाला, भवन, पार्क लगायत विकासका वडा स्तरीयदेखि नगर स्तरसम्मका योजनामा नागरिकको सहभागितासहित विकास गरिएको छ । यस अवधिमा वडाको बुद्धटोल, मान सडक, मोहोरिया टोल लगायतका स्थानमा करिब ५ किमी सडक उच्च स्तरीय प्रविधिमा आधारित कालोपत्र गरिएको छ ।

प्रदेश सभागेटदेखि गुठीवारी हुँदै वडा नम्बर १, २, र ३ को सिमानामा पर्ने संगम पार्कसम्म बाटो र नाला निर्माण, शान्तिटोल, अधिकारी टोल, वडा कार्यालय आसपास, संस्कृत माध्यमिक विद्यालय अगाडि, भीमकाली तमु समाजअघि, सिम्पानी कुवा बस्ती जाने बाटो, राष्ट्रिय माध्यमिक विद्यालय अगाडि, शान्तिटोल गैरीगाउँ जाने बाटो, धोवीगौंडा, मान सडक, कसेरी, शंकरटोल लगायतका क्षेत्रमा ३ हजार मिटर सडक ढलान र नाला निर्माण गरिएको छ ।

रत्ना आधारभूत विद्यालय कम्पाउन्ड वाल र नाला निर्माण, संस्कृत माविको गुरुकुल कम्पाउन्ड वाल र तारजाली निर्माण, गाईघाट किरिया कर्म स्थलमा रिटनिङ वाल लगायत पूर्वाधार निर्माण गरिएको छ ।



पन्थी सामुदायिक भवन, साविक वडा कार्यालय भवन, रत्ना आमा समूह भवन, गाईघाट मन्दिर, तान्चोक तमु समाज, बाघबजार तमु समाज भवन मर्मत सम्भार तथा मानव सेवा केन्द्र भवन निर्माण, सिद्धबाबा मन्दिरको ट्रस्ट, गाईघाट पूर्वाधार निर्माण, क्याम्पस गेट अगाडि देवी पञ्चाङ्ग मन्दिर परिसर, राष्ट्रिय मावि हिरक महोत्सव स्तम्भ निर्माण र कसेरी घाट व्यवस्थापनका लागि विभिन्न पूर्वाधार निर्माण गरिएको छ ।

विन्ध्यावासिनी मन्दिरको चौतारा निर्माण, गाईघाट शिव मन्दिर परिसर, बाबुराम गल्ली, सिम्पानी क्षेत्रमा करिब १ हजार मिटर खानेपानी लाइन विस्तार तथा वितरण गरिएको छ भने विभिन्न क्षेत्रको फुटपाथ सौन्दर्यीकरण गरिएको छ । विन्ध्यवासिनी प्राकृतिक चिकित्सालय गुठीवारी पार्क निर्माण, शंकर टोल बस्ती संरक्षण, ८ भन्दा बढी स्थानमा चौतारी निर्माण, वडामा विभिन्न स्थानमा सरसफाइ कार्यक्रम, नालाहरू सफाइ, डस्टबिन वितरण, सरसफाइसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ । वडाका विभिन्न स्थानमा सुरक्षाका लागि सिसी क्यामेरा जडान र सडक सौन्दर्यीकरणका लागि स्मार्ट सडक बत्तीहरू जडानसहित सचेतना बोर्डहरू राखिएका छन् ।

आकस्मिक स्वास्थ्य कार्यक्रमअन्तर्गत विपन्न स्वास्थ्य सेवा, स्वास्थ्य बिमा कार्यक्रम, महिला स्वास्थ्य स्वयम्सेविका क्षमता अभिवृद्धि कार्यक्रम, गर्भवती महिला पोषण आहार कार्यक्रम, सुगर जाँच, नाक, कान, घाँटीको निःशुल्क परीक्षण, निःशुल्क आँखा स्वास्थ्य शिविर कार्यक्रम, ५ वर्ष मुनिका बालबालिकालाई भिटामिन-ए र जुकाको औषधी खुवाउने नियमित कार्यक्रमका लागि वडाभित्रका सबै स्वास्थ्य संस्थालाई परिचालन गरिएको छ ।

कौशी खेती प्रोत्साहन कार्यक्रम अन्तर्गत हजारभन्दा बढी कृषकलाई मल, बिउ र कम्पोस्ट विन वितरण गरिएको छ । वडावासीलाई ताजा तरकारी उपलब्धता तथा फुटपाथ व्यवस्थापनका लागि हरियो तरकारी तथा सागपात बजार व्यवस्थापन गरिएको छ । कृषकलाई विभिन्न किसिमका तालिम तथा अभिमुखीकरण प्रदान गरिएको छ । वडामा रहेका घरपालुवा र सामुदायिक कुकुरहरूको स्वास्थ्य परीक्षण र रेविजविरुद्धको भेक्सिन निःशुल्क लगाइएको छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने विपन्न बालवालिकाका लागि सुनौलो शिक्षा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ । विभिन्न विद्यालयमा पुस्तकालय व्यवस्थापन तथा शैक्षिक सामग्रीहरू वितरण गरिएको छ । विद्यालय स्तरमा विभिन्न विधामा खेलकुदका गतिविधि सञ्चालन गरी विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण योगदान गरिएको छ ।





# वडा नम्बर २

पोखरा महानगरपालिका वडा नं. २ को अर्चलबोट मार्गदेखि भैरव टोलसम्म र कन्या मार्ग स्तरोन्नति गरिएको छ । कोपिला खाद्य उद्योग जाने बाटो कालोपत्र भएको छ । मित्रमार्ग स्तरोन्नति, वरपाटन मार्ग लिची बोटदेखि पार्वती पराजुलीको घरसम्म बाटो तथा ढल निर्माण, नेवा छैं जाने बाटो स्तरोन्नति, बरपाटन स्कुल पछाडि पार्वती ठकुरीको घर जाने बाटो निर्माण, वडाभित्र बाटो तथा नाली निर्माण, जयमूल नुवारथोक बाटो तथा नाला स्तरोन्नति, भैरव टोल भित्री बाटो निर्माण, मिरुवा गेट नं १, २, ३ मा नाला निर्माण तथा बाटो स्तरोन्नति, मिरुवा गेट नं.१, २, ३ स्तरोन्नति र नाला, उपल्लो भयरथान सिंढी बाटो निर्माण, हिमाली टोल नाला तथा बाटो निर्माण, कन्या मार्ग नाला तथा बाटो स्तरोन्नति, बरपाटन स्कुल पछाडि बाटो तथा नाला स्तरोन्नति, अर्चल बोट मार्गदेखि शम्भु घर्तीको घरसम्मको स्ल्याब तथा बाटो निर्माण, वरपाटन मार्ग लिची बोटदेखि पार्वती पराजुलीको घरसम्म बाटो ढल निर्माण लगायत वडामा विविध आकस्मिक योजनाहरू सम्पन्न गरिएका छन् ।

अर्चलबोट मार्गदेखि वरपीपल चौतारीसम्म बाटो र ढल निर्माण, अर्चलबोट मार्गमा नालामा स्ल्याब निर्माण, पोखरावेंशी सडक तथा नाली निर्माण, गुह्येश्वरी मार्गदेखि भित्री बाटो स्ल्याबसहित ढल निर्माण, जयमुल मार्ग नाला तथा बाटो स्तरोन्नति, नन्दबहादुर थापाको घरदेखि सञ्जीव खनालको जग्गासम्मको कुलोमा स्ल्याब निर्माण, भूपी मार्ग गटर ढल निर्माण, मन्टेसोरीदेखि अर्चलबोट आमा समूहको भवन हुँदै नाला निर्माण, पोखरा बागलुङ राजमार्गदेखि ध्रुव पराजुलीको घरसम्म जाने बाटो तथा स्ल्याब सहितको ढल निर्माण, विन्ध्यवासिनी मार्ग ३ ग नयाँ गली निस्कने बाटोको दायाँबायाँ ढल तथा रेलिङ





निर्माण, वर्की चौतारादेखि कृषि सडक निस्कने कुलोमा स्ल्याब निर्माण गरिएको छ ।

अर्चलबोट आमा समूहको भवनमा शौचालय मर्मत, गणेश मन्दिर पुनर्निर्माण, मिरुवा तमु समाज भवनमा रङरोगन, तमु समाजको सामुदायिक भवन निर्माण, अनन्ता सामुदायिक भवनमा रङरोगन, विश्वकर्मा समाजका लागि भौतिक सामग्री खरिद, नेवा छे संग्रहालयमा सामान खरिद, ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालयमा भौतिक सामग्री खरिद, सुवेदी समाज भवन मर्मत तथा स्तरोन्नति, सुवेदी समाज मिरुवामा भौतिक सामग्री खरिद, मिरुवा तमु समाजमा भौतिक सामग्री खरिद गरिएको छ ।

रुई माला मन्दिर निर्माण, ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय केन्द्र र ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालयमा भौतिक सामग्री खरिद, विन्ध्यवासिनी महिला भजन समूहको ट्रस निर्माण, नेवारी संग्रहालयमा भौतिक सामग्री खरिद, भैरव मन्दिरमा कम्पाउन्ड वाल निर्माण, विन्ध्यवासिनी धार्मिक क्षेत्रमा रेलिङ निर्माण तथा भवन स्तरोन्नति, राणा कुँवर कुल मन्दिर जाने बाटोमा रेलिङ निर्माण, नेवा छेँ मर्मत तथा स्तरोन्नति, नेवा खल प्रवेशद्वार निर्माण, भैरव साँस्कृतिक समितिमार्फत् भैरव संस्कृति संरक्षण गरिएको छ ।



विन्ध्यवासिनी मावि वरपाटन स्तरोन्नति, विन्ध्यवासिनी मावि पूर्वाधार स्तरोन्नति, विन्ध्यवासिनी मावि भवन स्तरोन्नति, विन्ध्यवासिनी मावि वरपाटन मैदान तथा पार्क निर्माण, कोपिला खाद्य उद्योगबाट विन्ध्यवासिनी पार्क निस्कने ट्र्याक तथा नाला निर्माण, वर्की चौतारादेखि मन्टेसरीसम्म ट्र्याक तथा बाटो निर्माण गरिएको छ । नालामुखदेखि संगम पार्कसम्म कालोपत्र, नालामुखदेखि भैरवटोल चोकसम्म अस्फाल्ट पिच र विन्ध्यवासिनी बसपार्क पुन कालोपत्र गरिएको छ ।

धारापानी मार्गमा खानेपानी पाइप जडान, वडा भित्रका खानेपानी पाइप स्तरोन्नति, कोपिला खाद्य उद्योगमा खानेपानी स्तरोन्नति, पोखराबेंशी मार्गमा खानेपानी पाइप जडान, मिरुवामा खानेपानी लाइन विस्तार, विन्ध्यवासिनी माविमा वाटर फिल्टर जडान, बर्की चौतारा स्थित खानेपानी पाइप विस्तार र पोखरा बागलुङ राजमार्गमा पानी ट्यांकी राखिएको छ । तालकुलो सरसफाइ शेरापोखरी स्तरोन्नति, शेरापोखरी स्तरोन्नति, शेरापोखरी पार्क निर्माण, शेरापोखरी पार्कमा व्यायमशाला निर्माण, पोखरा बागलुङ राजमार्गमा पानी ट्यांकी राखिएको छ ।



बागलुङ बसपार्कमा चौतारी निर्माण, कार्यालयभित्र र आवश्यक ठाउँहरूमा सिसी क्यामेरा जडान, संगम पार्कमा बत्ती र रेलिङ निर्माण, बालधारा निर्माण, पोखरा बागलुङ राजमार्ग अन्तर्गतका चोकहरूमा फलामको रेलिङ निर्माण, पोखरा बागलुङ राजमार्गमा पार्किङ बोर्ड राख्ने, पोखरा बागलुङ राजमार्ग अन्तर्गतका मिरुवमा फलामको रेलिङ निर्माण, बागलुङ बसपार्कमा बोर्ड राख्ने र नो पार्किङ बोर्ड राखिएको छ । भयरथान सिढीँ बाटो निर्माण, सडक बत्ती मर्मत सम्भार, सडक बत्ती मर्मत, सडक बत्ती मर्मत, वडाभित्र विद्युत तार फेरिएको छ ।

निःशुल्क भिआइए शिविर, ज्येष्ठ नागरिकका लागि औषधीसहितको निःशुल्क उच्च रक्तचाप, मधुमेह जाँच शिविर, दुखाइ रोग परामर्श कार्यक्रम, निःशुल्क नाक, कान, घाँटी जाँच शिविर, डेंगु रोग सचेनात्मक कार्यक्रम गरिएको छ । शेरा कुलो निर्माण, कौशी खेती अभिमुखीकरण तालिम र कम्पोस्ट विन वितरण, लहरे खेतीको विरुवा अनुदान वितरण, तरकारीको बिउ, बिजन निःशुल्क वितरण गरिएको छ ।

महिलाका लागि कुक तालिम, वारिस्ता तालिम, जयमूल आमा समूहमा गुडिया बनाउने तालिम, क्रिष्टल, पोते तथा मोतिका गरगहना बनाउने तालिम, मखमलको जुत्ता चप्पल बानाउने तालिम, भैरवटोल मिसाः पुचःलाई बेकरी तालिम, मादल बजाउने तालिम, फिनेल तथा हर्पिक बनाउने तालिम, बाल मञ्च गठन, किशोरावस्थाका बालबालिकाका लागि प्रशिक्षण कार्यक्रम, वडा स्तरीय वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, ज्येष्ठ नागरिक धार्मिक भ्रमण, गुडिया बनाउने तालिम, अचार बनाउने तालिम, थ्रेडिङ, सेल्फ मेकअप तथा व्राइडल मेकअप तालिम, अपाङहरूका लागि डायपर र टिस्यु पेपर वितरण र संगीत प्रशिक्षण केन्द्र पोखरालाई वाद्यवादनका सामग्री हस्तान्तरण गरिएको छ ।

## वडा नम्बर ३

पोखरा महानगरपालिका वडा नं. ३ मा यस अवधिमा विकास, निर्माणका काम योजनावद्ध रुपमा गरिएका छन् । कन्या स्कुलदेखि पाण्डेचोकसम्म १५० मिटर, तुलसीघाट बाटो स्तरोन्नति, हमाल टोलदेखि सिंगापुर कफी हाउस नदीपुर मार्गचोकसम्म ३०० मिटर सडक निर्माण गरिएको छ । वडा कार्यालय चोकदेखि तेर्सापट्टी बाल धाराचोकसम्म १३० मिटर, सत्य साई केन्द्र भवन निर्माण, नीलगिरी टोलमा भासिन गएको सडक २० मिटर, कोपिल ढुंगा शान्ति मिजार संस्थाको भवन, वीरेन्द्र पार्कमा भवन निर्माण, सि गुठी संस्थाको भवन निर्माण कार्य भएका छन् । श्रीवन्त बिहारमा भवन र नारायणस्थानमा मैत्री भवनमा साझेदारी गरिएको छ ।

हमाल टोलदेखि नदीपुर सिंगापुर कफी हाउससम्मको दायाँ बायाँ ढल निर्माण, पाण्डेचोकदेखि दक्षिण भिसी मार्ग चोकसम्म १ सय मिटर ढल निर्माण, कन्या मार्ग लाइनमा सडक दायाँ बायाँ कन्या स्कुल चोकदेखि पाण्डेचोक सम्म ३ सय मिटर ढल निर्माण गरिएको छ । छायाँ स्टोर्सदेखि दक्षिण उमेशराजको घरको चोकसम्म सडक दायाँ बायाँ ४ सय मिटर ढल निर्माण , तेर्सापट्टी



बजार लाइन पोखरा अपार्टमेन्टदेखि र अनिरुद्र उदासको घर सम्म १२० मिटर ढल निर्माण, कन्या क्याम्पस पछाडि सडक दायाँ बायाँ १ सय मिटर ढल निर्माण गरिएको छ ।

आ.व.२०८१/८२ मा शवदाह गृह निर्माण, कोपिलाढुंगादेखि उमेशराज पराजुलीको घरचोकसम्म ४ सय मिटर ढल निर्माण, शान्तिबारी चोकदेखि शंकर टोल सम्म १ सय मिटर ढल निर्माण, बाल मन्दिर सडक लाइन दायाँबायाँ २ सय मिटर ढल सरसफाइ, तेर्सापट्टी लाइन अनिरुदको घरदेखि सरस्वती मन्दिरसम्म १५० मिटर ढल, उमेशराजको घरदेखि भैरब टोल चोकसम्म सडक दायाँ बायाँ २ सय मिटर र नीलगिरी टोलमा १ सय मिटर ढल निर्माण गरिएको छ ।

गुरुकुल विद्याआश्रम नारायणस्थान, कन्या स्कुल र ज्ञानभूमी स्कुललाई शिक्षा कार्यक्रमका लागि अनुदान प्रदान गरिएको छ । विद्यालयहरूलाई वाद्यवादनका सामग्रीहरू, सेनेटरी डिस्पोजल मेसिन, फर्निचर लगायतका सामग्री उपलब्ध गराइएको छ। शान्तिबारीमा १५० मिटर खानेपानीको पाइप विस्तार गरिएको छ । वीरेन्द्र पार्क पुनर्निर्माण गरिएको छ ।

यस अवधिमा १०८ जन्मदर्ता, ९४ जनाको मृत्युदर्ता, १ सय २४ विवाह दर्ता र ३२ जोडीको सम्बन्धविच्छेद र ५३० लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ ।









## वडा नम्बर ४

पोखरा महानगरपालिका वडा नं.४ मा गणेश टोल, बाग्लुङ बसपार्क पश्चिम गोपाल धाम, सिद्धार्थचोक भित्री बाटो, गैह्रापाटन भित्री बाटोमा नाला तथा बाटो ढलान र रामकृष्ण टोलमा बाल धारा निर्माण, वडा कार्यालय नीर ज्येष्ठ नागरिक विश्राम कक्ष निर्माण, सिद्धार्थ चोकदेखि वि.पि चोकसम्म चौतारा निर्माण, सर्वेश्वर मार्गका सबै सटरमा हरियो रङ, सर्वेश्वर मन्दिरमा टायल बिछ्याउने कार्य, गोपालजी मन्दिरमा रङ रोगन एवम् नवीन स्कुलमा पिङ निर्माण तथा पुस्तकालय व्यवस्थापन गरिएको छ ।



आव २०८१/०८२ मा वडा कार्यालयको तर्फबाट ४० वटा विभिन्न योजनाहरू सम्पन्न गरिएका छन् । जनसहभागिता समेतमा ९ वटा योजनाहरू सम्पन्न गरिएका छन् । सार्वजनिक खरिद प्रक्रिया मार्फत ११ वटा योजनाहरू सम्पन्न भएका छन् । फिर्के खोलामा ग्याविन निर्माण तथा खोला नियन्त्रण, बास्केटबल मैदान निर्माण, हरियाली मार्गमा नाला निर्माण, कोइराला बिर्ता मार्गमा नाला निर्माण, नवीन स्कुलमा विभिन्न भौतिक निर्माण, विभिन्न स्थानका चौताराहरू मर्मत तथा निर्माण, ज्ञान मार्गमा नाला निर्माण, लक्ष्मी टोलमा नाला निर्माण, वडा







कार्यालय अगाडि नाला निर्माण गरिएको छ ।

वडामा यस अवधिमा महिला, अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी जनजातिहरू लगायत लक्षित वर्गको क्षमता अभिवृद्धिका लागि विभिन्न सिप विकास तालिमहरू सञ्चालन गरिएको छ । वडामा कौसी खेती प्रवर्द्धनका लागि विभिन्न तालिम तथा प्रोत्साहन, साप्ताहिक कृषि बजार सञ्चालन समेत गरिएको छ ।



# वडा नम्बर ५

पोखरा महानगरपालिका वडा नं.५ नयाँ नेतृत्व आइसकेपछि वडामा विकास निर्माणका कार्यहरू प्रभावकारी रुपमा सञ्चालन गरिएको छ । वडाका विभिन्न स्थानमा ६६३ मिटर बाटो कालोपत्र गरिएको छ। ३ हजार २ सय मिटर बाटो ढलान, १ हजार ६ सय मिटर ढल तथा नाला निर्माण गरिएको छ। १ सय मिटर विभिन्न स्थानमा पर्खाल निर्माण गरिएको छ।

मनकामना ज्येष्ठ नागरिक नागरिक मिलन केन्द्र र पर्स्याङ स्थित किरियापुत्री भवन निर्माण तथा मर्मतसम्भार गरिएको छ। राधाकृष्ण मन्दिर, संसारीमाई, राधाकृष्ण शिवालय र मनकामना मन्दिर परिसरमा विभिन्न भौतिक पूर्वाधारहरू निर्माण गरिएको छ।

मालेपाटन खेलमैदानमा खुला व्यायमशाला, बाराही माध्यमिक विद्यालयको भवन मर्मत, पर्स्याङ बगैंचा पार्क, रवीन्द्र स्मृति पार्क र बुलौदी पार्क सरसफाइ तथा फर्निचर मर्मत तथा थप गरिएको छ । वडामा रहेको खुँडेपोखरीमा तारबार गरी संरक्षण गरिएको छ भने अन्य पोखरीको संरक्षण तथा प्रवर्द्धन गरिएको छ। वडामा रहेका १८ चौतारी पुनर्निर्माण गरिएको छ।



मदन मार्गमा सडक बत्तीहरू राखिएको छ ।

बाराही खेल मैदानमा बास्केट बल र ब्याडमिन्टन कोर्ट निर्माण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत वडाका विभिन्न स्थानमा ६८० थान सेन्सर सहितका स्मार्ट सडक बत्तीहरू राखिएको छ। महिलाको पाठेघरको मुखको निशुल्क परीक्षण, ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, डेंगु सचेतना, वडामा रहेका स्वास्थ्य संस्थासँगको सहकार्यमा विभिन्न रोगहरूको नि:शुल्क परीक्षण शिविरहरू भएका छन् ।

एक सय मिटर सिँचाइ कुलो निर्माण, वडामा रहेका कौशी कृषकलाई कौशी खेतीसम्बन्धी तालिम, वडा कृषि सञ्जालसँगको सहकार्यमा कृषकलाई मल, बिउ तथा बिरुवा वितरण, पशु स्वास्थ्य तालिम सञ्चालन गरिएको छ। वडामा मागका आधारमा घरभित्रको कुहिने फोहोर व्यवस्थापनका लागि कम्पोस्ट बिन वितरण गरिएको छ ।



पोखरा महानगरपालिका वडा नं. ५ को कार्यालयमा पुस्तकालय स्थापना गरिएको छ। वडामा रहेका विभिन्न सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीलाई न्यानो कपडा, शैक्षिक सामग्री लगायत वितरण गरिएको छ । यस्तै विद्यालयहरूमा प्रिन्टर, कम्प्युटर लगायतका सामग्री सहयोग गरिएको छ ।

यस अवधिमा २३४ जन्मदर्ता, ८५ जनाको मृत्यु दर्ता, १४१ जोडीको विवाह दर्ता र ३४४ बसाइसराइ सिफारिस गरिएको छ । लक्षित समूहलाई विभिन्न प्रकारका सीपमूलक कार्यक्रम तालिमका रुपमा प्रदान गरिएको छ । जसमा मादल बजाउने, उद्घोषण, सिलाइकटाइ, माला बुन्ने, बुटिक, धूप बनाउने लगायत छन् ।

बालबालिकाका लागि रोबोटिक्स एन्ड थ्रिडी, प्रिन्टिङ फेलोसिप कार्यक्रम सञ्चालन गरिएको छ। वडास्तरीय अपांगता सञ्जालको सहयोगमा वडाभित्रका अपांगता भएका व्यक्तिहरूलाई सरसफाइ सामग्री वितरण गरिएको छ । वडाका विभिन्न स्थान तथा पार्कमा बृहत सरसफाइ गरिएको छ । रेस्टुरेन्ट र खाद्यान्न बेच्ने पसलमा गुणस्तरको नियमित अनुगमन गरिएको छ। वडाभित्रका विभिन्न स्थान तथा सडक किनारामा वृक्षारोपण गरिएको छ। सेवाग्राहीको सहजताका लागि वडा कार्यालयमा नि:शुल्क फोटोकपी तथा निवेदन लेखनको व्यवस्था गरिएको छ।



# वडा नम्बर ६

पोखरा महानगरपालिका वडा नं.६ मा यस अवधिमा विभिन्न स्थानमा ३ किमी ३८३ मिटर सडक कालोपत्र, प्याचिङ र रिसिलिङ गरिएको छ। स्ट्रिट नं.१, ५, ७, ८, १३, १५, १६, १७, ३१ का विभिन्न स्थानमा सडक कालोपत्र, प्याचिङ र रिसिलिङ गरिएको हो । विभिन्न स्थानमा गरी १.५ किमी सडक ढलान गरिएको छ। गैरीखेत पर्खाल १७ मिटर, अन्नपूर्ण आवासीय विद्यालयपछाडि २०.५ मिटर पक्की पर्खाल, बंलादी बस्ती माथि ६० मिटर पर्खाल, अन्नपूर्ण आवि घेराबार २० मिटर, बसुन्धरा पार्कमा १० मिटर, जिल्ला अदालत पछाडि २० मिटर, अन्नपूर्ण आवि ३०.५ मिटर र जलारी कुल मन्दिर जाने बाटोमा २० मिटर पर्खाल निर्माण गरिएको छ ।

मितेरी नारी समूहको भवन रंगरोगन तथा खानेपानी व्यवस्थापन, देवीस्थान किरियापुत्री भवन संरक्षण तथा मर्मत, खहरे बहुउद्देश्यीय भवन मर्मत तथा शौचालय निर्माण, बंगलादी कैलाशधाम शिव मन्दिर मर्मत तथा सिद्देश्वर मन्दिर संरक्षण, बगैंचा शिव मन्दिर मर्मत तथा रंगरोगन, मुक्तेश्वर शिव मन्दिर संरक्षण, नर्मदेश्वर महादेव मन्दिर संरक्षण र कैलाश धाम शिव मन्दिर किरियापुत्री भवन निर्माण गरिएको छ ।

तालबाराही माविमा ग्यारेज, पार्किङ एरियामा ब्लक बिछ्याउने लगायत भौतिक पूर्वाधार बनाइएको छ । अम्बोट स्ट्रिट नं. ५ अगाडि खानेपानी ट्यांकी, बाराही घाटमा ट्यांकी र तालबाराही मावि हाता बाहिर फलामको रेलिङ निर्माण गरिएको छ। वडाका विभिन्न स्थानमा १२ कजवे निर्माण गरिएको छ । बाराही घाटमा खानेपानी ट्यांकी, लामिछाने र ढकालको कुल मन्दिरसम्म खानेपानीको पाइपलाइन विस्तार, अम्बोट स्ट्रिट नं. ४ अगाडि खानेपानी ट्यांकी, बाराहीघाटमा शौचालय, अम्बोटमा फलामको बेन्च, बंगलादी घाट र सिम्पानी मार्गमा फलामको रेलिङ, स्थान पहिचानका लागि काठका बोर्ड २० थानमा राखिएको छ ।

खहरेचोकमा ऐतिहासिक बालधारा निर्माण गरिएको छ । स्कुलपाटनमा सार्वजनिक पार्क, बसुन्धरा पार्क सौन्दर्यीकरण, कोमागाने पार्क ढुंगाको मूर्ति व्यवस्थापन,



डिहिकोपाटनमा खुला व्यायामशाला, बंगलादीमा जोखिमयुक्त बस्ती संरक्षण गरिएको छ । स्ट्रिट नं. ४५, बगैंचा, फिर्के र ज्ये ष्ठ नागरिक पार्क स्कुलपाटनमा चौतारी निर्माण गरिएको छ ।

वडावासी तथा पर्यटकको सुरक्षाका लागि वडाभित्रका विभिन्न चोकमा १०० भन्दा बढी सिसी क्यामेरा जडान गरिएको छ। हाम्रो सफा बैदाम अभियान अन्तर्गत विभिन्न संघ, संस्थाको सहभागिता तथा वडाको आर्थिक सहयोग तथा समन्वयमा वडा क्षेत्र तथा फेवातालमा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको छ ।

अम्बोट र बाराही घाटमा टिटी बोर्ड निर्माण, फेवाताल किनारमा फुटट्र्याक मर्मत, गौरीघाटमा आर्ट ग्यालरी निर्माण, उज्यालो पोखरा अभियान अन्तर्गत वडा भित्रका विभिन्न भित्री सडकमा २०० थान स्मार्ट सडक बत्ती जडान गरिएको छ ।

बैदाम शिशु विकास तथा स्याहार केन्द्रका बालबालिका तथा तिनका अभिभावकलाई लक्षित गरी आँखा शिविर र मुख तथा दन्त स्वास्थ्यसम्बन्धी शिविर तथा सचेतना कार्यक्रममार्फत १०० जना भन्दा बढीलाई सेवा प्रदान गरिएको छ । विपन्न ६० परिवारको निशुल्क स्वास्थ्य बिमा गरिएको छ ।

प्रत्येक महिनाको ६ र २१ गते नियमित खोप तथा तोकिए बमोजिम भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम सञ्चालन गरिएको छ । महिला स्वास्थ्य स्वयंसेविकालाई पोषण, मनोसामाजिक स्वास्थ्यसम्बन्धी तालिम प्रदान गरिएको छ ।

वडाका २१० घर, परिवारले व्यवस्थित रुपमा कौशी खेती गरिरहेका छन् । उनीहरूलाई विभिन्न समयमा आवश्यक तालिम तथा प्राविधिक सहायता, मल, बिउ, कम्पोस्ट विन लगायत प्रदान गरिएको छ । ताल बाराही माविमा सूचना प्रविधि कक्षा सञ्चालनका लागि ५ वटा ल्यापटप सहयोग तथा अन्नपूर्ण आविमा बाल कक्षा व्यवस्थापन गरिएको छ ।

५ सयभन्दा बढी जेष्ठ नागरिकलाई तीर्थाटन तथा सम्मान गरिएको छ। वडाका महिला तथा महिला पर्यटन व्यवसायीलाई विभिन्न प्रकारको व्यवसाय विकास तथा बालबालिकाका लागि नेतृत्व क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ । दलित, आदिवासी, जनजाति तथा विपन्न वर्गका महिलालाई सीपमूलक तालिम प्रदान गरिएको छ । मुक्तेश्वर शिव मन्दिरमा शंख बजाउने प्रशिक्षणका लागि २१ थान शंख, बालभजन समूहलाई खैंजडी, मुजुरा, बाँसुरी लगायतका वाद्यवादन सामग्री र १८ वटा आमा समूहलाई १/१ थान मादल प्रदान गरिएको छ । फेवातालमा माछाको भुरा छोड्ने, प्रथम वडास्तरीय बुद्धिचाल प्रतियोगिता, प्रथम पोखरा खुला पौडी प्रतियोगिता २०८१, फेवाताल किनारको पदमार्गमा सचेतनामूलक बोर्ड राख्ने, वडा कार्यालयमा ई-नागरिक बडापत्रको व्यवस्थापन लगायतका कार्य भएका छन् ।



## वडा नम्बर ७

पोखरा महानगरपालिका वडा नं.७ मा विकास, निर्माण र सामाजिक सशक्तीकरणका विभिन्न कार्य उत्साहका साथ गरिएका छन् । यस अवधिमा २.५ किमी सडक रिसिलिङ र २ किलोमिटर सडक ढलान गरिएको छ । वडाका विभिन्न स्थानमा १.५ किमिमा नाला र १ सय मिटर पर्खाल निर्माण गरिएको छ ।

यस अवधिमा रापाकोट समाजघर रंगरोगन, मर्मत तथा कम्पाउन्ड, घले समाज घरको स्तरोन्नति, वडा कार्यालय स्तरोन्नति, रत्नचोक तमु समाज घर मर्मत, विश्वकर्मा समाज घर, महिला क्लब सामुदायिक भवन मर्मत तथा शौचालय निर्माण गरिएको छ । कैलाशेश्वर मन्दिर, शिवपुस्करेश्वर मन्दिर स्तरोन्नति, श्रीकृष्ण प्रणामी मन्दिर रङरोगन, शिवपुस्करेश्वर मन्दिर स्तरोन्नति, बराल बन्धु मन्दिर संरक्षण र ट्रस्ट निर्माण गरिएको छ । श्रीकृष्ण मावि मासबारमा भवन रङरोगन, चमेनागृह र पुस्तकालय निर्माण गरिएको छ ।

मासवारमा पेपर्स ब्लक फुटपाथ, घारीपाटन ट्याक्सी चोकदेखि एयरपोर्टसम्म फुटट्र्याक, घारीपाटन ९ र ७ को सिमानामा पेपर्स ब्लक, घरेलु कार्यालय आसपासमा






फुटपाथ निर्माण गरिएको छ । बासेको पँधेरा संरक्षण तथा मासवार रहेको पाखरी पाटन संरक्षण गरिएको छ । गहतेपार्क संरक्षण, मिलन पार्कमा खुला व्यामशाला निर्माण, मिलन पार्क निर्माण, तीनकुने पार्क स्तरोन्नति, घारीपाटन डिभाइडर रङरोगन, सार्वजनिक जग्गा संरक्षण, बुटिक चौतारी मासवार, रत्नचोकदेखि राष्ट्र बैंकसम्म रहेका चौतारीहरू मर्मत तथा संरक्षण, जनप्रिय क्यापसअघि चौतारी निर्माण र रत्नचोकमा ६ चौतारी मर्मत गरिएको छ ।

वडाका विभिन्न चोकमा सिसी क्यामेरा जडान, विभिन्न सामाजिक संघ, संस्थाको सहकार्यमा सरसफाइ अभियान र उज्यालो पोखरा अभियान अन्तर्गत १ हजारभन्दा बढी स्मार्ट सडक बत्ती जडान गरिएको छ । महिलाको पाठेघर क्यान्सरसम्बन्धी शिविर, स्वाथ्य सचेतना तथा मनोरोगबारे सचेतना अभियान, डेंगु सचेतना, सर्ने तथा र नसर्ने रोगसम्बन्धी जनचेतना, स्वाथ्यकर्मीलाई पुनर्ताजगी तालिम, सुगर, प्रेसर र मुटु रोगहरूको शिशिरमार्फत उपचार गरिएको छ ।

वडामा कृषि बजार व्यवस्थापन गरिएको छ । व्यावसायिक कृषकलाई मल, बिउ तथा चाप कटर र कम्पोस्ट विन वितरण गरिएको छ । कौसी खेती कार्यक्रमलाई प्रोत्साहन गरिएको छ । यस अवधिमा १०१ जनाको जन्म दर्ता, ५१ जोडीको विवाह दर्ता, २१ जनाको मृत्यु दर्ता, ११ जोडीको सम्बन्ध बिच्छेद र १५ वटा बसाइसराइका घटना दर्ता गरिएको छ ।

महिलालाई एड्भान्स उद्घोषण तालिम, कानुनी सचेतना, ज्येष्ठ नागरिक अध्ययन अवलोकन, युवाहरुका लागि वारिस्टा तालिम, हाजिरीजवाफ प्रतियोगिता, ब्युटिसियन तालिम, मादल बजाउने तालिम, बालबालिकालाई बक्तृत्वकला प्रतियोगिता, अचार बनाउने तालिम, मादल बजाउने तालिम, बाटेको धूप, साबुन बनाउने लगायतका तालिम प्रदान गरिएको छ ।

# वडा नम्बर ८

पोखरा महान गरपालिका वडा नं.८ को कार्यालय पोखराको मुटुमा अवस्थित छ । यो वडा विकासका दृष्टिले सम्पन्न छ । यसमा वडावासीको माग अनुसार विकासका कार्य निरन्तर अगाडि बढिरहेको छ । यस अवधिमा वडामा २.५ किमी सडक रिसोलिङ गरिएको छ। आनन्द मार्ग, सहयोगी मार्ग, कृष्णलाल मार्ग, प्रतिभा मार्ग, शिवालय मार्ग, जनप्रिय स्कुलमा ढलान, एयरपोर्ट मिलन मार्ग, संगम मार्ग बराल मार्गदेखि फिर्के बाटो, छहारी मार्ग, डम्बरकुमारी मार्ग, बगाले टोल एनसिसी बैंक जाने भित्री बाटो, पवित्र मार्गदेखि लेखनाथ सम्मको बाटो, भक्ति मार्ग शाखा बाटो, डाँडाघरे मार्ग र ईन्द्रपुरी बाटो गरी करिब ३.५ किमी सडक ढलान गरिएको छ। जनप्रिय स्कुलमा सकपिट निर्माण गरिएको छ।

चालिसे मार्ग, शिवालय मार्ग, सहयोगी मार्ग, संगम मार्ग, कोमल मार्ग, अनन्द मार्ग, गणेशमान मार्ग, शीतल मार्ग, ज्ञानकुञ्ज मार्ग, सिद्धार्थ मार्ग र फिर्के खानेपानी नजिक ढल निर्माण गरिएको छ । मानव सेवा आश्रम परिसरमा पर्खाल निर्माण गरिएको छ।

ईन्द्रपुरी सामुदायिक भवनमा झ्यालढोका निर्माण,



सोंपाल समाजघर ढुंगा बिच्छाउने, रेडक्रस भवन मर्मत तथा स्तरोन्नति, कृष्ण प्रणामी मन्दिरका लागि कोठा थप, जाल्पादेवी बहुउद्देश्यीय भवन मर्मत, आकासेपुल रङरोगन, एयरपोर्ट किरियापुत्री भवनमा फर्निचर, ईन्द्रपुरी सरस्वती सामुदायिक भवन मर्मत र रङरोगन, सृजनाचोकवरिपरी रेलिङ निर्माण, साविकको वडा कार्यालय मर्मत, सहरी स्वास्थ्य प्रवर्दन केन्द्रमा ट्रस्ट निर्माण गरिएको छ ।

सरस्वती मन्दिर पुनर्निर्माण, पशुपतिनाथ मन्दिरमा पानी ट्यांकी शौचालय तथा कोठा निर्माणका साथै रंगरोगन तथा मर्मत, गणेश मन्दिर, भीमसेन मन्दिर, शिवालय मन्दिर समेत रंगरोगन तथा मर्मत, कृष्ण मन्दिरमा ट्रस्ट निर्माण, सिद्देश्वर महादेव मन्दिरमा ढोका निर्माण, शिवालय मन्दिर र कृष्ण प्रणामी मन्दिर मर्मतसम्भार गरिएको छ ।

जनप्रिय माविमा सभाहल रङ्रोगन, श्रीराम आविमा बालमैत्री फर्निचर, जनप्रिय बहुमुखी क्याम्पस भवन रंगरोगन, फर्निचर खरिद र सभाहल मर्मत, जनप्रिय मावि फर्निचर खरिद, जनप्रिय क्याम्पसको पुस्तकालयमा फर्निचर, क्याम्पसको प्राङ्गणमा प्याविङ लगाउने र सिंढीमा टायल लगाउने, श्रीराम आविमा रङरोगन, फर्निचर, प्रतीक्षालय र फुटट्रयाक निर्माण गरिएको छ ।

भारती मार्गमा खानेपानी विस्तार, सरस्वती मन्दिर पश्चिम पार्क निर्माण, शिवालय पार्क मर्मत, श्रीराम आवि माथिको पार्कमा प्याविङ निर्माण, पार्कमा खुला व्यायाम शाला निर्माण, जाल्पामार्गमा रंगरोगन जेब्राक्रसिङ निर्माण र स्ट्रिट नम्बरिङ गरिएको छ ।

सिद्धार्थ चोकदेखि सृजनाचोकसम्म वृक्षारोपण, सृजनाचोकदेखि राष्ट्रबैंकसम्म वृक्षारोपण, वडाका विरुवा काटछाँट तथा सौन्दर्यीकरण, सृजनाचोकदेखि फिर्केतर्फ र माथि पट्टि ४३ बुटिक चौतारी निर्माण, विभिन्न स्थानमा बुटिक चौतारी संरक्षण र वडामा रहेका अन्य चौतारी तथा पार्कको मर्मतसम्भार र सौन्दर्यीकरण गरिएको छ ।

वडाका विभिन्न स्थानमा २२ भन्दा बढी सिसी क्यामेरा जडान, शिवालय मार्गमा गटर नाला निर्माण, वडामा सरसफाइका लागि जनचेतनामूलक सामग्री छपाइ तथा वितरण, सफा वडा अभियान, घरधुरी सर्भेक्षण, कौशीखेती अन्तर्क्रिया, कम्पोस्ट बिन वितरण र कौशी खेती प्रवर्द्धन गरिएको छ । उज्यालो पोखरा अभियानमा वडाभित्र सेन्सर लाइट जडान, सडक बत्ती मर्मत र सडक बत्ती जडान गरिएको छ ।

ज्येष्ठ नागरिकका लागि स्वास्थ्य शिविर, दिवा सेवा केन्द्र सञ्चालन, भिआइए टेस्ट, मनोरोग तथा सर्ने रोग, दीर्घरोग परामर्श कार्यक्रम, मनोरोग परामर्श कार्यक्रम, नागरिकका लागि स्वास्थ परीक्षण, किशोरीका लागि सेनेटरी प्याड तथा आराम कक्षाकोठाको व्यवस्था गरिएको छ ।

वडामा कौशी कम्पोस्ट बिन, गोडमेल कुटो वितरण, गड्यौला मल उत्पादन तालिम, इफिएम झोल









निर्माण तालिम, तरकारीमा लाग्ने कीरा नियन्त्रण तालिम, तरकारी तथा फूलका बिउ तथा बेर्ना वितरण, वडास्तरीय कृषि सञ्जाल पुनर्गठन, असिना छेक्ने जाली र मल तथा पिना वितरण गरिएको छ। वडा बाल मञ्च गठन तथा बाल भेला नेतृत्व विकास कार्यक्रम, श्रीराम आविमा बाल विकास केन्द्र स्थापना तथा व्यवस्थापन, क्षमता अभिवृद्धि तालिम, हिज्जे प्रतियोगिता, जनप्रिय माविमा शैक्षिक सामग्री र न्यानो कपडा वितरण, श्रीराम आविका छात्रछात्राका लागि पोशाक तथा मसलन्द वितरण गरिएको छ।

वडामार्फत विभिन्न कला, संस्कृति सम्बर्द्धन र प्रवर्धनमा सहयोग गरिएको छ। विभिन्न बाजा वितरण, गोकुलधामलाई सहयोग, मादल वितरण, मन्दिर तथा योग केन्द्रमा सामग्री वितरण गरिएको छ। युवाका लागि कपाल काट्ने, केक, डसना बनाउने, उद्यम व्यवस्थापन, मादल बजाउने, आमा समूहका लागि वाद्यवादन सामग्री वितरण गरिएको छ।

आर्थिक वर्ष २०७९/८० मा महिलालाई श्रृंगार तालिम, कुशन बनाउने, झोल साबुन बनाउने, नेल मेकअप, बाटेको धूप बनाउने, उद्घोषण, कानुनी सचेतना, महिला वक्तृत्वकला प्रतियोगिता, तनाव व्यवस्थापन, प्रतिवेदन तथा प्रस्तावना लेखन तालिम, विपन्न स्वास्थ्य बिमा सहयोग र अपांगका लागि मौरीघार वितरण गरिएको छ।

२०८०/०८१ मा ऊनीको धागोबाट सामान बनाउने, वारिस्टा तथा बेकरी, दुबोको माला बनाउने, मादल बजाउने, बाटेको धूप बनाउने, प्रतिवेदन तथा प्रस्तावना लेखन, महिला नेतृत्व विकास, विपन्न स्वास्थ्य बिमा सहयोग लगायतका कार्यक्रम गरिएको छ।

आव २०८१/०८२ मा यमरी तथा चटामरी बनाउने, सिलाइ कटिङ, प्रतिवेदन तथा प्रस्तावना लेखन, मखमलका सामान बनाउने, बालबालिकाको क्षमता विकास, कपाल कटाइ, ड्राइभिङ, बेवपेज डिजाइन, घरायसी मसला, उदघोषण कला, अचार बनाउने, पदीय जिम्मेवारीसम्बन्धी तालिम, बाटेको धूप बनाउने, प्रविधि हस्तान्तरण र वडाका विपन्न नागरिकको स्वास्थ्य बिमा लगायतका कार्यक्रम गरिएको छ।

## वडा नम्बर ९

पोखरा महानगरपालिका वडा नं.९ को नयाँबजार शुभमार्ग बाटो ढलान, शान्ति दर्शन पार्क जाने बाटो ढलान, सानोभित्री बाटो ढलान, जनकल्याण टोल नागढुंगामा रिटेनिङ वाल र बाटो ढलान, गुप्तकुमारीको घरनेर शान्तिटोल बाटो ढलान, दरबारथोक गल्ली १ क बाटो ढलान, पार्वती टोल र कृष्ण टोल बाटो ढलान गरिएको छ । शिवटोल बाटो ढलान, शान्तिघाट सेती बाटो ढलान, बसपार्क पश्चिमपट्टि एयरपोर्ट जाने बाटो निर्माण, क्षेत्रीय कृषि विकासदेखि प्रदर्शनी मार्गसम्म बाटो ढलान, प्रदर्शनी केन्द्र ३ नं गेटदेखि यातायातसम्म बाटो ढलान, कृषि विकास बैंकदेखि प्रदर्शनी मार्गसम्म बाटो ढलान, माछापुच्छ्रे बैंक सञ्चय कोष बाटो ढलान गरिएको छ ।



यस्तै, दरबारथोक २ ख नाला मर्मत, संग्रहालय सिद्धमार्ग सेती नाला निर्माण, नयाँबजार संग्रहालय-सेतीनदी नाला निर्माण तथा मर्मत, शिवमार्ग नाली निर्माण, सेतीगंगा टोल ढकनीरबार, नागढुंगा कजवे नाला निर्माण, कुन्ती मल बसपार्क नाला बाटो ढलान, शान्तिवन चाइना पुलसम्म नाला निर्माण, सहारा आविअघि नाला

ढल निर्माण, शिवमार्ग भित्री बाटोमा नाला निर्माण, भूपूपछाडि नाला निर्माण गरिएको छ ।

यस अवधिमा रेडक्रस बहुउद्देश्यीय भवन, ज्येष्ठ नागरिक भवन शान्तिघाट, तल्लो सिद्धमार्ग भवन, सीतापाइला जलारी समाज भवन निर्माण, सेतीगंगा महाआरती भवनमा ट्रस्ट निर्माण, सहारा टोल किरिया पुत्री भवन मर्मत, सेतीगंगा भवन तथा फर्निचर, साँघुमुख किरियापुत्री भवन, सिद्धेश्वर मन्दिरमा कोठा तथा स्नान गृह निर्माण, कृष्णटोल भवन मर्मत, नागढुंगा आमा समूह भवन मर्मत, माछापुच्छ्रे गुठी भवन मर्मत, महेन्द्रपुल किरिया पुत्री भवन निर्माण, मानव सेवा आश्रम कोठा निर्माण, साघुँमुख किरियापुत्री भवन, शान्तिधाट विकास समिति भवन निर्माण, हिमाली सांस्कृतिक परिवार स्नान गृह निर्माण, कृष्णटोल भवन मर्मत, तमुधीं भवन निर्माण, सिद्धमार्ग भवन निर्माण, गणतन्त्र टोल समाज घर मर्मत, क्षेत्री समाज भवन लगायतका पूर्वाधार निर्माण गरिएका छन् ।

जयश्री मुक्तिनाथ आश्रममा फर्निचर व्यवस्थापन, चण्डीमाई सेवा समिति भवन थप, कृष्णटोल कृष्ण मन्दिर, चण्डीमाई सेवा समिति भवन थप, नाग मन्दिर सौन्दर्यीकरण, चण्डीमाई सेवा समिति भवन, पार्वती टोल शिवमन्दिर शौचालय निर्माण, सिद्धेश्वर शिव मन्दिर सौन्दर्यीकरण, शिवटोल शिव मन्दिर सौन्दर्यीकरण र जनकल्याण टोलमा शिव मन्दिर निर्माण गरिएको छ ।

नवप्रभात माविमा प्रतीक्षालय, सेतीगंगा खानेपानी ट्यांकी, नागढुंगा पार्क सौन्दर्यीकरण, रेशम फिरिरी पार्क निर्माण, नागढुङ्गा र सेतीगंगा टोलमा खुला व्यामशाला, नयाँ सडकमा ५५ वटा साना चौतारी निर्माण, सिद्धमार्ग चौतारामा १, महेन्द्रपुल पृथ्वीचोक खण्डमा ४१ बुटिक चौतारा निर्माण तथा २९ स्थानमा बाटोमा संकेत बोर्ड राखिएको छ । रामघाट तुल्सीघाट सौन्दर्यीकरण, शान्तिवन-तुल्सिघाट पदमार्ग निर्माण, शान्तिघाट-रामघाट पदमार्ग निर्माण, रामघाट तुल्सीघाटमा ढुंगाको छपनी बिच्छ्याएको छ। शान्तिधाट सेती नदी जाने सिंढी निर्माण, महेन्द्रपुल पार्क जाने सिंढी, उज्यालो वडा कार्यक्रममा वडास्तरमा सेन्सरलाइट









जडान गरिएका छन् ।

पाठघरको मुखको क्यान्सर स्क्रीनिङ, नाक, कान, घाँटी जाँच शिविर, दन्त शिविर, सचेतनामूलक अभियान अन्तर्गत अर्वुद रोग, सचेतनामूलक अभियान सरुवा रोग, नसर्ने रोगसम्बन्धी सचेतनामूलक अभियान, सुत्केरी आमा पोषण प्याकेज कार्यक्रम सञ्चालन गरिएको छ । कृषकलाई कुटो, ग्रो ब्याग वितरण, कौशी खेती स्ट्यान्ड, महेन्द्रपुलमा साप्ताहिक हाट बजार सञ्चालन, कौशीखेतीमार्फत् उत्पादित कृषि उपजको बिक्री, मल, बिउ, ड्रम, बिरुवा वितरण, सामुदायिक कुकुरहरूको भ्याक्सिन शिविर सञ्चालन गरिएको छ ।

सहारा आवि, पोखरा पुस्तकालय व्यवस्थापन, सामुदायिक विद्यालयहरूमा शैक्षिक सामग्री वितरण, शिक्षक कार्यशाला सञ्चालन, सामुदायिक विद्यालयमा योग शिक्षा सञ्चालन, उत्कृष्ट करदाता सम्मान, व्यवसाय दर्ता अभियान सञ्चालन, योग केन्द्रहरूमा सामग्री सहयोग र वडा पार्श्व तस्बिर तयार गरिएको छ ।

साबुन बनाउने तालिम, जुत्ता चप्पल बनाउने तालिम, कुखुराका चल्ला वितरण, खेलकुद सामग्री वितरण, तीर्थाटन, पोषिलो सातु वितरण, अपांगता भएका व्यक्तिलाई सामग्री सहयोग, संस्कृत युवा मञ्चलाई वाद्यवादन सामग्री प्रदान गरिएको छ ।

## वडा नम्बर १०

पोखरा महानगरपालिका वडा नं.१० मा यस अवधिमा विभिन्न विकास, निर्माण र सामाजिक क्षेत्रका काम भएका छन्। वडाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने गरी भौतिक पूर्वाधार, मानव संशाधन र सामाजिक क्षेत्रको सशक्तीकरणका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । वडा नं.१० का विभिन्न स्थानमा २ किमी सडक रिसिलिङ गरिएको छ । अमरसिंह खत्री पसल हुँदै वीरेन्द्रचोक जाने बाटो, खत्री पसल-कालिका चोक-ज्येष्ठनागरिक हुँदै रामबजार सडक, शिव मार्ग, हिमालयन बैंक कामना टोल-वडा कार्यालयसम्म बाटो रिसिलिङ गरिएको छ ।



वडाका विभिन्न सडक गरी ३ किमी सडक ढलान गरिएको छ । अन्नपूर्ण टोल भित्री बाटो, उत्तम मार्ग लेन ४ बाटो, शान्तिपथ सिग्देल मार्ग बाटो ढलान तथा मर्मत, दुचीटोल बाटो, हिमाली मार्ग, अन्नपूर्ण मार्ग, अन्नपूर्ण टोल तल्लो सिमलबोट दृष्टिविहीन शाखा बाटो, उत्तम मार्ग र नहरमार्ग बाटो ढलान गरिएको छ ।

सृष्टि टोल, शान्तिपथ, सुनकोशी टोल, वेथानी टोल, रामपथ, हिमाली मार्ग, पारुहाङ, गौरीमार्ग, आँपको

बोट, अन्नपूर्ण टोल तल्लो सिमलबोट दृष्टिविहीन शाखा गल्ली, सिमल मार्ग, कामना टोल भित्री, शिव मार्ग लेन १, मिलनटोल लेन ४, सृष्टि टोल, गौरी मार्ग, खत्री पसल गल्ली, रामपथ, पारुहाङ, गौतम बुद्ध मार्ग वेलफेयर जाने बाटो ढलान गरिएको छ । यस अवधिमा भीमसेन टोलबाट राम मन्दिर जाने बाटोमा कल्भर्ट निर्माण, जनप्रिय, मिलन मार्ग सडक तथा नाली व्यवस्थापन, शान्ति पथ गोर्खा लाइन नाला तथा स्ल्याब निर्माण, वडा नं. १० भित्रका ढल व्यवस्थापन तथा स्ल्याब निर्माण, अस्पताल चोकदेखि रामघाटसम्म नाला निर्माण गरिएको छ । बुद्धटोलमा सडक मर्मत, टेवा पर्खाल र रेलिङ निर्माण गरिएको छ ।

अमरसिंह किरियापुत्री भवन मर्मत, कालिकाचोकदेखि कालिका मन्दिरसम्म फुटपाथ निर्माण, शान्ति सामुदायिक वन उपभोक्ता समूह, खत्रीपसल चोकदेखि वीरेन्द्र चोकसम्म सडक फुटपाथ निर्माण, माछापुच्छ्रे टोल खानेपानी पाइप लाइन विस्तार, अन्य पूर्वाधार मर्मत र वडा भित्रका विभिन्न सडक मर्मत गरिएका छन् ।

वडाका ६ स्थानमा सार्वजनिक चौतारा निर्माण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत मुख्य चोकमा स्मार्ट सडक बत्ती जडान गरिएको छ । वडाका मुख्य मुख्य चोकमा सिसी क्यामेरा जडान गरिएको छ ।



नियमित सफाइ अभियानका रुपमा सञ्चालन गरिएका छन् । नागरिकको नियमित स्वास्थ्य परीक्षणका लागि शिविरहरू सञ्चालन गरिएको छ ।

वडामा शैक्षिक सुधारका लागि विभिन्न क्रियाकलाप सञ्चालन गरिएका छन् । कालिका नमुना माध्यमिक विद्यालयमा ट्रस, कालिका पब्लिक कलेजमा फर्निचर सहयोग, जनप्रिय समाजघर शौचालय निर्माण तथा रङरोगन, कुडहर आधरभूत विद्यालयलाई कम्प्युटर सहयोग, विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता, पल टाँसी गुम्बा विद्यालयका विद्यार्थीलाई स्टेसनरी वितरण, विद्यालय स्तरीय चित्रकला प्रतियोगिता, कालिका नमुना माविका गरिब जेहेन्दार विद्यार्थीलाई स्टेसनरी वितरण, विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता, कालिका पब्लिक कलेजमा फर्निचर र कुँडहर विद्यालयमा कम्प्युटर प्रदान गरिएको छ ।

वडामा युवालाई स्वरोजगारमूलक कार्यक्रम, दलित महिला आयआर्जन कार्यक्रम, टोलस्तरीय फुटबल प्रतियोगिता, एकल महिला आयआर्जन कार्यक्रम, ज्येष्ठ नागरिक, गरिब परिवारका लागि स्वास्थ्य बिमा, महिला स्वास्थ्य स्वयंसेविका क्षमता विकास, ज्येष्ठ नागरिक सम्मान, महिला सशक्तीकरण तथा क्षमता विकास, दलित महिला आयआर्जन, युवा स्वरोजगार, क्षमता विकास तथा सीपमूलक तालिम, अपांग आयआर्जनका लागि सीप विकास, महिलालाई मादल प्रशिक्षण, कौसी खेती, ब्युटीपार्लर लगायतका तालिम प्रदान गरिएको छ ।

वडा कार्यालयको सहयोगमा कालिका मन्दिरको भवन मर्मत तथा रङरोगन, रामघाट संरक्षण तथा स्तरोन्नति, डढुवा दुर्छा लमजुङ पोखरा तमु समाजघर मर्मत, रामघाट शिव मन्दिर मर्मत, समाज कल्याण समिति ट्रस निर्माण, महायोगी सिद्धबाबा समाधि स्थलमा पूर्वाधार विकास, कोल्मा बहाकोट तमु समाज घर मर्मत, भेट्रान्स फुटबल, भुरुदी स्यो बौद्ध तमु समाजघर मर्मत, संकल्प आमा समूह भवनमा टाइल, ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय मर्मत, ताया मचा नृत्य तालिम प्रदान गरिएको छ ।

## वडा नम्बर ११

पोखरा महानगरपालिका वडा नं. ११ को काँहुखोला सडक स्तरोन्नति, हिमश्री टोलमा नाली तथा सकपिट निर्माण, वडा कार्यालयदेखि भलामसम्मको सडक स्तरोन्नति, दलित सामुदायिक भवन निर्माण, गुरुप्रसाद बास्तोलाको घरदेखि मनकामना चौतारीसम्म नाली निर्माण, वडा कार्यालयको कम्पाण्डवाल निर्माण, भानु मार्ग (क) मा सल्याव निर्माण, काँहू स्वास्थ्य चौकी भवन निर्माण गरिएको छ ।

ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, वडास्तरीय बालबालिका सञ्जाल गठन, ज्येष्ठ नागरिक स्वास्थ्य शिविर, कृषि कम्पोस्ट बिन वितरण, महिला क्षमता अभिवृद्धि कार्यक्रम, पोषण शिक्षा कार्यक्रम, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि, महिला स्वास्थ्य शिविर, मणिपाल पछाडिको चौतारा निर्माण, तेजकुमारी पौडेलको घरमुनिको पहिरो नियन्त्रण, बृहत् काँहू खानेपानी योजना, दिव्यशान्ती अनुभूति केन्द्र, धर्मकाया बुद्ध मण्डला, काहुँ धरहरा पार्क निर्माण, रिठ्ठाको घाटमा शौचालय तथा भवन निर्माण, वडा कार्यालय अगाडि बाटोमा नाला निर्माण, पहेरीखोलादेखि मणि शिवालय जाने बाटो स्तरोन्नति र सिम्लेपानी पूर्व बाटो निर्माण, मान्द्रेढुंगादेखि फुल्सेनी पँधेरो जाने मोटर बाटो स्तरोन्नति तथा बाटो ढलान गरिएको छ ।



शिव शक्ति स्कुल पछाडिको पार्क, रामेश्वर मन्दिर नागको थानदेखि मचारी जाने बाटो स्तरोन्नति, डाँडा बारी मार्ग स्तरोन्नति, तुलसी मार्ग सार्वजनिक शौचालय निर्माण, काहुँदोपहरे खोलादेखि जानी ट्यांकीसम्मको बाटो स्तरोन्नति, घिमिरे कुलायन मन्दिरदेखि काहुँ आ.वि जाने बाटो र तिलाह भन्ज्याङ बाटो स्तरोन्नति, कृषि महिला समूह काँहु अन्तर्गतको भवन निर्माण, राधाकृष्ण परिसर पोखरी संरक्षण, नयाँ पोखरी सामुदायिक वन पोखरी संरक्षण, पोखरा-११, काहुँ सिस्नेरी स्थित सिस्नेरी पँधेरोदेखि दक्षिणतर्फको मध्यम पथ सडक स्तरोन्नति त्रिशक्ति दुर्गा मन्दिर संरक्षण समिति, बुद्ध शान्ति पार्क निर्माण, हरि बरालको घर अगाडिको चौतारा निर्माण, टेलीकमचोक ब्यारेक अगाडि ब्लक बिछ्याइएको छ ।

यस्तै भोटेकुना बाटोको पहिरो नियन्त्रण, कालिका टोलमा क्रियापुत्री भवन निर्माण, राजु भट्टराईको घरजाने बाटो ढलान, भास्कर स्कुल जाने बाटो स्तरोन्नति, फूलबारीदेखि काँहु धरहरा जाने मूल सडक स्तरोन्नति गरिएको छ । वडाका विभिन्न ८ स्थानहरूमा बाटो ढलान, ४ स्थानमा सडक स्तरोन्नति, ५ स्थानमा चौतारा तथा पार्क निर्माण, १ स्थानमा नाला निर्माण, २ स्थानमा मर्मत तथा विपद् व्यवस्थापन, २ स्थानमा पोखरी संरक्षण, ३ स्थानमा मन्दिर निर्माण, २ स्थानमा सामुदायिक भवन निर्माण, विद्यालय भवन निर्माण, २ स्थानमा शौचालय निर्माण गरिएको छ ।









## वडा नम्बर १२

पोखरा महानगरपालिका वडा नं.१२ मा पूर्वाधार विकासले फड्को मारेको छ । यस अवधिमा वडामा करिब ४ किमी सडक रिसोलिङ तथा प्याचिङ गरिएको छ । नवदीप टोलमा बाटो, डालिमा टोल, वृद्ध टोल, सिटिइभिटी मार्ग, चापापानी मार्ग र अन्य भित्री बाटोहरू स्तरोन्नति गरिएको छ । शितलादेवीदेखि भेटनरीचोक, अन्नपूर्ण मार्गदेखि मियाँपाटनसम्म फुटपाथ निर्माण, कालिका मार्ग स्तरोन्नति गरिएको छ ।

वडा कार्यालयमा पर्खाल निर्माण गरिएको छ भने प्राचीन शैलीको प्रवेशद्वार निर्माण गरिएको छ । शितलादेवी सामुदायिक भवन, ढिकालेथर सेवा समिति भवन, आदर्श समाज किरियापुत्री भवन, च्युलीपार्चे तमु समाज भवन स्तरोन्नति, हरिचन्द्र सृजनशील भवन, बराल डाँडा तमु समाज र नादा डाँडा तमु समाजको भवन स्तरोन्नति गरिएको छ । यस्तै, शितलादेवी मंदिर, महाकालेश्वर शिव मन्दिर, उपकारेश्वर शिवालय मन्दिर, भद्रकाली मन्दिरमा विभिन्न भौतिक संरचना निर्माण गरिएका



छन् ।

अमरसिंह माविमा प्रवेशद्वार, रेलिङ तथा फुटपाथ निर्माण, सरस्वती आधारभूत विद्यालयमा भवन स्तरोन्नति, जयटोल पार्क निर्माण, गुम्बाफेदी चौतारा निर्माण, चापापानी टोलमा पार्क निर्माण, रेडक्रस भवन नजिक चौतारी निर्माण, भेटेरिनरी अगाडि चौतारी निर्माण, वडा कार्यालय परिसरमा नेवारी शैलीको परम्परागत आकर्षक फल्चा निर्माण गरिएको छ ।

वडा कार्यालय परिसरमा पार्क तथा सौन्दर्यीकरण र स्तम्भ निर्माण, युएनडिपी, सँगको साझेदारीमा प्लाष्टिक न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालन, चापापानी कुवा निर्माण, जयटोलमा पार्क, चापापानी मार्गमा पार्क, भुन्टावीर मार्ग चापापानीमा व्यायामशाला निर्माण गरिएको छ । शितलादेवी, अमरसिंह स्कुल अगाडि, हस्पिटल मार्ग, माटेपानी मार्ग, कुँडहर चोक लगायतको सडक सौन्दर्यीकरण गरिएको छ । चापापानी टोलमा सेयरवाल निर्माण गरी बस्ती संरक्षण गरिएको छ ।

'मेरो वडा, सुन्दर वडा' अन्तर्गत सडक परिसरमा वृक्षारोपण तथा संरक्षण गरिएको छ। वडा कार्यालयदेखि अमरसिंह चोक पूर्वपट्टि पुरानोधार हस्पिटल हुँदै अमरसिह चोक पश्चिमपट्टि भुन्टाविर चोकदेखि काहुँ जाने बाटोसम्म, पुरानोधारादेखि गुम्बा फेदी, सरस्वती स्कुलदेखि भद्रकाली मार्ग र वडाभित्र रहेका अन्य खाली स्थानमा विभिन्न प्रजातिका विरुवा लगाइएको छ । वडाका विभिन्न टोल तथा गल्लीहरूमा सिसी क्यामेरा जडान गरिएको छ । प्रत्येक शनिबार टोल टोलमा सरसफाइ तथा फोहोर व्यवस्थापन कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिएको छ ।

भद्रकाली मन्दिर परिसरमा पर्यटन पदमार्ग तथा सिँढी बाटो निर्माण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत वडाभित्रका सम्पूर्ण टोल, पार्क र शितलादेवी मन्दिर परिसर, शिव मन्दिर, महाकालेश्वर शिव मन्दिर, उपकारेश्वर मन्दिर लगायतका स्थानमा स्मार्ट सडक बत्तिहरू राखिएका छन् ।

वडामा डेंगुरोगसम्बन्धी सचेतना, रक्तदान, तथा बृहत स्वास्थ्य शिविरहरू सञ्चालन गरिएका छन् । आव २०७९/८० मा ४३० बालबालिकालाई खोप लगाइएको छ । पूर्ण खोप ९३, भिटामिन ए ६ महिनादेखि ५९ महिनासम्मका १ हजार २३८, जुकाको औषधी १ हजार १७३, पोषण ५ सय ५४ जनालाई प्रदान गरिएको छ । यस्तै, आव २०८०/०८१ मा ३६० जनालाई खोप लगाइएकोमा पूर्ण खोप ६६, भिटामिन-ए पाएका ६ महिनादेखि ५९ महिनासम्मका १ हजार १२१, जुकाको औषधी १ हजार ९२७, पोषण ५०७ जनालाई प्रदान गरिएको छ । आ.व. २०८१/०८२ मा ३९४ जनालाई खोप, ६४ लाई पूर्ण खोप, भिटामिन-ए पाएका ६ महिनादेखि ५९ महिनासम्मका १ हजार ९८६, जुकाको औषधी १ हजार ३१ र ५ सय जनालाई पोषण प्रदान गरिएको छ ।



अमरसिंह माविमा छात्रवृत्ति व्यवस्थापन, भौतिक संरचना स्तरोन्नति, प्रविधिमैत्री विज्ञान कोठा, शितलादेवी मावि, सरस्वती आधारभूत विद्यालय, बाल विकास केन्द्र व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, विद्यालय शैक्षिक सुधार कार्यक्रम, विद्यालय बस, प्रयोगशाला व्यवस्थापन लगायतका गतिविधि गरिएको छ । विभिन्न विद्यालयमा संस्कार शिक्षा सुरुवात, सामुदायिक विद्यालयमा अध्ययनरत वडावासी विद्यार्थीका परिवारलाई स्वास्थ्य बिमा कार्यक्रम, आइटी पढ्ने गरिब तथा जेहेन्दार विद्यार्थीलाई निशुल्क इन्टरनेटको सुविधा प्रदान गरिएको छ ।



यस अवधिमा २१७ जन्मदर्ता, १४६ जनाको मृत्यु दर्ता, ११८ जोडीको विवाह दर्ता र ३०२ बसाईसराईको सिफारिस गरिएको छ । लक्षित वर्ग केन्द्रित कार्यक्रम अन्तर्गत महिलाका लागि अचार बनाउने तालिम, उद्घोषण तालिम, बाद्यवादन, दलित महिला सचेतना, गुडिया बनाउने, ब्युटिसियन, सिलाइ बुनाइ, कानुनी सचेतनासम्बन्धी तालिम प्रदान गरिएको छ ।





# वडा नम्बर १३

वडा नं. १३ भित्रका मुख्य सडकहरू रिसोलिङ तथा पिच गरिएका छन् । ट्र्याक्स हाईड्रो नमूना टोल सडक स्तरोन्नति, उदगमटोल सडक, वि.पी.मार्ग बाटो ढलान, मेहोरपानी टोल सुधार (राधा मार्ग) बाटो ढलान, लामो डहरको अधुरो बाटो निर्माण, जयनेपाल टोलको बाटो ढलान, टावर मार्गमा बाटो ढलान, कामना टोलको बाटो ढलान, नवदुर्गा टोलमा बाटो ढलान, जयगंगा मार्ग ओमशान्ति टोल सडक स्तरोन्नति, छापाको चौतारा गाईपानी सडक स्तरोन्नति, टावर मार्ग सडक स्तरोन्नति, बाँझापाटन क को सडक तथा नाला स्तरोन्नति, कमलपोखरी नाला तथा सडक स्तरोन्नति, आर्वा दादरा सडक स्तरोन्नति, सिग्देल मार्ग सडक स्तरोन्नति गरिएको छ ।

उपल्लो गाउँ जाने बाटो स्तरोन्नति, जिमिरेको डिल साझाचोक देखि ढल्केपुल सम्म नाला तथा सडक स्तररोन्नती, समृद्धिटोल विकास संस्थाको बाटो ढलान, काहुँखोला रानाभाट समाजघर जाने सडक स्तरोन्नति,






जय नेपाल टोल अधुरो बाटो स्तरोन्नति, कुईथोक सडक स्तरोन्नति, संगमटोल सडक स्तरोन्नति, बुडियाबारी सडक स्तरोन्नति, हिमाली टोल सडक तथा नाला स्तरोन्नति, मोहरपानीदेखि परियारवस्ती सडक स्तरोन्नति, अन्नपूर्ण टोलको बाटो, डिहिगाउँ जाने बाटो स्तरोन्नति, लाटलाटे खोला रतनपाण्डे विद्यालयसम्म जाने बाटो, काउरे मरुवा मूल कृषि सडक, भन्ज्याङ डाँडा सडक स्तरोन्नति, लामोडहर सडक स्तरोन्नति गरिएको छ ।

लब्सीबोट पैंयमपानी सडक स्तरोन्नति, ढाँडवेशी सडक, नारेश्वर डाँडा परियार वस्ती हुँदै कमेरा पानी सडक स्तरोन्नति, जिमिरेडिल सडक स्तरोन्नति, सम्झनाटोल सडक स्तरोन्नति, छापाको चौतारादेखि मुडुलो बाटो ढलान, गाईपानी शिवमन्दिर सापेको स्वारा बिसौना सडक, पैरेपानी चिसापानी विजयपुर, दुईकुलो मुहान सडक स्तरोन्नति, नमुना टोल सडक स्तरोन्नति, सिग्देल टोल सडक स्तरोन्नति, छापाको चौतारोदेखि गाईपानी सडक स्तरोन्नति, दादरा हुँदै उडलचौर सडक स्तरोन्नति, कसेरीदेखि मादिको सिमानासम्म सडक स्तरोन्नति, अन्नपूर्ण टोल सडक स्तरोन्नति, जुनतारा टोल सडक स्तरोन्नति गरिएको छ ।





कसेरी-नयाँखोर-स्यानी चौतारी बाटो स्तरोन्ती, थापाको चौतारादेखि गाईपानी बाटो स्तरोन्नति, मियापाटनको अपुरो नाला निर्माण, लाटलाटे खोला रतनपाण्डे विद्यालयसम्म जाने बाटो, शुभकामना टोल सडक स्तरोन्नति, भन्ज्याङ् डाँडा सडक स्तरोन्नति, पैरेपानी चिसापानी विजयपुर, अँधेरी डहर मोहोर, कमलपोखरी मार्ग, नमुना टोल सडक स्तरोन्नति, पाटनवेसी दुधपोखरी सडक स्तरोन्नति तथा कुलो निर्माण, सिग्देल मार्ग वडा कार्यालय अगाडि कल्भर्ट कुलो निर्माण, जिमिरेडिल सडक स्तरोन्नति, मियापाटन नाली निर्माण गरिएको छ ।

मुख्य सडकहरूलाई सौन्दर्यीकरण गरी रोड मार्किङ लगायतका कार्यहरू गरिएको छ । मुख्य मुख्य सडक

तथा चोकमा सिसि क्यामेरा जडान गरिएको छ । विपिमार्ग हुँदै बिजयपुर जाने पोखरा महानगरपालिका वडा न.१३ र १४ जोड्ने कल्भर्ट निर्माण कार्य भैरहेको छ । मियापाटन चोकमा वर्षाको भलपानी नियन्त्रणको निम्ति कल्भर्ट तथा नालाको काम भैरहेको छ ।

जिमिरे डिल बाटो स्तरोन्नति, दादरादेखि देउरास्वाँरा पानडाँडा सडक स्तरोन्नति, मोहोरपानी परियार टोलको बस्ती संरक्षण, आर्वा-ओडारे चौरे-दारे गौडा विसाउने हुँदै महाप्रभुधाम सडक, नमुना टोल जाली तथा नाला स्तरोन्नति, आर्वा विजयपुर सडक स्तरोन्नति, काउरे मरुवा मूल कृषि सडक, लम्सीबोट पैमपानी मुहाहर्क चोक सडक स्तरोन्नति, ढाँडवेशी सडक, जिमिरेडिल सडक स्तरोन्नति, छापाको चौतारादेखि मुडुलो बाटो ढलान, काहुँखोला संरक्षण, आर्वाविजयपुर पहिरो संरक्षण, दादरा हुँदै उडलचौर सडक स्तरोन्नति, कुईथोक सडक निर्माण गरिएको छ ।

विद्यालय मर्मत गरिएको छ ।

गहतेडाडा पोखरी संरक्षण, मोहरपानि कुवा संरक्षण, कमल पोखरी संरक्षण, मणिदिप मन्दिर संरक्षण, सिद्धकोथानदेखि काँहुखोला संरक्षण, गाहतेडाँडा पार्क निर्माण, साईला पण्डितको चौतारी, पोखरी पार्क निर्माण, मडकेल्ना व्यायमशाला निर्माण, पाटनबेसी उज्वल टोल बस्ती संरक्षण गरिएको छ । ५ हजार फलफूलको विभिन्न बोट बिरुवा आर्वामा वृक्षारोपण गरिएको छ । बि.पि र्माग चौतारा निर्माण, शहरी सडक चोकहरूमा, सि.सि क्यामरा जडान, १० लाख बराबरको विभिन्न टोलमा सि.सि क्यामरा जडान, कमलपोखरी, साझा, कुलायनमार्ग, मियापाटन, आर्वा मौलार्मागको फुटपाथ सरसफाइ, छापाको चौतारा महाप्रभुधाम नाला सरसफाइ, आर्वाको बाटो कूलो सरसफाइ, मौला मार्गको फूटपाथ सरसफाइ गरिएको छ ।







नेपाल राष्ट्रिय दलित समाज, नवदुर्गा महिला समूह भवन, सिद्धार्थ आधारभूत विद्यालय मर्मत, तप्राङ समाज घर निर्माण, रतनपाण्डे माध्यामिक विद्यालय मर्मत, बाँझापाटन तमु समाज घर, आर्वा विजय माध्यामिक विद्यालय, जनकल्याण जेष्ठ नागरिक सेवा केन्द्र, मिलिजुली विजयपुर तमु समाज संग्राहलय, आर्वा साझा क्रियापुत्री भवन, खामघले समाज भवन निर्माण, संगम युवा क्लव भवन मर्मत, महाप्रभूधाम संरक्षण एवं सम्पर्क भवन निर्माण, गौंडाकोमुख नव भगवती मन्दिर संरक्षण, लक्ष्मीनारायण मन्दिर मर्मत, महाकालेश्वर मन्दिर संरक्षण, सिद्धार्थ आधारभूत विद्यालय मर्मत, रतनपाण्डे माध्यामिक विद्यालय मर्मत, आर्वा विजय माध्यामिक

दादरा खेल मैदान र दोबाटो खेल मैदान निर्माण, दोपरे पदमार्ग, मणिदिप मन्दिर सिँडी बाटो निर्माण, रतनपाण्डे मन्दिर सिँडी बाटो निर्माण, रसाईली कुल मन्दिर निर्माण, कात्यायनी दुर्गा मन्दिर, दक्षिणकाली मन्दिर ट्रस निर्माण, माहाप्रभुधाम सर्म्पक सचिवालय भवन, माहाप्रभुधाम डि.पि.आर, इन्ड्युरो अन्तर्राष्ट्रिय साईकल ट्र्याक निर्माण, रतनपाण्डे माध्यामिक विद्यालयमा खानेपानी व्यवस्थापन, दुईकुला मुहानको कर्ल्भट मर्मत, सुनडाँडा खानेपानी मर्मत, कमेरे खानेपानी साझा, बस्थला गनगने पधेरा खोला खानेपानी सम्ले कुसुण्डे सुनडाँडा खानेपानी, मियाँपाटन खानेपानी, आर्वा कसेरी डुम्रीकोट खानेपानी मर्मत, खहरे खोला कर्ल्भट संरक्षण, वडा

कार्यालयमा विद्युतिय सामान खरिद, कुलायन मार्ग, अधेरीडहर, मोहरपानी, छापाकोचौतारा, रतनपाण्डेसम्म, देउराली चौतारी, लक्ष्मी नारायण मन्दिर, भगवति मन्दिर, महाकालेश्वर मन्दिर मर्मत संभार गरिएको छ ।

पोखरा महानगरपालिका वडा नं. १३ को आयोजनामा सामुदायिक रोजगार मेला कार्यक्रम मार्फत समुदायमा भएका वा नदेखिएका अवसरहरू र सम्भावनाहरूको खोजी गर्दै स्थानीयबासीलाई दक्ष बनाई रोजगारीका अवसर सिर्जना गर्ने कार्यमा महत्वपूर्ण योगदान गरिएको छ ।

हिमालय आँखा अस्पतालको प्राबिधिक सहयोगमा कारिब ३०० जनाको नि:शुल्क आँखा परीक्षण गरिएको



छ । वडावासीहरूका लागि नाक, कान, घाँटी, सुगर, थाइराइड रोगको निशुल्क स्वास्थ परिक्षण तथा औषधि वितरण गरिएको छ । ४०० जना महिलाहरूको पाठेघरको मुखको क्यान्सरको निशुल्क जाँच गरिएको छ । वडामा क्रियाशिल स्वास्थ स्वयमसेविकाहरूलाई सम्मान गरिएको छ ।

सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरूको लागि नेतृत्व तथा क्षमता विकास तालिम प्रदान गरिएको छ । पोखरा महानगरपालिका वडा न १३ को समन्वयमा लैंगिक हिंसाविरुद पुरुषहरूको एक्यबद्धता महिला पुरुष समचेतना कार्यक्रम गरिएको छ ।

वडामा रहेका सामुदायिक विद्यालयलाई स्वास्थ सामाग्री वितरण, श्री अमर ज्योति आधारभूत विद्यालय र सिमला आधारभूत विद्यालय लाई न्यानो कपडा र स्टेसनरी सामान हस्तान्तरण गरिएको छ ।

वडाको आर्थिक सहयोग तथा Everest Institute of Hotel Management Pvt. Ltd. को प्राबिधिक सहकार्यमा निशुल्क १ सय जनालाइ बारिस्टा तालिम प्रदान गरिएको छ । वडाका मुख्य सडकहरूमा फोहोर ब्यबस्थापनका लागि डस्बिन राखिएको छ ।

वडामा रहेका भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासलाई निस्सा वितरण गरिएको छ । स्थानीय उत्पादन प्रवर्द्धन गर्नको निम्ति एक घर दुइ कागतीको



बोट वितरण गरिएको छ ।

स्वास्थ्य नै जीवन हो भन्ने भनाइलाई हृदयंगम गरि पोखरा महानगरपालिका वडा नं १३ र चेन्ज टुगेदरको सहकार्य तथा एसोसिएसन जेनिसाको सहयोगमा पोखरा १३ मा निशुल्क मधुमेहको परिक्षण गरिएको छ। कास्की हस्पिटल एण्ड रिसर्च सेन्टरको सहकार्यमा एकदिने निशुल्क डेंगु रोगको परिक्षण गरिएको छ ।

वडाको ग्रामिण क्षेत्र खाम्घलेमा बाटो तथा नाला निर्माणको काम भैरहेको छ। खहरेमा कल्वर्ट निर्माणको काम भैसकेको छ ।

# वडा नम्बर १४

यस अवधिमा पोखरा महानगरपालिका वडा नं. १४ का विभिन्न स्थानमा १० किमी सडक कालोपत्र गरिएको छ। राधाकृष्णटोल, समावेशी टोल, साधना मार्ग, आर्मी प्लटिङ, प्रगति टोल, नवरत्न टोल, राधाकृष्ण टोल, बेलचौतारा, वडा नं. १० र १४ को सिमाना नहर पूर्वका विभिन्न स्थानमा ३७ किमी सडक ढलान गरिएको छ।

वडाको खाल्टे, शुक्रराज बलभद्र मावि, मसिना घुम्ती, नयाँ बस्तीमा, ज्ञान गंगा बाटो लगायतका क्षेत्रमा करिब ६ किमी ढल तथा नाला निर्माण गरिएको छ। समिनतारा समाजघर लगायत विभिन्न स्थानमा करिब १ किमी पर्खाल निर्माण गरिएको छ। मेलमिलाप टोल विकास संस्था, कालिका क्याम्पस अगाडि, चाँदनी टोल समाजघर, कदममार्ग, रामेश्वरी आमा समूह भवन, प्रगति टोल, सुन्दर टोल समाजघर, जलेश्वर आमासमूह भवन, शुभकामना महिला आमा समूह, सेतीदोभान टोल तथा नवदृष्टि आमा समूह, छ्यावे तमु समाज भवन, स्याकल्बोट समाजघर, सूर्यमुखी आमा समूह, रामेश्वरी आमा समूह लगायत विभिन्न सामाजिक संघ, संस्थाको भवनहरू मर्मत गरिएको छ।

पुष्करिणी परोपकार गोकुलधाम स्तरोन्नति, मनकामना मन्दिर, पूर्णेश्वर मन्दिर, विशालनगर मन्दिर, पुष्करिणी परोपकार गोकुलधाममा बोरिङ तथा खानेपानी ट्यांकी र पाइप लाइन विस्तार गरिएको छ। वडाका विभिन्न विद्यालयको पूर्वाधार सुधारमा सहयोग गरिएको छ।

वडाका विभिन्न स्थानमा ५ वटा प्रतीक्षालय निर्माण गरिएको छ। २ किमी सडकमा टेक्टटाइल बिच्छ्याइएको छ। वडामा सिँचाइ कुलो निर्माण तथा पोखरी संरक्षण गरिएको छ। गोरूघाँस राधाकृष्ण पार्क, भोटे चौतारा, वडा कार्यालय नजिक ज्येष्ठ नागरिक पार्क, मसिना



र समिन्तारा बीचमा गरी ९ स्थानमा पार्क निर्माण गरिएको छ । वडाको भोटे चौतारा, मसिना, देउराली टोलमा खुला व्यायामशाला निर्माण गरिएको छ ।

यस अवधिमा धिताल खत्री गाँउ कम्पाउन्ड निर्माण, गस्तीमा तारजाली, नवीन टोल विपी मार्गमा वाल निर्माण गरी २४ स्थानमा बस्ती संरक्षण गरिएको छ । मनकामना टोल, बलभद्र अगाडि, शुभमार्ग, भोटे चौतारा लगायत २९ स्थानमा चौतारी निर्माण गरिएको छ । वीरेन्द्र चोकदेखि मसिना भोटे चौतारासम्म २० स्थानमा सिसिटिभी जडान गरिएको छ ।

उज्यालो पोखरा अभियानअन्तर्गत वडाका मुख्य सडकमा स्मार्ट सडक बत्तीहरू राखिएका छन् । वडामा नियमित सरसफाइ अभियान सञ्चालन गरिएको छ । नागरिकको स्वास्थ्य परीक्षणका लागि विभिन्न स्वास्थ्य संस्थासँगको सहकार्यमा १५ पटक स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

वडाका विभिन्न स्थानमा करिब ३ किमी सिँचाइ कुलो निर्माण, कृषकलाई कृषि उपकरण प्रदान, ४ सय जना महिलालाई ३ पटक कौशी खेती तालिम, ५ सय कृषकलाई मल, बिउबिजन, विरुवा वितरण, पशु स्वास्थ्य सेवा शिविर, ११ सय घरपालुवा तथा सामुदायिक कुकुरहरू दर्ता, भ्याक्सिनेसन र बन्ध्याकरण गरिएको छ ।

वडामा रहेका ५ विद्यालयको पूर्वाधार सवलीकरणमा सहयोग गरिएको छ। १ बाल विकास केन्द्रको व्यवस्थापन गरिएको छ । शिक्षकहरूलाई विभिन्न प्रकारका तालिम प्रदान गरिएको छ। यस अवधिमा २७० जन्मदर्ता, १८० जनाको मृत्यु दर्ता र ७ सय बसाइसराइको सिफारिस गरिएको छ ।

दलित महिलाका लागि सिलाइबुनाइ तालिम र सिलाइ मेसिन वितरण, गुडिया र सौन्दर्यका सामग्री बनाउने तालिम, ब्युटिसियन तालिम, कौशी खेती तालिम, झोला बुनाइ तालिम, मादल बजाउने तालिम, कानुनी सचेतना तालिम, नेतृत्व विकास, उदघोषण तालिम, न्यायिक अधिकार बिषयक तालिम, उद्घोषण तालिम, चप्पल बनाउने, अचार बनाउने लगायतका सीपमूलक तालिम १ हजार २५ जनालाई प्रदान गरिएको छ ।

वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण, विद्यालय पोशाक र स्टेसनरी वितरण, भजनकीर्तन संरक्षण कार्यक्रम, शवदाह गृह निर्माण, ज्येष्ठ नागरिक मिलन केन्द्र र विभिन्न ७ स्थानमा पार्क निर्माण गरिएको छ। अपांगता भएका व्यक्तिहरूलाई ह्वीलचियर, लठ्ठी लगायतका सहायता सामग्री वितरण गरिएको छ ।





# वडा नम्बर १५

पोखरा महानगरपालिका वडा नं. १५ मा आव २०७९।८० मा इन्द्रेणी मार्ग लक्ष्मी टोल बाटो, गैरीगाउँमा वाटो तथा रेलिङ निर्माण, गलेश्वर मितेरी मार्ग अधुरो बाटो ढलान, गलेश्वर मार्ग स्ट्रिट नं. १०, जनशक्ति टोल (एसओएस पछाडि) वाटो विस्तार, जालपा मार्ग, देउराली मार्ग नागबेली टोल ढुंगेसाँघु बाटो, न्यु सिटी मार्ग गलेश्वर चौतारी भित्री बाटो, नयाँगाउँ चर्चदेखि तलको बाटो, पटनेरी ढलान बाटो, प्रतिभा मार्गको सिर्जनशील टोलमा बाटो ढलान गरिएको छ । फलेपाटन चौतारीदेखि दक्षिणतर्फ, माथिल्लो अमिनतरा अधुरो बाटो, मिलन मार्ग लेन २, लक्ष्मी टोल, वडाका मुख्य तथा भित्री बाटोमा रहेका नालाहरू मर्मत तथा सफाइ गरिएको छ ।

यस्तै, शुक्लेश्वर मन्दिर जाने बाटो, शिवशक्ति टोलका भित्री बाटाहरू, सानी मजुवा इन्द्रेणी मार्ग, पट्नेरीदेखि खहरेखोला कर्लभटसम्म, मितेरी खरबारी जोड्ने बाटो, चौतारी मार्ग गल्ली नं ३ ठूली मजुवा, स्यानीपाटन सन्तुमार्ग, गलेश्वर गोरूखर्क बाटो, वडा कार्यालयदेखि कालिका क्याम्पससम्मको सडक, मितेरी टोल, वडा कार्यालयदेखि बसुन्धरा मार्ग हुँदै कालिका जोड्ने सडक र रातिखहरे सीताघाट पट्नेरी जोड्ने बाटो गरी करिब ४.५ किमी सडक ढलान गरिएको छ ।

आव २०८०/०८१ मा गरिमा टोल, सानी मजुवा बसुन्धरा मार्गदेखि दक्षिणतर्फ, कालिका पब्लिक क्याम्पसदेखि पश्चिमतर्फको स्यानी मजुवा, टुटुंगा आर्दश मार्गका भित्री बाटाहरू, पट्नेरी अधुरो बाटो तथा कल्भर्ट, मितेरी टोल, पुष्पाञ्जली मार्ग, हरियाली मार्ग भित्री बाटो, सुनौलो मार्ग अधुरो बाटो, अमिनतारा भित्री सडक, गलेश्वर मार्ग भित्री सडक, ठूलीमजुवा संरचना टोल, मैत्रिक टोल भूपू सैनिकमार्ग टुटुंगा, फलेपाटन



चौतारी पूर्वतर्फ, ठूली मजुवा द्वारेखरवारी ओरालो, प्रतिभा मार्ग लेन नं. ८, कृष्ण मार्ग, चौतारी मार्ग लेन नं.५ ठूली मजुवा, माछापुच्छ्रे मार्ग, बानिया मार्ग, लमजुङ समाजघर कालिका मार्गदेखि पूर्वतर्फ, नयाँगाउँ ट्याक्सीचोक वरिपरिको भित्री सडक लगायत करिब ५ किमी सडक निर्माण तथा मर्मत गरिएको छ ।

आव २०८१/०८२ मा सानो मजुवा वसुन्धारा नहरमार्ग, ठूली मजुवा तुलसीमार्ग, इमान्युल स्कुलपछाडि अमिनतारा, राती खहरे अधुरो सडक, जनशक्तिटोल, अलकापुर ऋषिमार्ग, प्रतिभा टोल चौतारीसम्म, गरिमा टोल अश्रितमार्ग, रातीखहरे चोकदेखि पूर्वतर्फ, सरस्वती मार्ग कोलपाटन अधुरो बाटो, टुटुंगा हेमन्त मार्ग किराँत समाजघर जाने बाटो, लक्ष्मी टोल भित्री बाटो, ठूली मजुवा तुलसीमार्ग, गलेश्वर पार्क दक्षिणतर्फ, नागवेली मार्ग, कान्तिपुर मार्ग, गलेश्वर मार्ग भित्री बाटो, पट्नेरी सीताघाट ओरालो, सिद्धमार्ग लेन नं.१, टुटुंगा आदर्श मार्गका भित्री बाटो लगायत करिब ४.५ किमी सडक ढलान, मर्मत र रिपिच तथा निर्माण गरिएका छन् ।

ढुंगेसाँघु छिमेकी तमु समाज भवनमा ट्रस्ट निर्माण, श्यामश्यामा धामको भवन मर्मत, ढुंगेसाँघु पुन समाजको भवन मर्मत, स्यानीपाटन बहुउद्देश्यीय भवन स्तरोन्नति, गलेश्वर मन्दिरमा भौतिक पूर्वाधार निर्माण, टुटुंगा बस पार्क स्थित किरियापुत्री भवन निर्माण, शिवशक्ति तमु समाजको भवनमा भौतिक निर्माण, हरियो खर्क हस्पिटलमा भौतिक निर्माण, तल्लो सिमलवोट टोल भवन तथा काजकिरिया स्थल निर्माण तथा पानी मर्मत, आर्दश आमा समूह फलेपाटनको भवनमा रंगरोगन गरिएको छ ।

सल्यान खान डाँडा तमु समाज, ढोर फिरफिरे तमु समाजमा भौतिक निर्माण, ग्लो संस्थामा भौतिक निर्माण, लक्ष्मीटोल आमा समूहमा भौतिक निर्माण, कुँवर समाज भवन निर्माण, प्रतिभा टोल भवन रङरोगन तथा मर्मत, फलेपाटन टोल विकास संस्था परिसरमा भौतिक तथा ट्रस निर्माण, सिद्ध पब्लिक कलेजमा रेलिङ तथा भौतिक निर्माण, मनकामना पेल्काचौर तमु समाज भौतिक निर्माण गरिएको छ ।

वडा कार्यालयको कम्पाउन्ड निर्माण, आँधिखोला तमु समाजको भवनमा भौतिक निर्माण, ढुंगेसाँघु छिमेकी तमु समाज भवन निर्माण, फलेपाटन बहुउद्देश्यीय भवनको परिसरमा भौतिक सुधार तथा खेलकुद संरचना निर्माण, फूलबारी आमा समूह भौतिक विस्तार तथा विद्युत सामान खरीद, मितरी सामुदायिक भवन भौतिक सुधार, प्रदेश प्रहरी तालिम केन्द्र परिसरमा मन्दिर निर्माण, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रमा ट्रस निर्माण गरिएको छ ।

ठाँटीपानमा प्रतीक्षालय निर्माण, पटनेरी सीताघाटमा पार्क निर्माण, फूलबारी बसपार्क नजिकै चौतारी निर्माण, राती खहरे खेल मैदान संरक्षण, राति खहरे पार्कमा तथा वडा कार्यालय परिसरमा खुल्ला व्यायामशाला निर्माण गरिएको छ । लक्ष्म भित्रका खुला ठाउँमा खेल स्थल तथा अन्य भौतिक निर्माण, वडाका विभिन्न ६ स्थानमा खुला व्यामशाला निर्माण गरिएको छ ।







खहरे खोला कटान नियन्त्रण तथा संरक्षण, ठूली मझुवा खहरेखोला तारजाली, ठूली मझुवा डिलभीर तारजाली, शुक्लेश्वर मन्दिर डिलभीर तारजाली, गंगेश्वर मन्दिर चोर साँगुमा तारजाली, राती खहरे खोला नियन्त्रण, राती खहरे तटबन्धन नियन्त्रण योजना, ठूलीमजुवा सहज मार्ग बाटो मर्मतका लागि ७ सय मिटर तारजाली लगाइएको छ ।

शुक्लेश्वर मन्दिर जाने बाटोमा कल्भर्ट वा ट्रस्ट ब्रिज, रातिखहरे खेलकुद मैदान स्तरोन्नति तथा नाला, टुटुंगा ओरालोदेखि ढुंगेसाँघु पुलसम्म नाला तथा बाटो मर्मत, सेन्टमेरिज चोकअगाडि नाला निर्माण, ढुंगेसाँघु भलबाढी नियन्त्रण तथा नाला स्तरोन्नति, भानु प्लटिङ नाला निर्माण, अलकापुर टोल, वीरेन्द्रचोक तल धौलागिरी मार्ग जाने कर्ल्भट निर्माण तथा वडा भित्रका विभिन्न टोलमा ६ हजार मिटर खानेपानीको पाइप लाइन विस्तार गरिएको छ ।

हरित ज्ञान वाटिका, ठाँटीपाटन पोखरी मर्मत, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको शौचालय निर्माण, ऐतिहासिक ढुंगेसाँघु पुल अवलोकन पूर्वाधार निर्माण, चौतारी गिरीमार्ग गलेश्वर टोल प्रतीक्षालय निर्माण, अस्थायी प्रहरी बिट, वन क्याम्पसमा प्रतीक्षालय तथा शौचालय निर्माण, चौतारी मार्ग ठूली मजुवा प्रतीक्षालय निर्माण गरिएको छ । पट्नेरी खानेपानी आयोजना अन्तर्गत ३ वटा ट्यांकी निर्माण तथा वडा नं.१५ भित्रका विभिन्न टोलमा खानेपानी पाइप विस्तार तथा मर्मत र रातीखहरे खानेपानी ट्यांकी संरक्षण गरिएको छ ।

खेलकुदमार्फत स्वास्थ्य, आपसी सद्भाव, युवा सहभागिता, प्रतिभा विकास, आन्तरिक पर्यटन प्रवर्द्धन र सामुदायिक एकता कार्यम गर्ने उद्देश्यका साथ वार्षिक रूपमा सप्ताव्यापी वडा खेलकुद महोत्सव सञ्चालन गरिएको छ । परम्परागत कृषि संस्कृतिको संरक्षण, कृषकको योगदानको सम्मान, सामुदायिक एकता प्रवर्द्धन तथा कृषि पेशाप्रति आकर्षण गराउने उद्देश्यले राष्ट्रिय धान दिवसको अवसरमा प्रत्येक वर्ष असार १५ गते रोपाइँ महोत्सव तथा कृषक सम्मान कार्यक्रम गरिएको छ ।

युवामा सीप विकास गरी आत्मनिर्भरता, रोजगारी अवसर र उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले युवा लक्षित कपाल काट्ने तालिम, डिजिटल मार्केटिङ तालिम र ड्राइभिङ तालिम लगायतका विभिन्न तालिम वार्षिक रूपमा सञ्चालन गरिएको छ । महिलामा सीप, आत्मविश्वास र नेतृत्व क्षमता वृद्धि गर्दै स्वावलम्बन, रोजगारी सिर्जना र सामाजिक सशक्तीकरण प्रवर्द्धन गर्ने उद्देश्यले वार्षिक रूपमा सिलाइ-कटाइ, चप्पल निर्माण, नेतृत्व विकास तथा उद्घोषण-भाषण कलासम्बन्धी तालिम लगायतका विभिन्न सीप, क्षमता तथा सशक्तीकरणसम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

सबैलाई पहुँचयोग्य र वहनयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्दै उपचार खर्चको बोझ घटाउने उद्देश्यले वडा कार्यालय तथा अन्य गैरसरकारी संघ, संस्थाको सहयोगमा वडा भित्रका गरिब, विपन्न र आर्थिक रूपमा कमजोर व्यक्तिलाई लक्षित स्वास्थ्य बिमा कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिएको छ ।







## वडा नम्बर १६

पोखरा महानगरपालिका वडा नं. १६ को बाटुलेचौरमा पुर्वाधार निर्माण, अमला बिसौनीदेखि १६ नं. वडा कार्यालयसम्म रिसोलिङ तथा मर्मत, नेपानेथोक सडक निर्माण, हात्तीढुंगा सहायक मार्ग निर्माण, सिप्लेकुना माझकुना अर्मलाकोट सडक मर्मत, सडक मर्मत सम्भार, लामाद्वाली चिरुवा ढुंगा सडक तथा स्ल्याब मर्मत, ठूलीखोरिया राहुलडाँडा पहिरो तथा बाटो मर्मत, अमला बिसौनी घार्मी मुला छर्ने सडक मर्मत, मिसिनचोकबाट नारायणी आधारभूत सडक मर्मत, नेपानेथोक सडक स्तरोन्नति, तल्लो गोस्ते सडक तथा नाला निर्माण, कुरेचौर शाखा बाटो निर्माण कुरेचौर, चमेरे गुफा सहायक मार्ग स्तरोन्नति, कुहेली जाने बाटो निर्माण, डाँडाथोक सहायक मार्ग निर्माण गरिएको छ ।

दीप जोगिमणि शाखा बाटो ढलान, मुडेली भित्री सडक स्तरोन्नति, संगमचोक अधिकारीथर भित्री बाटो निर्माण, अमृत मार्ग सडक स्तरोन्नति, हात्तिढुंगापथ भित्री गल्ली स्तरोन्नति, हात्ती धन्ना पाठ सडक मर्मत योजना, घार्मीखोला अर्मलाकोट सडक, बानियाटोल सहायक मार्ग, सगरमाथा आदर्श समाज सडक निर्माण, घुर्कुना सडक स्तरोन्नति, लामाद्वाली कालमुढा सडक तथा नाला निर्माण, मुला छर्ने ढिकीडाँडा सडक ढलान, शान्तिदीप ब्रिट्रिस क्याम्प पुरानो बाटो ढलान, तल्लो जोगिमणि मार्ग बाटो ढलान, लप्सिबोट पात्ले सिम्लेधु



सडक निर्माण, थुम मुखियाडाँडा थाप्लेघर कृषि सडक निर्माण, दीप सेती सहायक मार्ग निर्माण, बलराम मार्ग बडहरबोट सडक निर्माण, महेन्द्रगुफा अर्मलाकोट सडक निर्माण गरिएको छ ।

चिरुवा ढुंगा ढल तथा सडक स्तरोन्नति, सगरमाथा टोल तल्लो बाटो निर्माण, कराइखाने रयाले पँधेरा सडक स्तरोन्नति, अमला विसैनी अम्मरेश्वर सडक निर्माण, ओख्ले रञ्जित सडक स्तरोन्नति, रयाले भित्री सडक निर्माण, जुग्यापानी झाँक्रीस्थान सडक स्तरोन्नति, बाँनियाँथर सहायक मार्ग निर्माण, तल्लो गोस्ते सडक स्तरोन्नति, देउराली अर्यालचैर सडक निर्माण, डाँडाथोक मार्ग मर्मत योजना, मुडेली भित्री सडक स्तरोन्नति, म्हाधु शिवथान अर्मलाकोट, राजपँधेरा कालिखेला बाटो तथा रेलिङ, बलराम मार्ग, घार्मीखेलाबाट अर्मलाकोट जाने बाटो निर्माण, मेकेडाँडा बाटो निर्माण , मुला छर्ने ढिकिडाँडा बाटो निर्माण, तुम्के घट्टेखोला माझकुना मेकेडाँडा सडक स्तरोन्नति, पात्ले पधेरा बाटो मर्मत गरिएको छ ।

शान्तिपथ भित्री बाटो नाला निर्माण, कुर भित्री सडक मर्मत, केवोरे बाटोमुनि सडक स्तरोन्नति, मुला छर्ने ढिकीडाँडा सडक स्तरोन्नति, चिरुवाडुंगा सडक



स्तरोन्नति, चौरीखोला गैह्रापुछार सडक मर्मत, जुम्लेटी सानो बगर ढल तथा सडक निर्माण, ढाड बिसौना भित्री बाटो निर्माण, थापा गाउँ जुम्लेटी सडक स्तरोन्नति, थुम सडक स्तरोन्नति, दीप सहायक मार्ग निर्माण, पात्लेपँधेरा सिम्लेधु सडक निर्माण, भावना मार्ग मर्मत, शान्ति उदय मार्ग स्तरोन्नति, सीताराम मार्ग निर्माण, नित्यानन्द सहायक सडक निर्माण, अम्बिका टोल सडक निर्माण, बडरबोट सडक स्तरोन्नति, मिलिजुली मार्ग, स्यालघारी भित्री सडक, घार्मी खोला सडक, कालीखोला अर्मलाकोट सडक निर्माण गरिएको छ ।

खहरे कुलो ढल मर्मत, मुला छर्ने चौरीखोला संरक्षण तथा स्तरोन्नति, छहरेपानी बगाले लामास्वारा सडक स्तरोन्नति, छहरेपानी जुक्यापानी झाँक्रीथान सडक निर्माण, तल्लो गोस्ते सडक तथा नाला निर्माण, गैराबारी टोल अल्फा बोडिङ जाने बाटो ढल निकास, कुहेली जाने बाटो तथा नाला निर्माण, सगरमाथा आदर्श समाज सडक निर्माण, लामाद्वाली कालमुढा सडक तथा नाला निर्माण, मुलाछर्ने ढिकीडाँडा सडक ढलान, जोगीमणि तुम्के नाला तथा सडक निर्माण, ठूलीखोरिया राहुलडाँडा सडक तथा नाला निर्माण, तल्लो जोगिमणि मार्ग बाटो ढलान तथा नाला निर्माण गरिएको छ ।

केउरेबिसौना सडक तथा नाला निर्माण, आनन्द टोल सडक तथा नाला निर्माण, माझकुना सडक स्तरोन्नति, बगाले लामेस्वरा ढल निकास, राम मन्दिरमुनि बस्तीमा जाने भल निकास, कोल गहिरा नाला मर्मत, लामचौर ढल निकास तथा फुटट्रयाक, जोगिमणि सडक सरसफाइ, मध्यम पद नाला तथा स्ल्याब निर्माण, पुतली मार्ग स्थान नजिक पक्की नाली संरक्षण, घार्मीखोला कुहेल्नी कृषि मार्ग स्तरोन्नति, ठूलीखोरिया राहुल डाँडा सडक स्तरोन्नति, शिवालय घाट बाटो तथा शवदाहन स्थल निर्माण गरिएको छ ।

जनजागृति आमा समूह, श्रवण कुमार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन, कालिका बहुउद्देश्यीय भवनमा फनिर्चर तथा मर्मत, कालिका मन्दिर बहुउद्देश्यीय भवन, राम मन्दिर भुइँ तथा परिसर मर्मत, अर्मला एकीकृत दलित समाज घर निर्माण, अन्नपूर्ण पार्क तथा







किरियापुत्री भवन, सर्वेश्वर मन्दिर भवन, हिमालय क्लब भवन मर्मत, वडा कार्यालय भवन मर्मत, सिप्लेकुना आमा समूह भवन, महेन्द्रेश्वर शिवालय मन्दिर मर्मत, १६ नं वडा कार्यालय भवन पार्टेसन, एकता परिवार समाज भवन, श्रवण कुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण गरिएको छ । ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र पूर्वाधार निर्माण, घार्मीखोला पार्क तथा पूर्वाधार निर्माण, जनजागृति आमा समू भवन मर्मत गरिएको छ । लौसीबोट पात्ले सिम्लेधु चौतारो ट्रष्ट निर्माण, दलित भयरथान मर्मत तथा ट्रष्ट निर्माण, सर्वेश्वर शिव मन्दिर मर्मत तथा स्तरोन्नति, ईश्वरीय प्रार्थना केन्द्र कम्पाउन्ड निर्माण, हरिपाउ कुल मन्दिर ट्रष्ट मर्मत, दलित भयरथान मर्मत, झुप्राङकोट देवी मन्दिर पुनर्निर्माण गरिएको छ ।

झुप्राङकोट आवि मर्मत, हरिसिद्धि आवि कक्षाकोठा व्यवस्थापन, दिव्यज्योति आवि मर्मत, अन्नपूर्ण मावि कम्पाउन्ड तारबार तथा गेट मर्मत, विद्यालय सुधार तथा पूर्वाधार मर्मत, निर्मल आवि झ्यालढोका, ईन्द्रराज्य माविम प्याराफिट निर्माण, विद्यालय सुधार तथा पूर्वाधार मर्मत, दीपज्योति माविमा फर्निचर, ज्योति भवनमा पर्खाल तथा तारबार, विद्यालय सुधार तथा पूर्वाधार मर्मत शान्ति मावि, शान्ति मावि विद्यालय मर्मत, विद्यालय सुधार तथा पूर्वाधार मर्मत, जनता आवि कम्पाउण्ड निर्माण र कम्पाउण्ड वाल, जनता आधारभूत तारजाली निर्माण, ईन्द्र राज्यलक्ष्मी मावि रङरोगन, अन्नपूर्ण मावि भवन मर्मत र गेट निर्माण र विन्ध्यवासिनी क्याम्पसमा फर्निचर सामग्री खरिद गरिएको छ ।

कुरेचौर डाँडा बाटो निर्माण, यति बसेल भयरथान निर्माण, संगमचोक पूर्वाधार निर्माण, लामाचौर ढल निकास, मान्द्रेढुंगा खानेपानी मर्मत, अर्मला स्वस्थ्यचौकी भवन मर्मत तथा फर्निचर खरिद, गायक टोलमा खानेपानी तथा ट्यांकी व्यवस्थापन, तुम्के खानेपानी ट्यांकी निर्माण, खानेपानी पाइप वितरण गरिएको छ । डुब्नेखोला कल्भर्ट, खहेखोला कल्भट निर्माण, खहेखोला कल्भट मर्मत, खहरे बौर कल्भट निर्माण, कुर नजिक दलित बस्तीमा स्लाब निर्माण गरिएको छ। अर्मलाकोटमा कुवा तथा पँधेरो निर्माण, हरिपाउ खानेपानी तथा मुहान मर्मत योजना, केवरे कुवा संरक्षण, हरिपाउ पोखरी संरक्षण, धोबिनीपाटन सडक तथा साउने पँधेरा संरक्षण गरिएको छ ।

वडहरबोट उद्यान मर्मत, जयवुद्ध मन्दिर तथा पार्क निर्माण, दीप हाउजिङ अगाडि पार्क तारबार तथा वाल निर्माण, मदन अश्रित पार्क निर्माण, भवन निर्माण तथा २०० मिटर पर्खाल निर्माण, सेती गर्ज दृश्यावलोकन पार्क तथा शौचालय निर्माण, बाटुलेचौर सौन्दर्यीकरण, ३ चौतारी निर्माण, बाटुलेचौर मैदानचोक सौन्दर्यकरण, चौतारा निर्माण पार्केटिङ, वातावरण संरक्षण पार्क, मदन आश्रित पार्क निर्माण गरिएको छ ।

संगमचोक सार्की डहर भुवान पुर्ने तथा ढल निकास, वैकल्पिक मार्ग सरसफाइ तथा ग्राभेलिङ, राजपँधेरा खानेपानी मर्मत, बाटो सफा तथा भूक्षय नियन्त्रण, वडा भित्रका सडकको पहिरो पन्छाउने र भ्वान पुर्ने, कच्ची सडक मर्मत तथा पहिरो सरसफाइ, भूक्षय तथा पहिरो नियन्त्रण गरिएको छ। संगमचोक तारा तथा प्रतीक्षालय







मर्मत, सार्वजनिक चौतारो निर्माण, इन्जिनियरिङ क्याम्पस चौतारी निर्माण, रेलिङ तथा वाल निर्माण, लामाचौर चोक सौन्दर्यीकरण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत वडाका विभिन्न स्थानमा स्मार्ट सडक बत्तिहरू जडान गरिएका छन् ।

वडाको मुख्य चोकमा सिसी क्यामरा जडान, वडाका सडकहरूमा नम्बरिङ, सफा वडाका लागि सरसफाइ तालिम तथा डस्टबिन वितरण, नमूना खेल मैदान निर्माण, वडास्तरीय भलिबल प्रतियोगिता र राष्ट्रिय खेलाडी सम्मान, पोखरा एकेडेमीदेखि केजी केभसम्म पदमार्ग, ढाँडटोलदेखि अर्मलाकोट पदमार्ग, पात्लेबाट धैसुला जाने बाटो, मणि मन्दिर जाने बाटो निर्माण, स्यालघारी ठाडो पैदल मार्ग निर्माण, ढिकीडाँडा जाने पैदलमार्ग, अम्बिकाटोल पदमार्ग स्तरोन्नति, अर्मलाकोट भित्री पदमार्ग निर्माण, अर्मलाकोट पदमार्ग, कालीखोला पोखरा ऐकेडेमी पदमार्ग निर्माण गरिएको छ ।

मातृशिशु अस्पताल प्रसूति वार्डका लागि आवश्यक सामग्रीहरू खरिद, अर्मला प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल उपकरण खरिद, नवआदर्श विकास समाज र मातृशिशु मितेरी अस्पताल एम्बुलेन्स सेवा मर्मत, दीर्घरोगी र अन्य बिरामीलाई निशुल्क एम्बुलेन्स सुविधा, अर्मला स्वास्थ्य चौकी फार्मेसी व्यवस्थापन, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, अवलोकन भ्रमण, आमा पोषण तथा प्रसूति हुने महिला अस्पताल जाँदा एम्बुलेन्स सेवा, दीर्घरोगी र अन्य बिरामीलाई निशुल्क एम्बुलेन्स सुविधा, विन्ध्यवासिनी मावि प्राथमिक उपचार केन्द्र सुरु गरिएको छ ।

सुकले कुलो पुनर्निर्माण, लामढ्वाली कुलो मर्मत, बान्टारी जल सिँचाइ, सुडाको मुखकुलो मर्मत, घोरकुना पुल तथा कुलो संरक्षण ४२ वटा जाली, बाँदर नियन्त्रणका लागि १६१ यन्त्र खरिद, कृषि प्रवर्द्धन कार्यक्रम तथा यन्त्र खरिद, फलफूलका बिरुवा वितरण र मौरीघार वितरण गरिएको छ । विन्ध्यवासिनी क्याम्पस भवन परिसर मर्मत, विद्यालय सुधार तथा मर्मत, निर्मल आधारभूत विद्यालय मर्मत, ट्रस निर्माण, हरिसिद्धि आधारभूत विद्यालय मर्मत, हिमालय क्लबलाई पुस्तक हस्तान्तरण, वडा भित्रका गणित र सामाजिक विषयका शिक्षकलाई शैक्षिक सामग्री निर्माण तथा प्रश्नपत्र निर्माण कार्यशाला, विन्ध्यवासिनी क्याम्पसका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रम र महानगरद्वारा सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयमा विद्यार्थीलाई शैक्षिक छात्रवृत्ति प्रदान गरिएको छ ।

ज्येष्ठ नागरिकलाई अवलोकन भ्रमण, महिलाका लागि सीपमूलक तथा आयआर्जन, क्षमता विकास, नेतृत्व विकास, कानुनी सचेतना कार्यक्रम, दलित आयआर्जनका लागि आरन वितरण, अचार बनाउने, आधारभूत ब्युटिपार्लर, बालबालिकाका लागि बाल क्लब गठन, अभिमुखीकरण, नेतृत्व विकास, अपांगता भएका व्यक्तिहरूका लागि आयआर्जन तथा सीपमूलक तालिम, एकल महिला अभिमुखीकरण कार्यक्रम, लागुपदार्थ दुर्व्यसनी तथा मानसिक स्वास्थ्य कार्यक्रम गरिएको छ ।

# वडा नम्बर १७

राम मन्दिर गेटदेखि सिद्धार्थ राजमार्गसम्म, जामुने मार्ग तथा हरिश्वर मार्ग, विद्यानिकेतन मुसेटुँडा महतगौडा सडक, सहरी स्वास्थ्य केन्द्र आदर्श मार्ग, रत्यौली मार्ग, म्युजियम मार्ग लेन १ र लेन २, म्युजियम ओरालो-सहरी स्वास्थ्य केन्द्र हुँदै महतगौडा सडक, दम्सादी पुल जाने चौबाटो चोकदेखि विद्यानिकेतन चोक जाने सडक गरी १ हजार ९ सय ४७ मिटर सडक पिच गरिएको छ। यस्तै, बुद्ध मन्टेसरी हुँदै जनजागरण टोलको भवनसम्म, वडा भित्रका अन्य रिसोलिङ, सनराइज टोलमार्ग, घारीकुलो हनुमान टोल बाटो कालोपत्र गरिएको छ।

ड्यामसाइड बाटो, राम मन्दिरदेखि विरुवा टोलसम्म, सांग्रिलादेखि स्वास्थ्य चौकीसम्म, सिमलटुँडा बाटो, माछापुच्छ्रे भित्री मार्ग स्ट्रिट नं ५ र ७, बिरौटा-शिशुनिकेतन हुँदै घारीकुला बाटो, हिमाली टोलदेखि आँखा अस्पताल चोकसम्म, सिमलटुँडा सडक र वडा नं.१७ अन्तर्गतका अन्य भित्री बाटो गरी १ हजार ८ सय ३९ मिटर सडक स्तरोन्नति गरिएको छ।

यस अवधिमा वडाका विभिन्न स्थानमा १० किमी सडक ढलान तथा मर्मत गरिएको छ भने, ४ हजार ५ सय मिटर



ढल तथा नाला निर्माण गरिएको छ। सिमलटुँडा घैरेनी मार्ग, वेलघारीमा सडक नाला, पार्दी खोला नियन्त्रण, बैदाम प्रहरी कार्यालय अगाडि, ऐतिहासिक ठूली पोखरी सिमाना, शिव बुद्ध मार्ग फेवा नहर र पुलचोकमा संरक्षणका लागि टेवा पर्खाल निर्माण गरिएको छ।

महतगौडा सामुदायिक भवन, गण्डकी प्रदेश प्रहरी कार्यालयभित्र ट्रस्ट निर्माण, रानाभाट समाज भवन, ठकुरी समाज घर, कालावाङ घडेरी तमु समाज, सहरी स्वास्थय केन्द्र भवन, माछापुच्छ्रे टोल सामूदायिक बहुउद्देश्यीय भवन, मानव सेवा आश्रम हेमजामा वडा १७ नं. को आवास कोठा, तीतेपानी, सिमलटुँडा ओमकारेश्वर किरियापुत्री ट्रष्ट निर्माण, वडाभित्र शान्ति, सुरक्षा कायम गर्न वडा प्रहरीचौकी र विरौटा बिटलाई आवश्यक सहयोग, ओशो उपवन साधना केन्द्रको भवन निर्माण, शंकरधाम किरियापुत्री भवन, नमूना टोल भवन स्तरोन्नति, मित्रबन्धु सामुदायिक भवन, शेरा जागृति आमा समूह, शितल चौतारा भवन निर्माण, सामुदायिक योग साधना भवन, जानकी माविमा कक्षाकोठा रङरोगन कम्पाउन्ड र शौचालय निर्माण, नयाँ वडा कार्यालय परिसरमा गार्डेन निर्माण गरिएको छ।



ज्येष्ठ नागरिक भवनमा ज्येष्ठ नागरिक मैत्री शौचालय निर्माण, राम मन्दिर परिसरमा भान्छाघर निर्माण, ढुंगेसाँघु सीतापाइला हरिहर मन्दिर राममन्दिर विवाह मण्डप मर्मत सुधार, सामाजिक संघ, संस्था, धर्म संस्कृति जगेर्ना, यज्ञशाला भवन मर्मत, धार्मिक सांस्कृतिक प्रबर्द्धन संरक्षण तथा जगेर्ना, कैलाशेश्वर मन्दिर पुनर्निर्माण, नमोबुद्ध गुम्बा संरक्षण, राधाकृष्ण मन्दिर ड्यामसाइड ट्रस निर्माण, भुजेल समाज पूजास्थल मर्मत, जनकल्याण किरियापुत्री भवन निर्माण गरिएको छ।

भुजेल सेवा समाजको भवनमा पानी निकास व्यवस्थापन, ओशो तपोवनमा बोरिङ निर्माण, तीतेपानी खानेपानी ट्यांकी निर्माण, नहर किनार घेरावार, फेवाताल गाइघाट फिर्केखोलामा पार्क निर्माण, काउछेघारी खानेपानी ट्यांकी निर्माण, वडाभित्र खानेपानी विस्तार, ठूलीपोखरी महतगौंडा पोखरी संरक्षण, हनुमान टोल खानेपानी ट्यांकी पुनर्निर्माण गरिएको छ।

तल्लो विरौटा खुला पार्क निर्माण, तीनकुने पार्क निर्माण, सञ्चयकोष आवासमा खुला व्यायामशाला निर्माण, दोबिल्ला बस्ती संरक्षण, दामोदर खोला, नमूना टोल तीतेपानी भलपानी नियन्त्रण, पुल्चोक फेवा नहरको बाटो संरक्षण, वडा भित्रका विपद् वा प्रकोपको तत्काल व्यवस्थापन, बाराही टोल भ्वान व्यवस्थापन गरिएको छ।

ओमकारेश्वर चौतारी निर्माण, सार्वजनिक चौतारी संरक्षण, शितल चौतारी र आँखा अस्पताल वरिपरी चौतारा निर्माण तथा मर्मत, सिमलटुँडा चौतारी मर्मत, वडाका विभिन्न स्थानमा सिसी क्यामरा जडान, सहिद पार्कभित्र सार्वजनिक शौचालय निर्माण, टोल टोलमा फोहोर वर्गीकरण सचेतना, फोहोर वर्गीकरण तथा कम्पोष्ट बिन वितरण, वडाका मुख्य चोक तथा सडक सरसफाइ, मूलकूलो तथा फेवा नहर सरसफाइ तथा घेराबार र छाडा पशु व्यवस्थापन गरिएको छ।





रिद्धिसिद्धि मार्ग फुस्रेखोला खेलमैदान, पावर हाउस खेल मैदान पूर्वाधार निर्माण, वडास्तरीय खेलकुद प्रतियोगिता, अन्तर विद्यालय स्तरीय फुटबल प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता, खुला दौड प्रतियोगिता, भलिबल प्रतियोगिता, खेलकुद सहयोग तथा सामग्री वितरण, माघे संक्रान्ति महोत्सव महतगौंडा, सिमलटुँडा टेबुलटेनिस बोर्ड निर्माण र ढुंगेसाँघु मेला कराँते प्रतियोगिता सम्पन्न गरिएको छ ।

तीतेपानी झोलुंगे पुल मर्मत, ड्यामसाइड डेभिजफल पदमार्ग निर्माण गरिएको छ । राम मन्दिर गेट अगाडि फलामको पुल, रातोपैह्रा म्युजियमदेखि वन क्याम्पस जोड्ने झोलुंगे पुल, पर्यटन प्रर्वद्धन तथा चोक चोकमा सार्वजनिक सूचना बोर्ड राखिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत वडाका विभिन्न स्थानमा स्मार्ट सडक बत्तीहरू राखिएका छन् ।

स्वास्थ्य स्वयम्सेविकाहरूलाई स्वास्थ्य किट वितरण, स्वास्थ्य संयम्सेविका पुनर्ताजगी तालिम, टोल टोलमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । लागुऔषध विरुद्ध सचेतना अभियान, वडाभित्र योग शिविर सञ्चालन, सार्वजनिक स्थलमा योग पूर्वाधार निर्माण, अपांगता भएका व्यक्तिहरूका लागि क्षमता विकास, मस्तिष्क पक्षघात भएकालाई सहयोग, अटिजम भएका बालबालिकाको परिवारलाई सहायता, विपन्न वर्गको स्वास्थ्य बिमा, आँखा स्वास्थ्य जाँच, गर्भवती महिला पोषण प्याकेज र स्वयंसेविका प्रोत्साहन कार्यक्रम गरिएको छ ।

साना कृषि कुलो मर्मत तथा पुन निर्माण, कौसीखेति प्रोत्साहन, फोहोर वर्गीकरण तथा कम्पोस्ट बिन वितरण, बेमौसमी तरकारी खेती, बिउ वितरण गरिएको छ । सार्वजनिक पुस्तकालय क्षमता विकास, वडासँग विद्यार्थी कार्यक्रम, टोल टोलमा स्वास्थ्य शिक्षा तथा शिविर, विद्यालयहरूमा आँखा जाँच तथा स्वास्थ्य शिक्षा तथा शिविर सञ्चालन गरिएका छन् ।

ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा प्रवर्धन, अल्पसख्यक, आदिवासी, सिमान्तकृत उत्थान, गर्भवती महिला पोषण प्याकेज वितरण, उत्पीडित वर्ग उत्थान, ज्येष्ठ नागरिक तीर्थाटन, विपन्न, असक्त, अपांग, ज्येष्ठ नागरिक मोतियाविन्दु उपचार, लैंगिक समावेशीकरण तथा लैंगिक सचेतना, हेयर कटिङ तथा ड्राइभिङ तालिम, पोखरा वृद्धाश्रममा अल्जाइमर टेस्ट, एकल महिला क्षमता विकास र महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

वडा कार्यालयसँगको सहकार्यमा नयाँ वर्ष महोत्सव ड्यामसाइड, कर्मचारी दक्षता क्षमता अभिवृद्धि तालिम, विभिन्न संघ, संस्थासँग अन्तक्रिया तथा बैठक, डिपिआर निर्माण, माग अनुसारका आकस्मिक कार्यक्रमहरू, वडा मेलमिलाप समितिको क्षमता विकास लगायतका कार्यक्रम गरिएका छन् ।

# वडा नम्बर १८





पोखरा महानगरपालिका वडा नं.१८ मा यस अवधिमा विन्ध्यवानिनीदेखि सराङकोटसम्म ५ किमी र पँदेलीदेखि अर्मजासम्म ३.५ किमी सडक कालोपत्र गरिएको छ । वडाभित्र ७.४ कि.मी अन्य सडक स्तरोन्नति गरिएको छ । करिब १३ सय मिटर नाला निर्माण गरिएको छ । वडाका जोखिम क्षेत्रमा २५० मिटर पर्खाल निर्माण गरिएको छ ।

जनमैत्री टोल आमा समूह, सिद्देश्वर आमा समूह, सिस्ने किरियापुत्री भवन, ढुंगेखोला किरियापुत्री भवन, नवआदर्श सामुदायिक भवन पोखरा, बेंसी सामुदायीक भवन, सराङकोट धार्मिक क्षेत्र भवन र धारापानी किरियापुत्री भवन निर्माण गरिएको छ। सरास्वती आकि भवन स्तरोन्नति गरिएको छ । वडाका विभिन्न १० स्थानमा प्रतीक्षालय निर्माण गरिएको छ ।

वडाको मेथलाङमा रहेको राष्ट्रिय विभूति पार्क, सराङकोट मन्दिर परिसर पार्क निर्माण तथा व्यवस्थापन गरिएको छ। राष्ट्रिय विभूति पार्क र सराङकोट लाइब्रेरी परिसरमामा खुला व्यायामशाला निर्माण गरिएको छ । विन्ध्यवासिनीदेखि सराङकोटसम्मको बाटो सौन्दर्यीकरण

गरिएको छ । हर्पनखोला बस्ती संरक्षण, लाामागाँउमा करिब १ रोपनी र भकुण्डेमा १ रोपनी जग्गा संरक्षण गरिएको छ । पँदेली पार्क, राष्ट्रिय विभूति पार्क लगायतका स्थानमा वृक्षारोपण गरिएको छ । खपौदी, देउराली, ग्यारजाती, न्याउडभीर, सराङकोट गरी ५ स्थानमा चौतारी निर्माण गरिएको छ । वडामा नियमित रुपमा बृहत सरसफाइ अभियान सञ्चालन गरिएको छ ।

यस अवधिमा ग्यारजाति खेल मैदान स्तरोन्नति, ढाँडस्वारा खेल मैदान निर्माण गरिएको छ । जरेवरदेखि मेथलाङसम्म ४०० मिटर र सराङकोटदेखि भमरेगैह्रासम्म ५०० मिटर, सराङकोट बजारदेखि भ्यु टावरसम्म ५०० मिटर पदमार्ग निर्माण गरिएको छ । पदैंलीदेखि सिमतालसम्म १०० मिटर सिंढीबाटो, भ्युटावरमा प्याराफिट निर्माण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत विभिन्न स्थानमा स्मार्ट सडक बत्तीहरू राखिएका छन् ।

वडावासीको नियमित स्वास्थ्य परीक्षणका लागि विभिन्न समयमा स्वास्थ्य शिविरमार्फत २ हजारभन्दा बढीको स्वास्थ्य परीक्षण गरिएको छ भने ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई १८५ थान इलेक्ट्रिक हटब्याग वितरण गरिएको छ ।

वडा कार्यालयको तर्फबाट कृषकलाई हाते ट्याक्टर, धान कुटने, तोरी पेल्ने मेसिन, गोरुपालक कृषकलाई सम्मान, कृषि उपज संकलन केन्द्र निर्माण, कृषकलाई ५० प्रतिशत अनुदान प्रदान, मौरीपालक कृषकलाई मौरीघार वितरण गरिएको छ । कृषि पकेट कार्यक्रम अन्तर्गत स्थानीय उत्पादन प्रवर्द्धनका लागि बाख्रा पकेट कार्यक्रम सञ्चालन गरिएको छ । वडामा घरपालुवा कुकुरहरूको दर्ता, भ्याक्सिनेसन र बन्ध्याकरण गरिएको छ ।

महिलाका लागि अभिमुखीकरण, सीपमूलक तालिम, बालबालिकाको हाजिरीजवाफ, ज्येष्ठ नागरिक आरोग्य कार्यक्रम, तीजगीत प्रतियोगिता सञ्चालन तथा धार्मिक महायज्ञ सराङकोटमा विशेष सहयोग प्रदान गरिएको छ ।



## वडा नम्बर १९

पोखरा महानगरपालिका वडा नं.१९ मा विकास, निर्माण कार्य जारी छ । यस अवधिमा भौतिक पूर्वाधार विकास, सामाजिक क्षेत्रको विकास लगायतका काम भएका छन् । लामाचौर-माछापुच्छ्रे ग्रामीण सडक र वडा भित्रका अन्य सडक गरी २.५ किमी सडक कालोपत्रे गरिएको छ । विभिन्न स्थानका ३ किमी सडक ढलान गरिएको छ । वडामा ३ किमी नाला निर्माण गरिएको छ । करिब ८३० मिटर पर्खाल निर्माण गरिएको छ ।

शान्त तमु समाज भवन मर्मत, पितृ उद्धार आचार्य ग्राम सामुदायिक भवन, घार्मी मैदान सामुदायिक भवन र शौचालय निर्माण, शिवालय तमु समाज भवन मर्मत, बेंसीचोक सामुदायिक भवन निर्माण, सामुदायिक बहुउद्देश्यीय भवन मर्मत, गायत्री बहुउद्देश्यीय भवन मर्मत, विन्ध्यवासिनी शिवालय मन्दिर जीर्णोद्वार, स्वामी सच्चिदानन्द गुरुधाम योगशाला, अकला मन्दिर पूर्वाधार सुधारमा सहयोग गरिएको छ ।

आवासीय पितृ उद्धार भवन मर्मत, अमला विसौनी भवन मर्मत, गोस्तेघाट झाँक्री कुल देवता मन्दिर, दुर्गा पाञ्चायन मन्दिर, सच्चिदानन्द चैतन्य स्वामी गुरु







शक्तिधाम पूर्वाधार, अकला मन्दिर तथा लक्ष्मी नारायण मन्दिर, हनुमान मन्दिर काउरे, सर्वेश्वर शिवालय मन्दिर भवन निर्माण, मदन आश्रित प्रतीक्षालय निर्माण, भक्तिपथमा सडक पेटी निर्माण लगायतका कार्य भएका छन् ।

काउरे पोखरी संरक्षण, पीपला गौरीस्वारा पोखरी मर्मत, पात्ले पार्क कृषि क्याम्पस पार्क, गिद्ध संरक्षण एवं पार्क निर्माण, कृषि क्याम्पस पार्क, तल्लाकोट ठाँटी पार्क निर्माण, विन्ध्येश्वरी आमा समूह सहरडहर पात्ले र शिवालयमा प्राकृतिक व्यायामशाला निर्माण गरिएको छ ।

घार्मीखोला बस्ती संरक्षण, पियान स्थित २५ घरबस्ती संरक्षण, तल्लाडाँडा बस्ती संरक्षण, राम्चे बस्ती संरक्षण, महेन्द्रबहादुर भुजेलको घर संरक्षण, खाल्टेखोला बस्तीमा तटबन्धन, तुलसीप्रसाद बास्तोला समेतको घरबस्ती संरक्षण, डाँडाबारी फाउन्डेसनद्वारा पुरुन्चौरमा बाँदरले मनपराउने प्रजातिको वृक्षारोपण, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सडक नाला सरसफाइ कार्यक्रम सञ्चालन गरिएको छ ।

दोपरेग्रह्रा खेल मैदान, साउनेपानी खेल मैदान, साउनेपानी खेल मैदान, प्लेनडाँडा खेल मैदान, चनौटे पातीघारी खेल मैदान, आइतेको घरदेखि मौला मन्दिर सिँढी निर्माण, दुर्गा पाञ्चायन मन्दिर मर्मत र उज्यालो पोखरा अभियान अन्तर्गत विभिन्न स्थानमा स्मार्ट सडक बत्तीहरू राखिएका छन् ।

लामाचौर स्वास्थ्य चौकी गाउँघर क्लिनिकमार्फत् वडा अन्तर्गत विभिन्न स्थानमा पाठेघरको मुखको क्यान्सर र विभिन्न परीक्षण तथा नियमित स्वास्थ्य शिविरहरू सञ्चालन गरिएका छन् । वडाका विभिन्न स्थानमा करिब ८ सय मिटर सिँचाइ कुलो निर्माण गरिएको छ । बाँदर नियन्त्रणका लागि रसायन र बाँदर धपाउने सामग्रीहरू वितरण गरिएको छ । वडामा कृषि बजार व्यवस्थापन, कुरिलो, कागती, सुन्तला, अम्बा, वरपीपल लगायतका बिरुवा वितरण गरिएको छ । यस्तै, जै घाँस, पशु चौपायमा खोरेत विरुद्धको खोप र कुकुर बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरिएको छ ।

वडाका १० विद्यालय मर्मत गरिएका छन् । ती विद्यालयमा शौचालय निर्माण र शैक्षिक सामग्रीहरू वितरण गरिएको छ । यस अवधिमा ८०२ जन्मदर्ता, ९२ जनाको मृत्यु दर्ता र ४२ बसाइसराइको सिफारिस गरिएको छ । वडाको तर्फबाट भजनकीर्तनका सामग्री वितरण, दिवा सेवा केन्द्रमा खाजा वितरण, ज्येष्ठ नागरिक सम्मान, अधिकारी टोलमा ज्येष्ठ नागरिक आमा समूह भवन मर्मत, सिलाइ कटाइ तालिम र मेसिन वितरण, लेखा व्यवस्थापन तालिम, हाजिरीजवाफ, विद्यालय स्तरीय बाल क्लबलाई खेलकुद सामग्री वितरण, विद्यालय स्तरीय बालिका हाजिरीजवाफ, बाल क्लब शैक्षिक भ्रमण, नेवाः खललाई साँस्कृतिक पोशाक वितरण, लालीगुराँस मगर समाजलाई बाजा वितरण, परम्परागत विद्युतीय आरनका सामग्रीहरू वितरण गरिएका छन् ।

# वडा नम्बर २०

पोखरा महानगरपालिका वडा नं. २० मा देवी मन्दिर मार्ग निर्माण, माझटोल कार्की मार्ग ढलान, कुना नेटा बाटो निर्माण, भकभके चालिसे मार्ग स्तरोन्नति, आयटारी सडक स्तरोन्नति, विजयपुर इन्दुपाखा चोकदेखि गैह्रीगाऊ सडक निर्माण, पशुपति धर्मशालादेखि मुखिनीवारी मार्ग बस्ती संरक्षण, एकता मार्ग नाला तथा बाटो निर्माण, वडा कार्यालय नजिक नाला निर्माण गरिएको छ । ईन्दु पाखा खुमे पुर्लुङ डाँडा बाटो स्तरोन्नति, महेन्द्र मावि अगाडि सडक स्तरोन्नति, राउलेडाँडा विजयपुरकोट सडक स्तरोन्नति, घारी आयटारी सडक स्तरोन्नति, खुमिनिर घुम्ती सडक, साउने खोला नाला व्यवस्थापन, वडा कार्यालय कुनाखेत आयटारी सडक स्तरोन्नति, बाहेखोला बस्ती संरक्षण, मौजा डाडाँथर आमा समूहको शौचालय मर्मत, मौजा सार्वजनिक शौचालय निर्माण, ज्येष्ठ नागरिक दिवा सेवा पार्कमा सार्वजनिक शौचालय गरिएको छ ।





मौजा वरको मन्दिर निर्माण, वीरेन्द्र आविमा खानेपानी ट्यांकी निर्माण, जनचेतना आविमा छाना मर्मत, महेन्द्र राष्ट्रिय आविमा छाना मर्मत, लामडाँडा बरको खानेपानी मर्मतसंभार, खहरे खोला पुल संरक्षण तथा नाला व्यवस्थापन, बिसौना पिच बाटो संरक्षण, ज्येष्ठ नागरिक दिवा सेवा तथा व्यायामशाला निर्माण, भलाम देउरालीमा चौतारी निर्माण, शिवशक्ति युवा क्लव खेल मैदान स्तरोन्नति, कल्दुपाखा गोरेटो बाटो निर्माण, मौरिहिया गाउँको गोरेटो बाटो निर्माण, हरिहर मन्दिर सिंढी निर्माण, बिस्मुरे सिँचाइ कुलो, घट्टेकुलो मर्मत, ठाडो खोला भयरथान कुलो निर्माण गरिएको छ ।

ओरालो देउरालीमा ट्रस निर्माण, महेन्द्र मावि रयालेचौरमा पढ्दै कमाउँदै सिक्दै कार्यक्रमका लागि टनेल घर निर्माण, कालीखोला सेतीदोभान झोलुङे पुल संरक्षण, खहरे खोला पुल संरक्षण तथा नाला व्यवस्थापन, विपद व्यवस्थापनका लागि ग्याविन जाली खरिद गरिएको छ । खुला पार्क स्तरोन्नति, बाहे खोला



बस्ती संरक्षण, प्रयत्नशील युवा क्लबको खेल मैदान संरक्षण, हरिहर गुफामा चौतारी निर्माण, डाँडा चोकदेखि अंदु चौतारीसम्म गोरेटो बाटो स्तरोन्नति, काहुँखोला पीपलडाली गोरेटो बाटो स्तरोन्नति, नाजिम बासस्थल पद मार्ग निर्माण, भलाम खेल मैदानदेखि हरिहर मन्दिर पदमार्ग गरिएको छ ।

महेन्द्र मावि विज्ञान विभागमा ल्याब कोठा व्यवस्थापन, आधारभूत विद्यालयका बालबालिकालाई चित्रकला र हाजिरीजवाफ प्रतियोगिता, वडा बाल सञ्जाल गठन तथा बालबालिकालाई सकारात्मक सोचसम्बन्धी विविध कार्यक्रम, हिमालय मावि आँटीघरमा सांस्कृतिक सामग्री खरिद तथा वितरण, गरिब विद्यार्थीलाई पोशाक वितरण गरिएको छ । वीरेन्द्र आवि र देवी आविमा स्टेसनरी तथा सामुदायक विद्यालयमा ६ थान कम्प्युटर वितरण, वडा शिक्षा प्रवर्द्धन कार्यक्रम, महेन्द्र माविमा कक्षाकोठा व्यवस्थापन, गरिब तथा जेहेन्दार शैक्षिक छात्रवृत्ति वितरण गरिएको छ ।

अति विपन्न, उत्पीडित परिवार स्वास्थ बिमा कार्यक्रम, महिला स्वास्थ स्वयंसेविकाहरूलाई तालिम, सुत्केरी पोषण कार्यक्रम, महिला नेतृत्व विकास तथा माइन्युट लेखन, वडास्तरीय अपांग प्रवर्द्धन कार्यक्रम, सिलाइ कटाइ तालिम, युवा लक्षित सीपमूलक तालिम, उत्पीडित दलित सचेतना कार्यक्रम, वडा बाल सञ्जालको नेतृत्व विकास, कृषि तालिम बिउबिजन वितरण तथा कृषक प्रोत्साहन कार्यक्रम गरिएको छ ।



एकल महिलाका लागि रोजगारमूलक तालिम, आर्थिक तथा सामाजिक रुपमा विपन्न युवा लक्षित सीपमूलक तालिम, कृषक लक्षित विभिन्न विषयमा प्रशिक्षण, वडास्तरीय अपांग प्रवर्द्धन कार्यक्रम, एक घर एक प्लास्टिक टनेल, गाईभैंसी तथा बाख्रामा कृत्रिम गर्भाधान, विपद् व्यवस्थापन, साविक मौजाबाट सेवा प्रवाहका लागि उपकरण खरिद, मोहरिया मौजा लामडाँडा सडक स्तरोन्नति, गैरीस्वाँरा दलित बस्तीमा सिंढी निर्माण, ठूलापाटन दलित बस्ति रसाइली टोल जाने ठूलो डहरमा ढलान, आँटीघर हात्तीगौँडा सडक स्तरोन्नति गरिएको छ ।

साउनेखोला सडक स्तरोन्नति, पीपलडाली नेटा सडक स्तरोन्नति, बिसौना छहरा खोल्सा देवीडाँडा पैदल मार्ग, मादे मोटर बाटो निर्माण, माधे गोरेटो बाटो निर्माण, मोहरिया काफलडाँडा जाने बाटो स्तरोन्नति, चौतारी मार्ग डाडाँगाँउ बाटो ढलान, भलाम आधारभूत विद्यालयको खानेपानी ट्यांकी मर्मत, हात्तीगौँडा बस्तीमा खानेपानी ट्यांकी निर्माण, मोहरिया खानेपानी व्यवस्थापन, साविक भलाम २ लक्ष्मण कार्की लगायत पाँच परिवारको घर बस्ती संरक्षण, शिवशक्ति युवा क्लव खेल मैदान स्तरोन्नति गरिएको छ ।

## वडा नम्बर २१

पोखरा महानगरपालिका वडा नं. २१ मा आर्थिक वर्ष २०७९/८० मा ४.८ किमी सडक ढलान गरिएको छ। २० वटा सामुदायिक भवन निर्माण तथा मर्मत गरिएको छ। ७.१ किमी नाली निर्माण गरिएको छ भने ५ हजार १ सय मिटर नयाँ सडक निर्माण, २ हजार १५० मिटर ग्राभेल, ५ वटा पानी ट्यांकी निर्माण गरिएको छ। ५ वटा सार्वजनिक शौचालय, ४ वटा चौतारी, ५ वटा कल्भर्ट, १ हजार ५ सय मिटर सडक कालोपत्रे र ३ सय मिटर पैदल मार्ग निर्माण गरिएको छ।

यस अवधिमा २ हजार १२० मिटर नयाँ ढलान बाटो तथा नाला निर्माण गरिएको छ। यस्तै, ५ वटा चौतारा, ४ वटा प्रतीक्षालय, ३ वटा कुवा पानी पँधेरा, ३ सय मिटर कुलो, २ हजार मिटर नयाँ सडक निर्माण गरिएको छ । खेल मैदान, ७६० मिटर पैदल मार्ग, ३ वटा किरियापुत्री भवन, ३ स्थानमा सार्वजनिक शौचालय, ३ वटा पोखरी संरक्षण, ३ स्थानमा मन्दिर निर्माण तथा मर्मत, सार्वजनिक भवन तथा आमा समूह भवन, २ वटा खानेपानी योजना तथा तारवार, वडाका विभिन्न स्थानमा पहिरो नियन्त्रण गरिएको छ।



नाथेको स्वाँरा खेलमैदान निर्माण, ठूलीस्वारा खनास्वारा खानेपानी योजना, छरछरे ठकुरी गाउँ धुँवारकोट मार्ग स्तरोन्नति, पोखेलथोक जाने सडकको पहिरो निणन्त्रण, धनपतिको घरदेखि गैरा घर भण्डारी गाउँ सडक निर्माण, प्रगतिशील आमा समूह भवन, साउनेकुना बस्ती संरक्षण गरिएको छ ।

वडाको पोखेलथोक वरको चौतारदेखि बस्तीसम्म बाटो निर्माण, कुनेखोलादेखि खानेपानी ट्यांकी पहुँच मार्ग स्तरोन्नति, निर्मलपोखरी वडा कार्यालयदेखि बाँझीपोखरी सडक स्तरोन्नति, मैदान भित्री डहर हुँदै थामाको डाँडा सडक निर्माण, रैकरे भित्री सडक निर्माण, बासपानी कपासे सडक स्तरोन्नति, भविष्य निर्माण स्कुलदेखि अम्मरेको टहरा जाने ठाडो बाटो निर्माण, लुतेपानी खोल्सा गह्रा बाटो निर्माण, लेवाड भित्री पैदल मार्ग निर्माण गरिएको छ ।

अम्मरेको टहरादेखि पँधेराघर हुँदै सहर जाने बाटो निर्माण, बासतहरादेखि राधाकृष्ण मन्दिर जाने बाटो निर्माण, दोपहरे पहटा हुँदै मुल सडक स्तरोन्नति, फोक्सिङ मुल सडकदेखि पिप्ले जाने बाटो, दाँतेको घरदेखि अभियान मार्ग स्तरोन्नति, सृजनशील आमा समूह भवनदेखि चिलाउने खर्क ढलान बाटो निर्माण, मुल सडकदेखि कुलायन मन्दिर जाने बाटो निर्माण, साउनेपानी पीपलको रुख हुँदै सिमलचौर टोल आउने पैदल मार्ग, छापस्वारा भित्री सडक निर्माण, शिवालय नारेश्वरको बोटदेखि महबारी सडक स्तरोन्नति, धनपतिको घरदेखि गैरा घर भण्डारी गाउँ सडक निर्माण गरिएको छ ।



लौसिबोट घरेडीडाँडा पैदल मार्ग, एकहाते बहाँटारी सेल्टारी नाउडी सडक निर्माण, एकहाते प्रेम गुरुङको घर हुँदै आम्बोटेखोला बाटो निर्माण, चण्डीखानदेखि मट्टिखान चौका सडक निर्माण, छुचीको गौंडादेखि थाउलेकुवा जाने पैदल मार्ग निर्माण, शाही भञ्ज्याङ भित्री बाटो निर्माण, संगमचोकदेखि पोखेलथोक जाने उकालो सडक ढलान तथा नाला निर्माण, धुर्सेनी अर्चलेदेखि सात सय कुलोको मुहानसम्म कृषि सडक निर्माण, दुवारा भित्री बाटो निर्माण भएको छ ।

पोखेलथोक जाने सडकको पहिरो निणन्त्रण, र्याले नाउडी कुलो निर्माण, कुवा पानी पंधेरो मर्मत तथा पाइप खरिद, तल्लागाउँ कोलगाडे पँधेरो निर्माण, ठूलीस्वारा खनास्वारामा खानेपानी योजना, लामपोखरी मर्मत तथा सम्भार भीरस्वारा, मैदान तिजुको रुखदेखि ठूलीस्वारा जाने चोकमा प्रतीक्षालय निर्माण, भालडाँडा किरियापुत्री भवन तथा खानेपानी मुहान संरक्षण, स्यार्तुङ किरियापुत्री तथा सार्वजनिक शौचालय निर्माण, तिलाहार सामुदायिक भवन निर्माण गरिएको छ । वरपीपल चौतारी संरक्षण, चरी बस्ने डाँडामा बहुजातीय समाधिस्थलमा ट्रस निर्माण तथा तारबार, विभिन्न स्थानमा प्रतीक्षालय तथा ट्रस निर्माण, फुर्सेखोला दोपहरे निर्मलपोखरी देवील्ला सडक मर्मत गरिएको छ ।

यस्तै, लामाखेत सुरौदी सडक, छरछरे ठकुरी गाउँ धुवाँरकोट मार्ग स्तरोन्नति, पुरानो खोला बाक्रे खेत कृषि मार्ग, आँपको रुखबाट पारिडाँडा सडक स्तरोन्नति,





स्वास्थ्य केन्द्रदेखि गमर्दी सडक स्तरोन्नति, माझको बाटो हुँदै स्वरो दुवार पर्यटन पैदल मार्ग, घुम्ति पसलदेखि अगाडि सडक स्तरोन्नति, सम्मो स्वाँरादेखि द्वारसम्म पैदल मार्ग निर्माण, जनचेतना माविदेखि चापाकोट चौर सडक, पीपलडालीदेखि खानेपानी ट्यांकीसम्म सडक, पुरानो खोलानयाँ बस्ती सडक स्तरोन्नति, मैदान ठूलिस्वारा धुर्सेनी सडक, सनसरी भीर पँधेरा घर गैरी स्वाँरा सडक स्तरोन्नति, ड्रेन, वाल तथा ढलान गरिएको छ ।

एकहाते देवी मन्दिर जीर्णोद्धार, युवा वर्ष आधारभूत विद्यालयमा सरस्वती मन्दिर निर्माण, चुरेमुल खानेपानी आयोजना, अम्बोट तोरीको पोल पीपलबोट हुँदै वरबोटसम्म सडक, भाटगाउँ गैह्राबारी साईगाउँ कृष्ति, लाम पोखरी भलौदी सडक, धुरपुरे रियाले ढावाको गैरा खोला कुलो तथा पहरो नियन्त्रण, नाथेको स्वाँरा खेलमैदान, रघै चौर सार्वजनिक शौचालय, बाँझीपोखरी संरक्षण तथा प्रवर्द्धन, शिवालय मन्दिर, रानाभाट कुल मन्दिर, प्रगतिशील आमा समूह भवन, वडा कार्यालयमा सभाहल र पार्किङ ट्रस निर्माण गरिएको छ ।

मानसिक अपांगता भएका व्यक्तिहरूलाई कुखुराको चल्ला वितरण, चिलाउनेखर्कमा मगरभाषा प्रशिक्षण, ज्येष्ठ नागरिकलाई लठ्ठी हस्तान्तरण, बाल सञ्जालमार्फत बालबालिकाको क्षमता विकासकार्यक्रम सञ्चालन, मादल बजाउने तालिम, कानुनी सचेतना, दिशानिर्देशन बोर्ड निर्माण, कृषकलाई सम्मान र हाते ट्र्याक्टर वितरण गरिएको छ ।

भविष्य निर्माण र जनचेतन स्कुलका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण, प्लम्बिङ तालिम सञ्चालन, उज्यालो पोखरा अभियान अन्तर्गत सडक बत्तीहरू जडान र आमा समूहहरूलाई बाद्यवादनका सामग्रीहरू वितरण गरिएको छ ।

वडामा क्रियाशील उत्कृष्ट कृषकहरूलाई सम्मान गरिएको छ । उनीहरूलाई विभिन्न समयमा हाते ट्र्याक्टर वितरण गरिएको छ । वडामा सञ्चालित स्कुलहरूमा प्राविधिक कक्षा सञ्चालन, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण, बाल कल्याण आवि, युवा वर्ष आवि, जनजागृति आवि र रामदी आविंमा कक्षाकोठा व्यवस्थापन तथा मर्मत सम्भार गरिएको छ ।

विपद प्रभावितहरूलाई राहत उपलब्ध गराइएको छ । वन क्षेत्रमा डढेलो रोकथाम तथा सचेतना अभिवृद्धि, वडामा विभिन्न खानेपानी योजना निर्माण र मर्मत, कुवा, पानी, पँधेरा मर्मत संभार तथा संरक्षण गरिएका छन् । बाँझीपोखरी, फुर्सेखोला लगायतका स्थानमा प्राविधिक नापजाँच गरी सार्वजनिक जग्गा मिच्ने कार्य निरुत्साहन गरिएको छ । लामो प्रक्रियागत झन्झट विना सेवा लिन सक्ने वातावरण तयार गरिएको छ । सेवाग्राहीका लागि निवेदन ढाँचा, निवेदन र कलमको व्यवस्था गरिएको छ । लेखपढ गर्न नसक्नेहरूका लागि सहयोगीको व्यवस्था गरिएको छ ।

# वडा नम्बर २२

पोखरा महानगरपालिका वडा नं.२२ मा विकास, निर्माणमा दत्तचित्त छ । यस अवधिमा पैयूँचौतारी तारेभीर सडक १.७ किमी कालोपत्रे गरिएको छ । भुवनडाँडा भेडीखर्क सडक ५ सय मिटर ढलान गरिएको छ । वडा कार्यालय-घरेडी बाटो ५ सय मिटर ढलान गरिएको छ । ठूलीबिडी संगमचोक बाटो ३ सय मिटर, साइस्वाँरा मोटरबाटो १.५ किमी नाला र २ सय मिटर ढलान, भ्युपोइन्ट बर्सांगे भेडीखर्क सडक ५ सय मिटर ढलान र वडा कार्यालय भुवनडाँडा सडक कालोपत्रे गरिएको छ ।

यस्तै, भ्युपोइन्ट सिरबाने सडक २ सय मिटर, खदर्को भुइसार्ने सडक स्तरोन्नति, फलेटे पुम्दीकोट सडक स्तरोन्नति, कुभिन्डे उल्लेरी मोटरबाटो ढलान, मनिडाँडा ढावा मोटरबाटो ढलान, छापा अनदु ढलान, थर्पु मोटरबाटो निर्माण गरिएको छ । च्याल्खु डाँडा मोटरबाटो, टारी घैयाखेत मोटरबाटो, दोबाटे खत्रीगाउँ मोटरबाटो, काब्रे बराहचोक भुम्दी र चिल्डेधुम भेडीखर्क कालाबाङ गुम्बा सडक निर्माण गरिएको छ । आलेस्वाँरा ठूलीबिडी १.५ किमी भ्युपोइन्ट चिसापानी सडकको





सेराघाट पुम्दी खानेपानी मर्मत गरिएको छ। मान्द्रेढुंगा अलैंचेबारी तिलाहर र सेराकुला कटेरी सिँचाइ कुलो मर्मत, कृषकलाई ६० थान मिनिटिलर, टनेल, स्प्रेयर, बीउबिजन र अन्य सामग्रीहरु वितरण गरिएको छ। कृषि



सञ्जालमार्फत् कृषि उपज संकलन केन्द्र ६ स्थानमा सञ्चालन गरिएको छ। तरकारी र फलफूलका बिरुवा वितरण, जैघाँसको बिउ वितरण, बर्खे काक्रो वितरण, हाइवे पकेट क्षेत्र अन्तर्गत तरकारी उत्पादन तथा अदुवा र खुर्सानीलाई विशेष प्राथमिकता दिइएको छ। पोखरा महानगरपालिकाको कृषि एम्बुलेन्समार्फत् ताजा तरकारी संकलन तथा ढुवानीको व्यवस्था मिलाइएको छ।

वडामा सञ्चालित महेश्वरी मावि, शुक्रराज मावि, ओखलेडाँडा भुम्दीकोटमा प्रयोगशाला निर्माण तथा भगवती आवि र महेश्वरी माविमा पर्खाल निर्माण गरिएको छ। विद्यार्थीलाई विभिन्न समयमा शैक्षिक सामग्रीहरू वितरण गरिएको छ। लक्षित समुदायका लागि आवश्यक सीपमूलक तालिमहरू, बालबालिकाका लागि नेतृत्व तथा क्षमता विकासका कार्यक्रमहरू, गरिब तथा विपन्नलाई आर्थिक सहायतासमेत प्रदान गरिएको छ।







वडा नम्बर २३




पोखरा महानगरपालिका वडा नं. २३ को बाम्दी चापाकोट चनौटेसम्म ३.५ किमी सडक कालोपत्रे गरिएको छ । हाँडीखोलामा मोटरेबल पुल निर्माण गरिएको छ । कुद्वीडाँडा पुरानो सडक निर्माण, नौले पाथ्रे सडक, कमेरे तामागी-भदौरे सडक, पँधेरा-खाल्टा-विमराबोट-मार्सीखेत-घाँटिछिना सडक, कात्रे-निर्माने-बूढीरह सडक, शम्शेर मार्ग-घाँटीछिना सडक, हर्पन-विमराबोट सडक निर्माण गरिएको छ। कार्कीको तहरा भित्री सडक, भालुखोला-रातमाटे सडक, चैनपुर-सिम्पानी सडक, घाँटीछिना-खोरपाखा सडक, मार्गी-बगर-झाँक्रीथान हुँदै च्यानडाँडासम्म सडक स्तरोन्नति गरिएको छ ।

हर्पनकोट विद्यालय जाने शाखा सडक, चनौटे खोरपाखा ऐसेलुचौर सडक, नौलेपाथ्रे डाँडागाउँ सडक, दमदमे

पञ्चासे सडक, ठूलाखेत-कयरवारी-प्याउदी सडक, बाम्दी-चापाकोट-घडेरी-कुद्‌विडाँडा पुरानो सडक, तामागी-भदौरे सडक, घैया खोरिया शाखा सडक, आरुवोट-मैदान-पोखरी सडक, तामागी साइकल ट्र्याक खुरूपैंचे-भन्ज्याङ सडक, घाँटीछिना-दमदमे कुद्‌विडाँडा -सिदाने- पन्चासे भन्ज्याङ-ढावाकुना सडक हर्पन -प्याउदी सडक स्तरोन्नति गरिएको छ ।

ठूलाखेत-धारापानी-सेतोपहरा सडक, घाँटीछिना -सिम्पानी-मार्सिखेत-विमराबोट-पधंराखाल्टा सडक, तामागी-खुरुपैचे सडक, धारापानी सडक निर्माण तथा मर्मत, कयरबारी-प्यउदी सडक, मार्से शाखा सडक, भगेरेस्थान-मकैवारी-लामाखेत सडक, सिदाने-फलाटे भञ्ज्याङ सडक, ठूलाखेत-कयरवारी-चैनपुर- हर्पन तामागी सडक, तोरेज्यामिरे-मण्डली डाँडा-भ्युप्वाइन्ट, कयरवारी चोक प्रतीक्षालय र भालुखोला सडक स्तरोन्नति गरिएको छ ।

मूलपानी तामागी राम्चे भदौरे सडक निर्माण, राम्चे भदौरे मोटरबाटो स्तरोन्नतित, बाम्दी-ओखलढुंगा घडेरी ऐसेलुचौर-चनौटे सडक, हर्पन-तामागी-भ्युप्वाइन्ट सडक, घाँटिछिना-दमदमे-सिदाने-पञ्चासे सडक, बाम्दी- चापाकोट-चनौटे सडक स्तरोन्नति, सिद्धबराह माविबाट-कहरे झोलुङ्गे पुलसम्मको बाटो ढलान, सिद्ध





नौजे पाथ्रे चारटुङ सडक, धर्मडाँडा बेत्यानी सडक, फलाटे डाँडाकटेरी भञ्ज्याङ सडक, मार्से शाखा सडक, शम्शेर मार्ग, बाम्दी ओखलढुंगा घडेरी सडक, हर्पन प्याउदी सडक, नेपाली बस्ती-ऐसेलुचौर-डाँडाकटेरी सडक, रायस्वाँरा-पञ्चकोशी-ऐसेलुचौर सडक, मैदान पोखरी-जुरेथुम-आरुबोट-बिरिम सडक मर्मत तथा स्तरोन्नति गरिएको छ ।

घडेरी-घैयाखोरिया सडक, शमसेर मार्ग, बराङ-सिम्टोबोट, मकवानपुर-सिदाने पञ्चासे सडक, चनौटे-पञ्चकोशी-ऐसेलुचौर, बुढिरह-निर्बाने-कात्रे सडक, खुरुपैंचे-हर्पनडाँडा सडक, घाँटीछिना- खोपाखा सडक, बराह माविबाट कहरे झोलुंगे पुलसम्मको बाटो ढलान गरिएको छ ।


यस अवधिमा वडा कार्यालयको तर्फबाट ऐसेलुचौर आमा समूह भवन, दलित समुदायिक भवन, मार्गी दलित समाजको भवन, दमदमे तमु समाज भवन, परिवर्तन आमा समूहको भवन, शिवशक्ति आमा समूहको भवन, दलित किरियापुत्री भवन, रेडक्रस भवन, रैकर एकता आमा समूहको भवन, दाहसंस्कार भवन दमदमे नेपाली टोल, सिद्धबराह आमा समूहको भवन, तल्लो सिदाने भवन, परियार समाज भवन, जिमिरे तोरा उत्पीडित सामुदायिक भवन, सन्सरीमाई आमा समूह तथा खोप

केन्द्र शौचालय, बराङ आमा समूह भवन, मकवानपुर समाज घर, वडा कार्यालय, ऐसेलुचौर आमा समूहको भवन, बराङ आमा समूहको भवन, चैनपुरको उपल्लो सामुदायिक भवन, सुनार समाज भवन, सामुदायिक भवन उपल्लो सिदाने, सामुदायिक भवन घडेरी लगायत भवनहरू निर्माण, मर्मत तथा स्तरोन्नति गरिएको छ ।

माझथुममा १०८ फुटको हनुमान मूर्ती स्थापना, शिव मन्दिरमा चर्पी निर्माण, बराह हनुमान मूर्ति निर्माण, खोरपाखा मन्दिर संरक्षण, एकमदश शिव मन्दिर कौडिन्या ऋषि आश्रम तपोभूमी, पीपलडाली देउराली आविमा कम्पाउन्ड वाल निर्माण, पीपलडाली देउराली डाँडा खानेपानी योजना निर्माण गरिएको छ ।

भूते झरना संरक्षण, रक गार्डेन निर्माण, मण्डली डाँडामा पार्क निर्माण, देउराली मन्दिर पार्क निर्माण, ककहरे श्यामुल बस्ती संरक्षण तथ खोला नियन्त्रण, घाँटीछिनाको पुलमुनि खोला नियन्त्रण तथा बस्ती संरक्षण, घाँटिछिना ठाडोखोलो बस्ती संरक्षण खोला नियन्त्रण, कार्कीको तहरा बस्ती संरक्षण, तोराखोला नियन्त्रण तथा बस्ती संरक्षण, खहरेखोला पुलमुनि बस्ती संरक्षण, डुडेफाँट बस्ती संरक्षण तथा खोला नियन्त्रण, पहिराको डिलमुनि बस्ती संरक्षण, बिरिम खोला नियन्त्रण, सिदाने जोखिममा परेको बस्ती संरक्षण तथा





आवि कम्पाउन्ड, मक्कनादेवी विद्यालयको स्तरोन्नति, पञ्चकोशी आवि स्तरोन्नति गरिएको छ ।

मैदान पोखरीमा प्रतीक्षालय निर्माण, कुदवीडाँडा खानेपानी मुहान मर्मत, डाका खानेपानी आयोजना अर्न्गत ट्यांकी निर्माण तथा मुहान संरक्षण, पाइपलाइन विस्तार, अलैचेवारी कुवा खानेपानी मर्मत घडेरी पँधेरो निर्माण, दलित बस्ती खानेपानी र खाल्टे धारा मर्मत तल्लो सिदाने, कार्कीको तगारा माझथुम मूल सडक दायाँबायाँ खानेपानी लाइन विस्तार, धारापानी खानेपानी निर्माण, चापाकोट ठूलो पँधेरो निर्माण, माझथुम नौविसे बस्ती खानेपानी बोरिङ निर्माण, मार्गी साविक २ तटबन्ध निर्माण गरिएको छ ।

पोखराको अग्लो स्थान हाइ अल्टिच्युड पञ्चासे भञ्ज्याङमा खेल मैदान निर्माण गरिएको छ । वडाका मुख्य चोक/ठाउँमा सार्वजनिक सूचना बोर्डहरू राखिएको छ । वडास्तरीय खेल, खेलकुद कार्यक्रम र खेलकुद सामग्री वितरण गरिएका छन् । नमुना गोरेटो बाटो निर्माण, चैनपुर हर्पन पर्यटन पदमार्ग, पोखरा फेरोटेक रुट निर्माण, ठूलाखेत चैनपुर हर्पन पर्यटन पदमार्ग निर्माण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत वडाका विभिन्न स्थानमा स्मार्ट सडक बत्तिहरू जडान गरिएका छन् ।

गर्भवती महिला पोषण प्याकेज वितरण, दन्त तथा मुख परीक्षण तथा उपचार कार्यक्रम, स्वास्थ्य चौकी अन्तर्गत गाउँघर क्लिनिक निर्माण, नयाँ बस्ती खोप केन्द्र निर्माण, स्वास्थ्य चौकी निर्माण, चापाकोट उपस्वास्थ्य चौकी, भदौरे उपस्वस्थ्य चौकीमार्फत् नियमित खोप कार्यक्रमसहित वडावासीलाई स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।

मार्सेखोला चिसाखोला सिँचाई (ऐसेलुचौर), चिसाखोला रायस्वारा चारसुरे उखुवारी सिँचाइ आयोजना, शान्तेखोला ठूलाखेत ढावा सिँचाई आयोजना मर्मत गरिएको छ । वडाका कृषकलाई उन्नत जातका मकै, धान, गहुँ, आलू लगायतका तरकारी, विउ बिजन वितरण तथा कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ । वडामा रहेका घरपालुवा कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको छ ।

महिला सशक्तीकरणका लागि विविध सीपमूलक, आय आर्जन एवं जीवनोपयोगी कार्यक्रमहरू सञ्चालन गरिएका छन् । ज्येष्ठ नागरिक घरदैलो स्वस्थ्य परीक्षण कार्यक्रम, महिलाको नेतृत्व विकास, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता लक्षित सशक्तीकरण कार्यक्रम, अपांगता भएका व्यक्तिहरूको क्षमता विकास, न्यून र विपन्न आयस्तर भएका तथा सिलाइ तालिम लिएका महिलाहरूलाई सीप सिकाइका लागि सिलाई मेसिन वितरण, बालबालिकालाई सचेतनात्मक कार्यक्रममार्फत् सहयोग गरिएको छ ।

विभिन्न समुदायको धर्म, संस्कृतिक जगेर्ना, उत्थान तथा सशक्तीकरण, सिमान्तकृत तथा अन्य वर्गका लागि पनि सीप विकास र सशक्तीकरण गरिएको छ । वडा भित्रका परम्परागत धर्म, संस्कृतिको जगर्ना, रीतिरिवाज, धर्म प्रथा प्रचलनको निरन्तरतासँगै पर्यटन प्रवर्द्धन र मेला, महोत्सवका लागि सञ्चालित विविध कार्यक्रमहरूमा सहायता प्रदान गरिएको छ । वडा कार्यालय परिसरमा शितभण्डार, सभाहल, क्यन्टिन निर्माण तथा लौरुक र बाम्दी जोड्ने हर्पन खोलामा पक्की पुल निर्माणाधीन छन् ।






वडा नम्बर **२४**

पोखरा महानगरपालिका वडा नं. २४ मा यस अवधिमा प्रगतिशीलबाट पिकनिक स्पोर्टसम्म मोटरबाटो निर्माण, कृषि सडक, ढाटपाताल-तीनपाथे मोटरबाटो निर्माण, बम्दीचोक घट्ट हुँदै तातोपानी मोटरबाटो, बास्कोट डाँडा खेत मोटरबाटो, कार्कीको तगरा-सालघारी-माझथुम मोटरबाटो, कार्कीको मन्दिर नेर सामुदायिक भवन निर्माण, दोपहरे आमा समूहको भवन निर्माण, चालिसे गौरेगाउँ एक्लेखेत मोटरबाटो, बास्कोट खेल मैदान निर्माण गरिएको छ ।

यस्तै, ऋषिराम तिमिल्सिनाको घर संरक्षण, एकता समाज कार्कीको तगरा खानेपानी धारा तथा भवन निर्माण, गुन्टेचौर रैकर ज्योति आमा समूह भवन मर्मत, अम्कुना आमा समूह भवन, गुन्टेचौर मतेको खोला पदाले सिम मोटरबाटो, कृषि सडकदेखि वनपाले पीपलबोट चौतारा हुँदै पानी ट्यांकी मोटरबाटो, फुल्सेडाँडादेखि बेलचौतारा मोटरबाटो ढलान, रुपाखोला-बान्द्रे-डाँडाखेत सिँचाइ कुलो निर्माण, साउडाँडा वडहरे खानेपानी निर्माण, अम्कुना कामीखोला खानेपानी, लौरुक शिव



मन्दिरमा ट्रस निर्माण, माझ्थुम कार्कीको तगरा आमा समूह भवनमा ट्रस निर्माण, बान्द्रे किरियापुत्री भवनमा शौचालय निर्माण, ढोकामुख प्रतीक्षालय निर्माण गरिएको छ ।

टारी जलजला खानेपानी योजना, छिपछिपे पानी-अधिकारी टोल किरियापुत्री भवन, रोहटे पँधेरोमा किरियापुत्री भवन, लौसिढुंगा किरियापुत्री भवन, पामे आधारभूत विद्यालय, एकता समाजको संरक्षण तथा घेरावार, कामीगाउँदेखि रत्नेटा मोटरबाटो ढलान, चिलिमेडाँडा पिकनिक स्पोट निर्माण, भतेरपाटादेखि मुडकेपोखरी मोटर बाटो ढलान, सिमल चौर सामुदायिक भवन मर्मत, बास्कोट खानेपानी ट्यांकी मर्मत तथा खानेपानी पाइप खरिद, कृषि सडकदेखि बेलचौतारासम्म मोटरबाटो ढलान, चालिसे टारी मोटरबाटो, पात्रेढुंगादेखि स्यानी पोखरीसम्म नाला तथा स्ल्याब निर्माण, खडगाउँ पोखरी मर्मत, दर्दरे ढावागाउँसम्म मोटरबाटो निर्माण गरिएको छ ।

जलजला युवा क्लब भवन निर्माण, भौतेको खाल्टो खेल मैदान, धारापानी खानेपानी मुहान मर्मत, सधीखोला किरियापुत्री भवन मर्मत, कटुवान खोला स्यानचौरी मन्दिर मर्मत तथा ट्रस निर्माण, स्यालढुंगा देखि मौलासम्म सिँढी निर्माण, चिसापानी सामुदायिक भवनमा ट्रस निर्माण, कास्कीकोट सराङकोट ढिकुरपोखरी खानेपानीको मर्मत तथा पहरेपानी ट्यांकी संरक्षण वाल निर्माण, रातामाटा सामुदायिक भवन ट्रस निर्माण, चिलिमेडाँडा सामुदायिक भवन रंगरोगन, काउले टोलमा किरियापुत्री भवन निर्माण, धम्पुस कास्कीकोट सराङकोट खानेपानी मुहान मर्मत तथा संरक्षण, माझ्थुममा हनुमान मन्दिर निर्माण, घट्ट झौरी खेत लौरुकनहर कुलो निर्माण, भीरमुनि शिव मन्दिर निर्माण, नव प्रतीभा आमा समू भवन मर्मत तथा संम्भार, कृषि सडकदेखि कार्कीको गाउँसम्म सिँढी निर्माण गुप्त कालिका मोटरबाटो निर्माण गरिएको छ ।

कृषि सडक हुँदै रत्नेटा राउसे ओडार मोटर बाटो निर्माण, चालिसे उखरी डाँडापाताल कृषि सडक निर्माण, लौरुक बाङकाटी हुँदै वडा कार्यालय जोडने सडक निर्माण, पामे चालिसे बडहरे सिसौंदी रत्नेटा मोटरबाटो निर्माण, दरदरे गाउँ हुँदै ढावागाउँ जाने मोटरबाटो ढलान, कृषि सडक हुँदै वनपाले मोटरबाटो, हरप्यांग गहिराबरी मोटर बाटो, भाटगाउँ हुँदै रातमाटा कृषि सडक मोटरबाटो, प्याराग्लाइडिङ टेक अफ जाने बाटो, बिरुवा ओखरी तीनपाते मोटरबाटो, डोखाको मुख गुन्टेचौर सडक निर्माण, परियार टोल बस्ती संरक्षण, जलजला झरना पर्यटन पूर्वाधार निर्माण, काश्यप ताल संरक्षण, नेपाल वृन्दावनधाम कास्की राधाकृष्ण मन्दिर निर्माण गरिएको छ । वडामा निरन्तर सरसफाइ कार्यक्रम सञ्चालन गरी जनचेतना अभिवृद्धि गरिएको छ भने एस्माली धोकामुख पहरेपानी मान्द्रेढुंगा लिफ्टिङ खानेपानी योजना निर्माण गरिएको छ ।



# वडा नम्बर २५

पोखरा महानगरपालिका वडा नं.२५ का विभिन्न स्थानमा करिब १.८३ किमी सडक कालोपत्र गरिएको छ। यस अवधिमा ३ किमी सडक ढलान र ३.५ किमी नाला निर्माण गरिएको छ । २ हजार मिटर पर्खाल निर्माण गरिएको छ। दाहालको डहर बाटो र डडालीथर चापाघाट नयाँ सडक निर्माण गरिएको छ। झिझिर्का र कालिकाचोकमा प्रतिक्षालय निर्माण गरिएको छ।

लाम्पाटा आमा समूह भवन, बालबालिका केन्द्र भवन, सर्वेश्वर मिलन आमा समूह भवन, मेलबोट सामुदायिक भवन, हेमजा आमा समूह भवन, वडा कार्यालय स्तरोन्नति तथा पर्खाल निर्माण, रामजानकी मन्दिर पूर्वाधार निर्माण, कालिका आमा समूह भवन कम्पाउन्ड निर्माण, लामा चौतारा खोप केन्द्र व्यवस्थापन, सिद्धेश्वर सामुदायिक भवनमा ट्रस निर्माण, विष्णुपादुका बहुउद्देश्यीय भवन स्तरोन्नति गरिएको छ।

माइकोस्थान मन्दिरमा तला थप र ट्रस निर्माण, त्रिपुरेश्वर मन्दिर स्तरोन्नति, त्रिपुरेश्वर महादेव मन्दिर ढुंगा छाप्ने, सिढी बाटो, नेत्रेश्वर महादेव मन्दिर पर्खाल निर्माण गरिएको छ। विष्णुपादुका चमेना गृह, अम्बिका



स्कुल तला थप, गौरीशंकर क्याम्पस फर्निचर खरिद तथा भवन मर्मत, गौरीशंकर मावि तला थप, श्रमिक आधारभूत विद्यालय कम्पाउन्ड र कक्षाकोठा मर्मत तथा गौरीशंकर मावि ग्राउन्ड मर्मत, विष्णुपादुका बास्केटबल कोर्ट निर्माण, अम्बिका माविमा तला थप गरिएको छ ।

गैरीपोखरी काजीको कुवा संरक्षण, टाङटुङ पोखरी, सुन्दरपुरी कुवा, तल्लो झिझिर्का र माथिल्लो झिझिर्का पोखरी संरक्षण गरिएको छ। सोती पसल पार्क, रुद्रमहादेव पार्क निर्माण, मेलवोट, सुन्दरपुरीमा खुला व्यायामशाला निर्माण गरिएको छ भने सुन्दरपुरी व्यायामशाला तारबार गरी संरक्षण गरिएको छ । लाम्पाटा र साझा चौतारी, छ ।

गैरी खेलमैदान स्तरोन्नति, विष्णुपादुका मावि बास्केटबल कोट निर्माण, फुर्केटारी देउराली, नेपाली कुल मन्दिर जाने बाटो, बास्कोट सिँढी बाटो, झिझिर्का सिँढी बाटो, तीव्रीकोट मणी सिंढी बाटो, मेलबोट मणि सुर्का मणि पर्यटन मार्ग निर्माण गरिएको छ । उज्यालो पोखरा अभियान अन्तर्गत वडाका विभिन्न स्थानमा स्मार्ट सडक बत्तीहरू जडान गरिएका छन् । महिलाको पाठेघको मुखको क्यान्सरसम्बन्धी भिआइए परीक्षण, सुगर, उच्च रक्तचाप, मुटुरोगीहरूको नियमित स्वास्थ्य परीक्षण, वडा नागरिक आरोग्य कार्यक्रममार्फत ज्येष्ठ नागरिक,








विष्णुपादुका मावि चौतारी, शेरा चौतारा, ढाडा चौतारा निर्माण तथा टोल विकास संस्थाहरूको परिचालनमार्फत वृहत हेमजा सरसफाइ कार्यक्रम गरिएको छ ।

पोखरा महानगरपालिकाको मेगा वृक्षारोपण अभियान अन्तर्गत याम्दीदेखि सुईखेतसम्म डिभाइडरमा ११ सय विभिन्न प्रजातिका वृक्षारोपण गरिएको छ । सापकोटा कुल मन्दिर तलको बस्ती संरक्षण, झिझिर्का बस्ती संरक्षण, सुईखेत डुबान नियन्त्रण, मसिना बगर बस्ती संरक्षण र बाल कल्याण आवि संरक्षण, चौरासी नहर क्षेत्राधिकार संरक्षण, सुन्दरपुरी नाला निकास सीमांकन, बाटोको क्षेत्राधिकार सीमांकन लगायतका कार्य गरिएको

असक्त, दीर्घरोगी र बालबालिकालाई घर घरमा स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

वडामा रहेका ८ साना सिँचाइ आयोजनाहरू मर्मत गरिएको छ । ५ वटा हाते ट्याक्टर, स्प्रे वितरण, हल गोरुपालक कृषकलाई अनुदान प्रदान, २ उत्कृष्ट किसानलाई सम्मान, आलुको बिउ वितरण, प्रांगारिक मल, गोलासहितका ५० घार मौरी वितरण, आलुबाली प्रवर्धन लगायत कृषक प्रोत्साहन कार्यक्रम गरिएको छ । हेमजा बाल दिव्य ज्योति आवि लाम्पाटा र गौरीशंकर माविमा बाल विकास कक्षा व्यवस्थापन गरिएको छ । गौरीशंकर मावि, विष्णुपादुका मावि, अम्बिका माविमा विद्यालय बसको व्यवस्था गरिएको छ ।

महिलाका लागि अचार बनाउने तालिम, वक्तृत्वकला, कानुनी सचेतना, बालबालिकाका लागि विद्यालय स्तरीय बाल डान्स आइडल, ज्येष्ठ नागरिकका लागि तीर्थयात्रा भ्रमण, हिमशिखर प्रकाशन, नेवाःखल लाखेनाच, भजन समूहहरू, देविस्थान, माछापुच्छ्रे सेवा समाज, मातृकेश्वर एकता समूहलाई विभिन्न प्रकारका सहयोग गरिएको छ ।











## वडा नम्बर २६

पोखरा महानगरपालिका वडा नं.२६ मा यस अवधिमा ४.५ किमी सडक कालोपत्र गरिएको छ । ९ किमी सडक ढलान गरिएको छ। ३ हजार मिटर नाला निर्माण गरिएको छ। २४ वटा सामुदायिक भवन, एक खानेपानी ट्यांकी, ६ वटा मठ, मन्दिर, ४ वटा विद्यालयको स्तरोन्नति गरिएको छ। यस अवधिमा करिब ७ किमी नयाँ सडक निर्माण गरिएको छ । वडाका विभिन्न स्थानमा १४ वटा कल्भर्ट र १ सार्वजनिक शौचालय निर्माण गरिएको छ। ८ वटा कुँवा तथा पोखरी संरक्षण, २ वटा पार्क निर्माण, ६ स्थानमा व्यायामशाला निर्माण, जोखिमयुक्त बस्ती संरक्षण, सार्वजनिक जग्गा संरक्षण, २० वटा चौतारी संरक्षण, ३ सयभन्दा बढी डस्टिबिन वितरण गरिएको छ । ५ वटा खेलमैदान स्तरोन्नति गरिएको छ। ३६९ मिटर पर्यटन पदमार्ग र ४४० मिटर सिँढीबाटो निर्माण गरिएको छ।

उज्यालो पोखरा अभियान अन्तर्गत विभिन्न स्थानमा स्मार्ट सडक बत्तिहरू जडान, २५ थान भलिबल, २५ थान फुटबल, ११ थान भलिबल नेट, ४ थान फुटबल जाली, ब्याडमिन्टन नेट र जर्सीहरू प्रदान गरिएको छ।



वडाका नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी विभिन्न रोगसम्बन्धी स्वास्थ्य शिविर गरिएको छ । २ वटा स्वास्थ्य चौकी मर्मत गरिएका छन् । ५ मिटर सिँचाइ कुलो मर्मत गरिएको छ । कृषकलाई विभिन्न प्रकारका कृषि उपकरण, मल, बिउ तथा विरुवाहरू अनुदानमा वितरण गरिएको छ । एक सयभन्दा बढी कृषकलाई मौरीघार वितरण गरिएको छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न १ सयभन्दा बढी विद्यार्थीलाई विभिन्न प्रकारका सीपमूलक तालिम, लक्ष्मी मावी र भवानी कालिका माविमा स्कुल बसको व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिकका लागि आवश्यक मनोरञ्जन तथा वाद्यवादनका सामग्री प्रदान, नेपाल परिवार समाजलाई बाजा सेट र नेवा खलःलाई साँस्कृतिक सामग्रीहरू हस्तान्तरण गरिएको छ ।



महिलाका लागि कानुनी सचेतना, चप्पल तथा हस्तकलासम्बन्धी तालिम, ब्युटिपार्लर, साबुन तथा सर्फ बनाउने, मादल बजाउने, उद्घोषण, सिलाइकटाइ र मौरीपालनसम्बन्धी तालिम प्रदान गरिएको छ । सामुदायिक विद्यालयहरूमा किशोरी सुरक्षा बेड प्रदान गरिएको छ ।

कृषकलाई मौरी घार ८९ थान, पानी तान्ने मोटर १ थान, कुटानी पिसानी मेसिन ३ थान, प्लास्टिक टनेल ३० थान, त्रिपाल १६७ थान, आँसी ७० थान, घाँस काट्ने करौती १७० थान, असिना छेक्ने जाली १ थान, मल्चिङ प्लास्टिक ३ रोल वितरण गरिएको छ । यस्तै, मिनि ट्रिलर २ थान, हल गोरु ४ कृषकलाई, जेठो बुढो धान १८ सय केजी, चैते धान ३ सय ५० केजी, मकै ४ सय केजी, गहुँको ३ सय केजी, आलुको १ हजार केजी, तोरीको १ सय केजी बीउ तथा उन्नत घाँस १ सय ४३ जनालाई, घाँस प्रोत्साहन ११ जनालाई, फलफूलका बिरुवा २ हजार वटा वितरण गरिएको छ ।

वडामा माग भइआएका योजनाको योजना बैंक स्थापना गरिएको छ । कालिकाचोक थुमाको डाँडा बुढीबजार–खराने हुँदै राखी डाँडाबाट सर्के मैदान, साँघुको मुख हुँदै सिलिंगेसम्मको सडक निर्माण कार्य अघि बढाइएको छ । पृथ्वी राजमार्गको वैकल्पिक मार्ग हुँदै डहरे साँघु जोड्ने बाटोको वडा नं.२६ तर्फको खण्ड कालोपत्र र ढलान गरिएको छ । बुढीबजार खराने बाटो विस्तार, वडाको बहुउद्देश्यीय भवन निर्माण गरिएको छ । यस अवधिमा करिब ३५ किमी सडक कालोपत्र र स्तरोन्नति भएको छ ।

वडाध्यक्षसँग बालबालिका कार्यक्रमको सुरुवात, गण्डकी बहुप्राविधिक शिक्षालयसँगको सहकार्यमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिएको छ । उच्च शिक्षामा छात्रवृत्ति प्रदान, बालबालिकाको क्षमता विकासका कार्यक्रम, वडाका विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविरहरू गरिएको छ । स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन पहल गरिएको छ ।

वडाको डिजिटल प्रोफाइल निर्माण, वडामा रहेका तालहरूलाई सौन्दर्यकरण तथा विकास, धार्मिक









पर्यटनको रुपमा जटाशंकर मन्दिरमा पूर्वाधार निर्माण, चण्डी मन्दिर निर्माण र सौन्दर्यकीकरण, वडाभित्रका विभिन्न जातजातिका भाषा, संस्कृति संरक्षण गरिएको छ । १० चौतारी संरक्षण, सार्वजनिक चौरहरूमा पार्क निर्माण गरिएको छ ।

वडामा रहेको विशेष विद्यालय सिर्जना बहिरा माविको भौतिक पूर्वाधार विकास, नेत्रहीनहरूका समस्या समाधानका लागि अपांगमैत्री बाटो निर्माण, ब्रेल लाइब्रेरी निर्माणका लागि पहल गरिएको छ । वडालाई अपांगमैत्री वडाको रुपमा अगाडि बढाइएको छ । वडाका विभिन्न स्थानमा आवासीय किरियापुत्री भवन निर्माण, दिवा सेवा केन्द्र स्थापना गरी स्वास्थ्य सेवासहित वृद्धवृद्धालाई जमघट र भजनकीर्तनकाका लागि सहज बनाइएको छ ।

कार्यालयको कामलाई प्रभावकारी बनाउन एकद्वार प्रणालीमार्फत सेवा प्रवाह, नागरिक वडापत्र, गुनासो पेटिका आदिको व्यवस्था गरिएको छ । प्रत्येक वर्ष सार्वजनिक सुनुवाई मार्फत पारदर्शी र जवाफदेहिता अभिवृद्धि गरेको छ । वडामा रहेका समस्या सुनुवाइका लागि वडाध्यक्ष र कर्मचारी सहितको टोली जनताको घरदैलोमा पुग्ने गरेको छ ।

वडाका विभिन्न स्थानमा खेल मैदान निर्माण गरिएको छ । वडाको पहलमा ५ ठाँउमा खुला व्यायामशाल स्थापना गरिएको छ । वडा सदस्य कप सञ्चालन गरिएको छ । वडामा हुने सम्पूर्ण किसिमका खेलकुदका कार्यक्रममा सहभागिता जनाइएको छ । विद्यालयमा कक्षा ४ र ५ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क स्थानीय पाठ्यपुस्तक वितरण गरिएको छ । गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिएको छ ।

# वडा नम्बर २७

पोखरा महानगरपालिका वडा नं. २७ मा यस अवधिमा २ किमी सडक रिसोलिङ गरिएको छ । खराने फाँटदेखि अर्चलेसम्म १ हजार १३ मिटर सडक, प्रगतिचोक रिठ्ठेपानी सहकारी भुवनकुना कुवा हुँदै छिमेकी टोल जोड्ने सडक कालोपत्र ३ सय मिटर, डिपिसी पर्खाल ७४१ मिटर, वडा कार्यालय २७ देखि शिशुवासम्म ६ सय ११ मिटर सडक रिसोलिङ गरिएको छ। सेख्रे बस्तीमा नयाँ ट्र्याक निर्माण गरिएको छ । लामतहरा बाह्रघरे सडक, छत्रे ढुंगा नाला पिसिसी तथा ट्याक्सी पार्किङ, झपट लामाको घरदेखि सीताको घर जोड्ने सडक, तालचोक विश्वकर्मा समाजको घर जाने सडक, थुम्को रिसोर्ट जाने बाटो, संगम टोलभित्र जाने बाटो, एकता टोलदेखि आवास नगर जोड्ने बाटो, दुर्गाटोल पिच हुँदै शीतल छाहारी अधुरो बाटो, हरियाली टोल भित्री मार्ग बाटो, मिलन टोल भित्री वनकुना ढलान बाटो, डाँडाकोनाकदेखि सती फाँट नहर मार्ग, धम्पुसे टोलदेखि सुन्दरी प्लट जाने बाटो तथा नाला निर्माण गरिएको छ ।



यस्तै, हरियाली मार्ग अधुरो बाटो, घडेरी मार्ग ढलान अपुरो बाटो, स्वर्गटोल सडक, संगम मार्ग, गच्छा फाँटदेखि बिरु दुराको घरसम्मको बाटो, लक्ष्मी आदर्शचोक ज्यामिरकुना बाटो, मरेखहरे तीन तहरा जोड्ने अधुरो मोटर बाटो, भित्री डाँडाको नाक चन्द्रकालिका बाटो, कोले फाँट भित्री वनकुना अधुरो बाटो, अर्चले स्वास्थ्य चौकी जाने अधुरो मोटरबाटो, रिठेपानी प्रगति चोकदेखि राम गुरुङको घरसम्मको सडक, स्वास्थ्य चौकी डाँडाको नाक जाने बाटो र लक्ष्मी आदर्श जाने बाटो ढलान गरिएको छ ।

जय गुरुदेव पानी ट्यांकी हुँदै बडहरे उकालो बाटो, पुन मगर समाज डाँडावारी बाटो, शिव लामिछानेको घर देखि जय गुरुदेव जाने बाटो, पण्डित थर उकालो बाटो, छिमेकी टोल अधुरो बाटो, रामनगर बाटो, मिलिजुली पुरनकुना बाटो, पुरनकुना अधुरो बाटो, पानी खाने चौर पार्क तथा अर्चले सडक, काली माटी भित्री सडक, एकता टोलदेखि कुमाल समाज जाने सडक, छत्रे ढुंगा नया बस्ती ढलान, चन्द्रकालिका मन्दिर उकालो बाटो, सुन्दरी पलट अधुरो बाटो, सती फाँट अधुरो बाटो, गंगा तामाङको घरदेखि भित्री बाटो, गच्छा मार्ग भित्री बाटो, दुर्गा टोल अदमबहादुर सुवेदारको घर हुँदै नहरतर्फको बाटो र पैते बोरिङ स्ल्याब बाटो र नाला निर्माण गरिएको छ ।

लक्ष्मी आदर्शदेखि टुसेको घर हुँदै स्याउली बजार नाला निर्माण, जय गुरुदेव अगाडि नाला निर्माण, अर्चले हरिबोट नाला निर्माण, कोलेफाँट कुलो निर्माण तथा मर्मत, बाह्रघरे अर्चले फेदी खराने चोक हुँदै लेखनाथ चोक जाने बाटो तथा नाला निर्माण, बहिरा स्कुल हुँदै खोलाको डिल जाने बाटो नाला निर्माण, एकता टोलदेखि गोलपाटन दोहोरो नाला निर्माण, डाँडाको नाक खानेपानी संस्थानदेखि ज्यामुरे कुना नाला निर्माण, गोलपाटन अधुरो नाला निर्माण, सती फाँट नाला निर्माण, सती फाँट नाला निर्माण, गडुवा गच्छा फाँट कुलो निर्माण गरिएको छ ।

मिलिजुली पुरनकुना नाला, खोलाको डिल बाहिरा स्कुल खराने अधुरो नाला निर्माण, छत्रे ढुंगा नयाँ बस्ती ढलान, गच्छा मार्ग भित्री बाटो निर्माण, पैते बोरिङ स्ल्याब बाटो नाला निर्माण, बाल उद्यान केन्द्र रिठेपानी अगाडिको नाला निर्माण, यज्ञप्रसादको घर पछाडिको नाला निर्माण, असल छिमेकी टोलमा नाला निर्माण, छत्रेढुंगा नयाँ बस्ती नाला निर्माण, पण्डितको टारी अर्चले तेस्रो कुलो मर्मत नाला निर्माण, भण्डारी टोल सती फाँटको भित्री बाटोमा नाला निर्माण र जलजले कुलो मर्मत गरिएको छ ।

जय गुरुदेव पानी ट्यांकी हुँदै बडहरे उकालो बाटो, शिव लामिछानेको घरदेखि जय गुरुदेवसम्म, पानी खाने चौर पार्क तथा अर्चले सडक, एकता टोलदेखि कुमाल समाज जाने सडक, बगादी खोलामा पार्क तथा स्विमिङ पुल निर्माण, जय गुरुदेव शिव मन्दिर अगाडिको अधुरो बाटो, डाँडाको नाक आवासनगर जुना गुरुङको घरसम्म जाने बाटो, तल्लो तीन तहरा अधुरो ढलान बाटो निर्माण, तीन तहरा बगादी हुँदै खाडी खोल्सा बाटो तथा रेलिङ निर्माण, भण्डारी टोल सती फाँट भित्री बाटो स्तरोन्नति गरी नाला निर्माण, रिठेपानी वीर आधारभूत विद्यालयको पर्खाल निर्माण गरिएको छ ।

आव २०७९/८० मा तामाङ समाज भवन, तालचोक तमु समाज भवन, आवास नगर किरियापुत्री भवन, लेखनाथ पौडेलको जन्मस्थल साहित्य ग्राम, बगादी युवा क्लबको भवन, बाह्रघर सामुदायिक भवन, लामतहरा क्षेत्री समाज भवन, घरेलु चौर ज्येष्ठ नागरिक मञ्च, गोलपाटन समाज भवन, जनहित आमा समूह भवन, जेष्ठ नागरिक अनुभव मञ्च घरेलुचौर उपभोक्ता समितिको भवन, कुमाल समाज भवन, नेपाल मगर संघ तालचोक इकाइ समिति भवन, नवोदय महिला समूह भवन, प्रमार्थानगर क्लब भवन, तालचोक नवज्योति आमा समूह भवन, पुरनकुना किरियापुत्री भवन, नर्बदा स्मृति भवन, बडहरे शिशु स्याहार केन्द्रमा शौचालय तथा ट्रस, कालिमाटी आमा समूह भवन पर्खाल शौचालय, नर्मदेश्वर मोक्षधाममा खानेपानी तथा शौचालय, लेखनाथ पौडेलको जन्मस्थलमा सार्वजनिक शौचालय, मरेखहरे शिव मन्दिर मर्मत तथा शौचालय ट्रस, शिरोमणि महिला समूहको भवन निर्माण तथा मर्मत गरिएको छ ।

आव २०८०/८१ मा पण्डित थर आमा समूह किरिया पुत्री भवन ट्रस निर्माण एवं दायाँबयाँ उकालो बाटो ढलान, जनजागृति सिर्जना टोल विकास संस्था भवन मर्मत तथा व्यवस्थापन, उन्नतशील आमा समूह भवन मर्मत तथा




व्यवस्थापन, नव प्रगतिशील आमा समूह डाँडानाक भवन मर्मत व्यवस्थापन, प्रगति टोल आमा समूह भवन मर्मत तथा व्यवस्थापन, अर्घौ बुद्ध टोल आमा समूह भवन ट्रस निर्माण, अर्घौ बेंशी सहयोगी आमा समूह भवन मर्मत तथा व्यवस्थापन, लाम तहरा सार्वजनिक भवन मर्मत तथा व्यवस्थापन, छिमेकी टोल आमा समूह भवन मर्मत तथा व्यवस्थापन, कालिमाटी आमा समूह भवन मर्मत तथा व्यवस्थापन, आवास नगर टोल विकास संस्था भवन मर्मत तथा व्यवस्थापन, लेकसिटी युवा क्लब भवन मर्मत तथा व्यवस्थापन, ताल चोक तमु समाज भवन मर्मत तथा व्यवस्थापन, लेखनाथ समुदायीक भवन ट्रस निर्माण, छत्रेढुंगा जलदेवी आमा समूह भवन मर्मत तथा सम्भार, पुरन कुना किरियापुत्री भवन मर्मत, जनहित आमा समूह भवन मर्मत तथा व्यवस्थापन, नौबिसे टोल विकास संस्था भवन फर्निचर व्यस्थापन गरिएको छ ।

आव २०८१/०८२ मा जनकल्याण समाजको भवन मर्मत, जनहित आमा समूहको भवन मर्मत तथा व्यस्थापन, छत्रेढुंगा जलदेवी आमा समूहको भवन मर्मत, तालचोक विक समाजको भवन निर्माण, नर्मदा आमा समूहको भवन मर्मत, नव प्रगतिशील आमा समूहको भवन मर्मत डाँडाको नाक, नवोदय आमा समूहको भवन तथा बाटो निर्माण, बगदी खोला मगर समाजको भवन मर्मत, रिठेपानी तामाङ समाज भवन मर्मत तथा व्यवस्थापन, सुन्दरी प्लट टोल विकास संस्थाको भवन निर्माण, लामतहरा सामुदायिक भवनमा सामग्री खरिद, जनहित आमा समूहको भवन मर्मत तथा सम्भार, बाह्रघर आमा समूहको भवन मर्मत तथा सम्भार, दुर्गा बहुउद्देश्यीय भवन मर्मत, राइजिङ स्टार क्लबमा भवन मर्मत तथा सम्भार, डाँडाकोनाक किरियापुत्री भवन निर्माण, तामाङ समाज भवन मर्मत बडहरे, दुर्गा बहुउद्देश्यीय समाज घर भवन निर्माण, प्रगतिचोक आमा समाजको भवन मर्मत, बगादी खोला ठकुरी समाजको भवन निर्माण, लेखनाथ युवा क्लब भवनमा ट्रस निर्माण, बडहरे गन्धर्व समाज भवन निर्माण, कुमाल समाज रिठेपानीको भान्छाघर निर्माण गरिएको छ ।

यस अवधिमा श्रीकृष्ण प्रणामी मन्दिर तथा धाम व्यवस्थापन, दुर्गा मन्दिर मर्मत, रिठेपानी बादल स्मृतिपार्क, अर्चले शिव मन्दिर पार्क गेट निर्माण, बडहरे शिव मन्दिर ट्रस निर्माण, तालचोक विक समाजमा मन्दिर निर्माण, भण्डारी टोलको शिव मन्दिर मर्मत, चन्द्रकालिका मन्दिर संरक्षण समिति, राधाकृष्ण मन्दिर संरक्षण तथा दिवा सेवा केन्द्र, चन्द्रकालिका मन्दिरको खुला व्यायमशालामा अपुरो सामान खरिद तथा निर्माण गरिएको छ ।

गन्धर्व टोल हुँदै चन्द्रकालिका उक्लने सिढी बाटो, तारा हमालको घरदेखि चन्द्र मगरको हुँदै सिढी बाटो निर्माण, अर्चले आइतेको घरमुनि पहिरो रोकथाम, लक्ष्मी आदर्श अपुरो कालोपत्र निर्माण, दिगम्बरको घरतिर जाने बाटो, डाँडाबारी पैरो संरक्षण, ज्यामिरेकुना सयले पाखा भित्री बाटो मर्मत, मिलन टोलदेखि भित्रीवनकुना बाटो मर्मत, महानगरको मेसिन वडाको इन्धनमा प्रयोग भई सडक

निर्माण, मिलनसार कालिगण्डकी बाटो निर्माण योजना, शिवटोल बनको कुना सडक मर्मत, गड्वा खोलामा तारजाली निर्माण, बगदी खोला वारीपारी वाल तथा बाटो ढलान, भोजकुमारी कुमालको कुखुरा फर्म नजिक बाटो संरक्षण, गड्वा खोला पुल मर्मत तथा सम्भार गरिएको छ । अर्चले पहिरो व्यवस्थापन, बादल पार्कमा शौचालय निर्माण, हरियाली मार्ग नहरमा रेलिङ निर्माण, वडा भित्रका खानेपानी मर्मत सम्भार, महिला सीप विकास केन्द्र मर्मत सम्भार, तालचोक हिमाली टोलको बाटो मर्मत, वडा भित्रको सहायक बाटोहरू मर्मत तथा सम्भार, डाँडाकोनाक स्थित इलाका प्रहरी कार्यालय संरक्षण, वडा कार्यालयको नवनिर्मित भवनमा भान्साघर निर्माण गरिएको छ ।

दुर्गा टोलबाट शीतल छहारी खानेपानी धारा, एकता टोल रेडक्रस खानेपानी उपोभोक्ता समिति, बडहरे दलित बस्ती खानेपानी पाइप खरिद योजना, लामतहरा खानेपानी मर्मत, देउतीमूल खोलाको डिल अर्घौं बेसी खानेपानी योजना, अर्चलेमा रहेको पानीको कुवा संरक्षण, प्रगतिचोक रिठेपानीमा खानेपानी योजना, भारतीय भूपू सैनिक कल्याणकारी खानेपानी योजना, कुसुन्डे खोला खानेपानी मर्मत योजना, सहेला मूल संरक्षण, थुमाली पँधेरो मूल मर्मत तथा संरक्षण, अर्चले ठूलो पँधेरो खानेपानी मर्मत गरिएको छ ।

रामजी बादल स्मृति पार्क निर्माण, रेशपुर ओमशान्ति पार्क निर्माण, घरेलु चौरमा पार्क निर्माण तथा पुष्परोपण कार्यक्रम, बादल स्मृतिपार्क, तरुण तपसी पार्क भित्रको ठूली पोखरी निर्माण, पानीखाने चौर पार्क तथा व्यवस्थापन, लेखनाथ जन्मस्थल स्मारक निर्माण, चन्द्रकालिका मन्दिर उकालो बाटो तथा व्यायमशाला, सहेंला पाखा विपद व्यवस्थापन, मरेखहरे घाटमा रहेको चौतारी संरक्षण, दुर्गा टोल मन्दिरको छेउमा रहेको चौतारा संरक्षण, डाँडाको नाक चौतारा संरक्षण, शितल छहारी चौतारोमा ट्रस निर्माण, पीपलवर चौतारा रिठेपानी, रिठेपानी बरको बोट चौतारा मर्मत गरिएको छ ।

जनएकता युवा क्लब खेलमैदान निर्माण तथा मर्मत, अर्चले जनएकता खेल मैदान स्तरोन्नति, उज्यालो पोखरा



अभियान अन्तर्गत वडाका विभिन्न स्थानमा स्मार्ट सडक बत्तिहरू जडान गरिएका छन् । विजयपुर नहर सिँचाइ, जलजले कुलो मर्मत, वडाका कृषकलाई हाते ट्र्याक्टर, टनेल वितरण, वडाका कृषकलाई अनुदान वितरण, चैते धानको बिउ वितरण गरिएको छ ।

सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राका लागि ६ महिने सिलाइकटाइ तालिम, तरुण आवि, कवि शिरोमणि मावि, लक्ष्मी आदर्श मावि, कल्याण आवि र वीर आविका शिक्षकलाई चालिस दिने कम्प्युटर आधारभूत तालिम, लक्ष्मी आदर्श माविमा कक्षा ११ मा अध्ययनरत छात्रछात्रालाई वायरिङ, प्लम्बिङ, ब्युटिपार्लर, हेयर कटिङको डेढ महिने तालिम, पद्म नर्सिङ होम अस्पतालसँगको समन्वयमा बृहत स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन, मादल बजाउने तालिम, मकैको भुत्लाबाट फूल बनाउने तालिम, वडाका महिलालाई ब्युटिपार्लर तालिम प्रदान गरिएको छ ।

वडाका महिलालाई दुबोको माला बनाउने तालिम, महिला समूहका अगुवालाई प्रजनन स्वास्थ्यसम्बन्धी तामिल, सामुदायिक विद्यालयका विद्यार्थीलाई कम्प्युटर तालिम, कुसन बनाउने तालिम, स्वास्थ्य स्वयंसेविकाहरूका लागि आमा र बच्चाको पोषण तथा प्रजनन स्वास्थ्य तालिम, वडा भित्रका विपन्न तथा लक्षित वर्गको स्वास्थ्य बिमा, उद्घोषण तालिम, लागुऔषध नियन्त्रण, रोकथाम तथा सचेतना कार्यक्रम, ज्येष्ठ नागरिकका लागि दिवा कार्यक्रम, चन्द्रकालिका मन्दिरमा ढुंगा टँस्ने र छपनी बिच्छयाने कार्य गरिएको छ ।

# वडा नम्बर २८

पोखरा महानगरपालिका वडा नं.२८ को सुर्केमैदान काफलघारी सडक २ किमी र सौर्य नौरुङ लिप्यानी सडक २ किमी कालोपत्र गरिएको छ । वडाका विभिन्न शाखा सडकहरू ५ किमी, देउमाडी कालिका सडक खहरे ध्रुवपुर सडक ४ किमी, पाण्डेवारी ढल व्यवस्थापन ३०० मिटर, सौर्य बजार ढल व्यवस्थापन १०० मिटर, सौर्य बेत्यानी सडक अन्तर्गत नाला १ किमी, सौर्य स्याङ् खुदी सडकमा ५०० मिटर नाला निर्माण गरिएको छ । सुर्के मैदान निशानथर बाटो र शान्तिमैदान पल्लाबारी सडक नयाँ निर्माण गरिएको छ ।

काउले सामुदायिक भवन घेराबार तथा शौचालय निर्माण लेखनाथ आविको पर्खाल निर्माण, सौर्य सामुदायिक भवन, स्यांङ्खुदी सामुदायिक भवन, थुमाकोडाँडा सामुदायिक भवन, डाँडागाउ सामुदायिक भवन, माझ्ठाना सामुदायिक भवन, विश्वकर्मा सामुदायिक भवन, शान्ति मैदान सामुदायिक भवन, अच्मरा सामुदायिक भवन, आरुपाटा सामुदायिक भवन र काफलघारी सामुदायिक भवन निर्माण गरिएको छ ।

ठूलाकोट, अर्घौं मौला कालिका, मनकामना मन्दिर



मर्मत, त्रैलोक्केश्वर जलेश्वर मन्दिर निमार्ण, अर्धनारेश्वर दिव्यधाममा शौचालय तथा भवन निर्माण, सुनकेशरी मन्दिर निर्माण, रत्नशोभा मावि, जनज्योति मावि, भुर्तेल आधारभूत विद्यालय, लेखनाथ आधारभूत विद्यालय, भुर्तेल आधारभूत विद्यालय मर्मत तथा विभिन्न भौतिक पूर्वाधार निर्माण गरिएको छ । कालिका बजार, शान्ति मैदान, सौर्य, डाँडागाँउ, थापा गाँउ, काफलघारीमा प्रतीक्षालय निर्माण गरिएको छ ।

कालिका पोखरी सुधार, कालिका पोखरी मर्मत, कालिका पोखरी मर्मत, थमन स्मृति पार्क, अर्धनारेश्बर दिव्य धाम पार्क, विजयपुर सौर्य सडक सरसफाइ, ओख्ले दिव्य धाम जाने पद मार्ग नेचुरल नेपाल होम स्टे हुँदै भुर्तेल गाँउ जाने पदमार्ग, नेचुरल नेपाल होम स्टेसम्म पदमार्ग, अर्धनारेश्वर दिव्यधाम पदमार्ग, ठूलाकोट भ्युटावर जाने पदमार्ग, कालिका ठूलाकोट सिढी बाटो निर्माण, ओख्ले अंगेटो सिढी बाटो, डाँडागाँउ सिँढी बाटो, नौरुङ चमेलीदेवी मन्दिर, डाँडागाउँ सिढी बाटो, आरुपाटा सिँढी बाटो, गर्ग पार्क संरक्षण, कालिका भगवती मन्दिर पुनर्निमार्ण र उज्यालो पोखरा अभियान अन्तर्गत विभिन्न स्थानमा स्मार्ट सडक बत्तीहरू जडान गरिएका छन् ।

सिँचाइ कुलो मर्मत, कृषि उपकरण तथा सामग्री





भीर संरक्षण, आरुपाटा, स्याङ्खुदी, काफलघारी, ध्रुवपुर, ओख्ले देउमाडी, आरुपाटामा विपद व्यवस्थापनका लागि बस्ती संरक्षण गरिएको छ । वडाका विभिन्न स्थानमा १९० वृक्षारोपण गरिएको छ। कृषकलाई २०० बिभिन्न फलफूल, २८० आँप, अम्बा, एभोगाडो, मरिचका ४०० थान बिरुवा वितरण गरिएको छ । सुर्केमैदान, रैकर विजयपुर सौर्य सडक सौन्दर्यीकरण, वडा भित्रका विभिन्न टोलमा सरसफाइ गरिएको छ। सौर्य खेलमैदान सुधार, थमन स्मृति खेलमैदान, रत्नशोभा मावि खेलमैदान निर्माण गरिएको छ ।

ठूलाकोट पदमार्ग, रोयल ट्रेक पदमार्ग, अर्धनारेश्बर वितरण, विभिन्न तरकारी तथा फलफूलका बिरुवा वितरण, मौरी घार वितरण तथा बाख्रापालनमा अनुदान वितरण, बाख्रापालन पकेट क्षेत्र विस्तार, तरभुजा खेती तथा कागुनो खेती, बैमौसमी तरकारी खेती प्रवर्द्धन लगायतका कार्यक्रम गरिएका छन् ।

वडाभित्र रहेका सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि शिक्षण सिकाइ सामग्री तथा कम्प्युटर वितरण, कक्षाकोठा सुधार, बाल विकास केन्द्रका लागि फर्निचर, सिकाइ सामग्रीहरू वितरण, सिद्ध आधारभूत विद्यालय, लेखनाथ आधारभूत विद्यालय, सिद्ध आधारभूत विद्यालय र जनज्योति रत्नशोभा माविमा बालबालिकाका लागि

खेलकुद सामग्री वितरण तथा बाल विकास केन्द्र व्यवस्थापन गरिएको छ ।

सामुदायिक विद्यालयमा पुस्तकसहितको पुस्तकालय स्थापना, जनज्योति मावि र रत्नशोभा माविमा लाइब्रेरी स्थापना, विपन्न बालबालिकाका लागि शैक्षिक सामग्री वितरण, विपन्न बालवालिकाको लागि पोशाक वितरण, वडा शिक्षा समितिमार्फत बिभिन्न कार्यक्रम, भुर्तेल आविमा नयाँ विद्यालय भवन निर्माण शिक्षकहरूका लागि एक दिने शैक्षिक उत्प्रेरणा कार्यक्रम सम्पन्न गरिएको छ ।

सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा अनलाइनमार्फत

कार्यक्रम, ठूलाकोट, अर्घौं, मौलाकालिका, मनकामना, चमेली देवी मन्दिरमा सांस्कृतिक कार्यक्रम, शिशुवा ज्येष्ठ नागरिक केन्द्रमा सहयोग, बिभिन्न जातजातिका लागि वाद्यवादनका सामग्री वितरण, वित्तीय साक्षरता लगायतका कार्यक्रम सञ्चालन गरिएका छन् ।

वडाको प्रवेशद्धारमा डिजिटल बोर्ड जडान, मादीघाट भगवतीटारमा शवदाह स्थल निर्माण, शान्ति मैदान खानेपानी ट्यांकी निर्माण, तम्लेक लिफ्टिङ खानेपानी, वडामा रहेको ऐतिहासिक कालिका पोखरी मर्मत, वडामा रहेका मठ, मन्दिर, पाटी, पौवा, सामुदायिक भवन मर्मत सुधार, खसीबोका प्रर्दशनी, माटो परीक्षण







प्राप्त गर्ने व्यवस्था मिलाइएको छ । मादल बजाउने तालिम तथा मादल वितरण, विपन्न नागरिकका लागि सिलाइ मेसिन प्रदान, आरान सुधार, महिला सशक्तीकरण कार्यक्रम, महिलाको प्रतिभा प्रष्फुटनका लागि बिभिन्न कार्यक्रम सञ्चालन, अपांगहरूका लागि न्यानो कपडा वितरण, विभिन्न भाषा, कला, सस्कृति संरक्षणका लागि सामग्री वितरण, विभिन्न साहित्यिक

शिविर, ऐतिहासिक कालिका पोखरी रिचार्ज, विभिन्न स्थानमा ट्यांकी निर्माण तथा लिफटिङ गरी खानेपानी वितरण, कृषि महोत्सव, रैथाने बाली तथा माटो परीक्षण, शान्तिका लागि साझा अभियानमार्फत् कृषि पशुपालन सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम, धारापानी, आरुपाटा, काफलघारी र जलजले खानेपानी व्यवस्थापन गरिएको छ ।

वडा नम्बर २९

पोखरा महानगरपालिका वडा नं. २९ मा आव २०७९/८० मा शान्छि टोल 'ख' अक्कलबहादुरको घर जाने बाटो, जलकुनीको धारा तथा बाटो निर्माण पटनेरी, नौबिसे पीपलडाली भित्री बाटो, झलक पौडेलको घरसम्मको बाटो निर्माण, पन्ध्रसाल आमा समूहको भवनदेखि सरिता पुनको घरसम्म जाने बाटो निर्माण, सैनिक गुप नं १ पृथ्वी राजमार्गदेखि सूर्य सुनारको घरको बाटो निर्माण, प्रगति टोल तुलसी भण्डारीको घर जाने बाटो निर्माण, खडकापुर लालबहादुर प्रधानको घरनजिक बाटो, नारायणी रानाको घर पछाडिको बाटो स्तरोन्नति, रामेश्वरको घरदेखि सुकमायाको घरसम्मको बाटो निर्माण, सैनिक बस्ती गुप नं ३ र ४ को सिमानाको भित्री बाटो निर्माण, भण्डारी राइस मिलदेखि अर्खौलेको घरसम्म बाटो स्तरोन्नति क्रमागत, अमृत टोल मुसेटुँडा बाटो निर्माण, नयाँ बस्ती बाटो, जनप्रकाश बाटो, विन्ध्यावासिनी पेट्रोल पम्पदेखि बाबुराम अधिकारीको घरसम्म कल्भर्टसहित बाटो, शालिग्रामको घरदेखि तारा थापाको घर जाने दुबै तर्फको बाटो, खडकपुरदेखि आयल निगम जाने बाटो तथा कल्भर्ट, ओडारेको घुम्ती बाटो नालासहित, शिशुवा चोकदेखि आदर्शचोकसम्म



बाटो निर्माण र कोखेगौंडा बाटो निर्माण गरिएको छ ।

यस्तै, आव २०८०/८१ मा नयाँ बस्ती टोलमा बाटो निर्माण, सैनिक ग्रुप नं ४ बाटो ढलान, न्युरीकुना कृष्ण बस्नेतको घर जाने बाटो, पन्ध्रसाल गोविन्द न्यौपानेको घर जाने बाटो, पीपलडाली मार्गबाट थापाको घरसम्म बाटो, विन्ध्यवासिनी मार्गको सडक स्तरोन्नति, मिलिजुली तथा गौरीशंखर टोलमा सडक स्तरोन्नति, पट्नेरीमा सडक स्तरोन्नति, खल्याड कुमाल चोक समिखोला चोकदेखि दक्षिणतर्फ सडक स्तरोन्नति, नयाँ बस्तीबाट रंगशाला बीचको बाटो निर्माण, सिद्धार्थ लाइन सडक निर्माण, जनसेवा टोलमा ह्युमपाइप सडक निर्माण तथा स्तरोन्नति, पटनेरी ओडारे ठूल्ढुंगा बाटो निर्माण, सैनिक बस्ती न्यु स्ट्रिट बाटो निर्माण गरिएको छ ।

आव २०८१/०८२ मा गणेश टोल बाटो निर्माण, खडकपुरमा बास्तोलाको घर जाने बाटो, पीपलडाली मार्ग कुनामा बाटो, नौबिसे गडुवा खोला बाटो, न्युरीकुना कृष्ण बस्नेतको घर जाने बाटो, जलकुनी आमा समूह बाटो, नौविसे झलक घर जाने बाटो, पूर्ण मार्ग सडक स्तरोन्नति, होली माउन्ट स्कुल खल्याण ढलान, ठूलाखोर बाटो र न्युस्ट्रिट निर्माण गरिएको छ ।

पटनेरी आधारभूत विद्यालयसम्म बाटो निर्माण, नौबिसे क्षेत्रमा नाला निर्माण, पट्नेरी चेतनशील भवन निरको बाटो निर्माण, ठूलाखोरमा नाला बाटो ग्याबिन निर्माण, प्रगति टोल पीपलडाली नाला निर्माण, ज्योतिको खोर बाटो नाला निर्माण, बागलुङ समाज घर निरको बाटो निर्माण, ॐकारेश्वरदेखि पीपलडाली आदर्श स्कुल गेटसम्म एकतर्फी नालासहित बाटो निर्माण, सतासी एरिया बाटो नाला स्तरोन्नति, ठूलाखोरमा नालासहित ग्याबिन निर्माण, त्रियन धर्म चक्र बौध गुम्बामा पर्खाल निर्माण, भीमबहादुर क्षेत्रीको घर संरक्षण र सिद्धटोल बाटो संरक्षण गरिएको छ ।

संकल्प आमा समूह भवन स्तरोन्नति, सैनिक ग्रुप नं १ समाज घर मर्मत, माछापुच्छ्रे आमा समूह भवन निर्माण, डोय तमु धिँ भवन स्तरोन्नति, नव दुर्गा समाज घरको छानो मर्मत तथा रंगरोगन, कुमाल समाज सुधार भवन स्तरोन्नति, ठूला खोर आमा समूह भवन स्तरोन्नति, पटनेरी चेतनशील भवनको मर्मत, स्वास्थ्य भवन निर्माण स्तरोन्नति, क्षेत्री समाज भवन स्तरोन्नति, न्युरी कुना संकल्प आमा समूह भवन स्तरोन्नति, आमा मिलन भवन स्तरोन्नति, तमु फ्हेलु संघ स्तरोन्नति पावरहाउस लेखनाथ सामुदायिक प्रहरी सेवा केन्द्र एव सामुदायिक सेवा भवन स्तरोन्नति, जलकुनी आमा समूह भवन स्तरोन्नति, वडा स्वास्थ्य केन्द्र भवन मर्मत तथा स्तरोन्नति, जागृत युवा क्लबको भवन निर्माण, भवनसम्बन्धी मर्मत, समाज सुधार आमा समूह ट्रष्ट निर्माण, शिवशक्ति आमा समूह भवन निर्माण, दलित कृयापुत्री भवन निर्माण न्यरी कुना, आमा मिलन समूह ट्रष्ट निर्माण, नौबिसे दुग्ध उत्पादक सहकारीको गेट तथा कम्पाउन्ड निर्माण लगायतका कार्य गरिएका छन् ।

पशुपति शान्ति आश्रम मर्मत, योगेश्वर महादेव मन्दिर कम्पाउन्ड, विश्वकर्मा मन्दिर मर्मत, वडा नं. २, खल्याणको डाँडामा शिवजी मन्दिर निर्माण, मानव सेवा आश्रम हेमजामा भवन स्तरोन्नति, मुक्तिनाथ सत्संग आश्रम खल्याड, नर्वदेश्वर मन्दिर संरक्षण, जनप्रकाश माविको भवन स्तरोन्नति, जनप्रकाशमा विको फुट ट्रयाक निर्माण र भवन स्तरोन्नति, जनप्रकाश मावि क्यान्टिन निर्माण, जनप्रकाश क्याम्पसमा भवन स्तरोन्नति, जनप्रकाश विद्यालयको चमेनागृह निर्माण गरिएको छ । हिमाली टोल बगादी बस्तीमा बाटो ट्रयाक निर्माण, हिमाली टोल बगादी बाटो निर्माण, कोखेगौडाबाट सेती नदीतिर जाने बाटो निर्माण र वडा कार्यालयमा प्रतीक्षालय निर्माण गरिएको छ ।

विन्ध्यवासिनी पेट्रोल पम्पदेखि सीता थापाको घरसम्म बाटो निर्माण, चेतनशील बाल विकास भवन कम्पाउन्ड सम्माउने, खानेपानी विस्तार, माछापुच्छ्रे टोलमा बाटो निर्माण, खल्याण ढुंगेपाटन खानेपानी पाइपलाइन मर्मत, संगम आमा समूह शौचालय र बाटो निर्माण, तल्लो पटनेरी गणेश टोलमा पानी ट्यांकी मर्मत, वडाभित्र सडक, कुलो, खानेपानी, भवन, खेल मैदान र खेत संरक्षण, हिमाली मार्गदेखि शान्ति टोल कमा पानी ट्यांकी संरक्षण, गौशाला कम्पाउन्ड निर्माण, नौबिसे आदर्श चोक खण्डबाट सूर्य तिमिल्सिनाको घरसम्मको बाटो निर्माण, नौबिसेमा पानी ट्यांकी निर्माण, शान्तिटोल

(क) किरियापुत्री भवन स्तरोन्नति, भण्डारढिक नेवा खल जाने बाटो निर्माण, नवदुर्गा समाजको पानी ट्यांकी मर्मत, पीपलडाली समूह पट्नेरी शौचालय निर्माण गरिएको छ ।

न्युरीकुना शोभा वली कृष्ण बस्नेतको घरबाटो निर्माण, ओडारेको खानेपानी संरक्षण, हिमाली टोल बगादीमा ग्याबिन वाल निर्माण, नारायणी रानाको घरतल सिद्ध टोल बाटो ग्राभेल, सैनिक बस्ती ग्रुप नं २ को पानी ट्यांकी मर्मत, सैनिक गुप नं २ को पानी ट्यांकी निर्माण, लिफ्टिङ, रेडक्रस खानेपानी विस्तार तथा ट्यांकी संरक्षण, पट्नेरी पानी ट्यांकी मर्मत, नवदुर्गा टोलमा भूपू खानेपानी मर्मत, बागलुङ मगर समाजघर संरक्षण तथा बाटो निर्माण, खुइले डाँडाको फेदीमा बाँध तथा पुल निर्माण, खल्याङ गडुवा खोला बाढी नियन्त्रण, सैनिक बस्ती गडुवा खोला बाढी नियन्त्रण, सार्वजनिक जग्गा संरक्षण, वृक्षारोपण तथा उद्यान निर्माण, वातावरण संरक्षण, फलफूल वृक्षारोपण, वडा भित्रका सबै ठाँउमा सरसफाइ, सरसफाइ जनचेतना अभिवृद्धि, फोहर वर्गीकरण तथा संकलन र कौशीखेती तालिम प्रदान गरिएको छ ।

भण्डारढिक खेल मैदान मर्मत, रंगशाला स्तरोन्नति, शिवेश्वर मन्दिर भण्डारढिक परिसरमा छपनी राख्ने, खुइलेडाँडामा पार्क मूर्ती स्थापना, पर्यटकीय क्षेत्र निर्माण डिपिआर तयार, श्री दिव्य भ्यु पोइन्ट पर्यटन पार्क






कम्पाउन्ड, भुइ ढलान, पानी ट्यांकी निर्माण, फर्निचर तथा फिक्चर्स, पीपलडाली मार्गदेखि भूपूको धारा थापाको घरसम्म बाटो निर्माण, भण्डारढिक आदर्श हार्डवयरको पछाडिको बाटो निर्माण, घोतघोते संगम चोकमा बाटो मर्मत तथा कल्भर्ट निर्माण, पृथ्वी राजमार्गदेखि पूर्ण पुनको घरसम्म कल्भर्ट निर्माण, सैनिक ग्रुप नं १ कच्ची बाटो स्तरोन्नति, आनन्द धर्म चक्र गुम्बामा शौचालय निर्माण, गडुवाखोला कल्भर्ट निर्माण, जदेश्वर स्थित शवदाह स्थल जाने पुल निर्माण गरिएको छ ।

गडुवा खोला नियन्त्रण, माछापुच्छ्रे टोलको गडुवा खोलामा तटबन्धन निर्माण, नौविसे पीपलडाली बिबा विकको घर नजिक जाली र रेलिङ निर्माण, गडुवा खोला निर्माण, सहिद ऋषि परियारको सालिक निर्माण, बिजुली पोल र सडक बत्ती व्यवस्थापन, बिजुली पोल सडक बत्ती मर्मत तथा व्यवस्थापन, वडा भित्रका विभिन्न टोलमा सडक बत्ती जडान, नौबिसे सुगम मार्गमा बिजुली तार व्यवस्थापन, पटनेरीमा विद्युत् व्यस्थापन गरिएको छ ।

आँखा पाक्ने रोग नियन्त्रण, डेंगु रोग सचेतना तथा घर दैलो कार्यक्रम, वर्षा याममा फैलिने रोग सचेतना, वर्षायाममा फैलिने रोगबारे सचेतना, नसर्ने रोगको क्याम्पिङ, प्रेसर तथा सुगर परीक्षण, प्रेसर तथा सुगर परीक्षण, वृद्धवृद्धाका लागि आँखाको शिविर, स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । किशोरीलाई आइरन तथा फलिक एसिड वितरण, महिला

सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवश, पाठेघरको मुखको क्यान्सर परीक्षण, किशोरीहरूलाई एचपिभी खोप, स्वास्थ्य परीक्षण तथा स्वास्थ्य शिक्षा प्रदर्शनी, स्तनपान सप्ताह लगायतका कार्यक्रम गरिएका छन् । विद्यालयमा जुकाको औषधि वितरण, पोषणसम्बन्धी विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण प्रदर्शनी गरिएको छ ।

भण्डारढिक बासकोटदेखि खल्याणसम्म कुलो स्तरोन्नति, पञ्चासे सिँचाइ कुलो निर्माण, मिलीजुलीदेखि बुद्ध मार्ग बाटो स्तरोन्नति, खल्याण कृषि बाँध निर्माण, गणेश टोलको उपल्लो कुलो निर्माण, कौशी खेती तालिम सञ्चालन तथा माटो परीक्षण, कृषकलाई सीपमूलक

व्यवस्थापन, विद्यालयस्तरीय खेलकुद कार्यक्रम, गणित शिक्षक तालिम कार्यक्रम सञ्चालन, विद्यालयहरूलाई आवश्यक सामग्री खरिद, जनप्रकाश माविमा अभिभावक शिक्षा कार्यक्रम, पट्नेरी आधारभूत विद्यालयमा बस सेवा सञ्चालन, विद्यार्थी पोशाक र खेलकुद सामग्री वितरण गरिएको छ ।

लक्षित वर्ग कार्यक्रम (ज्येष्ठ नागरिक, युवा, खेलकुद, महिला तथा आमा समूह, टोल विकास, बालबालिका, अपांग, दलित, जनजाति, संस्कृति संरक्षण), गरिब तथा विपन्न नागरिक लक्षित कार्यक्रम, महिला सीप विकास कार्यक्रमअन्तर्गत दलित महिला तथा अन्य महिलालाई मादल बजाउने तालिम, ज्येष्ठ नागरिक सेवा तथा







तालिम तथा उन्नत बीउ बिजन वितरण, कौशी खेती, करेसाबारी तालिम तथा पशुसम्बन्धी विभिन्न कार्यक्रम, विरुवा वितरण, कृषकलाई माहुरी पालन तालिम तथा घार वितरण कार्यक्रम, वडा खेलकुद कप तथा स्थानीय उत्पादन प्रवर्द्धन मेला सञ्चालन, कुकर दर्ता र गौशालामा कम्पाउन्ड निर्माण गरिएको छ ।

पटनेरी आधारभूत विद्यालयमा कोठा सजावट, दीपशिखा सामुदायिक पुस्तकालय ट्रस निर्माण, विद्यालयलाई आवश्यक सामग्री खरिद, छात्रावृत्ति, खेलकुद सामग्री

सहयोग, बालबालिका क्षमता विकास कार्यक्रम, दलित नागरिकलाई आयआर्जन तथा सीपमूलक कार्यक्रम, ज्येष्ठ नागरिक सेवा कार्यक्रम, युवा लक्षित खेलकुद तथा तालिम कार्यक्रम अपांग सहायता कार्यक्रम, तीजगीत प्रतियोगिता कार्यक्रम, धर्म संस्कृति संरक्षण कार्यक्रम, सामाजिक विकासमा अग्रणी भूमिका निर्वाह गर्नुहुने अग्रजलाई सम्मान कार्यक्रम, श्रीमदभागवत गीतासम्बन्धी जागरण कार्यक्रम गरिएको छ ।

# वडा नम्बर 30

पोखरा महानगरपालिका वडा नं. २९ को आव २०७९।८० मा माछापुच्छ्रेचोकदेखि गुडलकसम्मको सडक, रामबजार मन्दिरबाट धिताल फाँट जाने बाटो, शान्तिनगर टोलबाट जनै मन्तर्नी चौतारासम्म पक्की सडक, सोल ढुंगाबाट बेगनास नहर जोड्ने सडक, मिलनचोकबाट पाण्डे चोक सडक करिब १.५ किमी सढक कालोपत्र गरिएको छ । आव २०८०/०८१ मा चोक नं. २ कालोपत्र, पोखरा विश्वविद्यालयको पूर्वी सडक, चोक नं.४ नहर र सडक १.५ किमी र आव २०८१/०८२ मा ढुंगाकोमुख हुँदै रियालो सडक स्तरोन्नति, रामबजारभित्र सडक स्तरोन्नति, २ नं बाट ३ नं सडक स्तरोन्नति गरिएको छ ।



जनता पार्कदेखि ताहाको मुखसम्म पक्की नाला निर्माण, लालुपाते समाज ठूदाई खाजा घरसम्म नाला निर्माण, ढुंगेपाटन ४ नं. चोकबाट उत्तर चेम्बर मार्ग जोड्ने पक्की नाला निर्माण, शिशुवा भित्री सडक स्तरोन्नति, त्रिकाङदेखि ठाड डाँडा जाने बाटो, मोहरियाचोक भित्री बाटो सडक स्तरोन्नति, रुपा मिलन मार्ग सडक स्तरोन्नति, संसारीमाई बाटो स्तरोन्नति, सम्झना



मार्ग हिमाली टोल, त्रिकाङदेखि ठाड डाँडा जाने बाटो, ग्रिन पार्क पियुसडक बिचमा स्ल्याब निर्माण र शान्ति टोलको भित्र कल्भर्ट निर्माण गरिएको छ । चोखीमाटी ढकालचोक, खयरखोर, अन्नपूर्ण मार्ग, डुडाँकोमुख कुलाकाठ, त्रिलोचनमार्ग, रामबजारबाट बगैचासम्म सडक ग्राभेल गरिएको छ ।

गुरुकुल स्कुलबाट धितालफाँट जाने बाटो, पार्वती टोल स्थित मणिमार्ग बाटो, १ नम्बर गल्लीको शाखा बाटो निर्माण, इलाका प्रशासन जाने वैकल्पिक बाटो निर्माण, नहरको नजिक बाटो स्तरोन्नति, गुमजमा भित्री सडक ढलान, किराँतेश्वर मन्दिर पश्चिम तागाको मुख चौतारा सडक, च्याङ्लादी कल्भर्ट निर्माण, बेगनास नहरबाट आपँको खोरसम्म २ नं.बाटो ढलान, ढुंगेधारा लक्ष्मी मार्ग, मनसुन मार्ग कल्भर्ट निर्माण, स्पाखानेपानी, शिवालयचोक अम्बा बारी बाटो, खयरखोर देउराली खोला जाने बाटो, गुरुकुलबाट उत्तर बाटो, तागाको मुख चोकदेखि पियु टिचिङ हस्पिटल जोड्ने बाटो, पियु मार्ग स्तरोन्नति गरिएको छ ।

कृषि हाट बजार निर्माण, सूर्यमुखी सामुदायिक भवन टायल लगाइएको, २ नं. चोक शाखा बाटो ढलान, पुरानो बजार नगरपालिका नहर तथा सडक स्तरोन्नति, आँपको खोर सडक स्तरोन्नति, बोरिङ मार्ग स्तरोन्नति, गुरुकुलभित्र बाटो स्तरोन्नति, नयाँकुलो देउराली खोला स्तरोन्नति, बोरिङ मार्ग स्तरोन्नति, बरालथरभित्र मिलन टोलमा बाटो स्तरोन्नति, अंकारेश्वर मार्ग स्तरोन्नति गरिएको छ ।

भूगोल पार्क ब्याडमिन्टन कबर्ड हल निर्माण, मैत्री सभाहलमा ट्रस्ट निर्माण, खोपकेन्द्र तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण, मल्टिप्रपोज भवन निर्माण, चेतनशील पुन मगर समाजको योगा ट्रष्ट निर्माण, ग्रिनपार्क भूगोल पार्कमा स्मार्ट शौचालय, पशुपति शिव मन्दिर, शिव मन्दिर तहाको मुख, आमा समूहका भवनहरू मर्मत, पशुपति मन्दिर संरक्षण, वडा परिसरमा ट्रस्ट्र निर्माण, खोप केन्द्र एवं वृद्धवृद्धा दिवा सेवा स्थलमा शौचालय निर्माण, शिव मन्दिर निर्माण, मैत्री सामुदायिक सभाहल मर्मत तथा स्तरोन्नति आनन्द धर्मचक्र बौद्ध गुम्बा रंगरोगन, राम मन्दिर ट्रष्ट निर्माण गरिएको छ । यस्तै, डुँडाको मुखमा कल्भर्ट निर्माण,

शिशुवा सिसाघाट सहायक बाटोहरूमा कल्भर्ट निर्माण, खेलकुद मैदान तथा पार्क र नमुना चिल्ड्रेन पार्क निर्माण गरिएको छ ।

शान्ति मार्ग नाला निर्माण, समृद्धि टोलभित्र सडक स्तरोन्नति, खयरखोर अन्नपूर्ण मार्ग स्तरोन्नति, नहरबाट आँपको खोर सडक स्तरोन्नति, फलामे ढाव चण्डिका मार्ग स्तरोन्नति, संसारी मार्ग स्तरोन्नति, जोगी कटहर रुख नाला स्तरोन्नति, त्रिभुवन शान्ति मावि परिसर खेलमैदान मर्मत तथा स्तरोन्नति, पियु मार्ग स्तरोन्नति, रामबजार नाला तथा सडक निर्माण, शान्तिनगर टोलभित्र बाटो र बोरिङ मार्ग स्तरोन्नति गरिएको छ । गगनगौंडा खोप केन्द्रको रेलिङ तथा गेट निर्माण, गगनगौंडा लामगादी जाने सिँढीमा रेलिङ तथा मर्मत, सुकेडाँडा बयर पार्क मार्ग स्तरोन्नति गरिएको छ ।

शान्ति आधारभूत विद्यालय भवन स्तरोन्नति, पुन समाज चेतनशील ट्रस निर्माण, किरियापुत्री भवन निर्माण, शान्ति नगर सामुदायिक सेवा समिति, हाट बजार मन्दिर निर्माण, आनन्द धर्म चक्र बोद्ध गुम्बा मर्मत सम्भार, उमा महेश्वर मन्दिर मर्मत, गगनगौंडा पशुपतिनाथ मन्दिरको कम्पाउन्ड निर्माण, गणेश नेवा खल गगनगौडाको भवन स्तरोन्नति, नवज्योति सनत दुर्गा आविमा तारजाली लगाइएको छ । गढुवाखोला तटबन्ध तथा ढलान, पीपलडाली नमुना टोल वडा नं ३० र ३२ को सिमाना खुदीखोलामा कल्भर्ट निर्माण, मुसेटुँडा खेलमैदान स्तरोन्नति, त्रिभुवन माविमा खेल मैदान निर्माण, भलिबल र बास्केटबल ग्राउन्ड कम्पाउन्ड निर्माण र ताँगाको मुख खेल मैदान निर्माण गरिएको छ ।

गगनगौंडा खोप केन्द्रको रेलिङ तथा गेट निर्माण, गगनगौंडा लामगादी जाने सिँढीमा रेलिङ तथा मर्मत, सुकेडाँडा बयर पार्क मार्ग स्तरोन्नति ग्रिनपार्क स्तरोन्नति, जनता पार्कमा ब्यायाम सामग्री जडान, देउराली खोला टारको चौतारा सडक ग्राभेल, वडा नं.३० का विभिन्न सडक ग्राभेल र मनकामना मन्दिर जाने पदमार्ग निर्माण गरिएको छ ।









# वडा नम्बर ३१

पोखरा महानगरपालिका वडा नं. ३१ को धारापँधेरो बसौलाथर जोवारी फलिकुण्ड सडक निर्माण, लेखनाथ सामुदायिक सेवा केन्द्र भवन, साँधखोला आमा समूह भवन निर्माण, नमुना आमा समूह रामटोल भवन निर्माण, माझथर सामुदायिक भवन तथा शौचालय निर्माण, देउराली मन्दिर प्राङ्गण मर्मत, शिवालय शान्तिमार्ग बाटो स्तरोन्नति, चिसाकुना बालखे कोलहाले सडक स्तरोन्नति, न्यौकुना सुवेदी मार्ग स्तरोन्नति, सिमलडाँडा किरियापुत्री तथा धारापानी जाने बाटो, मिलिजुली मार्ग सडक स्तरोन्नति, उत्तरमार्ग ढलान, खोलास्वारा पोखरी सिँचाइ कुलो निर्माण गरिएको छ ।

यस्तै, वेगनासे चौतारा कुसुण्डेगैरी बाटो निर्माण, शुभ साइत मार्ग मार्ग नाला निर्माण, मजुवा लप्सीबोट ट्र्याक, त्रिशुलडाँडा गज्याउदी बाटो स्तरोन्नति, सेराखेत डि कृषि सिंढी बाटो, सिलस्वांरा किरियापुत्री सडक, तावास्वारा आगेटारी सडक स्तरोन्नति, पचभैया देउराली थापा सडक, प्रकृति टोल मार्ग स्तरोउन्नति, उपल्लो गुरुङगाउँ मुख्य सडक जोड्ने सिंढी बाटो, स्यानी चौतारा कोदेखोला सडक स्तरोन्नति, कोलगैरी बिफ्रियाली बाटो निर्माण, खनाथुम्का भुतभुते सिंढी बाटो, संगमचोक एकान्तकुना सडक स्तरोन्नति, गुलियापानी दारेगौडा कुलो निर्माण गरिएको छ ।



साने ठूलोकुलो राम शिव नहरचोक ट्रयाक, पशुपति टोल मार्ग स्तरोन्नति, सिमलपाटा सामापोखरी बाटो, अधेरीखेत कुलो तथा बाटो स्तरोन्नति, रालमारे स्वास्थ्यचौकी भित्री सडक, चिप्लेटी पँधेरो तथा कुलो निर्माण, खरवारी डाँडा बाटो निर्माण, वनपाले अदुवावारी पाण्डेथर सपाउने बाटो स्तरोन्नति, त्रिशूलडाँडा चौर बाटो स्तरोन्नति, अँधेरीकुना जलाधार सिंढी बाटो, लाकुरी दलित बस्ती जाने सिंढी बाटो, एकान्तकुनादेखि कोइराला धारा पँधेरो सडक, न्यौपाने खोला धारापानी आरुपाटा सडक स्तरोन्नति, वेगनासताल ड्यामबाट पिप्ले बाटो स्तरोन्नति गरिएको छ ।



स्याङखुदी लिब्दी खोला संरक्षण, वडा भित्रका खानेपानी मुल संरक्षण तथा मर्मत संहार, कोटबारी आमा समूह भवन निर्माण, पचभैयाँ गाईघाट खेल मैदान शौचालय, तमु समाज शवदाह लामास्वारा, अदुवाबारी चौतारा तथा प्रतीक्षालय निर्माण, वेगनास कृषि संकलन केन्द्र निर्माण, वडा भित्रका १४ वटा भवन मर्मत, वडा भित्रका बाटो मर्मत संभार तथा सरसफाइ, साउकुना भन्ज्याङ बाटो ट्रयाक, माछापुच्छ्रे सडक स्तरोन्नति, कोटबारी आमा समूह भवन मर्मत, देउराली आमा समूह भवन मर्मत, नवप्रभात आमा समूह भवन मर्मत, हरियाली आमा समूह भवन मर्मत, अदुवावारी शिव मन्दिर मर्मत गरिएको छ ।

कुर्लुङखोला खानेपानी मर्मत, किमवेंसी टोल विकासमा रहेको सार्वजनिक शौचालय मर्मत, मजुवा गुरुङ गाउँ खानेपानी, एकान्तकुना टोल विकास संस्था भवन मर्मत, वेगनासताल ड्यामबाट पिप्ले बाटो स्तरोन्नति, प्रतिज्ञा आमा समूह चौर भवन मर्मत, वेगनासे चौतारा कुसुण्डेगैरी बाटो निर्माण, राकटोल सामुदायिक भवन स्तरोन्नति, वेगनास ओभरफलो एकान्तकुना सरसफाइ कार्यक्रम, तालवेंसी वेसीघर शिव मन्दिर निर्माण, चक्रदेवी मन्दिर स्तरोन्नति, नेपाल चौतारा स्वास्थ्य चौकी भगेरी सडक स्तरोन्नति, विरौटाचोक ठाडीखोरियादेखि पोखरा विश्वविद्यालय लिंक रोड, मोहरिया स्याङ्खुदी सडक, शिवालयचोक ड्यामसाइड सडक स्तरोन्नति, देविस्थान पूर्वाधार विकास कार्यक्रम, वेगनास सेरोफेरो फुटट्याक क्रमागत, पशुपति मार्ग निर्माण गरिएको छ ।





# वडा नम्बर ३२

पोखरा महानगरपालिका वडा नं. ३२ मा आर्थिक वर्ष २०७९।८० मा कपासेदेखि झोलुङ्गे पुलसम्म सडक, शान्ति नमूना मार्ग, शीतल खरबारी टुँडा सडक, ढोडबेंशी चोकदेखि बांगेसाल भित्री बाटो, मजुवा भित्री बाटो, मालमूल सानोघारी धोबिघाट सडक गरी १.३ किमी सडक कालोपत्र गरिएको छ ।

यस्तै, आर्थिक वर्ष २०८०।८१ मा मितेरी मार्ग, तल्लो गगनगौंडा खुदीखोला सडक, भत्केको चौकीदेखि उत्तर र दक्षिण सडक, मालमूल सानोघारी हुँदै ब्रह्मरुपा मावि जोड्ने सडक, मालेपाटन भित्री बाटो, लामेआहल खहरे खोला सडक, लामेआहल पृथ्वी राजमार्ग पिपल बोट चौतारादेखि SWM AREA लिंक सडक, शीतलनगर मादालेखांद बडारे सडक, भत्केको चौकीदेखि लामगादी कनेक्टिङ सडक, विश्वकर्मा टोल सडक, कान्बेको चौतारादेखि झोलुंगे पुलसम्म, मजुवा भित्री बाटो, म्याग्दी टोल सडक, शान्ति नमूना मार्ग गरी ५.२ किमी सडक कालोपत्र गरिएको छ ।



आव २०८१।०८२ मा जयकेशर मार्ग, बादुरे चौतारा राम मन्दिर बाटो, मजुवा भित्री बाटो, शीतलनगर बिर्ताचोक हुँदै वडारे सडक, गुठाचौरदेखि दक्षिण भित्री बाटो, स्कुल टोल शान्ति मार्ग बाटो, ब्रह्मरुपा स्कुलदेखि खुदी खोला झर्ने बाटो, सानोघारी ठाडो भित्री जाने बाटो नाला निर्माण, शीतलनगर साझा बजार १ न. बाटो, वडा भित्रका बाटोहरू, शीतलनगर भित्रका बाटोहरूसमेत ३.९ किमी सडक कालोपत्रे गरिएको छ । शीतल

ठूलोपाटन विश्वकर्मा टोलमा बाटो, डाँडागाँउ थुम्का बाटो, ढोडबेंशी सहेला जाने बाटो स्तरोन्नति, दुर्गा मन्दिर चैनपुर बाटो, दुर्गा मन्दिर सत्रको ठाडो बाटो, गगनगौंडा कालिका नगर नहर निर्माण, लामेआहाल प्रतीक्षालय कालिका मन्दिर जाने बाटो, मालेपाटन चिप्लेढुंगा जाने बाटो, मण्डली थान कटुन्जे जाने बाटो, मोहनडाँडा ठाँटीदेखि बर्नेपोखरी थुम्का जाने बाटो, म्याग्दी टोल भित्री बाटो, नयाँ बस्ती बाटो, सतिघाट जाने बाटो, शान्तिमार्ग सडक, राजाको चौतारा तल्लो गगनगौंडा मितेरी मार्ग ढलान तथा नाला निर्माण, लामेआहाल भित्री बाटो, लामेआहाल सतिघाट जाने बाटो, लामेआहाल मुल बाटोदेखि फोहोरमैला व्यवस्थापनसम्म, सगुरेदेखि फेदी सडक स्तरोन्नति गरिएको छ ।

सतिघाट जाने बाटो, अधिकारी टोल जाने बाटो, कटुन्जेबाट सुदार चौतारा सडक स्तरोन्नति, गढीघाट जाने भित्री बाटो, गढी भित्री बाटो, झौरी चोकदेखि टापु जाने बाटो, टारीखोला कटुञ्जे सडक, तल्लो गगनगौंडा भित्री बाटो, गरिमा बैंकसँगै जोडिएको बाटो, तिवारीको साँघु वडहरे बाटो, दुर्गा मन्दिर चैनपुर बाटो, नयाँ बस्तीबाट झोलुङे पुल जाने बाटो, भाञ्जाटोलबाट पृथ्वी राजमार्ग जाने बाटो, मोहन डाँडादेखि बर्नेपोखरी सडक, राजाकोचौतारा कटुन्जे गाउँ भलिबल चौर सडक, बयरघारी तालखोला जाने बाटो, शुभकामना टोल जाने बाटो, समीडाँडा फेदी बाटो र सात मुहाने चैनपुर जाने बाटो ढलान तथा स्तरोन्नति गरिएको छ ।

आचार्यबारी मणि बाटो, कोठे गाउँ सिद्ध गणेश बाटो, गढी बाटो ढलान, डाँडागाउँ थुम्का सडक, तिवारी साँघुदेखि बयरघारी जाने बाटो, बुडुवा कोठे गाउँ बाटो, बेलबुटे सडक मार्ग, शुभकामना टोल ठूलोपाटन अपुरो सडक ढलान गरिएको छ । शान्तिरुपा बारह्थोक तमु समाज, मिलन तमु समाज भवन संरक्षण, तिवारी साँघुदेखि बयरघारी जाने बाटो स्तरोन्नति, शान्तिरुपा बारह्थोक तमु समाज भवन मर्मत गरिएको छ ।

गगनगौंडा कालिका नगर नहर निर्माण, खुदीखोला टोल नम्बर ३ देखि ६ सम्म नाला निर्माण, ब्रम्हरूपादेखि सानोघारी बाटो स्तरोन्नति, चन्द्रज्योति कोठेगाउँ सडक स्तरोन्नति, लामेआहाल सतिघाट जाने बाटो, राजाको चौतारा तल्लो गगनगौंडा मितेरी मार्ग ढलान तथा नाला निर्माण, खुदीखोला टोल नम्बर ३ देखि ७ सम्म जाने बाटो, ढोडबेसी भित्री चोकबाट सहेला जाने बाटोमा नाला निर्माण, सेरावेंसी पक्की पुलदेखि मितेरी मार्ग स्तरोन्नति, खुदीखोला टोल न. ३ देखि ६ सम्म जाने बाटो स्तरोउन्नति, सानोघारी ठाडो भित्री जाने बाटो कालोपत्रे तथा नाला निर्माण गरिएको छ ।

ढोडबेंशी किरियापुत्री भवन, मोहनडाँडा ठाटी किरियापुत्री भवन, मालेपाटन गुठाकोचौर किरियापुत्री भवन, म्याग्देटोलको भवनमा ट्रस निर्माण, सानोघारी किरियापुत्री भवन, आँपुखोला किरियापुत्री भवन, लामेआहाल खहरेखोला किरियापुत्री भवन निर्माण, सातमुहाने किरियापुत्री भवन, ठाँटी किरियापुत्री भवन, शान्तिरुपा बराहाथोक तमु समाज भवन संरक्षण, मालमुलको खुदीखोला किरियापुत्री भवन, पाहारीको साँघु किरियापुत्री भवन, राजाको चौतारा किरियापुत्री भवन ढलान तथा संरक्षण, राजाकोचौतारा सामाजिक भवन मर्मतसंभार, वाड नं. ३२ को रेडक्रस उपशाखा भवन निर्माण, क्षेत्री समाज भवन मर्मत तथा शौचालय निर्माण, प्रगतिशील ब्राह्माण एकता समाज भवन निर्माण गरिएको छ ।

मालमुल समाज विकास प्रतिष्ठानको भवन मर्मत, राजाको चौतारा शिवालय मन्दिर संरक्षण, कालिका मन्दिर पुनर्निर्माण, छुची शिवालय मन्दिर तथा सार्वजनिक शौचालय निर्माण, दुर्गा मन्दिर किरियापुत्री ट्रष्ट निर्माण, गढी शिव मन्दिर ट्रष्ट निर्माण, मुहुनडाँडा पुलमाथि तटबन्ध तथा मन्दिरको भवन संरक्षण,

बहादुरेचौतारा राम मन्दिरमा ट्रस निर्माण, राधाकृष्ण मन्दिर परिसरमा ५ कोठे भवन निर्माण, अपुरो रेडक्रस भवन निर्माण, दिवा वृद्धाश्रम भवन निर्माण, शुभ बौद्ध विहार भवन विस्तार, बाटुले चौतारा किरियापुत्री भवन तथा शौचालय निर्माण, मुहानडाँडा किरियापुत्री भवन संरक्षण गरिएको छ ।

बडारे किरियापुत्री भवन मर्मतसंभार, रुपाताल तमु समाज भवन निर्माण, शुभ मंगल बौद्ध विहार ट्रस्ट निर्माण, दिवा वृद्धाश्रम भवन निर्माण, शान्ति वराह थोक समाज घर निर्माण, मालेपाटन शिव मन्दिर मर्मत संभार, कालिका मन्दिर पुनःनिर्माण, चन्द्र ज्योति आविमा सरस्वती मन्दिर निर्माण, खुदीखोला शिव मन्दिर पुनर्निर्माण, गढी विश्वकर्मा मन्दिर संरक्षण, बादुरे चौतारा राम मन्दिर शौचालय निर्माण तथा संरक्षण गरिएको छ । सीता आधारभूत विद्यालय मर्मत सम्भार, गगन माविमा चारकोठे भवन निर्माण, ब्रहमारुपा मावि भवन तथा गेट निर्माण, सिद्ध गणेश आविमा रंगरोगन, गोगन माविमा क्यानटिन व्यवस्थापन, ब्रह्मरुपा माविमा क्यान्टिन व्यवस्थापन, गुरुकुल शौचालय निर्माण गरिएको छ ।

टाइकोटे खेल मैदान संरक्षण तथा बाटो निर्माण, राजाको चौतारा पार्क व्यावस्थापन, कालिका मन्दिर व्यायमशाला तथा तारबार, बांगेसाल तटबन्धन, टाँगीबोटे खेल मैदान, तालखोलाको डिल बस्ती तथा खेत संरक्षण, बांगेसाल तटबन्धन, खुदी खोला पुलदेखि टोल न.४, ५ र ६ जाने बाटो निर्माण, टाँडी चौतारादेखि झालुंगे पुल जाने बाटो मर्मत, तिवारीको साँघुदेखि बहेरघारी जाने बाटो, तालखोला संरक्षण, तिवारीको साँघु कटुन्जे हुँदै सुदारको चौतारा सडक मर्मत योजना, टाइकोटे खेल मैदान संरक्षण तथा बाटो निर्माण, कतुवाले चौतारा संरक्षण, मालेपाटन गुठाबारी चौरमा चौतारा संरक्षण, राज चौतारा फेदी सडक सरसफाइ, खुदीखोला टोल न.३ देखि ६ सम्म बाटो सरसफाइ, बाह्रबीसे चैनपुर बाटो सरसफाइ गरिएको छ । सातमुहाने खेल मैदान मर्मत, म्याग्दे टोल ब्याडमिन्टन तारबार, टाइकोटे खेल मैदान संरक्षण तथा बाटो निर्माण, हेल्मेट डाँडा सिंढी निर्माण, अथरको डिलमा सिंढी बाटो निर्माण गरिएको छ ।

अपांगता भएका व्यक्तिहरूका लागि विविध कार्यक्रम, विपन्नका लागि औषधि खरिद तथा कार्यालय व्यवस्थापन, विसी २ नहर मर्मत, ठूलोपाटन नहर मर्मत, टनेल प्लास्टिक वितरण, मिल्क एनेलाइजर वितरण, माछाका भुरा वितरण, कृषकलाई बिउबिजन वितरण, बालबालिकासम्बन्धी विविध कार्यक्रम, महिलालाई सीपमूलक तालिम, दलित तथा लक्षित समूहको क्षमता विकास कार्यक्रम गरिएको छ ।



वडा नम्बर ३३

पोखरा महानगरपालिका वडा नं.३३ को बरेलीचोक चैनपुर फेदी सडक, बरेलीचोक चैनपुर फेदी सडक, मनिलडाँडा वरपौवा पुँडी सडक कालोपत्रे गरिएको छ । खेरेनी हनुमान पोखरी सिम्लेस्वारा भीम शाही मोटर मार्ग, ठूलो पाखा स्कुलबाट छप्ल्याङ बाटो, मासबारी सिलिङ्गे तथा ढल्कने मोटर मार्ग, बिर्खेचोक देखिको बाटो स्तरोन्नति, पशुपतिघाट सिंढी बाटो र रेलिङ निर्माण, धारापानी कुल मन्दिर जाने बाटो, भन्ज्याङ पुँडि मोटर बाटो, छपल्याङदेखि चालिसे ढिकसम्म जाने बाटो, थुम्कास्वारा मुलतरा हुँदै माझको चौतारा सडक नाला तथा ग्राभेल, एक्लेपोखरी गोलादी मोटर मार्ग, वनपाले नयाँ पोखरी सडक, कृष्ण केसीको घरदेखि आयटारी चौतारासम्मको बाटो मर्मत, जुके सिम्लेस्वारा मोटर बाटो स्तरोन्नति, लीप्सीकुनादेखि शिशु कल्याण स्कुलसम्म जाने बाटो स्तरोन्नति गरिएको छ ।

ढुडाकोमुख हनुमान पोखरी सडक स्तरोन्नति, भगवती चौतारा आदर्श टोल सडक स्तरोन्नति, मगरटोल बाटो स्तरोन्नति, स्वर्णीम मार्ग स्तरोन्नति, छप्ल्याङ भित्री सडक स्तरोन्नति, आरुबोट धम्डाको चौर सडक स्तरोन्नति,



सहरेतरा हुँदै मालेबगर खैरेनी सडक स्तरोन्नति, मगर चोकदेखि स्वामी चौर सडक स्तरोन्नति, छप्ल्याङ भित्री सडक स्तरोन्नति, धम्डाको चौरदेखि भुजेल गाँउसम्मको सडक स्तरोन्नति, सर्वोदय मोटर मार्ग स्तरोन्नति, ठूलोपाखा आपुँ कस्यारी सडक स्तरोन्नति, बाँदरकोट लामगादी भित्री सडक स्तरोन्नति, मुहान खोला कुलो निर्माण तथा सडक स्तरोन्नति, बरेलीचोक चैनपुर फेदी सडक स्तरोन्नति, खैरेनी चौतारादेखि चालिसे पानी ट्यांकीसम्मको सडक स्तरोन्नति, ठुलाढुंगा कटुवापिप्लेदेखि लौप्सीकुनाचोक सडक स्तरोन्नति गरिएको छ ।

सिंगारेवास सडक निर्माण, तीखेढुंगा दराइसिंह सरौदी सिँचाइ कुलो तथा तटबन्ध, सन्तानेश्वर अगाडि सम्लेखोर जाने सडक स्तरोन्नति, राउसे सडक, ठूलापाखो बाटो निर्माण, हुँडीकोट मोटरबाटो निर्माण, मनिथान मन्दिर तथा सडक, खत्री पोखरी तिलछहरे सडक निर्माण, झाँक्रीस्वारा मोटरबाटो, कृष्ण मार्ग, पुँडीटार चौवादी वरपौवा बाटो निर्माण, सिमाना अम्बोट सिँढी बाटो निर्माण, धारापानी कुल मन्दिर सडक, पौडेल आचार्य मार्ग निर्माण गरिएको छ ।

जुके सडक, पौडेल आचार्य मार्ग, खोरमाथि वडहरे जाने सडक, राउसे सडक, नीलकण्ठेश्वर सडक, व्यारथोक सडक, मालमगिरी चौतारो ठाडो सडक, पानीट्यांकी लुतेचौतारो डिलमुनि सडक, कस्यारी भन्ज्याङ सडक स्तरोन्नति, मनिलडाँडा हुँडीकोट बाटो स्तरोन्नति, भुवानीस्थान भुवानीथान जाउनाबोट सडक, जयलाल मार्ग, मणिमार्ग सडक स्तरोन्नति, मणिथान सडक स्तरोन्नति, खोरमाथि वडहरे जाने सडक, दाउरेखोल्सा भुइँथर सडक, चैनपुर फेदी सडक, चिर्गादी सिर्गादी पुल पहुँच मार्ग, मनिलडाँडा वरपौवा पुँडी सडक, गैह्रागाँउ समीबोटदेखि धम्डाको चौरसम्म सडक निर्माण गरिएको छ ।

ढाडखोला मगरबेंसी चोकदेखि डिले गुरुङ चौतारो तल खोल्सासम्म नाला र बाटो निर्माण, भगवति चौतारा अदर्श टोल भुनको डहर हुँदै पोखरीको डिल नाला तथा ग्राभेल, वडाभित्रका सडक तथा अन्य पूर्वाधार मर्मत, कुलिङ मुल बाटो नाला ग्राभेल, बाँझीपोखरी लप्सीको बोट कनेक्टिङ रोडसम्म जोड्ने बाटो नाला तथा स्तरोन्नति, शान्ति उदय मावि जाने सडक नाला तथा ग्राभेल, कुर्लिङ बर्छा मोटर बाटो नाला निर्माण, सर्वोदय मार्ग नाला तथा ग्राभेल, थुम्कास्वारा मुलतरा हुदै माझको चौतारा सडक नाला





तथा ग्राभेल, तल्लो पुँडीटार खत्री डहर नाला र ग्राभेल, राउसे खोला चोकदेखि झिगटेसम्म भल व्यवस्थापन तथा नाला निर्माण, पुनगाउँ तल्लो खैरेनी बाटो नाला निर्माण, बेत्यानी चोक भल व्यवस्थापन नाला, खहरे खोला कल्भर्ट तथा नाला व्यवस्थापन घोक्रेनी सहरेतरा नाला व्यवस्थापन, चवादी कल्भर्ट, राउने खोला भल निकास व्यवस्थापन गरिएको छ ।

श्री सत्यसाई महाकाली चोक हुँदै डिलभीर सडक, चवादी जारकाटे पुँडीखोला सडक निर्माण, शीतलटारी ठूलोपाखा कैणले संहेले खेत सडक, केवरे पँधेरो कुँवामा जाने गोरेटो बाटो मर्मत तथा निर्माण, शुक्लागण्डकी र पोखरा ३३ जोड्ने सडक, धम्डाको चौरदेखि भुजेल भञ्याङ पुँडी मोटरबाटो, सिंगारेवास सडक निर्माण, तीखेढुंगा दराईसिंह सरौदी सिँचाइ कुलो तथा तटबन्ध, सन्तानेश्वर अगाडि सम्लेखोर जाने सडक स्तरोन्नति, देउराली झाँक्री स्वारा सडक, लौसीकुना शिशुकल्याण सडक, ठुल्ढुंगा कटुवा पिप्ले सडक, भित्रबारी सडक, नेपाली टोल तोरी पेल्ने चौतारा सडक, गाईगौंडा पुष्पबस्ती अधुरो नाला, कस्यारी भन्ज्याङ सडक स्तरोन्नति, कुसुण्डे धारादेखि झौरीखेत, ठूलो डहर सडक स्तरोन्नति, डाँडागाँउ आँपको बोटदेखि देउराली सडक सूर्योदय मार्ग, मणिमार्ग सडक स्तरोन्नति गरिएको छ । मणिथान सडक स्तरोन्नति, महाकाली चोक सत्यसाई सडक स्तरोन्नति, आरुबोट धम्डाकोबोट सडक निर्माण,





गाँउसम्मको सडक स्तरोन्नति, ठूलोडहर देउराली सडक, व्यारथोक मोटरबाटो निर्माण, लामगादी घाट सिँढी बाटो निर्माण, नेपाली टोल तोरीपेल्ने चौतारा वेत्यानी चोक हुँदै ढुँडाको मुखसम्मको सडक, आँपुकस्यरी ढाँडखोला सडक, ठाडाबारी वरमाझथर सिलिंगे सडक, भुवानीथान जमुनाबोट सडक तिलीपाध्या मार्ग, बिर्खे खाजा घर अधुरो बाटो, नयाँ पुलदेखि कालिकास्थान सडक, एक्लेपोखरी गोलादी सडक निर्माण गरिएको छ ।

गाईगौडा पुष्प बस्ती सडक, मनियल डाँडा वरपौवा सडक, ठूलाढुंगा कटुवा पिप्लेदेखि लौसीकुना चोक सडक स्तरोन्नति, मालागिरी भवन सडक स्तरोन्नति, देउराली वनपाले मोटर बाटो निर्माण, सुरौदी फाँट कृषि सडक, खोरमाथि बडहरे जाने सडक, प्रतिमा नगर सडक स्तरोन्नति, चिर्गादी सिर्गादी पुल पहुँच मार्ग, मनिलडाँडा वरपौवा पुँडी सडक निर्माण गरिएको छ ।

कालिका मावि पर्खाल निर्माण, जनज्योति आवि कम्पाउन्ड निर्माण, सिलटारी ठूलाखोला कृषि सडक, चैनपुर फेदीको गणेश मन्दिरको रिटेनिङ वाल निर्माण, जन जागृति आधारभूत विद्यालय कम्पाउन्ड उपल्ला थर मोटर बाटो, अन्नपूर्ण स्वास्थ्य चौकी कम्पाउन्ड मर्मत, वनपाले सडक, महाकाली मन्दिर मर्मत तथा कम्पाउन्ड, खोरमाथि वडहरे जाने सडक, सरस्वती टीका मावि कम्पाउन्ड, ठाडाबारी सिलिङ्गे पौडेल सडक,

नीलकण्ठेश्वर सडक, ब्यारथोक सडक, किरियापुत्री भवनदेखि बैकुण्ठ मार्ग, जनजागृति आवि घेराबार, भुलभुला आवि कम्पाउन्ड, धारापानी पहिरो संरक्षण, शिवबस्ती आमा समूह भवन निर्माण गरिएको छ । मनिलडाँडा हुँडीकोट बाटो स्तरोन्नति, ठूलो डहर सडक स्तरोन्नति, डाँडागाँउ आँपको बोटदेखि देउराली सडक, आरुबोट धम्डाको बोट सडक निर्माण, दाउरेखोल्सा भुइँथर सडक, महत गाँउ जाने बाटो, भोटेपोखरीदेखि मालागिरी जोड्ने भित्री बाटो निर्माण गरिएको छ ।

जीब्रेढुंगा युवा क्लब भवन निर्माण, सरस्वती टीका माविमा ट्रस निर्माण, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन, उपल्लो पुँडी पुनमगर समाज भवन निर्माण, सृजनशील आमा समूह, बगाले थापा वरपौवा कुल मन्दिर, आँपुकस्यारी सामुदायिक भवन, चर्वादी बार्छा आमा समूह, शिव बस्ती खलङ्गा तरा किरियापुत्री भवन,

उपल्लो पुँडी सामुदायिक भवन, पुष्प बस्ती अधुरो किरियापुत्री भवन निर्माण, वनपाले पवित्रा आमा समूह भवन मर्मत, आदर्शटोल किरियापुत्री भवन, कपासे सामुदायिक भवन निर्माण गरिएको छ ।

सरस्वती मावि कम्पाउन्ड, जनज्योति आवि कम्पाउन्ड निर्माण, शिशुकल्याण मावि कम्पाउन्ड, कालिका मावि सरस्वती टीका मावि ट्रस, जनजागृति आवि घेराबार, भुलभुला आवि कम्पाउन्ड, सरस्वती टीका मावि,







जीब्रेढुंगा आमा समूह भवन, मगर सामुदायिक भवन, उपल्लो पुँडी दलित भवन, छप्ल्याङ सामुदायिक भवन, भीमसेन नेवा खल, मनिलडाँडा सार्वजनिक शौचालय, आदर्श टोल किरियापुत्री भवन निर्माण, श्री सिस्ने सरस्वती सामुदायिक भवन, प्रगतिशील आमा समूह भवन शौचालय, जीब्रेढुंगा युवा क्लब भवन निर्माण, भरतपोखरी रेडक्रस उपशाखा भवन, नवजागरण महिला मञ्च भवन, सृजनशील आमा समूह भवन, छप्ल्याङ मण्डली, सिंगारेबास दलित समाज भवन निर्माण गरिएको छ ।

चवादी बर्छा आमा समूह भवन, शिवबस्ती आमा समूह, भुलभुला मन्दिर निर्माण, शिवबस्ती आमा समूह भवन, जनज्योति आवि र ज्ञानज्योति आवि स्तरोन्नति गरिएको छ ।

छपल्याङ खानेपानी ट्यांकीदेखि ठूलोपाखा खानेपानी ट्यांकीसम्मको सडक, मुहान खोला कुलो बाँकी काम र बाटो ट्याक निर्माण, आँपु कस्यारी ढाडखोला बाटो मर्मत, धारापानीदेखि लिफ्टिङ खानेपानी योजना ट्यांकीसम्म बाटो ग्राभेल, बुढाइपोखरीदेखि नीलकण्ठेश्वर महादेव मन्दिर जाने सडक स्तरोन्नति, महाकाली चोकदेखि साईराम भवनसम्मको सडक ग्राभेल तथा मर्मत, शिव बस्ती चिर्गादी पुल बाटो निर्माण, सिस्ने पाखाघरे मार्ग ग्राभेल, तल्लो पुँडी खयरतरा बिचको बाटो ग्राभेल, मनियल डाँडा वरपौवा मोटरबाटो ग्राबेल,

छपल्याङ खानेपानी ट्यांकीदेखि ठूलोपाखा खानेपानी ट्यांकीसम्म बाटो विस्तार, मुहान खोला कुलो बाँकी काम र बाटो ट्याक निर्माण, आँपु कस्यारी ढाडखोला बाटो मर्मत, धारापानीदेखि लिफ्टिङ खानेपानी योजना ट्यांकीसम्म बाटो ग्राबेल गरिएको छ ।

बुढाइपोखरीदेखि नीलकण्ठेस्वर महादेव मन्दिर जाने सडक स्तरोन्नति, महाकालीचोकदेखि शाहीराम भवनसम्मको सडक ग्राबेल तथा मर्मत, शिव बस्ती चिर्गादीपुल बाटो निर्माण, सिस्ने पाखाघरे मार्ग ग्राभेल, तल्लो पुँडी खयरतरा बिचको बाटो ग्राभेल, मनियल डाँडा वरपौवा मोटरबाटो ग्राभेल, बेयारथोक नयाँ ट्र्याक खोलिएको छ । ठाडाबारी सिलिंगे पौडेल सडक, काउते बुढीखोरिया तिलपोखरी सडक, भोटेपोखरीदेखि मालागिरी जोड्ने भित्री बाटो निर्माण गरिएको छ ।

चालिसे खानेपानी योजना, केवरे माथिको पोखरी संरक्षण, केउरेपोखरी संरक्षण, साना सहरी खानेपानी, खत्रीपोखरी स्तरोन्नति, काउसेखोला आँपुकस्यारी लिफ्टिङ खानेपानी, ठूलढुंगा माझथर खानेपानी, डुहेको रह व्यवस्थापन, चिनेटारी खानेपानी आयोजना, खोल्टारी खानेपानी योजना, जारकाटे खानेपानी आयोजना, देउराली खानेपानी योजना, केवरे पँधेरो मुल संरक्षण, अलैचे खानेपानी, जुके खानेपानी मर्मत, चैनपुर खानेपानी मुहान संरक्षण, शिव बस्ती खानेपानी, खुर्बानी लिफ्टिङ योजना, चिलाउने खानेपानी योजना, देउराली खोला खापा योजना, ओख्ले खानेपानी पधेरो र बाटो मर्मत गरिएको छ ।

पानीट्यांकी नेर पार्क, कालिकास्थान पार्क निर्माण, झिगटे पार्क, झिंगटे खुला व्यायमशाला निर्माण, डुङलुङ खेत संरक्षण, डुङलुङ खेत संरक्षण, कुर्लिङ चौतारो निर्माण, खत्रीपोखरी मुनिको चौतारी निर्माण, भगवती चौतारा मर्मत, भगवती मन्दिर भगवती चौतारा, चण्डी मन्दिरमा चौतारी मर्मत, चिर्गादी पुल डिलको चौतारा मर्मत, सिसी क्यामेरा मर्मत तथा विस्तार, सिसी क्यामेरा मर्मत तथा विस्तार, सडक तथा नाला सरसफाइ गरिएको छ ।

लामगादी खेल मैदान, सरस्वती टीका मावि खेलमैदान, ठूलोपाखा खेलमैदान, सिँगारेबास खेलमैदान, उपल्लो पुँडी खेलमैदान, भजनकीर्तन तालिम तथा सामग्री वितरण, छप्ल्याङ युवाका लागि खेलमैदान निर्माण, जीब्रेढुंगा भलिबल मैदान स्तरोन्नति, पशुपतिघाट सिँढीबाटो र रेलिङ सिमाना, अम्बोट सिँढीबाटो निर्माण, चिलाउने मन्दिर बाटो लामगादी सतिघाट सिँढीबाटो निर्माण, सुनगुफा संरक्षण, वडाभित्र सडक बत्ती जडान, सडक बत्ती जडान तथा मर्मत गरिएको छ ।

तहले विरौटा कुलो, टुप्पीगौंडा सिस्ने कुलो, आँपुभन्ज्याङ कृषि तथा पशुपन्छी विकास समूह, नौबिसे सिँचाइ योजना, तीखेढुंगा दराईसिंह सुरौदी सिँचाइ कुलो, सिस्ने सरस्वती कृषक समूह, रात्ले सिँचाइ योजना, सेराको खेत सिँचाइ कुलो निर्माण, ताहालु बिरौटा कुलो मर्मत, बिरौटा खेत कुलो, पखरे कुलो निर्माण, नौबिसे सिँचाइ योजना, पहरे खेत कुलो, चिसापानी पुतली खेत कुलो निर्माण गरिएको छ ।

कृषि सामग्री, बिउ खरिद तथा कार्यक्रम, कृषि सामग्री वितरण, मौरी पकेट क्षेत्रका लागि ५० प्रतिशत अनुदानमा मौरीसहितको घार वितरण, कृषि विउ बिजन वितरण, कृषि उपकरण मर्मत, एक घर, एक मौरी अभियान मौरीपालन तालिम, अनुदानमा फलफूलका विरुवा वितरण, कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

महिला तथा लक्षित वर्गको सीप विकास कार्यक्रम अन्तर्गत सिलाइ कटाइ तालिम, एडभान्स सिलाइ कटाइ तालिम, आयआर्जन कार्यक्रम, महिलाको क्षमता विकास कार्यक्रम, कानुनी सचेतना कार्यक्रम, कानुनी सचेतना कार्यक्रम, खेलकुद कार्यक्रम, विभिन्न चाडपर्व तथा मेला सञ्चालनमा सहयोग, विभिन्न चाडपर्व तथा मेला सञ्चालनमा सहयोग, ढाकाको टोपी बनाउने तालिम, चप्पल बनाउने तालिम, बालमञ्च गठन तथा सञ्चालन, साबुन बनाउने तालिम, आरन वितरण, बालबालिकाको क्षमता विकास कार्यक्रम, बालमञ्च गठन तथा सञ्चालन, बालमञ्च गठन तथा सञ्चालन, लैंगिक हिंसाविरुद्ध सचेतना, बालबालिकाको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ ।

# कुटनीतिक सम्बन्ध

# भगिनी सम्बन्धले अन्तर्राष्ट्रिय नगरहरूसँग जोडिएको पोखरा

पोखरा महानगरपालिकाको कुटनीतिक सम्बन्धको पृष्ठभूमि मुख्यतः ऐतिहासिक, भौगोलिक, संस्कृति तथा पर्यटन, मैत्रीपूर्ण, पारस्परिक विश्वास र सम्मानको आधारसँग सम्बन्धित छ । १९९० को दशकपछि नेपालमा पर्यटकीय गतिविधिहरू सूरुभएसँगै विदेश स्थित विभिन्न नगरहरूसँग भगिनी सम्बन्ध (Sister City Relationship), मैत्रीपूर्ण सहकार्य र प्राविधिक तथा सांस्कृतिक आदान-प्रदान सहित कुटनीतिक दायरालाई संस्थागत रूपमा विस्तार गर्दै सम्बन्धका नयाँआयामहरूको आधार तयार भएको देखिन्छ ।

पोखरा महानगरले पूर्वाधार विकास, वातावरणीय व्यवस्थापन, स्मार्ट सिटी विकास, विपद् जोखिम न्यूनीकरण र शिक्षा-स्वास्थ्य लगायत क्षेत्रमा सुधारका लागि अन्तर्राष्ट्रिय संस्था तथा सहरहरूसँगको प्रत्यक्ष सहकार्यलाई अगाडि बढायो । हाल चीन, जापान, दक्षिण कोरिया, ब्रिटेन लगायतका मुलुकका नगरहरूसँग सहकार्यमा विभिन्न परियोजना, क्षमता अभिवृद्धि कार्यक्रम तथा सांस्कृतिक कुटनीति मार्फत पोखराले आफ्नो अन्तर्राष्ट्रिय प्रभाव विस्तार गरिरहेको छ । अन्तर्राष्ट्रिय मेला महोत्सवहरूमा सहभागिता, मैत्रीपूर्ण सम्झौता, र साझा विकास परियोजनाले पोखराको कुटनीतिक सम्बन्धलाई व्यवस्थित, व्यावहारिक र दिगो बनाईरहेको छ ।

अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्ध मार्फत प्राप्त सहयोग, लगानी र प्राविधिक समर्थनले पोखरामा शिक्षा, स्वास्थ्य, मानवसंसाधन, पूर्वाधार विकास, प्राविधिक क्षमता अभिवृद्धि, सेवाको गुणस्तरमा सुधार, नविन अभ्यासहरूको आदानप्रदान, साँस्कृतिक तथा अनुभव आदानप्रदान लगायत विषयमा प्रत्यक्ष सहयोग पुगिरहेको छ । यिनै सम्बन्धहरूको जगमा पोखरामा यातायत क्षेत्रको सुधार, दिगो पर्यटन तथा पूर्वाधार विकास, क्षमता अभिवृद्धि सरसफाइ, फोहोर व्यवस्थापन, सम्पदा संरक्षण लगायतमा अबौं लगानी भइरहेको छ । यी पूर्वाधारहरूले पोखरालाई सुरक्षित, पहुँचयोग्य, व्यवस्थित र अन्तर्राष्ट्रिय मानक अनुसारको पर्यटन गन्तव्य बनाउँदै शहरको आर्थिक समृद्धि र दिगो पर्यटन विकासलाई दीर्घकालीन आधार प्रदान गरेका छन् ।

पोखराको धार्मिक स्थल, स्तूपा, मन्दिर तथा बौद्ध-हिन्दू सांस्कृतिक सम्पदाले दक्षिण एसिया, पूर्वी




POKHARA TOURISM CAPITAL OF NEPAL

एसिया तथा यूरोपका शहरहरूसँग मैत्रीपूर्ण सम्बन्ध विस्तारमा मद्दत पुऱ्याएको छ । साँस्कृतिक कुटनीतिले पोखरालाई अन्तर्राष्ट्रिय स्तरमा 'culturally rich and welcoming city' का रूपमा स्थापित गर्दै सहकार्य, पर्यटन प्रवर्द्धन र सांस्कृतिक साझेदारीका परियोजना आकर्षित गर्ने आधार तयार गर्दछन् ।

परापूर्वकालदेखि ऐतिहासिक सम्बन्ध रहँदै आइरहेको चीनको कुनमिङदेखि, मित्रराष्ट्र जापानको कोमागाने हुँदै दक्षिण कोरियाको ग्यान्बुक गुदेखि टर्कीको आडालर लगायतका नगरीहरूसँग पोखराको भगिनी सम्बन्ध कायम छ । पछिल्लो समय जापानको यामानासी प्रीफेक्चर स्थित पर्वतीय नगरी हुकुतोसँग १५ औं अन्तराष्ट्रिय नगरका रुपमा पर्वतीय मित्रता कायम गरिएको छ । चिनको कान्जो नगरसँग पनि मैत्रीपूर्ण सहयोग आदानप्रदान सम्बन्धि नयाँ सम्बन्ध सूरुवात भएको छ । यसबिचमा भारत, चिन, जापान, अमेरिका, फ्रान्स, पोल्याण्ड लगायतका राजदुतहरूसँग शिष्टाचार भेतवार्ताहरू समेत भइरहेका छन् । यसले एक अर्का बिचको सम्बन्धलाई प्रगाढ बनाउँदै विकास तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुगेको छ ।

मुलुकभित्रकै भरतपुर महानगरपालिका र धरान उपमहानगरपालिकासँग भगिनी सम्बन्ध स्थापित गरेको महानगरले भगिनी सम्बन्ध स्थापित भएका नगरहरू बिच दुईपक्षिय भ्रमण, साझा हित, एक आपसमा सहयोगहरू आदानप्रदान, भाषा संस्कृति, कला र रीतिरिवाजहरूको संरक्षण तथा संवर्द्धनमा महत्वपूर्ण कार्यहरू गर्दै आइरहेको छ । पोखरा महानगरपालिकाले हालसम्म विदेशका १५ र देशभित्रका २ गरी १७ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरूसँग भगिनी सम्बन्धमा स्थापित गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विकास तथा विस्तारको क्रममा जारी छ ।

**भगिनी सम्बन्ध भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरू**

| सि.नं. | भगिनी सम्बन्ध कायम भएको सहर | भगिनी सम्बन्ध स्थापना मिति |
|---|---|---|
| १ | धरान उप-महानगरपालिका | २०५४।०९।२१ |
| २ | भरतपुर महानगरपालिका | २०७६।०७।२२ |
| ३ | Komagane, Japan | Aprli 18, 2001 |
| ४ | Linzhi, China | October 21, 2008 |
| ५ | Princes' Islands -Adalar, Turkey | October 13, 2011 |
| ६ | Ganbuk – gu, South Korea | February 23, 2013 |
| ७ | Kunming, China | July 8, 2013 |
| ८ | Nanning, China | January 10, 2018 |
| ९ | Yibin, China | September 18, 2018 |
| १० | Haikou, China | November 16, 2018 |
| ११ | Guangzhou, China | November 29, 2014 |
| १२ | London Borough of Barnet, UK | May 19, 2021 |
| १३ | Chuzhou, China | |
| १४ | Ganzhi Municipality, Tibet Province, China | |
| १५ | Hukuto, Japan | 2023 |
| १६ | Kanjo, China | 2024 |

# जापानको हुकुतोसँग पोखराको
# नयाँ अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध



पोखरा महानगरपालिका र जापानको होकुतो सहर बिच पर्वतीय नगर मित्रता कायम भएको छ। सम्झौता पत्रमा पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्य र जापानको यामानासी प्रिफेक्चर स्थित होकुतो नगरका नगर प्रमुख एइजी उएमुराले समझदारी गर्नुभएको हो। दुवै नगरहरूबिच मैत्रीपूर्ण सम्बन्ध, पारस्परिक विश्वास र सम्मानको आधारमा पर्वतीय नगर मित्रता कायम गरिएको हो। दुवै सहरहरूका नागरिकहरू एक अर्काको पर्वतीय भूगोल, संस्कृति र इतिहासलाई सम्मान गर्दै भविष्यमा हुने द्विपक्षीय सहयात्रालाई आपसी हित, विकास साझेदारी र जनसम्बन्धको आयामका आधारमा प्रभावकारी बनाउँदै अगाडि बढाउन प्रतिबद्ध रहनेछन्। पोखरा महानगरपालिकाको अन्तर्राष्ट्रिय नगरसँगको भगिनी सम्बन्ध जापानको कोमागानेसँग सन् २००१ मा कायम गरिएको थियो। त्यसको निरन्तरताले विदेशका विभिन्न १४ वटा शहरसँग पोखराको मितेरी साइनो जोडिएको छ। पछिल्लो पटक १५ औँ अन्तर्राष्ट्रिय नगरका रूपमा जापानको होकुतो नगरसँग पोखराले नयाँ सम्बन्धको सुरुवात गरेको छ। पोखरा जस्तै हिमालको काखमा रहेको होकुतोसँग पर्वतीय संस्कृति, रहनसहन र समग्र पर्यटन विकासका असल अभ्यासहरूको आदानप्रदानमा महत्वपूर्ण योगदान पुग्नेछ। अन्तर्राष्ट्रिय मैत्रीभावद्वारा प्रेरित भई दुवै सहरका नागरिकहरू बिच मैत्रीपूर्ण भावनाको विकास गर्दै शिक्षा, स्वास्थ्य, संस्कृति, पर्यटन र पूर्वाधारको विकासमा आपसमा सहकार्य सहित दुई पक्षीय सांस्कृतिक अनुभव, ज्ञान सीप र प्रविधिको आदान प्रदानलाई महत्वका साथ अगाडि बढाउन आफूहरूका बिचमा समझदारी भएको छ। पोखरा महानगरपालिकाले हालसम्म विदेशका १५ र देशभित्रमा २ वटा नगरसँग मितेरी सम्बन्ध कायम गरेको छ।

# पोखरा र चीनको कान्जो नगरबिच
# मैत्रीपूर्ण सहयोग आदानप्रदान सम्बन्धी समझदारी



पोखरा महानगरपालिका र चीनको कान्जो नगर (Ganzhou City, Jiangxi Province, China) बिच दुईपक्षीय मैत्रीपूर्ण सहयोग आदानप्रदान सम्बन्धी समझदारी भएको छ । सो सम्बन्धी समझदारी पत्रमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र चीनको कान्जो नगरपालिकाका मेयर जेन वेनमिङ्ले हस्ताक्षर गर्नुभएको हो ।

समझदारी अनुसार दुवै नगरहरू बिच स्थानीय व्यापार, व्यवसाय र व्यापारिक समूहबिच सूचना आदानप्रदान सहित आवश्यक समन्वय तथा छलफललाई प्रोत्साहन गरिनेछ । यस्तै पर्यटन र कृषिको आधुनिकीकरण जस्ता क्षेत्रहरूमा हुने सहयोगलाई थप प्रभावकारी तथा उच्च गुणस्तरको विकास गर्न सहकार्य गरिनेछ । साथै दुवै नगरहरू बिच स्थानीय अर्थतन्त्रको विकासका लागि व्यावसायिक शिक्षाका क्षेत्रमा सहयोगका अवसर र परियोजनाहरूको खोजी गरिनेछन् ।

यस प्रकारको समझदारीले पोखराको अन्तर्राष्ट्रिय बजारमा पहुँच स्थापित गर्ने नगर प्रमुखको विश्वास छ । यसअघि पनि विभिन्न कालखण्डहरूमा चीनका विभिन्न नगरहरूसँग पोखराको भगिनी सम्बन्ध कायम भएको छ । कान्जो नगरसँगको समझदारीले नयाँ इट्टा थपिएको छ । यसले दुई नगरहरू बिच सांस्कृतिक आदान प्रदान सहित विकासका नयाँ पहल तथा प्रयासहरूमा साझेदारीको बाटो खोल्ने छ । समझदारीले दुई देशका नगरहरू बिच विश्वासको नयाँ स्तम्भ खडा गरिदिएको छ ।

नेपालको पर्यटकीय हबका रूपमा विकास भइरहेको पोखरा महानगरसँग सम्बन्ध कायम गर्न पाउँदा आफूहरूलाई निकै खुसी लागेको चिनियाँ पक्षले बताएको छ । समझदारीले पोखराको पर्यटन विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ ।

# चिनको लुभाउ पोखरा
# सम्बन्धको नयाँ शिरा



२० लाख पर्यटक पोखरा भित्र्याउने लक्ष्य साथ घोषणा भएको पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउने उद्देश्यले पोखरा महानगरपालिकाको विशेष पहलमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिचुवान एयरलाइन्सले व्यावसायिक उडान थालेको छ । नेपाल चिन दौत्य सम्बन्ध कायम भएको ७० वर्ष पुगेको सन्दर्भमा नेपाल भ्रमण वर्ष २०२५ समेत घोषणा गरेको चिनियाँ शहर लुजाउले पर्यटन आदानप्रदानमा सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ । मितेरी सम्बन्ध कायम गर्ने कार्य अन्तिम चरणमा रहेका पोखरा र लुजाउ शहरका बिच पर्यटन प्रवर्द्धन, संस्कृति, शिक्षा, खेलकुद, आर्थिक विकासमा सहयोग आदनप्रदान गर्ने लगायत दुईपक्षीय हितका सन्दर्भमा दुबै सहरका नगर प्रमुखहरू बिच महत्वपूर्ण समझदारी भएको छ ।

**लुझोउ चीन**



चिनको लुझोउ नगरपालिकाको आर्थिक सहयोग र विदेशी मामिला ब्युरो तथा लुझोउ नगरपालिकाको पिपुल्स एसोसिएसन फर फ्रेन्डशिप विथ फरेन कन्ट्रीका कार्यकारी उपाध्यक्ष झाङ जुहाङ् नेतृत्वको टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेटवार्ता गरेको छ । दुई नगरहरूको बिचमा पर्यटन, कला, संस्कृति र प्रविधि आदान प्रदान लगायतका विषयमा समेत छलफल भएको छ । जुहाङ् नेतृत्वको टोली पोखरामा आयोजना गरिएको दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेस प्रतियोगितामा सहभागी हुने खेलाडी सहित पोखरा आएको हो ।



**कान्जव प्रीफेक्चर चाइना**

मित्र राष्ट्र चीनको कान्जव प्रिफेक्चरका जनरल सेक्रेटरी छानको नेतृत्वमा चिनियाँ प्रतिनिधि मण्डले पर्यटन राजधानी पोखराको भ्रमण गरेको छ। सो क्रममा टोलीले पोखरा महानगरपालिकाकी उप-प्रमुख मञ्जुदेवी गुरुङ, प्रवक्ता मोतीलाल तिम्सिना, दलका नेता दिवसमान प्रधानाङ्ग लगायत महाशाखा प्रमुखहरूसँग महत्वपूर्ण भेटवार्ता गरेको छ ।

# जापानी राजदूत किकुता र नगर प्रमुख आचार्यबिच भेटवार्ता



नेपालका लागि जापानी राजदुत किकुता युताका र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यबिच भेटवार्ता भएको छ । भेटवार्तामा दुईपक्षीय मित्रवत् सम्बन्ध, सहयोग तथा साझेदारी लगायतका विषयहरूमा छलफल भएको छ । छलफलका क्रममा प्रमुख आचार्यले महामहिम राजदूत किकुताको पोखरा भ्रमण दुई देशहरू जापान र नेपालबिचको चिरस्थायी मित्रताको लागि महत्वपूर्ण पक्षका रूपमा लिएको बताउनुभयो ।

'हाम्रा राष्ट्रहरू वर्षौंदेखि मित्रता र सहयोगको बन्धनमा एकाकार हुँदै आएका छन्, जुन पारस्परिक सम्मान र भलाइका लागि सँगै काम गर्ने प्रतिबद्धतामा आधारित छ, उहाँले भन्नुभयो, पोखरा लगायत समग्र नेपालको विकास यात्रामा जापान एक दृढ साझेदारका रूपमा रहँदै आएको छ ।' जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को निमन्त्रणामा आफूले जापानको भ्रमण गरेको स्मरण गराउँदै प्रमुख आचार्यले त्यस बखत पोखराको व्यवस्थित ढल निकास तथा फोहोर पानी प्रशोधन केन्द्र स्थापनाको लागि गुरुयोजना निर्माण गर्ने सहकार्य गरिएको बताउनुभयो । जापानले जाइका मार्फत सम्पन्न हुने क्रममा रहेको खानेपानी आयोजना लगायत पोखरामा सञ्चालित महत्वपूर्ण विकास परियोजनाहरूमा दृढ र समर्पित साझेदारको भूमिका निर्वाह गर्दै आएको प्रमुख आचार्यले बताउनुभयो ।

'जापानको कोमागाने सहरसँग सन् २००१ देखि नै पोखराको भगिनी सम्बन्ध छ, यस सम्बन्धले दुई सहरलाई मात्र नभई दुई देशहरू बिचमा स्थायी रूप मै सांस्कृतिक आदानप्रदान, सहकार्य र जनस्तरको सम्बन्धलाई सुदृढ बनाइरहेको छ, उहाँले भन्नुभयो, जापानले निरन्तर रूपमा पोखराको सामाजिक, आर्थिक र सांस्कृतिक प्रगतिमा आफ्नो प्रतिबद्धता व्यवहारिक रूप मै देखाएको छ, यस प्रति पोखरा महानगरपालिका सदैव कृतज्ञ छ ।' प्रमुख आचार्यले पोखरा र जापानका विभिन्न सहरहरू बिच नियमित अन्तर्राष्ट्रिय उडान भर्ने वातावरण तयार गर्न राजदूत किकुता मार्फत जापान सरकारलाई आग्रह गर्नुभयो ।



**चिनियाँ राजदूत चेन सोङ**: नेपालका लागि चिनियाँ राजदूत चेन सोङ र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य बिच भेटवार्ता भएको छ । महानगरपालिकाका कार्यालयमा भएको भेटवार्तामा दुई पक्षीय हित तथा सहकार्यका विषयमा छलफल भएको छ ।

# पोखरा कोमागाने सम्बन्धको रजत वर्ष

पोखरा महानगरपालिकाको भगिनी सम्बन्ध भएको जापानको कोमागाने नगरका प्रमुखको निकट भविष्यमा पोखरामा हुने भ्रमणका विषयमा जापानको नागानो प्रीफेक्चरको एक टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेटवार्ता गरेको छ । भेटवार्तामा कोमागाने नगरका प्रमुख लगायत कोमागाने चेम्बर अफ कमर्सका प्रतिनिधिहरूको पोखरा भ्रमणको तयारी र सन्दर्भका विषयमा छलफल भएको छ ।

पोखरा महानगरपालिकाका आचार्य र कोमागाने नगरका प्रमुख युजो इतोका बिचमा महत्वपूर्ण विषयहरूमा समझदारी हुनेछ । दुई नगरका बिचमा दुई पक्षीय सांस्कृतिक आदानप्रदान, सूचना प्रविधि, जनशक्ति, पर्यटन तथा व्यवसायिक साझेदारी, एकआपसमा सहयोग आदानप्रदान लगायत विषयहरूमा समझदारी गर्दै सर्वप्रथम सन् २००१ मा भगिनी सम्बन्ध कायम गरिएको थियो ।

दुई नगरका बिचमा भगिनी सम्बन्ध स्थापना भएको रजत वर्षका अवसरमा हुन लागेको नगर प्रमुख इतोको पोखरा भ्रमणका क्रममा साझेदारी र दुई पक्षीय सम्बन्धको नयाँ श्रृंखला सुरु हुने नगर प्रमुख आचार्यको विश्वास छ ।





# नगर प्रमुख आचार्य र भारतीय राजदूत नवीन श्रीवास्तव बीच भेटवार्ता

नगर प्रमुख धनराज आचार्य र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच भेटघाट भएको छ । भेटका क्रममा पोखरा र भारतका विभिन्न सहरबीच भगिनी सम्बन्ध विस्तार, पोखरामा पर्यटन पूर्वाधारमा लगानी, तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतका विभिन्न शहरमा नियमित हवाई उडान सञ्चालन लगायतका विषयमा छलफल भएको थियो ।

नगर प्रमुख आचार्यले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतको बनारससहित विभिन्न शहरमा नियमित उडानमार्फत पोखरालाई भारतसँग जोड्न चाहेको बताउनुभयो । त्यसका लागि नेपाल सरकारमार्फत आफूले पहल गर्ने र भारतमा आवश्यक वातावरण बनाउन सहयोग गरिदिन राजदूत श्रीवास्तवलाई आग्रह गर्नुभएको थियो । साथै प्रमुख आचार्यले पोखरा र यस आसपासको क्षेत्रमा विकास निर्माणमा भारतले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

भारतीय राजदूत श्रीवास्तवले पोखराको मनोरम प्रकृतिको प्रशंसा गर्दै नेपाल सरकारसँग सहकार्य गरेर पोखराको पूर्वाधार विकासमा सहयोग रहने बताउनुभयो । उहाँले भारतले राजधानी काठमाडौंपछि पोखरालाई विशेष महत्व दिएको उल्लेख गर्दै यहाँ पेन्सन क्याम्प स्थापनादेखि विभिन्न परियोजनामा निरन्तर सहकार्य भइरहेको जानकारी दिनुभयो ।

## अमेरिकी राजदूत डीन आर. थम्पसनसँग भेट



पोखरा महानगरपालिकाका कार्यवाहक प्रमुख मोतीलाल तिम्सिना र नेपालका लागि अमेरिकी राजदूत डीन आर. थम्पसनबीच शिष्टाचार भेटवार्ता भएको छ । बिहीबार



महानगर कार्यालयमा भएको भेटमा तिम्सिना र राजदूत थम्पसनबीच द्विपक्षीय सहयोग र आदानप्रदानका विषयमा छलफल भएको थियो ।

## फ्रान्सकी राजदूत कोर्टेभलसँग भेटघाट

नेपालका लागि फ्रान्सकी राजदूत कोर्टेभल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यबीच भेटवार्ता भएको छ । पहिलो पटक पोखरा आएको अवसरमा राजदूत कोर्टेभल र नगर प्रमुख आचार्यबीच दुईपक्षीय हितका विषयमा छलफल भएको थियो ।

फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण हिमाल आरोहण गरेको ७५ औँ वर्षको अवसरमा राजदूत कोर्टेभल पोखरा आएकी थिइन् । हर्जोगले पहिलो पटक अन्नपूर्ण हिमालको सफल आरोहण गरी पर्वतारोहणको इतिहास कोरेका थिए । त्यसपछि मात्र तीन वर्षपछि सगरमाथा आरोहण भएको थियो ।

यसैबीच अन्नपूर्ण हिमालको ऐतिहासिक आरोहणसँगै नेपालको पर्वतारोहण क्षेत्रलाई विश्वमा चिनाउने कार्य गरेका मौरिस हर्जोगका पुत्र म्याथिअस हर्जोगले पनि पोखरा महानगर प्रमुख आचार्यसँग भेटघाट गरेका छन् । उनले पोखरा आफूलाई आफ्नै घरजस्तो लाग्ने अनुभूति व्यक्त गरे । आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेको कारण अन्नपूर्णलाई ‘जेठो हिमाल’ पनि भनिन्छ ।

# पोल्याण्डका राजदुत बुराकोव्स्की र नगर प्रमुख आचार्यबिच भेटवार्ता



नेपालका लागि पोल्याण्डका गैर-आवासीय राजदूत एडम बुराकोव्स्की र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य बिच शिष्टाचार भेटवार्ता भएको छ । राजदुत बुराकोव्स्कीसँगको भेटमा हिमाल आरोहणका क्रममा हराएकी पोल्याण्डकी नागरिकको स्मृति कार्यक्रम पोखरामा गर्न गरिएको आग्रहलाई आफूले स्विकार गरेको प्रमुख आचार्यले बताउनुभयो ।

सन १९९२ मा कन्चनजंगा हिमाल आरोहणको क्रममा हराएकी पोल्याण्डकी नागरिक वान्डा रुटकिविज केटु हिमाल आरोहण गर्ने पहिलो महिला आरोही हुन भने युरोपबाट सगरमाथा आरोहण गर्ने पहिलो तथा विश्वकी तेस्रो महिला आरोही पनि हुन् ।

उनले नेपालको अन्नपुर्ण हिमाल समेत सफलतापूर्वक अरोहण गरिसकेकी थिइन । पछिल्लो पटक सन १९९२ मा कन्चनजंगा हिमाल आरोहण गर्ने क्रममा उनी हराउन पुगिन् । रुटकिविजलाई पोल्याण्डको सरकारले आउट स्टान्डिङ् पोलिसी विमनको रुपमा घोषणा गरेको छ । साथै उहाँहरू बिच पोखराको पर्यटन प्रवर्द्धनका विषयमा समेत छलफल भएको छ । वर्षेनी पोल्याण्डका धेरै पर्यटकहरू पोखरामा आउने गरेपनि राजदुत बुराकोव्स्कीको भने पोखरा भ्रमण पहिलो हो । राजदुत बुराकोव्स्कीले पोखरा आफूलाई निकै मनमोहक लागेको प्रतिक्रिया दिनुभएको छ । पोखराको पर्यटन प्रवर्द्धनमा थप समन्वय गर्ने राजदुत बुराकोव्स्कीको भनाई छ । यस्तो प्रकारको शिष्टाचार भेटवार्ताले अनुभव आदानप्रदानका साथै विकास र प्रवर्द्धनमा नयाँ आयामहरू थप्न सघाउ पुग्ने प्रमुख आचार्यको विश्वास छ ।

## जापानका सांसदहरू पोखरामा



जापानका सांसदहरूको नेतृत्वमा पोखरा आएको जापानी व्यवसायीहरूको टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेटवार्ता गरेको छ । सांसदहरू याजी कियोमी, माकोटो कोबायासी, काजुताका ओडारा, साकेइ ताकाकुराको नेतृत्वमा जापानका १६ जना व्यवसायीहरूको टोलीले नगर प्रमुख आचार्यसँग भेटवार्ता गरेको हो ।

भेटवार्तामा नगर प्रमुख आचार्यले पोखरा र जापानका बिचमा निकै लामो समयदेखि श्रम तथा प्रविधिको आदानप्रदान हुँदै आइरहेको बताउनुभयो । पोखरामा जापान सरकारको तर्फबाट निकै महत्वपूर्ण परियोजनाहरू सञ्चालनमा रहेको जनाउँदै भविष्यमा समेत सञ्चालन गर्ने गरी कयौं दूरगामी महत्वका परियोजनाहरूमा समझदारी भएको उल्लेख गर्नुभयो ।

पछिल्लो समय पोखरा महानगरपालिकाले दक्ष जनशक्ति तयार गर्न आवश्यक भाषा तथा सीपमूलक तालिमका कक्षाहरू सञ्चालन गरेको छ । जापानी टोलीले जापानमा केयर गिभरका लागि श्रमिकहरू अभाव रहको जनाउँदै सीपयुक्त जनशक्ति भए आफूहरू त्यसमा आवश्यक प्रक्रिया अगाडि बढाउन तयार रहेको जनाएको छ । जापानमा जेयष्ठ नागरिकहरूको हेरचाह केन्द्र सञ्चालन गरिरहेका उनीहरूले नेपाली श्रमिकहरूको आतिथ्यताले निकै प्रभावित भएको भन्दै त्यसमा आफूहरू थप श्रमिकहरू लैजान इच्छुक रहेको बताएको छ । सो क्रममा दुईपक्षीय पर्यटन विकास, मितेरी सम्बन्ध र प्रविधि आदान प्रदान लगायतका विषयमा पनि छलफल भएको थियो ।

## JP MIRAI



मित्र राष्ट्र जपानमा कार्यरत आप्रवासी मजदुरहरूको पक्षमा JICA को सहयोगमा क्रियाशील संस्था JP MIRAI -Japan Platform for Migrant Workers towards Responsible and Inclusive Society) का Director तथा JICA Headquarter का Special Advisor केनिइचि शोसिदो नेतृत्वको टोलीले पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यसँग भेटवार्ता गरेको छ ।

## लिन्जीको टोलीसँग भेटवार्ता



पोखरा महानगरपालिकाको भगिनी सम्बन्ध रहेका चीनको लिन्जी र सिचुवान नगरका प्रमुख र उपप्रमुख लगायत चिनियाँ पाहुनाहरूले पोखरा भ्रमण गरेका छन् । यस क्रममा लिन्जीका प्रमुख बाटा, सिचुवानकी उपप्रमुख लु सुपिङ र युनान नर्मल युनिभर्सिटीका उपकुलपति न्यु फिलिङ लगायतको टोलीसँग महानगरपालिका प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ लगायतले अनुभव आदान प्रदान तथा छलफल गर्नुभएको छ । चीन बाहिर दक्षिण एसियामा पहिलो पटक पोखरामा आयोजना गरिएको ‘नेपाल चीन मैत्रीपूर्ण ड्रागन बोट रेस फेस्टिभल’ मा सहभागी हुन उनिहरू पोखरा आएका हुन् ।

# नगर प्रमुखको भ्रमण डायरी

| मिति | देश | कार्यक्रम/आयोजक | उपलब्धि |
|---|---|---|---|
| Sep 20-23, 2022 | Kuala Lumpur, Malaysia | - 9th CityNet Congress<br>- CityNet | • अन्तराष्ट्रिय मञ्चमा पोखराको उपस्थिति ।<br>• सिटी नेट र महानगरपालिका बिचको सम्बन्ध पुर्नजागृत ।<br>• दिगो, समावेशी र उत्थानशिल सहरी विकासको अवधारणालाई ठोस उद्देश्यका साथ कार्यान्वयन गर्न साझेदार नगरहरुको ध्यानाकर्षण ।<br>• क्षेत्रिय साझेदारहरुसँग सहकार्यको प्रस्ताव । |
| April 21-28, 2023 | JICA Headquarter, Japan | - JICA Training on Development of Master Plan for Waste Management in Pokhara Metropolitan City<br>- Japan International Cooperation Agency (JICA) | • पोखराको ढलभल व्यवस्थापनका लागि गुरुयोजना निर्माण गर्न सहयोग ।<br>• यो गुरुयोजनाले पोखराका चार स्थानमा फोहोरपानी प्रशोधन केन्द्रहट् स्थापनाका लागि रणनीतिक साझेदारी । |
| June 7-8, 2023a | Makati City, Philippines | - 15th CITYNET Disaster Cluster Seminar<br>- CITYNET and hosted by the City Government of Makati | • विपद् उत्थानशीलता सुदृढका लागि अन्तराष्ट्रिय अध्यासहरुको सिकाई ।<br>• DRR Learning Center निर्माणका लागि अनुभव आदानप्रदान ।<br>• पोखरामा विपद् जोखिम न्युनिकरण सिकाई केन्द्र स्थापनाका लागि गुरुयोजना निर्माण बारे छलफल । |
| 25–26 Sept 2023 | Seoul, Republic of Korea | - 6th WeGO General Assembly & World Cities Summit Mayors Forum 2023<br>- Singapore Government, WeGO Secretariat | • स्मार्ट सहरको विकासका लागि अन्तराष्ट्रिय अभ्यासहरुको सिकाई तथा अनुभव आदानप्रदान ।<br>• पोखराको तर्फबाट स्मार्ट सिटी निर्माणका योजना तथा पहलहरुबारे अन्तराष्ट्रिय मञ्चमा धारणा व्यक्त । |
| 4–6 Oct 2023 | Linzhi, China's Xizang Autonomous Region, China | - Round the Himalayas Summit Forum<br>- Chinese Ministry of Foreign Affairs, Tibet Autonomous Region, Nyingchi (Linzhi) City | • पोखरा-लिंजी भगिनी सम्बन्ध थप मजबुत बनाउन सहयोग ।<br>• शिक्षा, संस्कृति र पूर्वाधार विकास सम्बन्धि अनुभव आदानप्रदान ।<br>• दुईपक्षिय हितलाई ध्यानमा राखी आपसी सहकार्यको समझदारी । |
| 7–9 Dec 2023 | Guangzhou, China | - 2023 Global Mayors' Forum and the 6th Guangzhou International Award for Urban Innovation<br>- Guangzhou Municipal People's Government, in collaboration with United Cities and Local Governments (UCLG) and the World Association of the Major Metropolises (Metropolis) | • चीनको आर्थिक विकासको केन्द्र मध्ये एक मानिने ग्वा\झाउ सहरसँग सम्बन्ध विस्तार ।<br>• विश्वव्यापी नगर प्रमुखहरुको मञ्चमा पोखराको पहिचान विस्तार । |

| मिति | देश | कार्यक्रम/आयोजक | उपलब्धि |
|---|---|---|---|
| 19–20 Dec 2023 | Nagpur, India | - Himalayan Dhyanyog Mahashivir<br>- Shree Shivkrupanand Swami Foundation | • योग-ध्यान र वेलनेस पर्यटन प्रवर्द्धन ।<br>• पोखराको आध्यात्मिक पहिचान सुदृढ । |
| 14–17 May 2024 | ADB Headquarters, Manila, Philippines | - Asia and the Pacific Transport Forum 2024<br>- Asian Development Bank (ADB) | • ई-मोबिलिटी परियोजना सुनिश्चित ।<br>• वतावरणमैत्री सार्वजनिक यातायातको आधुनिक व्यवस्थापन सम्बन्धि अध्ययन ।<br>• बस टर्मिनल निर्माणमा प्रोत्साहन । |
| 23–28 May 2024 | Kunming, China | - Jiaozi Mountain Race<br>- Yunnan Mountaineering Outdoor Sports Association | • खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धनमा सहयोग ।<br>• पर्वतिय दौड प्रवर्द्धन ।<br>• पोखरा-कुन्मिङ भगिनी सम्बन्ध र खेल कूटनीतिको विकास । |
| 23–29 Sept 2024 | Ithaca, New York, USA | - Ithaca-Pokhara Sister Cities Exchange Program<br>- City of Ithaca, NY City of Hemstead, NY | • पोखरा र इथाका नगरबिचको भगिनी सम्बन्ध थप मजबुत ।<br>• दुवै नगरहरु बिच शैक्षिक, ज्ञान र सांस्कृतिक सहकार्य ।<br>• आधुनिक कृषि प्रणालीको अवलोकन । |
| 10–12 Oct 2024 | Korea, Seoul | - Seoul Smart Life Week<br>- Seoul Metropolitan Government | • मानव निर्मित प्रविधि र दिगो सहरी विकासबारे अध्ययन ।<br>• कृतिम बुद्धिमता, रोबोटिक्स र स्मार्ट मोबिलिटीलाई सहरी जिवनमा उपयोगिता बारे अध्ययन ।<br>• डिजिटल समावेशीकरणको नीतिगत विकासमा सहयोग ।<br>• पोखराको समुन्नती, सहरी योजना र शुसासनमा नागरिक केन्द्रित प्रविधिको उपयोग बारे अध्ययन । |
| 4–8 Nov 2024 | International Convention Center, Cairo, Arab Republic of Egypt | - World Urban Forum (WUF12)<br>- United Nations Human Settlements Programme (UN-Habitat) | • आवास तथा सहरी जलवायु संकट, यातायात जस्ता मुद्धाहरुमा गहन छलफल ।<br>• पोखरा महानगरलाई सुन्दर, सुरक्षित र समृद्ध शहर बनाउने अवधारणा प्रस्तुत ।<br>• दिगो पर्यटन विकास र हरित रोजगारी सृजना सम्बन्धि छलफल । |
| 18–25 Dec 2024 | South Korea | - Green Job Creation Through Recycling/Upcycling (GCRU) Project Learning Visit<br>- KOICA, UNDP | • पोखराको GCRU परियोजनालाई अगाडी बढाउनका लागि स्पष्ट मार्गचित्र तयार ।<br>• कोरियन प्रविधिमा आधारित फोहोरलाई मोहोरमा परिणत गर्ने अवधारणाको विकास ।<br>• समुदाय स्तरमा हरित रोजगारी सृजनाका लागि साझेदारी ।<br>• GCRU Learning Center निर्माणका लागि समझदारी । |

# विकास साझेदारसँगको सहकार्यमा सञ्चालित परियोजनाहरू

# विश्व बैंकको सहयोगमा सञ्चालित परियोजनाहरू

## तालचोक-बेगनास सडक स्तरोन्नति



तालचोक-बेगनास सडक-खण्ड विस्तारको काममा भइरहेको छ । विश्व बैंकको आर्थिक सहयोगमा निर्माणाधिन यस परियोजना सम्पन्न हुने क्रममा रहेको छ । परियोजनाको हालसम्म ६० प्रतिशत भौतिक प्रगति भएको छ । गडुवा खोलामा क्यानल, ३ वटा पुलहरू र सडकको अधिकांस भाग अस्फाल्ट पिच भइसकेको छ । तालचोकदेखि वेगनास बसपार्कसम्म ३.२८ कि.मी लम्बाइको सडक हरियाली, फुटपाथ, साइकल ट्र्याक र डिभाइडर सहित चार लेनको हुनेछ । यस खण्डमा ५ वटा कल्भर्ट तथा पुलहरू निर्माण हुनेछन् । सडकको बिचमा १.५ मिटरको डिभाइडर, दुवै छेउमा २.५ मिटर पार्किङ स्पेस, दुवै छेउमा १ मिटर चौडाइको हरियाली क्षेत्र, दुवै छेउमा नाली माथि २ मिटर चौडाइको फुटपाथ र सडकमा ४ सेमी मोटाइको अस्फाल्ट पिच हुनेछ । सन् २०२३ को १० अप्रीलमा स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी, काठमाडौँसँग निर्माण ठेक्का सम्झौता भएको थियो । हाल हरियाली प्रवर्द्धनका लागि वृक्षारोपण, क्रस ब्यारियर, एप्रोच स्ल्याव, साइकल लेन, फुटपाथ निर्माणको काम भइरहेको छ ।

# शिशुवा सिसाघाट सडक



कास्कीको शिशुवादेखि लमजुङ सिसाघाटसम्मको सडक स्तरोन्नतिका लागि वर्षौदेखि योजना बने पनि सार्थक रुप नपाउँदा योजनामै सीमित रहेको अवस्थामा पोखरा महानगरपालिकाले विश्व बैंकको आर्थिक सहयोगमा उक्त सडक निर्माण थालेको छ। नगर प्रमुख धनराज आचार्यका अनुसार पहिलो चरणमा पोखरा महानगरपालिका वडा नम्बर ३० को शिशुवादेखि खुदीखोलाको पुलसम्म करिब ४.१४ किलोमिटर बाटो करिब ८० प्रतिशत निर्माण सम्पन्न भइसकेको छ ।

शिशुवा चोकदेखि पूर्व दक्षिण खुदीखोलासम्म ४.१४ किलोमिटर सडकमा दुवै तर्फ नालीसहित १५ मिटर डबल लेन, ७ मिटर सपोट बाटो, १.५ मिटर साइकल ट्र्याक र २.५ मिटर फुटट्र्याक रहेको छ। अधिकांस अस्फाल्ट भइसकेको सडकका हाल ट्राफिक संकेत बोर्डहरू, सडक बत्ति र हरियाली प्रवर्द्धनका लागि वृक्षारोपणको काम भइरहेको छ । फुटपाथ, वाटर सप्लाई, बस प्रतिक्षालय, शाखा सडकहरूको जोइनिङमा थप कामहरू भइरहेका छन् ।

सडक निर्माणले लमजुङ र त्यसक्षेत्रका समेत उपभोक्ताहरूलाई पोखरासम्मको सहज आवागमनमा सहयोग पुग्ने छ। दिगो पर्यटन विकासमा टेवा पुग्ने गरी आशिष निर्माण सेवाले सडक निर्माणको काम गरिरहेको छ । यसपश्चात लमजुङको सिमानामा पर्ने शिशाघाट सम्म सडक निर्माण गरिनेछ । हाल कास्की खण्डको सातमुहाने बजार क्षेत्रमा सडकको क्षेत्राधिकार खाली गराउने काम भइरहेको छ ।

# दोविल्ला-बाघमारा-पुर्डिंटार-तल्लो गगनगौंडा सडक

विश्व बैंकको आर्थिक सहयोगमा तेस्रो परियोजनाका रुपमा दोविल्ला-बाघमारा-तिक्लाङ्-बडहर कोट-लामगाडी-चापलाङ-उपल्लो पुर्डिंटार-तल्लो पुँडीटार-भिंगटे (जनजागृति मा.वि) तगारेगौडा-तल्लो गगनगौडाँ सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ । १२.४४ किमी सडकको अधिकांस कार्य सम्पन्न भइसकेको छ ।

सडकको पहिलो सेक्सनमा वडा नं.३३ को कार्यालयदेखि उपल्लो पुँडीटारसम्म ९.६२७ कि.मी र दोस्रो सेक्सनमा पहिलो सेक्सनको जक्सनदेखि तल्लो गगनगौडाँ (पृथ्वीराज मार्ग) सम्म २.८१३ कि.मी सडक निर्माण भइरहेको छ । ७ मिटर चौडाइको सडक अस्फाल्ट पिच गरिएको छ । सडकको दायाँबायाँ ड्रेन सहितको २/२ मिटरको फुट ट्र्याक निर्माण गरिएको छ ।

यस सडकमा विश्व बैंकले ७७ करोड ६८ लाख ९२ हजार ८३७ रुपैयाँ लागत सहायता प्रदान गरेको छ । आसिस निर्माण सेवा प्रा.लि भरतपुरले निर्माणको काम गरिरहेको छ । हालसम्म सडक निर्माणको ७० प्रतिशत भौतिक प्रगति भएको छ । रु. ३ अरब आर्थिक सहायता मध्ये ताल चोक बेगनास सडकको लगानीबाट बचेको रकम परिचालनका सम्बन्धमा विश्व बैंकले परियोजना प्रस्ताव गर्न आग्रह गरे बमोजिम प्रमुख आचार्यले उक्त सडक स्तरोन्नतिलाई प्राथमिकतामा राख्नु भएको थियो । यो सँगै विश्व बैंक कै सहयोगमा शिशुवा-सिसाघाट सडक स्तरोन्नतिको काम भइरहेको छ ।





## एशियाली विकास बैंकको सहयोगमा सञ्चालित परियोजनाहरू

# दिगो पर्यटन विकासका १५ परियोजना



पर्यटकीय राजधानी पोखरामा दिगो पर्यटन विकासका लागि एशियाली विकास बैंक (एडिबी) सँग साझेदारीमा विभिन्न परियोजनाहरू सञ्चालन गरिएका छन् । पोखराको दिगो पर्यटन विकासका लागि एडिबीले पूर्वाधार निर्माणमा आर्थिक र प्राविधिक सहायता उपलब्ध गराएको छ । महानगरपालिका र एडिबीबीच दिगो पर्यटन विकासका लागि विभिन्न १५ वटा परियोजनाहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

फिर्केखोला करिडोर विकास परियोजना, सेती खोँच केआइसिँह पुलको विकास, बोटानिकल गार्डेन निर्माण, पञ्चासे पर्यापर्यटनको विकास, सराङकोट एडभेञ्जर हिल, पोखरा प्रवेश उद्यान र लेकसाइड र मुख्य शहरी क्षेत्रको ट्राफिक सुधार, धार्मिक महत्व बोकेको विन्ध्यवासिनी मन्दिर क्षेत्रको सडक विकास, विद्युतीय गाडीको पूर्वाधार विकास, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि पर्यटकीय क्षेत्र लेकसाइडसम्म द्रुतमार्ग निर्माण, फेवाताल अर्गानिक ट्रेल, हरियाली पोखरा अभियान, तालहरू जोड्न गरी साइकल ट्र्याक निर्माण, बेगनास र रुपाताल तथा बेगनास ताल र फेवाताल जोड्ने उच्च गतिको कनेक्टीभिटि लगायत परियोजनाहरू रहेका छन् ।

हाल एडिबीको सहयोगमा पोखराको ढल निकास, सडक, फुटपाथ र सडक सुधार परियोजनाअन्तर्गत सडक सुरक्षा उपायहरूको योजनासहित सडक र ढलको स्तरोन्नति, शहीद चोक-तीनकुने-राधाकृष्ण मार्ग-एसओएस-घले चोक-हरियो खर्क-पीआइए ८.८ किलोमिटर सडक स्तरोन्नति आयोजना कार्यान्वयनको चरणमा रहेको छ । यसका लागि एडीबीले ५.३४ मिलियन अमेरिकी डलर सहायता गर्नेछ ।

पञ्चासे पारिस्थितिक विकास र पहुँच परियोजना अन्तर्गत दमदमेदेखि भन्ज्याङसम्मको १३ किलोमिटर सडक कालोपत्रे, भन्ज्याङदेखि पञ्चासेसम्म बाटोको स्तरोन्नति, सुविधा सहितका सेवा प्वोइन्टहरू स्थापना, होमस्टेको एकीकृत प्रवर्द्धन योजना र गुरुङ संग्रहालयको संरक्षणका लागि ३.०५ मिलियन अमेरिकी डलर खर्च हुनेछ ।

लेक टु लेक साइकल ट्र्याक र फेवाताल सुधार परियोजना समेत सञ्चालनको क्रममा छ । परियोजना अनुसार ९ वटा

ताल र १८ वटा वडाहरूलाई जोड्ने गरी ११७ किलोमिटर इनर र आउटर साइकल ट्र्याक निर्माण हुनेछ । फेवाताल सुधार परियोजना अन्तर्गत बसाइ व्यवस्थापन, शौचालय, वाटर फाउन्टेन, वाटर स्प्रिङ प्रोटेक्सन, इन्फरमेसन बोर्ड, डाइरेक्सन बोर्ड, साइकल पार्किङ, सर्भिस पोइन्टसहित साइकल स्ट्यान्डहरूको निर्माण गरिनेछ । यसमा ३.०५ मिलियन अमेरिकी डलर लगानी हुनेछ ।

रानीवन इको ट्रेल र फेवाताल सुधार परियोजना अनतर्गत ड्यामसाइडबाट रानीवनलाई सिसाको पुलले जोड्ने, शान्ति स्तूप र फेवातालको परिधिलाई एकीकृत रूपमा जोड्दै रानीवनबाट इको ट्रेल विकास गरिने छ । इको रुटमा विश्राम स्थल, शौचालय, धारा, मन्दिर जीर्णोद्धार, सूचना बोर्ड लगायत सेवा सुविधाहरू हुनेछन् । यसमा ५.६३ मिलियन अमेरिकी डलर लगानी हुनेछ ।

शान्ति वन बाटिकामा बोटानिकल गार्डेन निर्माण गरिनेछ । यसले पुरानो पोखराको सहरी पुनरुत्थान सहित सिद्धार्थचोकदेखि विन्ध्यवासिनीसम्म १.५ किलोमिटर सडकको स्तरोन्नति र फुटपाथ निर्माण गर्नेछ । यसका लागि एडिबीले १.०८ मिलियन अमेरिकी डलर लगानी सहयोग गर्नेछ । हाल पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि लेकसाइडसम्मको सडक स्तरोन्नतिका लागि प्राविधिक, वातावरणीय र आर्थिक सम्भाव्यता अध्ययन भइरहेको छ । यस परियोजनाको लागि २ मिलियन अमेरिकी डलर लगानी हुनेछ ।

गुणस्तरीय पर्यटन विकास महानगरपालिकाको प्राथमिकतामा छ । त्यसका लागि विभिन्न दातृ निकायहरूको साथ र सहयोगले यसलाई मुर्त रुप दिने काम भइरहेकामा एडिबीसँगको सम्झौताले पर्यटन विकासमा ठूलो योगदान पुग्ने विश्वास गरिएको छ । महानगरले एशियाली विकास बैंकसँग सम्झौता भएका





परियोजना अन्तर्गत विद्यमान वन क्षेत्रलाई हरियाली केन्द्रको रूपमा विकास र स्तरोन्नति गरी नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ । जडीबुटी बगैँचा, पैदल मार्ग, टिकट काउन्टर, विश्रामस्थल, पिकनिक स्थल, ध्यान केन्द्र, कम्पाउन्ड वाल, फेन्सिङ, एप्रोच रोड लगायत पूर्वाधार निर्माण हुनेछ ।

पोखराको पुरानो सम्पदा क्षेत्रलाई संरक्षण गरिनेछ । महानगरपालिका वडा नम्बर २, ३, ४ मा रहेका पुराना शैलीका कलात्मक भवन तथा मन्दिरहरूको संरक्षणका लागि यो परियोजना लागु गरिनेछ । रामकृष्ण टोललाई पोखरा हेरिटेज साइटका रूपमा विकास गर्दै एक प्रमुख पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गरिने परियोजनाहरू कार्यान्वयनका लागि आवश्यक सहजीकरण गरिरहेको छ । यी परियोजनाहरूको सफल कार्यान्वयन पश्चात पोखराको समग्र क्षेत्रमा उल्लेखनीय प्रभाव पर्नेछ । समुन्नत महानगर र सवल अर्थतन्त्रको विकासमा यस्ता परियोजनाहरू सहयोगी सिद्ध हुने विश्वास गरिएको छ ।

यस्तै साविक लेखनाथ नगरपालिका कार्यालय परिसरको पाँच रोपनी क्षेत्रफलमा एडिबीको सहयोगमा विपद् व्यवस्थापन केन्द्र निर्माणको प्रक्रिया सुरु भएको छ । यो विपद् व्यवस्थापनका लागि एकिकृत सेवा प्रदान गर्ने मुख्य केन्द्रका रुपमा रहनेछ । यसले विपद् व्यवस्थापनका लागि विपद् प्रतिकार्यमा संलग्न स्वयमसेवीलाई आवश्यक तालिम तथा प्रशिक्षणहरू प्रदान गर्नेछ ।

# ११७ किमी लम्बाइको लेक टु लेक साइकल ट्र्याकको गुरुयोजना तयार



पोखरा महानगरपालिका क्षेत्रमा रहेका सवै तालहरूलाई जोड्ने गरी निर्माण गर्न लागिएको लेक टु लेक साइकल ट्र्याकको गुरुयोजना तयार भएको छ । विकास साझेदार एसियाली विकास बैंकको आर्थिक सहयोगमा निर्माण हुने उक्त ट्र्याकको रुटहरू सहितको गुरुयोजना तयार भएको हो ।

गुरुयोजना अनुसार ११७ कि.मी लम्बाइको लेक टु लेक साइकल ट्र्याक पोखराका लागि एक महत्वपूर्ण पर्यटकीय पूर्वाधार हुनेछ । यसले संसार भरीका साइकल प्रेमीहरूलाई पोखरामा आकर्षण गर्नेछ । पर्यटकहरूलाई हिमाल हेर्दै तालको किनारमा गरिने साइक्लिङको आनन्द प्रदान गर्नेछ । पोखराको पर्यटन विकासमा यो महत्वपूर्ण कोषे ढुङ्गा साबित हुनेछ । पोखरा वातावरणीय हिसाबले पनि स्वच्छ, सुन्दर र आकर्षक रहेकाले यहाँ बन्ने साइकल ट्र्याक मानव स्वास्थ्य र पर्यावरणको संरक्षण प्रति समर्पित एक दिगो पूर्वाधार बन्ने नगर प्रमुख धनराज आचार्यको विश्वास छ ।

विकास साझेदार एसियाली विकास बैंकको करिब १ अरब रुपैयाँ आर्थिक सहयोगमा निर्माण हुने यो ट्र्याकले पोखरामा रहेका सबै तालहरूलाई एक आपसमा जोड्ने छ । पोखराको दिगो पर्यटन विकास परियोजना अन्तर्गत यो परियोजना सञ्चालन गर्न लागिएको हो । एडिबी मिसन र सरोकारवालाहरूले पटक पटक यसको स्थलगत अवलोकन समेत गरेका छन् । पोखरामा रहेका तालहरूलाई एक आपसमा (भित्र र तालहरू बाहिर पर्ने गरी) जोड्ने गरी इनर र आउटर दुई वटा रुटहरू निर्माण हुनेछन् ।

# दिगो सहरी यातायात व्यवस्थापनका लागि इ-मोविलिटी परियोजना



दिगो सहरी यातायात व्यवस्थापनका लागि इमोविलिटी परियोजना सञ्चालन सम्बन्धमा एसियाली विकास बैंकका वरिष्ठ सार्वजनिक व्यवस्थापन विशेषज्ञ अरुण रामामुर्ति नेतृत्वको प्रतिनिधि मण्डलले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग छलफल गरेको छ । पोखराको सार्वजनिक यातायात सुधारसँगै दिगो व्यवस्थापनका लागि विद्युतीय सवारीमा जोड, चार्जिङ् स्टेसनहरू निर्माण, सार्वजनिक यातायात सेवा सम्बन्धी डिजिटल जानकारी, व्यवस्थित बस स्टपहरूको पूर्वाधार तयार गर्ने लगायत विषयमा छलफल भएको हो ।

पोखरा नेपालको पर्यटन राजधानी घोषणा भएसँगै विकास साझेदारहरूले प्राथमिकताका साथ विभिन्न परियोजना सञ्चालनमा जोड दिइरहेका छन् । यसअघि नगर प्रमुख आचार्यले पनि आफ्नो मनिला भ्रमणका क्रममा एविडीको मुख्यालय पुगेर पोखरामा इमोविलिटी परियोजना सञ्चालनका विषयमा छलफल गर्नुभएको थियो ।

एसियाली विकास बैंक र ग्रिन कम्लाइमेट फण्डको साझेदारीमा करिब एक सय मिलियन अमेरिकी डलर बराबरको अनुदान तथा सहुलियत ऋण सहायतामा परियोजना सञ्चालन गर्न सम्भाव्यता अध्ययनको कार्य याथसक्य छिटो सुरुवात गरिनेछ । परियोजनाको पहिलो चरणमा करिब ४० मिलियन अमेरिकी डलर लगानी हुनेछ ।

यस परियोजनाले पोखराको सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउनुका साथै वातावरण तथा पर्यावरणको संरक्षणमा समेत महत्वपूर्ण योगदान गर्ने नगर प्रमुख आचार्यको विश्वास छ ।

# कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को सहयोगमा सञ्चालित परियोजनाहरू



## ग्रिन भेन्चर जोन (जिभीजेड)

कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को सहयोगमा पोखरामा 'रिसाइक्लिङ' र 'अपसाइक्लिङ' मार्फत हरित रोजगारी सिर्जना गर्ने उद्देश्यले ग्रिन भेन्चर जोन (जिभीजेड) स्थापना गरिएको छ । पोखरा प्रर्दशनी केन्द्र नयाँबजारमा ग्रिन भेन्चर जोन (जिभीजेड) निर्माण भइरहेको छ । कलात्मक शैलीमा निर्माण गरिएको नमुना जिभीजेड सेन्टर पोखराका लागि निकै महत्वको परियोजनाका रुपमा स्थापित हुने अपेक्षा गरिएको छ । जिभीजेडले हरित अर्थतन्त्रमा योगदान पुर्‍याउने दिगो रिसाइकल र अपसाइकल (आरयु) उद्यमहरूलाई बढवा दिनेछ । यसबाट आरयु उद्यमहरूको क्षमता निर्माण गरी हरित रोजगारी सिर्जना गरिने छ । यसले व्यवसाय इन्क्युवेशन सहायता समेत प्रदान गर्नेछ ।

यसका लागि कोइकाले पोखरालाई ९.८ मिलियन अमेरिकी डलर र युएनडिपीले ०.९८ मिलियम अमेरिकी डलर सहयोग गर्नेछ । पोखराको फोहोर व्यवस्थापन जटिल बन्दै गैरहेको अवस्थामा कोइकाको सहयोग कोसेढुंगा हुने विश्वास लिइएको छ । फोहरमैला सचेतनासम्बन्धी नागरिक व्यवहारमा परिवर्तन ल्याउन यस परियोजना महत्वपूर्ण हुनेछ । फोहोरलाई मोहोरमा रूपान्तरण गर्नकै लागि कार्यक्रम अघि सारिएको नगर प्रमुख धनराज आचार्यको भनाइ छ । यो परियोजनाले फोहोरबाट मोहोर उत्पादन हुनेछ, युवाहरूलाई रोजगारीमा जोड्नेछ । विशेषगरी प्लाष्टिकजन्य फोहोर व्यवस्थापनमा सघाउ पुग्नेछ । प्लाष्टिकको पुन प्रयोग मार्फत रोजगारीमा जोड्ने हो । घरघरमा रोजगारी सिर्जना हुनेछ । नकुहिने फोहोरको दीर्घकालीन समाधान हुनेछ । अहिले पोखरामा प्लाष्टिकजन्य फोहोर बढी चुनौती बनिरहेको छ । प्लास्टिकबाट कोसेलीका सामान बनाउने र कोसेली घर मार्फत पोखराको चिनोका रूपमा बिक्री गर्ने योजना छ । यो परियोजनाले समुदायमा रोजगारी सृजना गर्ने गरी १३६ सामुदायिक समुहहरूलाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गरिसकेको छ । यो सेन्टर एक सिकाई तथा अध्ययन केन्द्रका रुपमा विकास गरिनेछ ।

# बर्न तथा स्पेसलाइज्ड हस्पिटल निर्माणको प्रक्रिया सुरु



पोखरामा बर्न तथा स्पेसलाइज्ड हस्पिटल निर्माणका लागि सम्भाव्यता अध्ययन थालिएको छ । पोखरा महानगरको पुरानो विकास साझेदार कोरिया अन्तराष्ट्रिय सहयोग नियोग (कोइका)को सहयोगमा वडा नम्बर २७ लेखनाथमा जलन अस्पताल बनाउन लागिएको हो । साविक लेखनाथ नगरपालिकाको कार्यालय रहेको स्थानको खाली २८ रोपनी जमिनमा १ सय शय्याको अस्पताल बनाइने छ ।

कोइकाका कन्ट्री डाइरेक्टर मुहोन कोङसहितको विज्ञ टोलीले सो सम्बन्धमा अध्ययन गरिरहेको छ । पोखरामा नेपालको जलन उपचारका लागि नमुना अस्पताल बन्नेछ । अस्पताल निर्माणमा करिब दुई अर्ब लागत लाग्ने अनुमान गरिएको छ । त्यसअघि महानगरले हरियोखर्क अस्पतालमा समेत छुट्टै जलन युनिट बनाउँदैछ ।

पोखरा जस्तो अन्तर्राष्ट्रिय स्तरको सहरमा आधुनिक जलन अस्पताल जरुरी छ । जलनको उपचारसँगसँगै अन्य विभागहरू समेत भएको एकीकृत रुपमा जलनको उपचार गर्न सकिने गरी अस्पताल निर्माण गर्न लागिएको हो । कोइकाले जनशक्ति, उपकरण र पूर्वाधार निर्माणमा सहयोग गर्नेछ । जलन अस्पताललाई आधुनिक, सुविधा



सम्पन्न र जनअपेक्षा अनुरुपको बनाउन महानगरले सर्वसाधारण र विज्ञहरूबाट सुझावसमेत आह्वान गरेको छ ।

गत वर्ष फागुन ३ गते पोखरा भ्रमण वर्ष घोषणा समारोहमा उद्घाटनका लागि तयार गरिएका बलुनहरू पड्किएपछि ठुलो दुर्घटना भएको थियो । सो घट्नामा नगर प्रमुख आचार्य र तत्कालीन उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल घाइते बन्नु भएको थियो । त्यसपछि पोखरामा समेत एक सुविधासम्म जलन अस्पतालको बहस सुरुभएको थियो । हाल पोखराको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सात शय्याको जलन युनिट सञ्चालनमा रहेको छ ।



# हरित यातायात प्रणाली विकास परियोजनाको अध्ययन

पोखराको हरित यातायात प्रणाली विकास परियोजना सम्बन्धी अध्ययन सम्पन्न भएको छ । पोखरा महानगरपालिका र गणतन्त्र कोरियाको भूमि, पूर्वाधार र यातायात मन्त्रालय बिच यस अघि भएको सम्झौता बमोजिम तयार प्रतिवेदन अध्ययन टोलीले नगर प्रमुख धनराज आचार्यलाई बुझाइसकेको छ । पोखराको विद्यमान सार्वजनिक यातायात व्यवस्थालाई प्रविधिमैत्री बनाउँदै सहज र सरल बनाउने विषयमा गहिरो अध्ययन गरी प्रतिवेदन तयार गरिएको हो ।

कोरियाली रेलमार्ग अनुसन्धान संस्थानले पोखराका ८४ वटा बस रुटहरूमा १ हजार २८६ स्थानमा बस स्टप निर्माण गर्नुपर्ने, ३ स्थानमा बस टर्मिनल आवश्यक रहेको बताएको छ । परियोजना अन्तर्गत कोरियाले विभिन्न साझेदार संस्थाहरूको समन्वयमा पहिलो चरणमा १५ लाख अमेरिकी डलर लगानी गर्नेछ । यसको आधा रकम बस स्टप र बसहरूमा मेसिन जडान गर्दा खर्च हुनेछ । पोखराको मुख्य चोक पृथ्वीचोकलाई थप विस्तार गरिनेछ । तीन चरणमा गरी सम्पन्न गरिने यस परियोजनाको पहिलो चरणमा सहरी यातायात व्यवस्थापनका लागि प्रारम्भिक चरणको काम सकिनेछ । यस्तै दोस्रो चरणमा हरित यातायात प्रणालीको विकास गरिने छ भने, तेस्रो चरणमा दिगो हरित यातायात प्रणालीको विकास गरिने छ ।

विश्वमा भएको उत्कृष्ट सहरी यातायात व्यवस्थापनको नमुना पोखरामा हुने कोरियन टोलीले विश्वास दिलाएको छ । परियोजनाका दौरानमा हाल नेपालमा रहेका सवारीहरूको अवस्था र कोरियामा भइरहेको यातायात व्यवस्थापनको अनुभवलाई समेत प्रयोग गरिनेछ । प्रतिवेदन अनुसार परियोजनाको अन्त्यमा पोखराको सार्वजनिक सहरी यातायात व्यवस्थापन प्रविधिमैत्री र स्मार्ट हुनेछ । पोखरामा चल्ने सार्वजनिक यातायातको सेवाका बारे हरेक नागरिकहरूले डिजिटल माध्यमबाट जानकारी पाउने छन् । अहिले जस्तो कुनै पनि स्थानमा लामो समयसम्म बस कुर्नु पर्ने छैन भने, चालकहरूले समेत जथाभाबी यात्रु चढाउन र ओराल्न पाउने छैनन् । क्याम्पिङचोकदेखि बगर (बस स्टप १९), निर निवासदेखि शान्तिनगर चोक (बस स्टप ११) र नुवारचोकदेखि महिमा किराना (बस स्टप १८) सम्म गरी तीन वटा मुख्य बस चल्ने रुटहरू हुनेछन् ।

यस परियोजना मार्फत पोखरामा वातावरणमैत्री यातायात प्रणालीको विकासमा टेवा पुग्नुका साथै सार्वजनिक यातायात प्रयोग गर्ने यात्रुहरूको संख्यामा वृद्धि, कार्बन उत्सर्जनमा न्यूनीकरण र सार्वजनिक यातायातको सम्पूर्ण जानकारी प्राप्तिमा यात्रुहरूलाई सहजता पुग्ने नगर प्रमुख आचार्यको विश्वास छ । यस परियोजनाले पोखरामा समावेशी, दिगो र लचिलो, वातावरणमैत्री र प्रभावकारी यातायात प्रणालीको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । पहिलो चरणमा पोखराको लामाचौर-छोरेपाटन रुटमा ६ स्थानमा बस स्टपहरू निर्माण गरी परीक्षण गरिनेछ ।

# फोहोरपानी तथा ढलमल व्यवस्थापन सम्बन्धी गुरुयोजना तयार



पोखरा महानगर क्षेत्रको फोहोरपानी तथा ढलमल व्यवस्थापन सम्बन्धी गुरुयोजना तयार भएको छ । महानगरपालिकाले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), याचियो इन्जिनियरिङ कम्पनी लिमिटेड, निहोन सुइडो कम्पनी लिमिटेड, एन.जे.एस. कम्पनी लिमिटेड जापानको प्राविधिक सहयोगमा उक्त गुरुयोजना तयार गरेको हो ।

पोखरा महानगरपालिकाका चार वटा क्षेत्रहरूमा प्रशोधन केन्द्रहरू नै निर्माण गरी फोहोर पानी प्रशोधन मार्फत पुन प्रयोगका लागि योग्य बनाएर नदी तथा तालहरूमा छोडिने छ । महानगरको पश्चिम क्षेत्र, मुख्य सहरी भाग, हेमजा क्षेत्र र पूर्वी भागमा फोहोर पानी प्रशोधन केन्द्रहरू स्थापना हुनेछन् । यी केन्द्रहरू मार्फत प्रतिदिन १ लाख ३४ हजार घन मिटर पानी प्रशोधन हुनेछ ।

गुरुयोजना अनुसार १ खर्व १७ अरब ९९ करोड ८० लाख कुल लागत अनुमान गरिएको यो परियोजनाको पहिलो चरणमा पश्चिम क्षेत्रको प्लान्ट निर्माण गर्न ११ अरब रुपैयाँ खर्च हुनेछ । गुरुयोजना अनुसार पानी प्रशोधन क्षेत्रका लागि पाइपलाइन योजना विकास र सबै प्रणालीहरूमा छुट्टाछुट्टै ढलहरू प्रयोग हुनेछ भने, दुर्गम भूभागहरूमा पानी सङ्कलनका लागि विभिन्न स्थानहरूमा पम्प स्टेसन र म्यानहोल पम्प जडान गर्ने योजना रहेको नगर प्रमुख धनराज आचार्यको भनाई छ । यो परियोजनाले फोहोर पानीको प्रशोधन केन्द्र सञ्चालन गर्दा वातावरणीय स्वच्छता प्रवर्द्धनमा सहयोग पुग्नेछ । दिगो विकासको लक्ष्य अनुसार सन २०३० सम्म सबै सहरमा व्यवस्थित ढल निकासको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसको लक्ष्य भेट्नलाई पनि यो परियोजना पोखराका लागि महत्वपूर्ण मानिएको छ ।

# मातृशिशु स्वास्थ्यका लागि अविच्छिन्न हेरचाह परियोजना प्रभावकारी

पोखरा महानगरपालिकामा सञ्चालित मातृ शिशु स्वास्थ्यका लागि अविच्छिन्न हेरचाह परियोजना प्रभावकारी भएको छ । दुई वर्ष अघिदेखि पाइलोटिङ्को रूपमा महानगरपालिकाको वडा नं.१६, १९, २०, २५ र ३० मा सञ्चालन गरिएको यो परियोजना मातृ शिशु स्वास्थ्य प्रवर्द्धन सहित निरन्तर हेरचाहमा निकै प्रभावकारी भएको हो ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग जाइका, सिटिजन्स एसोसिएसन फर नेपाल एक्सचेन्ज, पोखरा कोमागाने नागरिक मैत्री एसोसिएसन र पोखरा महानगरपालिकाको साझेदारीमा सञ्चालित परियोजना गर्भवती महिला, उत्तर प्रसूति (सुत्केरी भएको ४५ दिनसम्म) का सुत्केरी महिला र नवजात शिशुदेखि २ वर्षसम्मका बालबालिकाहरूलाई निरन्तर हेरचाह सहित स्वास्थ्य सेवा, खोप तथा पोषण सम्बन्धी सम्पूर्ण व्यवस्थापनमा निकै प्रभावकारी देखिएको हो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यका अनुसार यो परियोजना पाइलोटिङ्को रूपमा सफल भएकाले यसलाई महानगरपालिका भरि नै लागु गरिनेछ । महानगरपालिका क्षेत्रभरिका लक्षित वर्गहरूले यसको सुविधा प्राप्त गर्ने व्यवस्थाको आवश्यक प्रबन्धका लागि महानगरपालिका प्रतिबद्ध रहेको प्रमुख आचार्यले बताउनुभयो ।

महानगर क्षेत्रको मातृ शिशु मृत्युदरलाई शून्यमा झार्ने योजना सहित महानगरपालिकाले स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरू समेत परिचालन गरी नगरवासीको स्वास्थ्य सुरक्षा लक्षित यस प्रकार परियोजनाहरूको निरन्तरतामा जोड दिएको छ ।



# न्यून लागतका १०० घर निर्माण गर्ने त्रिपक्षीय सम्झौता



पोखरा महानगरपालिका क्षेत्रभित्र न्यून आय भएका व्यक्तिहरूलाई लक्षित गरी न्यून लागतका १०० वटा व्यवस्थित घर निर्माण गर्ने सम्बन्धमा त्रिपक्षीय सम्झौता गरिएको छ ।

पोखरा महानगरपालिका, लुमन्ति आवासको लागि सहयोग समूह र कामना सेवा विकास बैंक लिमिटेडका बिचमा महानगर क्षेत्रमा १०० नयाँ व्यवस्थित घर निर्माण गर्ने सम्झौता भएको हो । न्यून आय भएका व्यक्तिहरूको आवास निर्माण तथा आय आर्जनका लागि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराई उनीहरूको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्य सम्झौताले लिएको छ ।

पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका सुरक्षित आवासको व्यवस्था नभएका तथा न्यून आय भएका वर्गलाई लक्षित गरी त्रिपक्षीय सहकार्यमा यो योजना लागु गरिएको हो । महानगरपालिकाले निर्धारण गरेको मापदण्ड भित्र सिफारिस भई आए बमोजिम कामना सेवा विकास बैंकले नयाँ घर निर्माण तथा मर्मत सुधारका लागि अधिकतम रु ।७ लाखसम्म न्यून लागत आवास कर्जा प्रवाह गर्नेछ ।

लाभग्राहीले पाउने न्यून लागत आवास कर्जाको सात लाख मध्ये लुमन्तिले ४० प्रतिशत, पोखरा महानगरपालिकाले १० प्रतिशत र ५० प्रतिशत कामना सेवा विकास बैंकले लगानी गर्नेछ । उक्त कर्जामा वार्षिक ९.९९ प्रतिशत ब्याज लाग्ने भने यस बाहेक सेवा शुल्क भने लिइने छैन । सम्झौताको कुल रकम रु.७ करोड रहेको छ । प्रत्येक लाभग्राहीलाई ७ लाखका दरले वार्षिक ९.९९ प्रतिशत ब्याजदरमा सात वर्षभित्र रु.११ हजार ६१७ का दरले ८४ किस्तामा तिर्ने गरी न्यून लागत आवास कर्जा उपलब्ध गराइने छ ।

# पोखराको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न शैक्षिक समझदारी



पोखरा महानगरपालिका र युङजिन विश्वविद्यालय गणतन्त्र कोरिया बिच प्राविधिक शिक्षाको अध्ययनका लागि छात्रवृत्ति आदानप्रदान सम्बन्धी समझदारी भएको छ । पारस्परिक लाभ, समानता, पारदर्शिता र साझा विकासको सिद्धान्तमा आधारित समझदारीमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र युङजिन विश्वविद्यालयको तर्फबाट प्रोफेसर चोइ जेइयोङ बिच समझदारी भएको हो ।

शैक्षिक विकासका सन्दर्भमा पोखरा महानगरपालिका क्षेत्रको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै प्राज्ञिक, सांस्कृतिक र प्राविधिक सहयोग मार्फत दुई देशबिच अन्तर्राष्ट्रिय सम्बन्ध र पारस्परिक विकासमा जोड दिइनेछ । शिक्षा, पर्यटन र प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई समर्थन गर्न मानव संसाधन तथा सूचना आदानप्रदान, महानगरपालिका र युङजिन बिच शैक्षिक कार्यक्रमहरू, भ्रमण र भर्चुअल शिक्षामा साझेदारी गरिनेछ । सहरी विकास, पर्यटन र दिगो अभ्यास लगायत पारस्परिक हितका क्षेत्रमा संयुक्त अनुसन्धान र नवप्रवर्तन परियोजनाहरूमा सहकार्य गरिनेछ ।

# प्रकोप व्यवस्थापन र फेवातालको माटो निकाल्ने प्रविधि सम्बन्धमा छलफल



जापानको कोची युनिभर्सिटीका प्राध्यापक डा.तादासी हारा नेतृत्वको प्रतिनिधि मण्डलले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग प्रकोप व्यवस्थापन र फेवातालमा जम्मा भएको माटो तथा गेग्र्यान निकाल्ने प्रविधिका विषयमा छलफल गरेको छ ।

छलफलमा फेवातालमा माथिल्लो तटिय क्षेत्रबाट बगेर आउने नदीजन्य सामाग्री रोकथामका लागि मडड्याम निर्माण तथा फेवातालमा थुप्रिएको माटो लगायतका फोहोरहरू निकाल्ने प्रविधि तथा उपकरणका बारेमा छलफल भएको हो ।

सो क्रममा नगरप्रमुख आचार्यले पर्यटन राजधानी घोषणा गरिएको पोखराको गहनाका रूपमा रहेको फेवातालको संरक्षणका लागि आफूहरू प्रतिबद्ध रहेको बताउँदै यसमा थुप्रिएको माटो लगायतका नदीजन्य तथा फोहोर वस्तुहरू निकाल्न उपयुक्त प्रविधिको खोजीमा रहेको बताउनुभयो । यसका लागि प्रविधिमा निकै फड्को मारेको जापानको प्रविधि र विज्ञहरूसँग आवश्यक परामर्श सहित सहकार्य गर्न सकिने उहाँले बताउनुभयो ।

# कृषि, पर्यटन र आइटी क्षेत्रको विकासलाई प्रोत्साहन गर्न प्राविधिक परामर्श सेवा सम्बन्धी समझदारी



पोखरा महानगरपालिका र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) बिच कृषि, पर्यटन र आइटी क्षेत्रको विकासलाई प्रोत्साहन गर्न प्राविधिक परामर्श सेवा सम्बन्धी समझदारी भएको छ । समझदारी अनुसार पोखरालाई पर्यटकीय हबका रूपमा विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले युएसएआइडी टी एन्ड सिले २ वर्षसम्म प्राविधिक परामर्श सेवा प्रदान गर्नेछ ।

पर्यटन क्षेत्रमा सार्वजनिक लगानी वृद्धिका लागि आवश्यक कार्ययोजना सहित खाका तयार गर्न अल्पकालीन तथा दीर्घकालीन प्राविधिक सहयोगको साझेदारी गरिनेछ । पोखराको पर्यटन विकासका लागि पर्यटन व्यवसाय र पर्यटन व्यवसायीले सामना गरिरहेका चुनौती र समस्यालाई सम्बोधन गर्न पोखरा महानगरपालिकालाई आवश्यक प्राविधिक तथा परामर्शात्मक सहयोग समेत युएसएआइडी टी एन्ड सिले प्रदान गर्नेछ ।

समझदारी अनुसार पर्यटन विकासमा आवश्यक प्रशिक्षण, लगानी फोरमहरू, बजारीकरण र प्रचारप्रसारका कार्यक्रमहरू पनि गरिनेछन् । समझदारी अनुसार गुणस्तरीय पर्यटन विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ ।

# रित्सुमेइकन विश्वविद्यालयका विद्यार्थीसँग पोखराको चासो




मित्रराष्ट्र जापानको क्योटोमा अवस्थित रित्सुमेइकान विश्वविद्यालय (Ritsumeikan University) का प्रोफेसर डा. मीवा हिरोनो नेतृत्वको टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेटघाट गरी महत्वपूर्ण विषयमा छलफल गरेको छ । विश्वविद्यालयमा लैङ्गिक समानता, कृषि, पर्यटन र फोहोर व्यवस्थापन लगायत विषयहरूमा अध्ययन गरिरहेका ८ जना विद्यार्थीहरूले समग्र विषयमा पोखरा महानगरपालिकाले अपनाईरहेको नवीन अभ्यासका विषयमा चासो राखे ।

आफ्नो अध्ययनका क्रममा यहाँको अवस्थाका बारेमा अनुसन्धानमुलक कार्यका लागि पोखरा आइपुगेका उनिहरूले पर्यटकीय राजधानी पोखराको पर्यटन विकास र फोहोर व्यवस्थापनका सम्बन्धमा थप चासो देखाएका थिए । उनीहरूले नगर प्रमुख आचार्यसँग पर्यटन र वेष्ट म्यानेजमेन्टका सन्दर्भमा पनि जिज्ञाषा राखे । नगर प्रमुख आचार्यले पोखरेली पर्यटनको प्रवर्द्धन, विकास र प्रचारप्रसारका लागि महानगरको तर्फबाट थुप्रै पहलहरू गरिएको बताउनुभयो । संसारमा विरलै हुने पर्यटन राजधानी घोषणाको एउटा महत्वपूर्ण खुड्कीलो पार गरिसकेपछि पोखरालाई अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार र प्रवर्द्धन गर्नका विभिन्न अभियानहरू सञ्चालन गरिएको उहाँले जानकारी गराउनुभयो ।

मानविकी, समाजशास्त्र, अन्तराष्ट्रिय सम्बन्ध, विज्ञान तथा प्रविधि, व्यवस्थापन लगायतका विविध विषयहरूको अध्यापन गराइरहेको विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन र अन्तर्राष्ट्रियकरणमा उच्च स्तरको मान्यता पाएको जापानको पहिलो विश्वविद्यालय हो ।

# पोखरामा निर्माण हुने घर तथा भवनहरू ऊर्जायुक्त बनाउने पहल



युरोपियन युनियनका बाह्य निगरानी विशेषज्ञ एरियन होक्साले पोखरामा निर्माण हुने घर तथा भवनहरू ऊर्जायुक्त बनाउने विषयमा नगरप्रमुख धनराज आचार्यसँग छलफल गर्नुभएको छ । छलफलका क्रममा यस सम्बन्धी परियोजना सञ्चालन तथा सहकार्यका लागि आफूहरू तयार रहेको उहाँले बताउनुभयो ।

यस परियोजनाले नयाँ बन्ने भवनहरूमा जलवायु अनुकूलन, रिट्रोफिटिंग, दिगोपना र नवीनतम् प्रविधिहरूको प्रयोग र नवीकरणीय ऊर्जा स्रोतहरूको एकीकरणलाई बढवा दिने विश्वास गरिएको छ । बढ्दो सहरीकरणसँगै घर तथा भवनहरू निर्माणको क्रम तीव्र भइरहेका बेला होक्साको प्रस्ताव सान्दर्भिक रहेको प्रमुख आचार्यले बताउनुभयो ।

विगत केही दशकहरूमा भइरहेको तीव्र सहरीकरणको मागले गर्दा स्थानीय वातावरणलाई ध्यान नदिई भवनहरू डिजाइन गरिदा भविष्यमा समस्या आउन सक्ने सम्भावनाको अन्त्यका लागि ऊर्जायुक्त भवनहरू निर्माण आवश्यक रहेको उहाँले बताउनुभयो ।


# गुरियनसँग पोखराको पर्यटन, आर्थिक, सामाजिक र सांस्कृतिक विषयमा छलफल



अमेरिकी राजदूतावासको राजनीतिक तथा आर्थिक मामिला हेर्ने मार्लिन् गुरियन र जेनिफर दासले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेटवार्ता गर्नुभएको छ । भेटवार्तामा पोखराको पर्यटन, आर्थिक, सामाजिक र सांस्कृतिक विषयमा छलफल भएको छ । गुरियनले पोखराको औद्योगिक अवस्था, औद्योगिक विकासको योजना र सम्भावनाका बारेमा जिज्ञासा राख्नुभएको थियो । यहाँको सामाजिक तथा सांस्कृतिक बनोटका विषयमा समेत गुरियनको जिज्ञासा थियो । पोखराको पर्यटन विकासका सन्दर्भमा भइरहेका असल अभ्यास र दातृ निकायहरूको लगानीका विषयमा पनि उहाँको चासो थियो ।

जवाफमा प्रमुख आचार्यले आफूहरू समुन्नत पर्यटकीय पोखरा निर्माणको अभियानमा रहेको बताउनुभयो । पर्यटन, संस्कृति र साहसिक सहरको पहिचान बनाएको पोखरालाई सबै हिसाबले समुन्नत बनाउनका लागि आफूहरू निरन्तर लागिपरेको उहाँले बताउनुभयो । पोखरा पर्यटन र कृषि लगायत विकासका कयौँ आयामहरूको आधार तय गर्दै दिगो भविष्य निर्माणको बाटोमा रहेको प्रमुख आचार्यले बताउनुभयो ।

# समाचार


फेवाताल
फेवातालको ताल घरमा पील्लरहरु
पोखरा महानगरपालकाले
१०५५ पिल्लरहरू तालको



HFL
F/
1055
न सम्पन्न
ने कार्य सम्पन्न भएको छ।
को सिमांकन गर्ने क्रममा
ानामा गाडेको हो।

# फेवाताल सिमांकन

# एक ऐतिहासिक कार्य




सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार फेवातालको पुनः सीमाङ्कन पश्चात् सीमा स्तम्भ गाडिएको छ । पोखरा महानगरपालिका, गण्डकी प्रदेश र नेपाल सरकारको संयुक्त पहलमा तालघरमा सीमा स्तम्भहरू गाडिएको हो । ताल घरको सिमानामा १०५५ डिजिटल पिल्लरहरू गाडिएको छ । ६११ सिमेन्टेड (कंक्रिटका) पिल्लरहरू गाडिएका छन् ।

फेवाताल संरक्षणका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेशानुसार महानगरपालिकाले सम्बद्ध निकायहरूसँग समन्वय गरी थप कार्यहरू अघि बढाएको छ । फेवाताल संरक्षण सम्बन्धमा एक ऐतिहासिक कार्य महानगरपालिकाको अगुवाइमा भएको हो ।

पहिलो चरणमा ताल घरमा सीमा स्तम्भ गाडिएको र दोस्रो चरणमा थप कामको सुरुवात गर्ने महानगरपालिकाको



योजना छ । तालको ६.३४३ वर्ग किलोमिटर क्षेत्रफलको चार किल्लामा १०५५ पोलहरू गाडिएका छन् । यसले पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन ऐतिहासिक महत्व राख्दछ ।








# पोखरा चिनाउने सर्जकहरूलाई सम्मान

पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएको छ। नेपाल सरकारका तत्कालीन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बाराहीघाटमा आयोजित विशेष समारोहका बिच पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गर्नुभएको हो ।

सो अवसरमा विभिन्न सम्मान प्रदान गरिएको छ । प्राकृत पोखराका लेखक वरिष्ठ साहित्यकार, भाषाविद् प्रा.डा. मुकुन्दशरण उपाध्याय, भूगोलविद् स्वर्गीय डा.हर्क गुरुङलाई मरणोपरान्त र सुप्रसिद्ध गायक, सङ्गीतकार तथा साहित्यकार स्व.प्रेम प्रकाश मल्ललाई मरणोपरान्त सम्मान प्रदान गरिएको हो ।

पोखरालाई विभिन्न माध्यमबाट चिनाउन महत्वपूर्ण योगदान पुऱ्याउनु भएका उहाँहरूलाई महानगरपालिकाको तर्फबाट सम्मान प्रदान गरिएको हो ।

# कर सचेतनाका लागि
# प्रशिक्षार्थी विद्यार्थी परिचालन



पोखरा महानगरपालिकाले पोखराका विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरूसँग समझदारी गरी प्रशिक्षार्थी विद्यार्थी परिचालन गरेको छ। महानगरपालिकाले पोखरा विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, जनप्रिय बहुमुखी क्याम्पस र कालिका क्याम्पसका प्रशिक्षार्थी विद्यार्थी परिचालन गरी कर सचेतना अभिवृद्धि गरेको हो ।

व्यवसाय दर्ता, कर सचेतना तथा राजश्व सङ्कलन कार्यमा जानकारी प्रदान गर्न स्नातक वा स्नातकोत्तर तहमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई प्रशिक्षार्थीको रूपमा परिचालन गरिएको हो। नगर प्रमुख आचार्यले समझदारी अनुसार पोखरा महानगरपालिका र विश्वविद्यालय तथा क्याम्पसहरूका बिचमा समन्वयको वातावरण तयार गर्नुका साथै सामुदायिक क्याम्पसहरू प्रति विद्यार्थीको आकर्षण समेत बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

नागरिकहरूमा कर शिक्षाको सचेतना सहित विद्यार्थीको सैद्धान्तिक ज्ञानको व्यवहारिक प्रयोगमा टेवा पुग्ने भएकाले समझदारी अनुसार पोखरा विश्वविद्यालयका २४ जना, पृथ्वीनारायण क्याम्पसका ५४ जना, जनप्रिय बहुमुखी क्याम्पसका २९ जना र कालिका क्याम्पसका ३१ जना गरी १४८ जना विद्यार्थीहरू परिचालन गरिएको थियो ।

# तेक्वान्दो खेलाडी पलेसा गोवर्धनलाई पोखराको सम्मान

पेरिस प्यारालिम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी तेक्वान्दो खेलाडी पलेसा गोवर्धनलाई पोखरामा नगद सहित सम्मान गरिएको छ । पेरिस प्यारालिम्पिक २०२४ मा कांस्य पदक विजेता पलेसालाई पोखरा महानगरपालिकाले नगद रु.२ लाख २२ हजार २ सय २२, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकीले रु.१ लाख ५० हजार, कास्की जिल्ला तेक्वान्दो सङ्घले रु.५१ हजार सहित सम्मान गरेको हो । पलेसाका प्रशिक्षक कविराज नेगी लामा र टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई पनि सम्मान गरिएको छ ।

नेपाललाई पारा ओलम्पिकमा ऐतिहासिक पदक दिलाएकी गोवर्धनले तेक्वान्दोको ५७ केजीभन्दा कम तौलको प्रतिस्पर्धामा सर्वियाली खेलाडीलाई पराजित गरी कांस्य पदक जितेकी थिइन् । पलेसा ओलम्पिक प्रतिस्पर्धामा पदक जित्ने पहिलो नेपाली खेलाडी हुन् । २०२१ को एसिया यूथ पारा गेम्समा स्वर्ण जितेकी पलेसा २०१० देखि तेक्वान्दो खेल्न थालेकी थिइन् ।





# समस्याग्रस्त सहकारीको वित्तीय स्थितिको विश्लेषणात्मक प्रतिवेदन

समस्याग्रस्त सहकारी सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय स्थितिको विश्लेषणात्मक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा बुझाएको छ । विशेषज्ञका रूपमा नियुक्त एफ सि ए अनिल लामिछाने, सहकारी विज्ञ दीपक प्रकाश आचार्य, पोखरा महानगरपालिका सहकारी शाखा, महानगर सहकारी व्यवस्थापन समिति लगायतले तयार गरेको ३ हजार ४१९ पृष्ठ लामो प्रतिवेदन नगर प्रमुख धनराज आचार्य र उपप्रमुख मञ्जुदेवी गुरुङले जिल्ला प्रहरी कार्यालय कास्कीलाई हस्तान्तरण गर्नुभयो । प्रतिवेदनमा सहकारीको वित्तीय अवस्थाको विस्तृत अध्ययन तथा विश्लेषण गरिएको छ ।




# काठमाडौँ-केरूङ अन्तर्देशीय रेलमार्ग

बहुचर्चित काठमाडौँ-केरुङ अन्तर्देशीय रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययनलाई तीव्रता दिइरहेको चिनियाँ टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग छलफल तथा अन्तरक्रिया गरेको छ । विस्तृत रेलमार्गको अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिरहेको टोलीले नगर प्रमुख आचार्यसँग छलफल तथा अन्तरक्रिया गरेको हो ।

छलफलका क्रममा पोखरा-काठमाडौँ रेलमार्गका विषयमा पनि कुराकानी भएको छ । प्रमुख आचार्यले परियोजनाको अध्ययन तथा निर्माणका क्रममा आउने कुनै पनि प्रकारका समस्याहरूको समाधानका लागि आफूहरू तयार रहेको बताउनुभयो । यो परियोजना अगाडि बढ्यो र अध्ययन तथा निर्माणका दौरानमा महानगरभित्र कुनै अवरोधहरू सृजना भएको खण्डमा तत्काल समाधान गरिने नगर प्रमुख आचार्यले बताउनुभयो । पर्यटन पहिलो प्राथमिकता रहेको भन्दै प्रमुख आचार्यले पर्यटनको क्षेत्रमा लगानी बढाउन सकिने टोलीलाई सुझाउनुभयो ।

# अन्तर्राष्ट्रिय झण्डा पार्क

यो पोखरा महानगरपालिकाद्वारा निर्मित अन्तर्राष्ट्रिय झण्डा पार्क हो । पोखराको महेन्द्रपुलमा अन्तर्राष्ट्रिय एकता र मित्रताको प्रतीकका रुपमा झण्डा पार्क निर्माण गरिएको छ । पोखरा महानगरपालिका र लायन्स अन्तर्राष्ट्रियको साझेदारीमा निर्माण गरिएको यो पार्क विश्वव्यापी सम्बन्धलाई झल्काउने एक ताजा र जीवन्त दृश्य हो ।

पार्कमा संयुक्त राष्ट्र संघमा आवद्ध १ सय ९३ देशका साथै संयुक्त राष्ट्र संघ, पोखरा महानगरपालिका, गैह्र आवासीय नेपाली संघ र लायन्स इन्टरनेसनल गरी १ सय ९७ झण्डा फहराइएका छन् । झण्डा पार्कले एकता, विविधता र शान्तिको विश्वव्यापी सन्देश प्रवाह गरेको छ । यो राष्ट्रहरूको स्वाधीनताको सम्मान र स्वतन्त्र अस्तित्वको स्वीकारोक्तिका रुपमा रहेको छ ।

यस पार्कमा एकै पटकमा ४ सयभन्दा बढी मानिसले विश्राम लिन सक्छन् । पार्कको एक छेउमा अनलाइन अध्ययनका लागि डिजिटल प्वाइन्ट र अर्को छेउमा पत्रपत्रिका पढ्न मिल्ने व्यवस्था छ । सात महादेशमा पर्ने देशहरूको भिन्न भिन्न ब्लक छन् । झण्डाका साथमा ती देशको बारेमा विस्तृत जानकारी पनि समावेश छ । यो सयुंक्त राष्ट्रसंघ, त्यसका सदस्य राष्ट्रहरू र अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा अध्ययनका लागि एक महत्वपूर्ण स्थलका रुपमा विकसित भइरहेको छ । समग्रमा यो मुलुकै पर्यटन राजधानी पोखराको एक महत्वपूर्ण पर्यटकीय स्थल हो ।

अन्तर्राष्ट्रिय झण्डा पार्क संसारभर अस्तित्वमा रहेका देशहरूको सार्वभौमिकताको सम्मानमा सर्मपित छ । शान्ति, भातृत्व र एकताको सूत्रमा बाँध्ने राष्ट्र संघको भावनालाई आत्मसात गर्दै पोखरा महानगरपालिकाले यो पार्क निर्माण गरेको हो ।





POKHARA TOURISM CAPITAL OF NEPAL

## पोखराको चिनारी

# पोखरा घर



पोखराको चिनारीका रूपमा पोखरा घर निर्माण गरिएको छ । आर्ट ग्यालरी, सार्वजनिक पुस्तकालय, घण्टाघर र एकीकृत पर्यटन सूचना केन्द्रसहितको 'पोखरा घर' निर्माण गरिएको हो । पोखरा-९ पृथ्वीचोकमा निर्माण गरिएको पोखरा घर पोखरामा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सूचना केन्द्रका रूपमा प्रमुख गन्तव्य बन्नेछ ।

भवनको भुइँतलामा पार्किङ, पहिलो तलामा कोसेली घर र सूचना केन्द्र, दोस्रो तलामा पुस्तकालय र मिटिङ हल, तेस्रो तलामा आर्ट ग्यालरी तथा सोभन्दा माथि घण्टा घर रहनेछ । पोखरा आउने जो कोहीका लागि यो घर एउटा महत्वपूर्ण स्थल बन्नेछ । यसलाई सिकाई केन्द्रका रूपमा विकास गर्ने महानगरपालिकाको योजना रहेको छ ।

साबिक गोलघरलाई विस्थापन गरी निर्माण गरिएको पोखरा घरलाई कोसेली घरका रूपमा विकास गरिने छ ।

# महेन्द्रपुलमा अत्याधुनिक सार्वजनिक शौचालय



पोखरा महानगरपालिका वडा नं.९ महेन्द्रपुलमा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण गरिएको छ । पोखरा महानगरपालिका र गैर आवासीय नेपाली संघ (एनआरएनए) को लागत साझेदारीमा शौचालय निर्माण गरिएको हो । पोखराको व्यस्त बजार महेन्द्रपुलमा निर्माण गरिएको अत्यावश्यक आधुनिक प्रविधि जडित सार्वजनिक शौचालय हो ।

पोखरा घुम्न आउने पर्यटक तथा नागरिकको सेवाका लागि सार्वजनिक शौचालयको आवश्यकता महसुस गरी त्यस स्थानमा रहेका अति जीर्ण संरचनाहरू विस्थापित गरी नागरिकलाई सर्वसुलभ सेवा प्रदान गर्ने उद्देश्यले महानगरपालिकाले सार्वजनिक शौचालय निर्माण गरेको हो । महिला पुरुष शौचालय, महिलाहरूका लागि सेनेटरी प्याडको भेन्डर मेसिन, स्तनपान कक्ष, सेन्सर सहितका बेसिन तथा धाराहरू जडान गरिएको छ । महेन्द्रपुलको उत्तर तर्फ कि.न.८२ को ५ आना क्षेत्रफलमा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण गरिएको हो ।

सो स्थानमा सुन्दर पार्क समेत निर्माण गरिएको छ । यसमा एनआरएनएले कुल लगानीको ६० प्रतिशत र पोखरा महानगरपालिकाले ४० प्रतिशत लगानी रहेको छ । शौचालयका लागि एनआरएनएले रु.६० लाख र पार्क निर्माणका लागि थप रु.२० लाख प्रदान गरेको छ ।


POKHARA TOURISM CAPITAL OF NEPAL


POKHARA
स्थलगत निरीक्षण
रूपाताल संरक्षण एकीकृत विकास परियोजना
रुपातालको संरक्षण र विकासका लागि रुपाताल संरक्षण एकीकृत विकास परियोजना मार्फत पूर्वाधार निर्माणको काम भइरहेका छन् । तालको संरक्षण, पर्यटकीय विकास सहित स्थानीयवासीको जीवनस्तर सुधार ल्याउने विश्वास गरिएको उक्त परियोजना कार्यान्वयनका सन्दर्भमा विभिन्न समस्याहरु उत्पन्न भएपछि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले संयुक्त रुपमा स्थलगत निरीक्षण गर्नुभएको छ ।


पोखरा महानगरपालिकाद्वारा ट्राफिक प्रहरीलाई
ब्रेथलाइजर मसिन प्रदान


पोखरा महानगरपालिका र लक्ष्मी ग्रुप बीच
महत्वपूर्ण समझदारी
वातावरण तथा पर्यावरण संरक्षणसँगै महानगर क्षेत्रमा रहेका तालहरुको सरसफाई एंव रोजगारी सिर्जना सम्बन्धी समझदारीमा पत्रमा विहिबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र लक्ष्मी ग्रुपका अध्यक्ष गणेश बहादुर श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो ।